# DIRECTORATE OF DISTANCE EDUCATION

# UNIVERSITY OF NORTH BENGAL

## MASTER OF ARTS – NEPALI

## SEMESTER-1

# भारतेली नेपाली कविता

## NEP (DE)-C-105

# BLOCK–1

**UNIVERSITY OF NORTH BENGAL**

Postal Address:

The Registrar,

University of North Bengal,

Raja Rammohunpur,

P.O.-N.B.U., Dist-Darjeeling,

West Bengal, Pin-734013,

India.

Phone: (O) +91 0353-2776331/2699008

Fax: (0353) 2776313, 2699001

Email: regnbu@sancharnet.in ; regnbu@nbu.ac.in

Wesbsite: www.nbu.ac.in

First Published in 2019

ENLIGHTENMENT TO PERFECTION

All rights reserved. No Part of this book may be reproduced or transmitted, in any form or by any means, without permission in writing from University of North Bengal. Any person who does any unauthorised act in relation to this book may be liable to criminal prosecution and civil claims for damages.

This book is meant for educational and learning purpose. The authors of the book has/have taken all reasonable care to ensure that the contents of the book do not violate any existing copyright or other intellectual property rights of any person in any manner whatsoever. In the even the Authors has/ have been unable to track any source and if any copyright has been inadvertently infringed, please notify the publisher in writing for corrective action.

# FOREWORD

The Self-Learning Material (SLM) is written with the aim of providing simple and organized study content to all the learners. The SLMs are prepared on the framework of being mutually cohesive, internally consistent and structured as per the university's syllabi. It is a humble attempt to give glimpses of the various approaches and dimensions to the topic of study and to kindle the learner's interest to the subject

We have tried to put together information from various sources into this book that has been written in an engaging style with interesting and relevant examples. It introduces you to the insights of subject concepts and theories and presents them in a way that is easy to understand and comprehend.

We always believe in continuous improvement and would periodically update the content in the very interest of the learners. It may be added that despite enormous efforts and coordination, there is every possibility for some omission or inadequacy in few areas or topics, which would definitely be rectified in future.

We hope you enjoy learning from this book and the experience truly enrich your learning and help you to advance in your career and future endeavours.

# भारतेली नेपाली कविता

## BLOCK-1

एकाइ – 1, भारतेली नेपाली कविताको पृष्ठभूमि अनि ऐतिहासिक र सांस्कृतिक पृष्ठभूमि........................................................................7

एकाइ – 2, भारतेली नेपाली कविताका चरणगतप्रवृत्तिहरू......................41

एकाइ – 3, सवाई तथा लहरी काव्य - कृतिहरूको विशेष अध्ययनर मूल्याङ्कन ............................................................................80

एकाइ – 4, भारतेली नेपाली कविताको संरचनारशैली...........................121

१६. भारतेली नेपाली कविताका शैलीको प्रकारबारे अध्ययन। ...........156

एकाइ – 5, भारतेली नेपाली कविताको नैतिक मूल्य रसुधारवादी प्रवृत्ति 157

एकाइ – 6, स्वच्छन्दतावाद र भारतेली नेपाली कविता........................200

एकाइ – 7, भारतेली नेपाली कवितामा पाइने जातीयअस्मिताकोस्वर ....242

## BLOCK-2

एकाइ – 8, देशप्रेम र मानवतावादी दृष्टिका आलोकमा भारतेली नेपाली कविता।

एकाइ – 9, भारतेली नेपाली कवितामा समाजवादी यथार्थवाद।

एकाइ – 10.1, लोक - सांस्कृतिक सन्दर्भ र भारतेली नेपाली कविता।

एकाइ – 10.2, भारतेली नेपाली कवितामा प्रयोगवादी वैशिष्ठय।

एकाइ – 11, तेस्रो आयमेली मान्यता तथा भारतेली नेपाली कवितामा त्यसको प्रयोग र प्रभाव।

एकाइ – 12, पर्यावरण चेतना र भारतेली नेपाली कविता।

एकाइ – 13, भारतेली नेपाली कवितामा प्रतीक, बिम्ब र मिथकको प्रयोग

एकाइ – 14, क्षेत्रीय सन्दर्भ, राष्ट्रिय मूलधारा र वैश्वीकरणको सन्दर्भमा भारतेली नेपाली कविता।

# □ □ □-1□ भारतेली नेपाली कविता

## प्रभाग – एकको परिचय

यस **भारतेली नेपाली कविता**अन्तर्गत रहेको यस प्रभाग - 1 लाई हामी यसरी अध्ययन गर्न सक्छौं –

**एकाइ – 1, भारतेली नेपाली कविताको पृष्ठभूमि अनि ऐतिहासिक र सांस्कृतिक पृष्ठभूमि।**यस एकाइमा भारतेली नेपाली कविताको पृष्ठभूमिबारे विषद रूपमा अध्ययन गरिने छ। यस अध्ययन गनार्थ भारतेली नेपाली कविताका विविध पृष्ठभूमिहरू जस्तै – भौगलिक, सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक, साहित्यिक आदि भन्दा पनि ऐतिहासिक र सांस्कृतिक पृष्ठभूमिलाई मुख्य आधार गरी यस एकाइलाई अध्ययन – विश्लेषण गरिने छ।

**एकाइ – 2, भारतेली नेपाली कविताका चरणगत प्रवृत्तिहरू।**यस एकाइमा भारतेली नेपाली कविताको विविध चरणहरूलाईबारे विस्तृत रूपमा अध्ययन गरिने छ। यस अध्ययन गनार्थ भारतेली नेपाली कविताका विभिन्न चरणहरू प्राथमिक, माध्यमिक, आधुनिक, समसामयिक आदि चरणहरूको अध्ययन – विश्लेषण यस एकाइमा गरिने छ।

**एकाइ – 3, सवाई र लहरी काव्य - कृतिहरूको विशेष अध्ययन र मूल्याङ्कन।**यस एकाइमा नेपाली सवाई र लहरी काव्य – कृतिहरूबारे विषद रूपमा अध्ययन गरिने छ। यस अध्ययन विशेष नेपाल देशको सन्दर्भमा नगरिएर केवल भारत देशको सन्दर्भमा अथवा भारतबाट लिखित - प्रकाशित नेपाली सवाई र लहरी काव्य – कृतिहरूको अध्ययन यस एकाइमा गरिने छ।

**एकाइ – 4, भारतेली नेपाली कविताका संरचना र शैली।**यस एकाइमा कविताको संरचना र शैलीबारे पनि छोटकरीमा अध्ययन गर्दै भारतेली नेपाली कविताको संरचना र शैलीबारे विषद रूपमा अध्ययन गरिने छ। यस अध्ययन गनार्थ भारतेली नेपाली कविताका के – कस्ता संरचना र शैली छ ? भन्ने कुरोलाई पनि मुख्य आधार गरी भारतेली नेपाली कविताको अध्ययन – विश्लेषण यस एकाइमा गरिने छ।

**एकाइ – 5, भारतेली नेपाली कविताका नैतिक मूल्य र सुधारवादी प्रवृत्ति।**यस एकाइमा नैतिक मूल्यप्राधान र सुधारवादी प्रवृत्तिमूलक भारतेली नेपाली कविताबारे विषद रूपमा अध्ययन गरिने छ। यस अध्ययन गनार्थ नैतिक मूल्य र सुधारवादको परिचय दिंदै भारतेली नेपाली कवितामा यस प्रकारका प्रवृत्तिको अध्ययन – विश्लेषण यस एकाइमा गरिने छ।

**एकाइ – 6, स्वच्छन्दतावाद र भारतेली नेपाली कविता।**यस एकाइमा स्वच्छन्दतावादी प्रवृत्तिमा लेखिएको भारतेली नेपाली कविताको सम्यक रूपमा अध्ययन गरिने छ। यस अध्ययन गनार्थ अर्थ, परिभाषा, यसका तत्वहरूका परिचय पनि दिंदै स्वच्चन्दतावादीमूलक भारतेली नेपाली कविताको अध्ययन यस एकाइमा गरिने छ।

**एकाइ – 7, भारतेली नेपाली कवितामा पाइने जातीय अस्मिताका स्वर।**यस एकाइमा भारतेली नेपाली कविताको अध्ययन विशेष जातीय अस्मिता, जातीय चेतना र जातीय चिन्हारी जस्ता घटकहरूका आधारमा गरिने गरिने छ। यस अध्ययन गनार्थ भारतेली नेपाली कविताका प्रयुक्त जातीय अस्मितालाई सम्यकरूपमा यस एकाइमा अध्ययन – विश्लेषण गरिने छ।

# एकाइ – 1, भारतेली नेपाली कविताको पृष्ठभूमि अनि ऐतिहासिक र सांस्कृतिक पृष्ठभूमि

1.0 उद्देश्य

1.1 परिचय

1.2 भारतेली नेपाली कविताको पृष्ठभूमि

1.3 ऐतिहासिक र सांस्कृतिक पृष्ठभूमि

1.4 उपसंहार

1.5 सार

1.6 अनुशीलनी

1.7 अतिरिक्त अध्ययन

1.8 मुल्यबृद्धिका निम्ति उत्तर

## 1.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- कविताको सामान्य परिचय
- कविताका तत्त्वबारे छोटो परिचय

Notes

- नेपाली कविताको पृष्ठभूमि
- भारतेली नेपाली कविताको पृष्ठभूमि
- ऐतिहासिक पृष्टभूमि
- सांस्कृतिक पृष्ठभूमि

## 1.1 परिचय

कविता साहित्यको एउटा पुरानो विधा हो। संसारका प्राय: साहित्यको थालनी पध्यबाटै भएको मानिन्छ। नेपाली साहित्यमा लेखनाथपूर्वका सम्पूर्ण नेपाली कविता पध्यमा लेखिएको पाइन्छ। संस्कृत भाषाको ‘ पद् ’ धातुमा ‘ ध्य ’ प्रत्यय लागेर बनिएको **पध्य** शब्दको शाब्दिक अर्थ चरण वा पाउ हो। यसअनुरूप कुनै चरण वा पाउ, पद आदिमा बाँधिएको शास्त्रीय वा लौकिक छन्दोबद्ध रचनालाई पध्य भनिन्छ।

विशेषत: पध्यमय भाषामा लेखिएको सबै रचनालाई कविता मान्न सकिन्न। कविता गध्यमा पनि लेखिन्छ। छन्दोबद्ध रचनालाई कविता होइन, पध्यकाव्य भनिन्छ। संस्कृतमा ‘ छन्दोबद्ध मर्म पध्यम् ’ भनिएको छ। यसअनुसार छन्दमा बाँधिएको रचनालाई मात्र पध्य मानिन्छ। पध्य मस्तिष्कसित सम्बन्धित हुन्छ। यसमा कोमलता, संवेग, कल्पना, अनुभूति र चिन्तन हुन्छ। पध्य शैलीका लेखकलाई गायक झैँ मानिन्छ। यो कोमल, ललित, गुढार्थ, प्रतीक - बिम्बयुक्त, छन्दमुखी हुन्छन्। अत : कोमल – लयात्मक पदवालीमा लेखिएको, सेक्षिप्ततायुक्त, आलाङ्कारिकभाषा तथा छन्द, अलङ्कार, रस आदि

प्रयोग गरिएको रचना साथै काव्यात्मक भाषाजनीत कविताको शैलीलाई पध्य शैली भनिन्छ। यसमा सरसता र सङ्गीतात्मकता रहन्छ।

पहिलो नेपाली कविता ई. 1393 मा लेखिएको विष्णुदास आचार्यको **बडेराजा मलयबम्म** र ई. 1769 देखि ई. 1774 सम्मा रचिएको कवि सुवानन्द दासको **पृथ्वीनारायण** कविता पनि पध्य शैलीमै लेखिएको छ। यी कविताहरूमा खाँडो जगाउने लोकलय छन्दको प्रयोग पाइन्छ। त्यसपछि कवि शक्तिबल्लभ अर्याल, उदयानन्द अर्याल, बसन्त शर्मा, इन्दिरस आदिका रचनाहरू सबै पध्य शैली मै लेखिएका छन्। यसैले कवितालाई साहित्यका अन्यान्य विधाहरू मध्ये जेठो विधा मान्न सकिन्छ। अङ्ग्रेजी साहित्यमा कवितालाई पोयिम भनिन्छ। यो ग्रिक तथा ल्याटिन भाषाबाट विकसित भएको मानिन्छ। तथापि कवितालाई ल्याटिन भाषामा पोयटिकस (Poeticus)/पोयिमा(Poema ), ग्रीक भाषामा पोयटिकोस(Poietikos)/ पोइयिमा (Poiema), फ्रान्सेली भाषामा पोयसी (Poe'me) आदि नामले जानिन्छ। तर अङ्ग्रेजी भाषा र नेपाली भाषामा कविता सम्बन्धी धारणामा विविधता पाइन्छ।

नेपाली साहित्यमा छन्दोबद्ध रचनालाई पध्य भन्छौ , कविता होइन। अङ्ग्रेजी साहित्यमा छन्दोबद्ध रचनालाई भर्स (Verse) र छन्दविहिन कवितालाई पोयट्री (Poetry) भन्दछन्। उनीहरूले गध्य कवितालाई पोयिम (Poem) भन्दछन्। संस्कृत भाषाको ' पद् ' धातुमा ' ध्य ' प्रत्यय लागेर बनिएको **पध्य** शब्दको शाब्दिक अर्थ चरण वा पाउ हो। यसअनुरूप कुनै चरण वा पाउ, पद आदिमा बाँधिएको शास्त्रीय वा लौकिक छन्दोबद्ध रचनालाई पध्य भनिन्छ। तर पध्यमय भाषामा लेखिएको सबै रचनालाई कविता मान्न सकिन्न। कविता गध्यमा पनि लेखिन्छ। छन्दोबद्ध रचनालाई कविता होइन, पध्यकाव्य भनिन्छ।

संस्कृतमा ' छन्दोबद्ध मर्म पध्यम् ' भनिएको छ। यसअनुसार छन्दमा बाँधिएको रचनालाई मात्र पध्य मानिन्छ। पध्य मस्तिष्कसित सम्बन्धित हुन्छ। यसमा कोमलता, संवेग, कल्पना, अनुभूति र चिन्तन हुन्छ। पध्य शैलीका लेखकलाई गायक झैँ मानिन्छ। यो कोमल, ललित, गुढार्थ, प्रतीक - बिम्बयुक्त, छन्दमुखी हुन्छन्। अत : कोमल – लयात्मक पदवालीमा लेखिएको, सेक्षिप्ततायुक्त, आलाङ्कारिकभाषा तथा छन्द, अलङ्कार, रस आदि प्रयोग गरिएको रचना साथै काव्यात्मक भाषाजनीत कविताको शैलीलाई पध्य शैली भनिन्छ। मूलतः भावना र कल्पनालाई वाहन बनाई चुनिएका पदावलीमा कविद्वारा व्यक्त भाव नै कविता हो।

कविता सशक्त भावना, कल्पना र आनन्दको अभिव्यक्ति हो। यो भावनात्मक, लयात्मक र बौद्धिक काव्यको पध्य – लयात्मकतामा संरचित हुन्छ। कवितालाई भाव, विचार वा घटनाको अभिव्यक्ति पनि मानिन्छ। यसमा विभिन्न प्रकारका भाव वा विचारहरू प्रकटीकरण हुन्छन्। कविचा भाषिक अभिव्यक्ति भएको कला भएकोले यसलाई विशिष्ट भाषिक विधान पनि मान्न सकिन्छ। अतः कवितालाई मानव मनका भावहरूको सरल, सहज, सरस, कोमल, लयात्मक , कलात्मक एवम् रागात्मक अभिव्यक्ति मान्न सकिन्छ।

कविताको भावपक्ष र शिल्पपक्ष मूलतः दुईवटा तत्त्व बुन्छन्। यसको भावुक्ष अन्तर्गत विषयवस्तु, भावविधान, कथानक, द्वन्द्व, परिवेश (स्थान, समय र वातावरण), उद्देश्य, दृष्टिबिन्दु आदि पर्दछन् भने शिल्पपक्ष अन्तर्गत भाषा, शैली, बिम्ब, प्रतीक, लय, छन्द, अलङ्कार आदि पर्दछन्।

## 1.2 भारतेली नेपाली कविताको पृष्ठभूमि

नेपाली साहित्यको जेठो विधा मानिने कविताको विकास परम्परालाई अध्ययन गर्नअघि यसको काल विभाजन गर्नुपर्ने हुन्छ। नेपाली कविताको लिखित रूप ईसाको 18 औँ शताब्दीको छेउछाउदेखि सुरु भएको मान्न सकिन्छ। कारण 18 औँ शताब्दीमा नेपालमा युगान्तर ल्याउने र आधुनिक नेपालको जग बसाल्ने मुख्य प्रेरक तत्त्व वृथ्वीनारायण शाहको एकीकरण र राज्य विस्तारको नीति थियो।

हालसम्मको खोज र विभिन्न नेपाली विद्वानहरूका विचारअनुसार कवि सुवानन्ददासको **पृथ्वीनारायण** कवितालाई नेपालीमा रचिएको पहिलो कृति मानिन्छ। कवि सुवानन्द दासको यस कविताको रचनाकाल सन् 1393 तिर भएको मानिएको छ। तर बालकृष्ण पोखरेलले सन् 1393 तिर रचिएको भनेर अनुमान गरेका विष्णुदास आचार्यरचित **बडेराजा मलयबम्म्** नामक कवितालाई नेपाली साहित्यको सर्वप्राचीन कविता मानेका छन्। भाषाशास्त्री बालकृष्ण पोखरेलको यस दावीबाट नेपाली कविताको थालनी ईसाको 14 औँ शताब्दीतिरबाट नै प्रारम्भ भएको अनुमान गर्न सकिन्छ। तर नेपाली साहित्यका विद्वान् आलोचकहरूले 'बडेराजा मलयबम्म' नामक कविताको ऐतिहासिक प्रमाण हुन आवश्यक छ भन्ने धारणा राखेको हुनाले सन् 1773 - 74 तिर सुवानन्द दासद्वारा रचित पृथ्वीनारायण कविताबाटै नेपाली कविताले लेख्य रूप लिन थालेको हो भन्ने कुरा नै नेपाली कविता साहित्यमा मानिन्दै आएको छ।

नेपाली साहित्यको पृष्ठभूमिकाल अभिलेखकालीन र शिलालेखकालीन रहेको देखिन्छ। यो समय मुख्यतः मौखिक र श्रुतिपरम्पराको अवधि भएकोले नेपाली साहित्यले विकसित र विस्तारित हुने अवसर लोकसाहित्यबाट पाएको अनुभव हुन्छ। आदिकालदेखि नै नेपाली समाज गठन भएपछि समाजमा लोभ, डाह, ईर्ष्या, युद्ध,

सन्त्रास, विसङ्गति जस्ता तत्वहरू व्याप्त थिए। यसको प्रमाण हामीलाई **पुराण**, **रामायण**, **महाभारत** जस्ता धार्मिक - पौराणिक ग्रन्थहरूले दिन्छन्। कुनै पनि मानव समाजमा विसङ्गत तत्त्वका बोध भएपछि यसको निराकरणका निमित्त मानवमा नै व्यङ्ग्यात्मक भावको सृजना हुन थाल्दछ।

नेपाली साहित्य आकाशमा कवि सुवानन्द दासको उदय भएपछि अनि पृथ्वीनारायण शाहको **दिव्योपदेश**को रचना भएपछि नेपाली कविता संसारमा व्यङ्ग्यको आवाज गुञ्जन थालेको अनुभव हुन्छ। तर यी दुवै लेखकका रचनामा ध्वन्यात्कम रूपमा मात्र व्यङ्ग्य गुञ्जित भएको पाइन्छ। कलात्मक रूपमा व्यङ्ग्य चेतनाको प्रस्फुटन भएको सर्वप्राचीन व्यङ्ग्यात्मक कविता चाहिँ वि. सं. 1839 मा शक्तिबल्लभ अर्ज्यालद्वारा लिखित **तनहूँ - भकुण्डो** कवितालाई मान्न सकिन्छ। कारण यस कवितामा लमजुङ, तनहूँ, कास्की, प्युठान आदिको शासन व्यवस्था कमजोर भएको तथ्यमाथि कविले धारिलो व्यङ्ग्य कसेका छन्। नेपाली कविता साहित्यमा शक्तिबल्लभ अर्ज्यालको आगमन भएपछि कविताले व्यङ्ग्यको सचेत र आयोजनापूर्ण अभिव्यक्ति पाउन थाल्यो। उनको वि. सं. 1855 मा प्रकाशित **हास्यकदम्ब**मा हास्य र व्यङ्ग्य दुवैको प्रस्फुटन हुन सकेको पाइन्छ। यसैले हास्य र व्यङ्ग्य दुवैले भरिएको पहिलो कृति पनि अर्ज्यालको **हास्यकदम्ब**लाई मान्न सकिन्छ।

भारतीय नेपाली कविता साहित्यको लेखन परम्परालाई अध्ययन गर्दा 17 औं शताब्दीको मध्यदेखि यहाँ नेपाली कविता साहित्यको लेखन परम्परा भएको हो। सन् 1744 तिर रघुनाथ भाटले **अभयैषी... महाकाली** नामक कविता रचेको पाइन्छ। देवी पन्थले सतलजदेखि केही टाढा भएको ठाउँ कहलुरमा कवि भाटको बसोवास रहेको मानेका छन्। रघुनाथ भाट

भारतका वासिन्दा थिए अनि उनी पृथ्वीनारायण शाहका समकालीन थिए। यसर्थ असीत राईले भारतीय नेपाली साहित्यको प्रथम ऐतिहासिक पुरुषका रूपमा रघुनाथ भाटलाई मानेका छन्। यसरी कवि रघुनाथ भाटबाट 17 औँ शताब्दीको मध्यदेखि सुरु भएको भारतीय नेपाली कविताले आजसम्मको समय अवधिभित्र अनेक प्रवृत्तिगत मोड वा घुम्तीहरू पार गरेका छन्। रघुनाथ भाटदेखि प्रारम्भ भएको भारतेली नेपाली कविताले वर्तमान समयसम्म आइपुग्दा थुप्रै गल्छेडाहरू काटिसकेको छ। यस समय अवधिलाई एउटै कालखण्डमा समेटेर भारतीय नेपाली कविता साहित्यको अध्ययन गर्नु कठिन पर्दछ।

कुनै पनि भाषाका साहित्यको आफ्नै पृष्ठभूमि रहेको हुनाले पृष्ठभूमिको परिप्रेक्ष्यमा नै साहित्यको जन्म र विकास हुने गर्दछ। भारतीय नेपाली कवितामा भजन र लोकगीतलाई नै कविताको उत्स मान्न सकिन्छ। भारतका विभिन्न मन्दिर, गुम्बा, मस्जिद, गिर्जा आदि धार्मिक स्थलमा गाइने भजनादि तथा गाउँघर, बस्ती, चियाकमान, मेलापाततिर स्वतः प्रस्फुटित लोकगीतहरू नै भारतीय नेपाली कविताका प्रेरक तत्त्व हुन्। मूलतः भारतीय नेपाली साहित्यको आफ्नो छुट्टै पृष्ठभूमि रहेको छ जसमा मूल रूपले लहरी र सवाई रचनालाई मानिन्छ।

सन् 1816 मा भएको सुगौली - सन्धिपश्चात ब्रिटिस भारत र नेपालीको साँध सिमानामा रहेका नेपालीहरूका हर्ष - अमर्ष, सुख - दुःख, हाँसो - रोदन अठाह्रौँ शताब्दीको अन्ततिर र उन्नाइसौं शताब्दीको प्रारम्भमा रचना गरिएको लहरी र सवाई काव्यमा अभिव्यक्त पाइन्छ। उदाहरणका निम्ति तुलचन आलेको **मणिपुरको लडाइँको सवाई** (सन् 1893), धनवीर भण्डारीको **अब्बर पहाडको सवाई** (सन् 1893), सुरवीर

Notes

गुरुङको **भक्तिको सवाई** (सन् 1901), प्रतिमान लामाको **राजा भरथरीको सवाई** (सन् 1903), वचगुनी गुरुङको **ब्रह्मतत्त्वको सवाई** (सन् 1903), दिलुसिंह राईको **56 सालको पैह्रोको सवाई** (सन् 1899), कृष्णबहादुर उदासको **अछामको सवाई** (सन् 1908), हाजीरमान राईको **मीठा - मीठा गीत** (सन् 1908), गजवीर राणाको **नागा हिल्सको सवाई** (सन् 1913) आदिलाई लिन सकिन्छ। यस अतिरिक्त सवाई साहित्यहरबमा सन्त कवि ज्ञानदिल दासको **उदय लहरी** (सन् 1977), रत्ननारायण प्रधानको **प्रेम लहरी** (सन् 1911), प्रसादसिंह नेचाली राईको **प्रीति लहरी** (सन् 1918 तिर), धरमसिंह चामलिङको **माया लहरी** (सन् 1919), महानन्द सापकोटाको **मन लहरी**, भक्तिकुमारी राणाको **भक्ति लहरी**, सुरवीर राईको **उपदेश लहरी** आदि उल्लेखनीय छन्। भारतेली नेपाली काव्यजगतमा प्रारम्भदेखि नै वीर र भक्तिधारामा लोकलयको प्रभाव रहेको हुनाले यसै भावधारामा नेपाली सवाई र लहरी साहित्य रचिएको देखिन्छन्।

भारतको दार्जिलिङ, असम, डुवर्स आदि ठाउँहरूमा चियाको खेती गर्न प्रारम्भ भएपछि भारतमा नेपाली जातिको आवादी बढ्दै गएको, चियाबारीमा काम गर्ने नेपालीहरूको दैनिक कार्य बाटो खन्दा, रोड पेल्दा, ढ्वाङ्ग तान्दा कथेका गीत तथा चियाबारीमा काम गर्दा लोक लयमा अभिव्यक्त भएका मनोदशाका अभिव्यक्ति नै लहरी र सवाई रचनाका उद्गम स्रोत मान्न सकिन्छ। मुख्यतः चियाबारीमा काम गर्ने असङ्ख्य नेपाली श्रमिकहरू र दैनिक रोजगारी गर्ने मजदुर नेपालीहरूको तुरन्तै कथेर गाएको गीत, स्वास्नी मान्छे र लोग्ने मान्छेबिच जुवारी खेल्दा गाइएका गीत आदिबाटै सवाई र लहरी साहित्यको जन्म भएको मान्न सकिन्छ। त्यो समय कुल्ली काम गर्ने नेपालीहरूले गीत गाउँदा कविताका फुवार फुट्दथे।

सन् 1914 को प्रथम विश्वयुद्धमा लड्न जाने, लड्ने र मर्ने भारतीय नेपालीहरूका दुःख, पीडा र व्यथाका कथालाई पनि भारतेली नेपाली कविताका पृष्ठभूमिको आधार मान्न सकिन्छ। यस अतिरिक्त धार्मिक क्रियाकलाप, अध्यात्म, ईश्वरप्रतिको भक्तिभाव, कमान - बस्तीमा ऋणमा डुबेर शोषित र पीडित जीवन बिताउनुपर्ने श्रमिकहरूका मनबाट निस्केका भाव - प्रवाह, युद्धको ताप र रागले सताएका नेपाली परिवारको पीडा र कतिपय सामाजिक कारणहरूबाट पनि भारतीय नेपाली कविताको पृष्ठभूमि निर्माण भएको मानिन्छ। लोक साहित्यलाई पनि भारतीय नेपाली कविताको क्षेत्रमा पृष्ठभूमि निर्माणको प्रेरक स्रोतको रूपमा लिन सकिन्छ। मूल रूपमा भारतीय नेपाली कविताको पृष्ठभूमिमा भौगोलिक, ऐतिहासिक, राजनैतिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, धार्मिक र साहित्यिक आधार पाइन्छन्।

## 1.3 ऐतिहासिक र सांस्कृतिक पृष्ठभूमि

नेपाली कविताको पृष्ठभूमिमा भौगोलिक, ऐतिहासिक, राजनैतिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, धार्मिक र साहित्यिक आधारहरूमध्ये ऐतिहासिक र सांस्कृतिक पृष्ठभूमिलाई मुख्य आधार मान्न सकिन्छ। ऐतिहासिक दृष्टिले भारतमा नेपाली समाजको स्थापना पूर्व नियोजित रूपमा नभएर एउटा ऐतिहासिक संयोगका रूपमा भएको मान्न सकिन्छ। भारतको ब्रिटिस सरकार र नेपालमाझ भएको सुगौली सन्धि (सन् 1816) अघि भारतको उत्तरी क्षेत्र खास गरी कश्मीरदेखि असम पूर्वाञ्चल र बर्मासम्मै नेपालीहरू पुस्तौँदेखि बसोवास गर्थे। परवर्ती कालमा देशमा विभाजान र प्रशासनिक परिवर्तनका कारणले नेपालीहरू भारतका विभिन्न ठाउँमा छरिएर बस्न लागे। यसरी भारतकको कुना कुनामा छरिएर जीवन

व्यतीत गर्ने नेपालीहरू आफ्नो सांस्कृतिक सहिष्णुता अक्षुण्ण राख्नमा खप्पिस देखिन्छन्।

दार्जिलिङ जिल्लाभित्र दार्जिलिङ, खरसाङ, कालेबुङ र सिलगढी गरी जम्मा चारवटा महकुमा छन्। अहिले तथा सन् 2018 देखि कालेबुङ दार्जिलिङ जिल्लाबाट छुटिएर एउटा स्वतन्त्र जिल्ला भएको छ। तर ऐतिहासिक दृष्टिकोणले दार्जिलिङ जिल्ला तीन भागमा बाँडिएको थियो। पहिलो टिस्टा नदीका पश्चिमी भूभाग (दार्जिलिङ सदर र खरसाङ महकुमा), दोस्रो टिस्टा नदीको पूर्वीय भूभाग (कालेबुङ महकुमा) अनि तेस्रो सिलगढी तराई वा समतल भूभाग। प्राक - आधुनिक कालमा दार्जिलिङको इतिहासलाई अझ खोतल्दै जाँदा किराँत वंशावलीका **साङलाइङ** नामक राजाले सन् 1364 सालदेखि मोरङ तराईमा राज गरेका थिए। राजा साङलाइङका पुर्खाहरू असमको कामरूपबाट मोरङमा आएको मानिन्छ। राजा साङलाइङको मृत्यु भएपछि उनका छोरा पुङलाइङ मोरङघ तराईका राजा भए। पछि ब्राह्मणहरूले उनलाई हिन्दू नाम 'अमर राय' राखिदिएपछि मोरङ प्रदेशका लिम्बू राजा पुङलाइङ अमय राय नामले प्रख्यात भए। अमर रायको मृत्यु भएपछि मोरङ प्रदेशमा उनका छोरा कीर्तिनारायण राय, नाति अफनारायण राय र पनाति विजय नारायण राय हुँदै जम्मा सात पुस्तासम्म यस राजवंशका राजाहरूले राज्य गरे। यिनै विजय नारायण रायका नामको आधारमा **विजयपुर** नाम राखिएको थियो। परवर्ती कालमा विजयपुर विघटन भएपछि त्यही क्षेत्र सिक्किम र भुटान देश बनिएको मानिएको छ।

सन् 1814 - 15 मा अङ्ग्रेज र नेपाल युद्ध भएपछि नेपाल र इस्ट इन्डिया कम्पनीबिच सन् 1816 मा सुगौली - सन्धि भयो। यस

सन्धिपछि नेपालका गोर्खाहरूको हातबाट ब्रिटिसहरूले दार्जिलिङलाई सिक्किमको हातमा सुम्पिदिए। पछि भोटाङका राजाले टिस्टा नदीको पूर्वी खण्डको भूभाग सिक्किम राज्यको हातबाट जितेर भोटाङ राज्यमै गाभेका हुन्। वर्तमान समयमा कालेबुङ जिल्ला अन्तर्गत रहेको भूभाग पनि 1835 सम्म भोटाङ राजाकै अधीनमा थियो। पछि सन् 1835 मा भोटाङ र अङ्ग्रेज सरकारबिच **तितलिया - सन्धि** भएपछि दार्जिलिङ, कालेबुङ महकुमा र डुवर्सका केही भाग फेरि इस्ट इन्डिया कम्पनीकै हातमा गएको हो। तितलिया सन्धिपछि ब्रिटिस भारतमा दार्जिलिङ, खरसाङ, सिलगढी अनि तराईका भूभागहरू परे। अङ्ग्रेज सरकारले पनि कालेबुङलाई भोटाङ राजाको हातबाट आफ्नो हातमा लिएपछि यसलाई दार्जिलिङको एउटा महकुमा बनाएका थिए। विशेष गरी दार्जिलिङको साँचो मानचित्र भने कालेबुङ र डुवर्सको भूभाग छुट्टिएपछि मात्र तयार भएको मान्न सकिन्छ। सन् 1864 मा अङ्ग्रेज र भोटाङबिच भएको **सिन्चुलाको - सन्धि** अनुसार असम - बङ्गाललाई डुवर्स नाम दिएर प्रायः 2750 वर्ग माइल भूमि भारतमा गाभिएको थियो। भारतमा गाभिएको यही असम - बङ्गालद्वारको भूभागलाई वर्तमान कालमा **डुवर्स** नामले चिनिन्छ। अतः वर्तमान दार्जिलिङ जिल्लाको गठन सन् 1866 भन्दा पूर्व नै भएको मान्न सकिन्छ।

सन् 1815 को युद्धमा ब्रिटिसहरूले नेपालको हातबाट नालापानी, मलाऊँ, देउथल, अल्मोडा, कुमाऊँ, गढवाल तथा यमुनाको पश्चिमी क्षेत्र जितेर आफ्नो अधीनमा लिएका थिए। युद्धमा नेपालका कतिपय भूभाग अङ्ग्रेजहरूले जितेपछि युद्धमा बन्दी बनाइएका नेपालीहरूलाई आफ्नो भविष्यका सुरक्षाका लागि फौजमा राख्ने निर्णय गरे। फलस्वरूप अङ्ग्रेजहरूले मलाऊँ, सिरमुर, मुसीरी र कुमाऊँ गरी चारवटा गोर्खा

बटालियन गठन गरे। नेपाली सैनिकहरूले भरिएको यी बटालियनहरूलाई अङ्ग्रेज सरकारले भारतको असम, देहरादून, काँगडा आदि विभिन्न क्षेत्रहरूमा राखेका थिए। परवर्ती कालमा तिनीहरू तिनै ठाउँमा स्थायी रूपले बसोवास गर्न थाले। विश्वयुद्ध समाप्त भएपछि ब्रिटिस फौजबाट प्रायः 11,000 सैनिकहरूलाई निकालियो, जसमा 3,839 नेपाली सैनिक नेपाल फर्केका अनि बाँकी सैनिकहरू यही भारतमै बसे। इतिहासअनुसार जनरल अमरसिंह थापाको नेतृत्वमा गोर्खालीहरूले सन् 1790 मा कुमाऊँ र सन् 1892 मा गढवाल अधिकार गरेका थिए। वीर वलभद्रको नेतृत्वमा सन् 1803 मा गोर्खाहरूले देहरादून घाटी अधिकार गरेका थिए। पछि सन् 1804 देखि सन् 1815 सम्म जनरल अमरसिंह थापाले पश्चिमाञ्चलको काँगडा, गढवालदेखि जम्मू कश्मीरसम्म र काली नदीदेखि सतलज (पञ्जाब) नदीसम्म गोर्खा राज्य विस्तार गरेको मानिन्छ। सन् 1815 मा पश्चिमाञ्चलको मलाऊन भन्ने ठाउँमा जनरल अमरसिंह थापा र अङ्ग्रेज सरकारबिच युद्ध हुँदा अन्त्यमा पराजित भई उनी आफ्ना केही सैनिकहरूसँग नेपाल फर्केका थिए। पछि थापाका केही गोर्खाली सैनिकहरू भने नेपाल फर्कनुको सट्टा पश्चिमाञ्चलको सवायु, शिमला, धामी, राजगढी आदि स्थानमा बसोवास गरेका थिए। यस अतिरिक्त अमरसिंह थापा र वलभद्र पञ्जाब केशरी रणजीत सिंहको फौजमा बसेर चार वर्ष काम गरेको तथ्य छ। यसरी भारतको पश्चिमाञ्चलमा नेपालीहरूको आवादी बढेको बुझिन्छ। सन् 1861 मा फस्ट गोर्खा रेजिमेन्ट भाग्सु - धर्मशालामा स्थानान्तर भएपछि धेरै गोर्खा जवानहरूका परिवार पल्टनसँगै यस ठाउँमा आएको थियो। यसरी भाग्सु - धर्मशाला र काँगडाको पहाडी क्षेत्रहरूमा भारतेली नेपालीहरू बसोवास गर्न थालेको बुझिन्छ।

असम - पूर्वाञ्चलमा नेपाली जाति ऐतिहासिक आधारमा भैँसी पालक, आरावाल, श्रमिक र खेतीपाती गर्ने उद्देश्यले बसेका थियो। कोचबिहार अञ्चलमा भएका कोचे, मेचे, राजवंशी आदि जातिहरूसँग नेपाली जातिको पुरातन कालदेखि नै सम्बन्ध थियो। यसको प्रमाण वर्तमान कोचबिहार (कुचबिहार) कामरूपको सिमानाभित्र पर्दथ्यो भन्ने ऐतिहासिक तथ्यहरूले पुष्टि गर्दछ। **असम डिस्ट्रिक गजेटियर** अनुसार प्रारम्भमा मणिपुर, चिटागङ आदि ठाउँ र लुसाई पहाडमा अधिक सङ्ख्यामा बसोवास गर्ने नेपालीहरू थिए। प्रारम्भमा असम - पूर्वाञ्चलमा नेपालीहरू नेपाल राष्ट्र र भारतका दार्जिलिङ, डुवर्स आदि ठाउँहरूबाट आएका मानिन्छ। सन् 1823 मा असममा खोलिएका कोइलाखानीमा सिलगढी, दार्जिलिङ, कोलकत्ता आदि ठाउँहरूबाट नेपाली मजदुरहरूलाई भर्ती गर्न प्रारम्भ गरिएको थियो। यसरी धेरै सङ्ख्यामा नेपालीहरू असमको कोइलाखानीमा काम गर्न भर्ती भएपछि यस ठाउँमा नेपाली समाजको गठन हुनगयो। सन् 1835 सम्म असममा प्रशस्त जङ्गल र मलिलो जमिन हुनाले नेपालीहरू गाई - भैँसी पालेर खेतीबारी गरी जीवन यापन गर्थे। लाइमुखरा, मौलाईमा सन् 1874 भन्दा अघिदेखि नै नेपालीहरूले भैँसी पालेर बसेका थिए। अतः नेपाल राष्ट्र तथा भारतका दार्जिलिङ, डुवर्स आदि ठाउँहरूबाट कोही डिगबोई तेल कम्पनी र लिडुको कोइलाखानीमा, कोही कारखानामा काम गर्न, कोही सम्पत्ति कमाउन, कोही गाई – भैंसी पालन गर्न, जागिर खान तथा लाहुरे भएर असम - पूर्वाञ्चलमा आएका नेपालीहरू पछि भारतको स्थायी रूपमा असम - पूर्वाञ्चलका विभिन्न ठाउँहरूमा बसोवासो गरेका बुझिन्छ।

सन् 1901 को जनगणनाअनुसार दार्जिलिङ जिल्लाको जनसङ्ख्या 2,49,117 थियो भने सिलगढीको जनसङ्ख्या केवल 784 मात्र थियो।

एस. एस. ओ. मालीले **बेङ्गल डिस्ट्रिक गजेटियर**मा सिलगढीलाई खरसाङ महकुमाको दक्षिण प्रान्तमा अनि महानदीको देब्रे भागमा अवस्थित एउटा गाउँ मात्र मानेका छन् , शहर होइन। सन् 1872 सम्म समतलवासीमा बङ्गली भाषा बोल्ने मानिसहरू एक सय पनि नरहेको मानिन्छ। तर सन् 1931 को जन गणनामा वङ्गालको प्रायः 3,20,00 जनसङ्ख्यामा बङ्गाली समुदायका मानिसहरूको सङ्ख्या 37,444 र सन् 1951 को जन गणनामा यो सङ्ख्या बढेर अझ 64,446 देखाइएको छ। मूल रूपमा सन् 1905 मा बङ्गाल विभाजन भएपछि सिलगढी यातायातको मुख्य केन्द्र बनेको थियो। यस अतिरिक्त सन् 1947 मा हिन्दुस्तान र पाकिस्तान विभाजन हुँदा धर्मका आधारमा मुसलमान बङ्गालीहरू भारतमा बस्न नचाहेर पूर्व पाकिस्तानमा गए। पूर्व पाकिस्तानमा परेको पूर्व बङ्गाल (वर्तमान बङ्गलादेश) - बाट हजारौँ सङ्ख्यामा बङ्गालीहरू भारतको सीमा क्षेत्रबाट पसेको मानिन्छ। त्यो समय सिलगढी क्षेत्र एउटा मुख्य ठाउँ थियो। यसकै कारण यहाँ पहिलादेखि स्थायी रूपले बसोवास गर्ने नेपालीहरू भन्दा अन्य ठाउँहरूबाट आएका बङ्गाली समुदायका मानिसहरूको सङ्ख्या बढेर गएको बुझिन्छ।

भारतको उत्तराञ्चलअन्तर्गत पर्ने देहरादून, भाग्सु वा धर्मशाला, गडवाल, पिथोरागढ, अल्मोडा, चमोली र हिमाचल प्रदेश तथा बनारसमा नेपालीहरू धेरै सङ्ख्यामा रहेका छन्। यी ठाउँहरूमा बस्ने नेपालीहरूका ऐतिहासिक पृष्ठभूमिलाई अध्ययन गर्दा नेपालीहरू सेनामा भर्ती भएर आएपछि सैनिक पेशाबाट सेवानिवृत्त भई स्थायी रूपले बसेका मान्न सकिन्छ। विशेषतः भारतको उत्तर - पश्चिमाञ्चलमा नेपाली जातिको आगमन सन् 1815 देखि भएको हो। यसै वर्ष जेनरल अमरसिंह थापाको गोर्खाली फौज र अङ्ग्रेजी सेनाबिच मलाऊन (हिमाचल प्रदेश) - मा

घमासान युद्ध भएको थियो। शक्तिशाली अङ्ग्रेजी शत्रुपक्षलाई जित्न नसके तापनि युद्धमा गोर्खाली वीरहरूले देखाएका पराक्रमबाट अङ्ग्रेज धेरै प्रभावित भएका थिए।

मलाऊन (हिमाचल प्रदेश) - को युद्धमा बाँचेका गोर्खाली सैनिकहरूलाई अङ्ग्रेजहरूले भारतमा राख्नका निम्ति 24 अप्रेल 1815 मा मलाऊन किल्लानजिक **फस्ट गोर्खा बटालियन**को गठन गरेका थिए। यसपछि सन् 1861 मा फस्ट गोर्खा रेजिमेन्ट धर्मशालामा स्थायी रूपले गठन हुनगयो। अतः भारतको पश्चिमाञ्चलमा गोर्खा सैनिकहरूलाई सेनामा भर्ती गराउने प्रक्रिया सुरु भएपछि यी क्षेत्रहरूमा नेपाली जातिको आवादी बढेर गएको मानिन्छ। निष्कर्षतः भारतको दार्जिलिङ जिल्लाअन्तर्गत पर्ने दार्जिलिङ, खरसाङ र सिलगढी, कालेबुङ जिल्ला अन्तर्ग पर्ने गोरूबथान, अलगडा र कालेबुङ खण्ड, पश्चिम बङ्गाल राज्यको डुवर्स, जलपाइगढी, असम - पूर्वाञ्चल र उत्तर - पश्चिमाञ्चलका विभिन्न क्षेत्रहरूमा नेपालीहरू पुस्तौँदेखि बसोवास गर्छन्। यी विभिन्न क्षेत्र र ठाउँहरूमा छरिएर बसेका भारतीय नेपाली समाजको गठन प्रक्रिया र यसको प्रवर्धन र विकास बहुरूपी छ।

सांस्कृतिक पृष्ठभूमिका आधारमा भारतेली नेपाली कवितालाई अध्ययन – अनुशिलन गर्दा यसको पृष्ठभूमि भिन्नै प्रकारको रहेको पाइन्छ। संस्कृतिलाई मानव समाज र राष्ट्रको आत्मा मानिन्छ। यसभित्र कला, साहित्य, धर्म, दर्शन, इतिहास, भाषा, मानव जीवनका मूल्य, मान्यता, परम्परा, रीति - रिवाज, चाल - चलन, चाड - पर्व, धार्मिक विश्वास, लोकजीवन आदि पर्दछन्। संस्कृति समाजभित्रकै यावत विषयको प्रतिविम्बित रूप हो। कुनै पनि राष्ट्र वा जातिका कला-कौशल, बौद्धिक

विकास र चिन्तन आदिमा प्रकट हुने समग्र क्रियाकलापको परिष्कृत रूपलाई संस्कृति भन्न सकिन्छ।

संस्कृति मानव जीवनलाई परिष्कृत र समृद्ध बनाउने साधन हो। कुनै पनि जातिको गौरव, सभ्यता र संस्कार संस्कृतिमा निर्भर रहन्छ। संस्कृति विकसित भए जाति पनि विकसित भएर जान्छन्। यो धुर्ब सत्य पनि हो। संस्कृतिलाई 'सम्पूर्ण समाजका निम्ति जीवनको मार्ग' मानिन्छ। नेपाल जातिका संस्कृतिमा शिष्टाचार, पोशाक, भाषा, अनुष्टान, व्यवहारका नियम तथा मानदण्डका नियम पर्दछन्। यस जातिको संस्कृति, परम्परा वा नवनीताका एक अद्वतीय संयोजन रहेको छ। भारतमा संस्कृतिक संगीत, वास्तुकला, धर्म र सांकृतिक समूहका साथ समाहित छन्। यहाँका नेपाली जातिले पहिरिने पोशाक, दौरा - सुरुवाल, चोबन्दी – चोली, गुनिउ – फरिया, ढाका – चोली, ढाका – टोपी सबै लोक – संस्कृतिका अङ्गहरू हुन्। नेपाली पुरूषहरूले लगाउने दौरामा आठ तुना हुन्छन् जसलाई , शरीरको चारै भाग बाँदिने गरिन्छ। यस दौरोले बाधिएको गलालाई नेपाली विश्वासमा भगवान शिवका गर्दन वरिपरि बाँधिअको साँपको प्रतीक मानिन्छ।

लोक संस्कृतिका कारण कुनै पनि जाति र समाजको आफ्नै छुट्टै चिन्हारी, अस्तित्व र महत्व रहेको हुन्छ। यो एउटा चिन्हारी, अस्तित्व मात्र नभएर जातीय धन र सम्पत्ति पनि हो। यसमा रूढी, अन्धविश्वास , धार्मिक आस्थादेखि लिएर विभिन्न संस्कार, आस्था आदि पर्दछन्। लोक संस्कृति प्रकृतिको काखमा हुर्किन्छ, बड्दछ। यहासम्म की लोक संस्कृतिक शिक्षा प्रणालीमा पनि श्रद्धा रहने गर्दछ। यसमा अविश्वास, तर्क आदिको कुनै स्थान हुँदैन। यसैले लोक संस्कृतिमा श्रद्धा भावना परम्परागत् रूपमा शाश्वत हुँदछ। लोक संस्कृति, लोकोत्तर संस्कृति तथा

विश्वका सबै मानवका संस्कृतिका बीज एउटै रहेका छन्। यो बीज अन्य कुनै संस्कृति नभएर लोक संस्कृति नै हो।

भारतमा विभिन्न जाति र गोष्ठीका मानिसहरू बस्छन्। तीमध्ये नेपाली जाति पनि एउटा विशिष्ट जाति हो। यसर्थ सामाजिक पृष्ठभूमिका दृष्टिले अध्ययन गर्दा अठारौँ शताब्दी पूर्व भारतमा नेपाली भाषाले वर्तमानकालीन स्वरूप प्राप्त गरेको थिएन। त्यो समय संस्कृतनिष्ठ नेपाली भाषाको अनुपातमा भोट - बर्मेली परिवारका भाषाको प्रवलता र प्रचलन समाजमा रहेको थियो। भोट - बर्मेली भाषा बोल्नेहरूमा नेपाली भाषाले प्राथमिकता पाएपछि यस भाषाका केही विशेषता भारतीय नेपाली समाजमा परेको मानिन्छ। सुरुमा नेपालका पहाडी क्षेत्रहरूमा विभिन्न जात - गोष्ठीमा बस्ने गाउँ - घर र किपटमा आफ्ना - आफ्नै बोली बोलिने प्रचलन रहेको थियो। पछि दार्जिलिङे सहर - बजार, छाउनी, चियाबारी आदिमा छ्यासमिस भई नेपालीहरू बस्नु र काम गर्नुपर्दा यहाँ आ - आफ्नो जात - गोष्ठीको प्राथमिक बोलीको साटो नेपाली भाषाको प्रचलन बढेर गएको मानिन्छ। सन् 1840 - 60 को दशकहरूमा भारतका पहाडी अञ्चलहरूमा नेपाली भाषा बोल्ने र बुझ्ने मानिसहरूको सङ्ख्या नबढेको भएदेखि जर्मन धर्म प्रचारकहरूले यस भाषामा अध्ययन र कोश तयार पार्ने नै थिएनन् भन्ने इतिहासकार कुमार प्रधानको विचार छ।

सन् 1816 मा सुगौली - सन्धि हुनभन्दा पहिले भारतका कतिपय क्षेत्र वर्तमान नेपाल राष्ट्रभित्र पर्थे। नेपाल र भारत दुवै हिन्दू राष्ट्र हुनाले दुवै देशका नेपाली जातिमा सांस्कृतिक एकरूपता पाइन्छ। विजय दशमीको दिन यी दुवै देशका नेपालीहरूले ठूलाबडा र जेठापाकाका हातबाट चामलको अक्षता वा टिका, जमरा लगाउने गर्छन्। यसप्रकारको

Notes

सांस्कृतिक परम्परा नेपाली जातिबाहेक संसारको कुनै पनि जातिमा पाइँदैन। यसर्थ यसलाई नेपाली जातिको छुट्टै सांस्कृतिक परम्परा मान्न सकिन्छ। वास्तवमा संस्कृति हाम्रो जातीय सम्पत्ति र समृद्धिको परिचायक हो। मूल आधार एउटै भए तापनि नेपालमा र भारतमा बस्ने नेपालीहरूकरा चाडपर्व र धर्म-परम्परा मान्ने विधिहरूमा भने केही भिन्नता पाइन्छ। तथापि सांस्कृतिक पृष्ठभूमिका आधारमा भारतीय नेपाली जातिको भिन्नै सांस्कृतिक विशेषता रहेको छ। भारतीय नेपाली जाति विभिन्न जात - गोष्ठीद्वारा निर्मित भएकाले यस जातिमा छुट्टै संस्कृति, भाषा र धार्मिक आस्थाहरू रहेका छन्। भारतमा पुस्तौँदेखि बस्दै आएको नेपाली जातिभित्र बाहुन, छेत्री, राई, लिम्बू, मगर, नेवार, गुरुङ, कामी, दमाई, सार्की, सुनुवार, भुजेल, तामाङ, शेर्पा, भोटे, लाप्चे आदि जातहरू पर्दछन्। यिनै विभिन्न जात - गोष्ठीद्वारा परापूर्वकालदेखि मान्दै मनाउँदै आएकी  रीति - रिवाज, चालचलन, रहन - सहन, भेष - भूषा, चाडपर्व, परम्परा, संस्कार, विश्वास, आस्था, धर्म, साहित्य, कला आदिको साझा रूपलाई नेपाली संस्कृति भन्न सकिन्छ।

संसारका प्रायः जसो जातिहरूमा छुट्टै सांस्कृतिक छाप रहेको पाइए तापनि भारतीय नेपाली जातिमा आर्य र आर्येत्तर (किराँत) दुई संस्कृतिको समन्वय रहेको पाइन्छ।  नेपाली जाति भारतको दार्जिलिङ, जलपाइगढी (डुवर्स), सिक्किम, असम - पूर्वाञ्चल हुँदै पश्चिममा कुमाउँ, गढवाल, देहरादून, भाग्सु, हिमाचल प्रदेश र पञ्जाबसम्म फैलिएको छ। क्षेत्रीय प्रधानताका दृष्टिले पश्चिम बङ्गाल राज्यको दार्जिलिङ जिल्लामा राई, लिम्बू, तामाङ, नेवार, शेर्पा, लेप्चा, भोटे; जलपाइगढी जिल्लामा राई, गुरुङ, नेवार, ब्राह्मण; असम-पूर्वाञ्चलमा ब्राह्मण, छेत्री; उत्तर - पश्चिमाञ्चलमा गुरुङ, मगर र छेत्री आदि जात - गोष्ठीको साङ्ख्याधिक्य

रहेको मानिन्छ। यी विभिन्न क्षेत्रहरूमा बस्ने भारतीय नेपाली जातिको संस्कृति प्रचलनहरूमा दशैँ, तिहार, माघे सङ्क्रान्ति, साउने सङ्क्रान्ति, जनै पूर्णिमा, श्रीपञ्चमी आदि मान्ने - मनाउने, कुल पूजा तथा देवाली गर्ने, नयाँ वर्ष मनाउने, न्वागी खाने, उँधौली - उँभौली पुज्ने, वर्ष चक्र पर्व मनाउने, खलो पुज्ने, भूमे र गोठ पूजा गर्ने आदि मुख्य रहेका छन्। यी चाडपर्वहरूमा गरिने विधि र पूजामा नेपाली सांस्कृतिक विशेषता रहेका हुन्छन्। भारतको दार्जिलिङ क्षेत्रमा दशैँको समयमा ठूलाबडाका हातबाट आशीर्वाद थाप्ने, निधारमा चामलका टिका लगाउने, तिहारमा देउसी - भैलो खेल्ने, लक्ष्मी मातालाई पुज्ने, माघे - सङ्क्रान्तिमा विभिन्न किसिमका तरुल, तिलका लड्डु खाने गरिन्छ। यो प्रथा डुवर्स र असम-पूर्वाञ्चल क्षेत्रमा बस्ने नेपालीहरूमा पनि विद्यमान छ।

भारतेली नेपालीहरूका लोक संस्कृति  विश्वका अन्य सबै समृद्ध संस्कृति मध्ये एउटा मानिन्छ। भारत एक वहुसंस्कृति पालन गर्ने देश हो। यहाँ पुस्तौँदेखि नेपाली जाति स्थायी बासिन्दाका रूपमा रहिआएका छन्। भारतेली नेपाली जाति पनि विभिन्न जात, वर्ग, समुदाय मिलेर निर्माण भएको छ। यसअतिरिक्त विभिन्न धर्म, संस्कार र भाषा बोल्ने नेपालीहरू पनि भारतमा बसछन्। तर उनीहरूका साझा संस्कृति भने नेपाली संस्कृति नै हो, जसलाई नेपाली लोक संस्कृति भनिने गरिन्छ। यस समृद्ध सांस्कृतिक विरासत कयौं शताब्दीहरूको अन्तरालमा भारतमा विकसित भएको मान्न सकिन्छ।

भारत सांस्कृतिक विविधताले भरिएको देश हो। यहाँ परापुर्वदेखि भारतको कुना – काप्चा, कन्दरा, कमान र वस्तीहरूमा छरिएर बसेका नेपालीहरूका संस्कृतिमा केही संस्कृति तिब्बत र केही नेपाल साथै केही मङ्गोलिय देशसँग मिल्दाजुल्दा छन्। भारतेली नेपालीका भेषभूषा, भाषा

तथा खानपानहरूमा धेरै नेपाल देशका नेपाली जातिसित समानता पाइन्छन्। वैदिक सनातन एवं प्राकृतिक धर्ममा विश्वास गर्ने नेपालीहरूले मनाउने प्रमुख पर्व दसैं हो। यसलाई **बडा दशैं** वा **विजय दशमी** पनि भनिन्छ। यो पर्व शरद् ऋतु अर्थात् आश्विन शुक्ल पक्षमा पर्दछ , जसलाई देवी पक्ष पनि भनिन्छ। महालयदेखि दशमीसम्म देवी दुर्गाको पुजा – आराधना नेपाली जातिमा गरिन् प्रचलन छ। उक्त पन्ध्र दिनभित्र आदिशक्ति देवी भगवतीलाई प्रसन्न पार्न अनेकौं धार्मिक अनुष्ठान एवं पूजा गरिन्छ। हुन त यस्ता देवी पक्षहरू वर्षमा तीनवटा पर्छन। असोज महिनाको यो कालरात्रि पर्ने देवी पक्ष बाहेक कार्तिकमा सुखरात्रि तथा चैत्रमा महारात्रि पनि पर्छ। यीमध्ये आश्विन शुक्लमा पर्ने कालरात्रिलाई विशेष रूपमा मनाउने चलन छ , जसअन्तर्गत बडा दसैं पर्छ। यस्ता विशेष अवसरमा गरिने पूजा वा साधनाले विशेष फल दिलाउने जनविश्वास नेपाली समाजमा रहिआएको देखिन् छ। त्यसैले दसैंका नौ दिनसम्म भगवतीको विशेष पूजाआजा गरी दसौं दिन प्रसादस्वरूप टीका र जमरा ग्रहण गर्ने चलन भारतेली नेपाली जातिमा छ। पूजा गरेर प्रसाद ग्रहण गर्ने क्रम पूर्णिमासम्म रहन्छ। पूर्णिमाका दिन जमरा विसर्जन गरेपछि देवीको पूजा पनि समाप्त हुन्छ।

शक्तिस्वरूपा देवी भगवतीका अनेकौं स्वरूप शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कूष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्रि, महागौरी र सिद्धिदात्री आदि रहेका छन्। यसर्थ नेपाली समाजमा देवीको यस रूपको पूजा - आराधना दसैंका नौ दिनसम्म क्रमैसँग गरिने प्रचलन छ। यसर्थ देवी दुर्गालाई **नवदुर्गा**का नामले चिनिन्छ। विशेषत: नेपाली जाति वा समाजमा नवदुर्गाको पूजा गर्नाले सारा पाप नाश भै मनका चाहना पूरा हुने विश्वास गरिन्छ। यी देवीहरू समस्त प्राणीका शरीरमा माता, विद्या,

लक्ष्मी, शक्ति, बुद्धि, माया, शान्ति, धृति, क्षमा, दया, निद्रा आदि स्वरूपमा विराजमान छन्। दसैंका बेलामा आफूमा निहित ती शक्तिलाई प्रकट गरेर अभीष्ट पूरा गर्ने मनसायले प्रेरित भै मानिसहरूले अनेकौं साधना गर्छन्।

घटस्थापनाका दिनदेखि सुरु हुने दसैंको पहिलो दिन देवी स्थापना गरेर जमरा राख्ने कार्य हुन्छ। उक्त दिन व्यक्तिगत रूपमा घरैमा तथा सामुहिक रूपमा विभिन्न देवी मन्दिर एवं कोतघरहरूमा जमरा राखिन्छ। सम्पूर्ण विधि पुर्याएर जमरा राख्ने कार्यसँगै दुर्गा शप्तशतीको पाठ पनि गरिन्छ। बिहान नुहाइधुवाइ गरी शुद्ध भएर पाठपूजा गर्ने, बेलुका सधैं आरती गर्ने कार्य दसैंभरि नियमित गर्नुपर्छ। पाँचौं दिनसम्म यही क्रम जारी रहन्छ भने छैटौं दिन विल्व निमन्त्रणा अर्थात् बेलको पातले पूजा गरिन्छ। सातौं वा सप्तमीका दिन फूलपाती भित्र्याइन्छ। फूलपाती भित्र्याउन केरा, दारिम, धान, हलेदो, बेलपत्र, अशोक, जयन्ती, उखु र मानेजस्ता नौवटा लहरापात एवं जातजातका फूल चाहिन्छ। अष्टमीका दिन राति कालरात्रिको पूजा गरेर बलि दिने तथा होमादि गर्ने कार्य हुन्छ। त्यस दिन कसैकसैले रातभरि भजन - कीर्तन पनि गर्छन्। नवमीका दिन देवीलाई बोका, कुखुरा, हाँस, परेवा, राँगा, पाठी आदि पशुबलि दिइन्छ। ब्राह्मणलाई जीवबलि शास्त्रले नै निषेध गरेको छ। त्यसैले ब्राह्मण तथा अन्य शाकाहारीले कुभिन्डो, नरिवल, उखु वा अन्य कुनै फल, पायस तथा मासको पीठोबाट पशुको आकृति बनाएर बलि दिन्छन्। देवी सबैकी मातास्वरूप भएकीले बलि दिनैपर्छ भन्ने छैन। नेपाली समाजमा बलि दिने कार्यमा तान्त्रिक परम्पराको प्रभाव रहेको मानिन्छ।

विशेषगरेर भारतेली नेपाली समाजमा दशमी अर्थात् टीका लगाउने दिन आफू भन्दा ठूला - बडा मानिसका हातबाट टीका - जमरा लगाई आशीर्वाद ग्रहण गरिने प्रचलन छ। त्रेता युगमा यसै दिन श्रीरामले

सीताको हरण गर्ने रावणको बध गरेको प्रसङ्ग आउँछ। यसका लागि रामले नारदको उपदेशबाट नौ दिनसम्म दुर्गा देवीको आराधना गरेको र दसौं दिन रावणमाथि विजय पाएको कथा प्रचलित छ। यसरी रावणमाथि रामले विजय पाएको हुनाले यस दिनलाई विजया दशमी अर्थात् बडा दसैं भनिएको हो।

भारतेली नेपाल समाजमा तिहार वा त्यौहार पनि एउटा संस्कृतिको पर्याय हो। यसलाई हामी नेपालीहरूको समृद्ध सांस्कृतिक विरासतको जिउँदो रूप मानिन्छ। यसलाई भारतमा दिपावली पनि भनिने गरिन्छ। अधिकांश नेपाली तिहार विभिन्न हिन्दू तथा बौद्ध देवताहरूसित सम्बन्धित छन् । यसैले दश्न र तिहार धर्मप्रति आधारित सबैभन्दा ठूलो र लोकप्रिय चाढ पनि हो। यस अतिरिक्त भारतेली नेपालीहरूले बुद्ध जयन्ती, फागु पूर्णिमा, जानई - पूर्णिमा, तीज, माघे सङ्क्रान्ति, सावने सङ्क्रान्ति पनि पालन गर्ने गर्छन्।

मूलतः भारतको डुवर्स भेकमा बस्ने नेपालीहरूले अन्य छिमेकी जाति समेतलाई आफ्नो परम्परा, संस्कृतिले जोडेर राखेका छन्। यसर्थ यस भेकमा बस्ने नेपालीहरूका अन्य जनगोष्ठीहरूसँग पारस्परिक सुसम्बन्ध, निकट सहवास, व्यापारिक र पेसागत आदान - प्रदान रहेको छ। यसरी नै भारतका पूर्वाञ्चल क्षेत्रमा बस्ने नेपालीहरू पनि दशैं - तिहार एवम् माघु, बिहु, सावने बिहु आदिका समयमा मादल - झ्याली आदि बजाई नाँच्ने, गाउने गर्छन्। तर भारतको उत्तर - पश्चिमाञ्चल भेकमा यो परम्परा न्यून रहेको छ। तथापि तिनीहरू आफ्नो संस्कृतिप्रति सचेत चाहिँ छन्। भारतका यस पश्चिमाञ्चलका नेपालीहरू नेपाली चाड - पर्वका समयमा आफूले बनाउन नजाने तापनि सेलरोटी, गोर्खा चटनी, गुन्द्रुकको अचार खान मन पराउँछन्, देउसे, भैलो खेल्न त्यति पारा

नल्याए तापनि खेल्नुपर्छ भन्ने भावना राख्छन्। भाग्सुमा वैशाख 1 गते **गोर्खा एसोसिएसन**को बैठक बोलाइन्छ र त्यो दिन वर्षभरि मनाइने नेपाली चाड - पर्वहरूका तालिका नेपालीहरूमा वितरण गरिन्छ। यसबाट भारतको उत्तर पश्चिमाञ्चलमा बस्ने नेपालीहरू पनि आफ्नो संस्कृतिप्रति सचेत र जागरूक रहेका स्पष्ट हुन्छ।

भारतीय नेपाली समाजमा विद्यमान आर्य गोष्ठीका बाहुन, छेत्री, कामी, दमाई, सार्की; मङ्गोल गोष्ठीका राई, लिम्बू, तामाङ, मगर, गुरुङ आजि जातगोष्ठीहरूमा आ - आफ्नै परम्परा, संस्कार र संस्कृति छन्। तथापि भारतीय नेपाली जातिमा सांस्कृतिक विभिन्नता पाइन्छ। यो भिन्नता जात - गोष्ठीमा भन्दा पनि क्षेत्रीयताको आधारमा रहेको छ। दार्जिलिङ पहाड क्षेत्रतिर विजय दशमीको दिन बुडापाका वा घरका बाजे-बाबुले आफअना परिवारलाई टिका लाइदिएर दक्षिण दिँदा लिफाफामा हालेर दिने प्रचलन रहेको पाइन्छ भने डुवर्स क्षेत्रमा टिका लाइदिएर दक्षिणा दिँदा प्रायः हातमै खुल्ला रूपमा दिने चलन छ। यस क्षेत्रमा ज्वाइँ एवम् बुजुर्गहरूलाई मात्र लिफाफा वा दुनामा पैसा हालेर दिने चलन पाइन्छ। यसरी नै दार्जिलिङ क्षेत्रमा तिहार वा त्यौहारको समयमा देउसी वा भैलो खेल्दा गिटार, कङ्गो आदि बजाएर खेलिन्छ भने डुवर्स एवम् पूर्वाञ्चलमा लोकवादन मादल, डम्फु, खैँज़डी आदि बजाएर र कोही - कोही लोकवादन बिनै पनि खेल्ने गर्छन्। नेपाली समाजमा आफूभन्दा ठूलाबडालाई सम्मान र इज्जतपूर्वक अभिवादन गरिँदा साष्टाङ्ग दण्डवत सहित ढोग गरिने प्रथान छ। तर दार्जिलिङ, डुवर्स भेकमा आफूभन्दा ठूलाबडालाई सम्मान गर्दा दुई होत जोडी नमस्कार गरिने चलन छ। उत्तर पश्चिमाञ्चल भेकमा भने मुखैले **ढोक दिन्छु** भन्ने चलन छ, 'नमस्ते' यहाँ कमै प्रयोग हुन्छन्। पूर्वाञ्चल भेकमा टाउको झुकाएर एवम् दुई हात

जोडी ‘नमस्कार’ गर्ने चलन पाइन्छ। यसरी भारतीय नेपाली जातिका विभिन्न जात - गोष्ठी, आ - आफ्नै नियम, सिद्धान्त र मान्यताहरूमा अडिएको भए तापनि तिनीहरूलाई एउटै सूत्रमा बाँध्ने कार्य नेपाली संस्कृति र भाषाले गरेको छ। अतः नेपाली संस्कृतिले विभिन्न जात - गोष्ठीका रीति - थिति, पहिरन, परम्परा, आस्थाद्वारा तिनीहरूमाझ सामाजिक र धार्मिक सम्बन्ध पनि स्थापित गरेको देखिन्छ।

## 1.4 उपसंहार

कविता साहित्यको एउटा पुरानो विधा हो। संसारका प्राय: साहित्यको थालनी पध्यबाटै भएको मानिन्छ। नेपाली साहित्यमा लेखनाथपूर्वका सम्पूर्ण नेपाली कविता पध्यमा लेखिएको पाइन्छ। पहिलो नेपाली कविता ई. 1393 मा लेखिएको विष्णुदास आचार्यको **बडेराजा मलयबम्म** र ई. 1769 देखि ई. 1774 सम्मा रचिएको कवि सुवानन्द दासको **पृथ्वीनारायण** कविता पनि पध्य शैलीमै लेखिएको छ। कविता सशक्त भावना, कल्पना र आनन्दको अभिव्यक्ति हो। यो भावनात्मक, लयात्मक र बौद्धिक काव्यको पध्य – लयात्मकतामा संरचित हुन्छ। कवितालाई भाव, विचार वा घटनाको अभिव्यक्ति पनि मानिन्छ। यसमा विभिन्न प्रकारका भाव वा विचारहरू प्रकटीकरण हुन्छन्।

नेपाली साहित्यको पृष्ठभूमिकाल अभिलेखकालीन र शिलालेखकालीन रहेको देखिन्छ। यो समय मुख्यतः मौखिक र श्रुतिपरम्पराको अवधि भएकोले नेपाली साहित्यले विकसित र विस्तारित हुने अवसर लोकसाहित्यबाट पाएको अनुभव हुन्छ। आदिकालदेखि नै नेपाली समाज गठन भएपछि समाजमा लोभ, डाह, ईर्ष्या, युद्ध, सन्त्रास, विसङ्गति जस्ता तत्त्वहरू व्याप्त थिए। यसको प्रमाण हामीलाई

**पुराण, रामायण, महाभारत** जस्ता धार्मिक - पौराणिक ग्रन्थहरूले दिन्छन्। कुनै पनि मानव समाजमा विसङ्गत तत्त्वका बोध भएपछि यसको निराकरणका निमित्त मानवमा नै व्यङ्ग्यात्मक भावको सृजना हुन थाल्दछ।

कुनै पनि भाषाका साहित्यको आफ्नै पृष्ठभूमि रहेको हुनाले पृष्ठभूमिको परिप्रेक्ष्यमा नै साहित्यको जन्म र विकास हुने गर्दछ। भारतीय नेपाली कवितामा भजन र लोकगीतलाई नै कविताको उत्स मान्न सकिन्छ। भारतका विभिन्न मन्दिर, गुम्बा, मस्जिद, गिर्जा आदि धार्मिक स्थलमा गाइने भजनादि तथा गाउँघर, बस्ती, चियाकमान, मेलापाततिर स्वतः प्रस्फुटित लोकगीतहरू नै भारतीय नेपाली कविताका प्रेरक तत्त्व हुन्। मूलतः भारतीय नेपाली साहित्यको आफ्नो छुट्टै पृष्ठभूमि रहेको छ जसमा मूल रूपले लहरी र सवाई रचनालाई मानिन्छ।

भारत एसिया महादेशअन्तर्गत पर्ने एउटा बहुभाषिक, बहुजातीय, बहुसांस्कृतिक र बहुधार्मिक देश हो। भौगोलिक दृष्टिकोणअनुसार भारतको दार्जिलिङ पहाडी क्षेत्र, जलपाइगढ़ी जिल्ला, असम - पूर्वाञ्चल र उत्तर - पश्चिमाञ्चल नेपालीहरूको मूल गौडा हो। विभिन्न समयमा भएका सन्धि - सम्झौता, राजनैतिक दाउपेच तथा ऐतिहासिक र आर्थिक कारणले पिरोलिएर नेपालीहरू भारतको कुना - कुनामा बसोवास गर्न बाध्य भएका छन्। यसरी क्षेत्रीय आधारमा भिन्ना - भिन्नै क्षेत्रका वासिन्दा भए तापनि भारतीय नेपालीको समाज गठन प्रक्रियामा सत्रौँ शताब्दीको प्रारम्भदेखि भारतमा हुँदै आएको राजनैतिक गतिविधि र प्रशासनिक परिवर्तनको प्रभाव परेको छ। एतिहासिक दृष्टिले भारतका नेपाली बहुल क्षेत्रहरू एककालमा नेपाल, भोटाङ आदि देशभित्र पर्दथ्यो। तर पछि नेपाल

र इस्ट इन्डिया कम्पनीबिच भएको **सुगौली - सन्धि** (सन् 1816), इस्ट इन्डिया कम्पनी र भोटाङ अङ्ग्रेज सरकारबिच भएको **तितलिया - सन्धि** (सन् 1864) आदिका कारण नेपालीहरू भूमिसँगै भारतका नागरिक तथा भारतीय हुन पुगेका हुन्। यसरी भूमिसँगै भारतीय बन्न पुगेका नेपालीहरूका जीवन कथालाई भारतेली नेपाली कविहरूले आफ्नो काव्य - कवितामा राजनैतिक, शैक्षिक, आर्थिक, सामाजिक तत्त्वलाई उजागार गर्दै अभिव्यक्त गरेका पाउँछौँ।

प्रारम्भिक कालमा भारतमा कुनै खास राजनैतिक, सामाजिक सङ्गठन स्थापना भएको थिएन। अठाह्रौँ शताब्दीको प्रारम्भदेखि भारतमा नेपाली जातिको सामाजिक गठन प्रक्रियामा नेपाली भाषाको मूल भूमिका रहेको छ। यस प्रक्रियामा भारतभरि विभिन्न जाति - गोष्ठीका रूपमा छरिएर बसेका नेपालीहरूमा एकातिर संस्कृतिनिष्ठ नेपाली भाषाको र अर्कातिर भोट - बर्मेली भाषाको प्रभाव कायम देखिन्छ। उन्नाइसौँ शताब्दीको पहिलो दशकसम्म भारतीय नेपाली समाजमा श्रमजीवी मानिसहरूको सङ्ख्या अधिक रहेको छ। कोही - कोही सैनिक क्षेत्रमा संलग्न भए तापनि अधिकतर भारतीय नेपालीहरू चियाबारीमा कुल्ली, कोइलाखानी - केलकम्पनी आदिमा श्रमिक अनि खेतीपाती गरेर र गाई - भैँसी पालेर आफ्नो जीवन धान्ने गर्थे। अठाह्रौँ शताब्दीको अन्त्यदेखि इसाई मिसनरीहरूका प्रभावले नेपाली समाज र क्षेत्रमा शिक्षाको ज्योति बलेर गयो। विशेषतः सामाजिक, राजनैतिक, साहित्यिक, धार्मिक, सांस्कृतिक, शैक्षिक सङ्घ - संस्थाहरूको गठन तथा साहित्य, कला, सङ्गीत एवम् पुस्तक र पत्र - पत्रिकाका माध्यमबाट नेपाली कविता साहित्यको उद्भव र विकास भएको बुझिन्छ।

## 1.5 सार

यस प्रखण्डमा भारतेली नेपाली कविताको ऐतिहासिक र सांस्कृतिक पृष्ठभूमिबारे सामान्य जानकारी प्राप्त भयो। उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ।

- ❖ कविता साहित्यको पुरानो र जेठो विधा हो। संसारका प्राय साहित्यको थालनी पध्यबाटै भएको कुरोलाई नकार्न सकिन्न। साधारणत: समय, स्थान र लोकदेखि बाहिरको कुरो देख्ने व्यक्ति कवि भएकोले कविले रचेको कृति नै कविता हो।
- ❖ कविता रसानुभूति, मनोरञ्जन, आनन्द र शिक्षा प्रदान गर्दछ। मूलतः भावना र कल्पनालाई वाहृन बनाई चुनिएका पदावलीमा कविद्वारा व्यक्त भाव नै कविता हो।
- ❖ कविता पध्यमय शैलीमा रचिने हुनाले यो छन्दमा बाँधिएको हुन्छ। तर सबै कविता पध्यमा लेखिन्छ भन्ने छैन। गध्यमय भाषा वा शैलीमा पनि कविता रचिन्च। पध्य मस्तिष्कसित सम्बन्धित हुन्छ भने गध्य हृदयसित सम्बन्धित हुन्छ।
- ❖ कविताममा कोमलता, संवेग, कल्पना, अनुभूति र चिन्तन हुन्छ। यसैले यो कोमल, ललित, गुढार्थ, प्रतीक - बिम्बयुक्त, छन्दमुखी हुन्छन्। कोमल – लयात्मक पदवालीमा लेखिएको, सेक्षिप्ततायुक्त, आलाङ्कारिकभाषा तथा छन्द, अलङ्कार, रस आदि प्रयोग गरिएको रचना साथै काव्यात्मक भाषाजनीत कविताको शैलीलाई पध्य शैली भनिन्छ।
- ❖ कवितामा सरसता र सङ्गीतात्मकता रहन्छ। भारतीय नेपाली कवितामा भौगोलिक, ऐतिहासिक, राजनैतिक, सामाजिक,

सांस्कृतिक, शैक्षिक, धार्मिक र साहित्यिक आधारहरूलाई पृष्ठभूमि मान्न सकिन्छ। यसमध्ये ऐतिहासिक र सांस्कृतिक पृष्ठभूमिलाई मुख्य आधार मान्न सकिन्छ।

- भारतीय नेपाली कवितामा भजन र लोकगीत नै कविताको उत्स हुन्। भारतको विभिन्न मन्दिक, गुम्बा, मस्जिद, गिर्जा आदि धार्मिक स्थलमा गाइने भजनादि तथा गाउँधर, बस्ती, चियाकमान, मेलापाततिर स्वतः प्रस्फुटित लोकगीतहरू नै भारतीय नेपाली कविताका प्रेरक तत्त्व हुन्।
- भारतीय नेपाली कविताको क्षेत्रमा लहरी र सवाई रचनालाई पृष्ठभूमिको मुख्य आधार मान्न सकिन्छ। यस बाहेक अन्य तथ्यहरूलाई पनि भारतेली नेपाली कविताको पृष्ठभूमिमा प्रेरक बन्ने तन्तु मान्न सकिन्छ।
- ऐतिहासिक दृष्टिले भारतमा नेपाली समाजको स्थापना पूर्व नियोजित रूपमा नभएर एउटा ऐतिहासिक संयोगका रूपमा भएको थियो। भारतको ब्रिटिश सरकार र नेपाल सरकार माझ भएको सुगौली – सन्धि (सन् 1816) हुनुभन्दा अघि भारतको उत्तरी क्षेत्र काश्मीरदेखि आसाम पूर्वाञ्चल र बर्मासम्मै नेपालीहरू पुस्तौदेखि बसोबास गर्थे।
- परवर्तीकालमा देशमा विभाजन र प्रशासनिक परिवर्तनका कारणले नेपालीहरू भारतका विभिन्न ठाउँमा छरिएर बस्न लागेका हुन्। यही विभिन्न ठाउँहरूमा छरिएर बसेका नेपालीहरूका जीवन कथा र उनीहरूले पालन गर्ने विभिद सांस्कृतिक परिवेश नै ऐतिहासिक भारतेली नेपाली कविताहरूका पृष्ठभूमिका मुख्य विषय बनेका छन्।

- ऐतिहासिक आधारमा भैंसी पालक, आरावल, श्रमिक र खेतीपाती गर्ने उद्देश्यले बसेका नेपालीहरू साथै भारतको पश्चिमा अञ्चलमा गोर्खा सैनकहरूलाई सेनामा भर्ती गराउने प्रक्रियालाई पनि भारतेली नेपाली कविताको पृष्ठभूमिका मूल आधार मान्न सकिन्छ।
- यस अतिरिक्त भारतको विभिन्न क्षेत्र र ठाउँहरूमा छरिएर बसेका भारतेली नेपाली समाजको गठन प्रक्रिया र यसको प्रवर्धन र विकासलाई पनि भारतेली नेपाली कविताको पृष्ठभूमि मानिन्छ।
- संस्कृतिलाई मानव समाज र राष्ट्रको आत्मा मानिन्छ। यसभित्र कला, साहित्य, धर्म, दर्शन, इतिहास, भाषा, मानव दीवनका मूल्य, मान्यता, परम्परा, रीति – रिवाज, चाल – चलन, चाड – पर्व, धार्मिक विश्वास, लोकजीवन आदि पर्दछन्।
- संस्कृति भित्रकै यावत् विषयको प्रतिबिम्बित रूप भएकोले कुनै पनि राष्ट्र वा जातिका कला – कोशल, बौद्धिक विकास र चिन्तन आदिमा प्रकट हुने समग्र क्रियाकलापको परिष्कृत रूपलाई संस्कृति भन्न सकिन्छ।
- नेपाल र भारत दुवै हिन्दू राष्च्र हुनाले दुवै देशका नेपाली जाति ऐतिहासिक र सांस्कृतिक एकरूपता पाइन्छ। विजय दशमीको दिन यी दुवै देशका नेपालीहरूले ठूला – बढा र जेठा – पाकाका हातबाट चामलको अक्षता वा टिका, जमरा लगाउने गर्छन्। यस प्रकारको सांस्कृतिक परम्परा नेपाली जाति बाहेक संसारको कुनै पनि जाति र संस्कृतिमा पाइँदैन। वास्तवमा संस्कृति प्रत्येक जातिको जातीय सम्पत्ति र समृद्धिको परिचायक हो।

यस प्रखण्डको अध्ययनले कविता भनेको के हो ? यसको ऐतिहासिक र सांस्कृतिक पृष्ठभूमिरबारे बुनियाँदी जानकारी प्राप्त भयो। कविताको परिचय र पृष्ठभूमि सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो।

## 1.6 अनुशीलनी

1. कविताको अर्थ र परिभाषा केलाउँदै यसका तत्त्वहरूलाई चिनाउनुहोस्।

2 .साहित्यमा कविताको महत्त्व र मूल्य के कस्तो छ ? बताउनुहोस्।

3 .भारतेली नेपाली कविताको विकासक्रमबारे विश्लेषण गर्नुहोस्।

4. कविताको पूर्वीय र पाश्चत्य मतलाई विवेचना गर्नुहोस्।

5. कविता किन पध्य र गध्य शैलीमा लेखिन्छ ? आफ्नो तर्क दिनुहोस्।

6 .भारतेली नेपाली कविताको भौगलिक र साहित्यिक पृष्ठभूमिबारे टिप्पणी लेख्नुहोस्।

7 .भारतेली नेपाली कवितामा अन्य भाषाका कविताको के कस्तो प्रभाव छ ? चर्चा गर्नुहोस्।

8 .भारतेली नेपाली कविताको विकासमा सङ्ग-संस्थाहरूको के कस्तो भूमिका छ ?

विविचना गर्नुहोस्।

9 .भारतेली नेपाली कवितामा प्रयुक्त अन्य साहित्यका कविताको व्याख्या गर्नुहोस्।

10 .भारतेली नेपाली कविताको वैशिष्ठबारे लेख लेख्नुहोस्।

## 1.7 अतिरिक्त अध्ययन

१. सिग्देल, सोमनाथ – **साहित्य प्रदीप।**

२. उपाध्याय, डा. केशवप्रसाद –**साहित्य प्रकाश।**

३. जोशी, डा. कुमारबहादुर –**केही कृति र कृतिकार।**

4 .श्रेष्ठ, डा. दयाराम – **वीरकालीन कविता।**

5. उपाध्याय, डा. केशवप्रसाद - **पूर्वीय काव्य सिद्धान्त।**

6. नेपाल, डा. घनश्याम – **आख्यानका कुरा।**

7. लुइँटेल, खगेन्द्रप्रसाद – **कविता सिद्धान्त र नेपाली कविताको इतिहास।**

9. गोतम, लक्ष्मीप्रसाद – **कविताको सैद्धान्तिक विमर्श।**

10. बन्धु, चूडामणि - **साझा कविता।**

11. प्रधान, डा. दिवाकर – **कविताका कुरा।**

12. शेर्पा, डा. सोनाम– **नेपाली कविताको आरेख।**

यस अतिरिक्त कविताबारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाको पनि अध्ययन।

## 1.8 मुल्यबृद्धिका निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

१. कविता र काव्यमा भेद।

Notes

...............................................................................

........

...............................................................................

........

...............................................................................

........

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 1.2 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२. पोयिम र पोयट्रीमा साम्य – बैशम्य।

...............................................................................

........

...............................................................................

........

...............................................................................

........

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 1.2 को परिचय खण्डमै उत्तर खोज्न सक्नेछन् )**

३. नेपाली कविताको पृष्ठभूमि।

...............................................................................

........

...............................................................................

........

...............................................................................

.........

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 1.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

४. कविताको ऐतिहासिक पृष्ठभूमिका आधारहरू।

……………………………………………………………………………

……..

……………………………………………………………………………

……..

……………………………………………………………………………

……..

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 1.4 को ऐतिहासिक पृष्ठभूमि अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

५. भारतेली नेपाली कविताको सांस्कृतिक पृष्ठभूमिका आधारहरू।

……………………………………………………………………………

……..

……………………………………………………………………………

……..

……………………………………………………………………………

……..

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 1.4 को सांस्कृतिक पृष्ठभूमि अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

## Notes

# एकाइ – 2, भारतेली नेपाली कविताका चरणगतप्रवृत्तिहरू


**2.0 उद्देश्य**

**2.1 परिचय**

**2.2 भारतेली नेपाली कविताका चरणहरू**

**2.3 भारतेली नेपाली कविताका चरणगत प्रवृत्तिहरू**

**2.4 उपसंहार**

**2.5 सार**

**2.6 अनुशीलनी**

**2.7 अतिरिक्त अध्ययन**

**2.8 मूल्यबृद्धिको निम्ति उत्तर**


## 2.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- कविताको परिचय
- भारतेली कविताको विविध चरण र प्रवृत्तिहरू
- प्राथमिक चरण र यस चरणका प्रवृत्ति
- माध्यमिक चरण र यस चरणका प्रवृत्ति
- आधुनिक चरण र यस चरणका प्रवृत्ति

- समसामयिक चरण र यस चरणका प्रवृत्ति

## 2.2 परिचय

वर्तमान समयमा 'कविता' शब्दले व्यापक अर्थ बोकेको छ। पाश्चात्य जगतमा कवितालाई पोयिम र पोयट्री भनिए जस्तै पूर्वीय साहित्य तथा नेपाली साहित्यमा काव्य र कविता शब्द प्रयोग गरिन्छ। तथापि पोयिम र पोयट्रीमाझ भिन्नता भए जस्तै काव्य र कवितामा पनि विभिन्नता पाइन्छ। संस्कृत शब्दको ' वर्णन गर्ने ' भन्ने अर्थ बोकेको **कवृ** धातुबाट काव्य शब्दको व्युत्पत्ति भएको मानिन्छ। पहिले पहिले व्यापक अर्थमा काव्य शब्दको प्रयोग हुँदै आएपछि कालान्तरमा समग्र शब्द **साहित्य**को प्रयोग भएर गएको हो।

पूर्वीय आचार्यहरूले काव्य (साहित्य) - लाई विभिन्न अर्थमा अर्थाएका छन्। आचार्य भामहले शब्दार्थौ सहितौ काव्यम्. भनेका छन्। उनको विचारमा शब्द र अर्थ बिचको सहभाव नै काव्य हो। यसरी नै आचार्य बामनले रीतिरात्मा काव्यस्य भनेका छन्। उनको भनाइअनुसार काव्यको आत्मा रीति हो। आचार्य रूद्रटले ननु शब्दार्थौ काव्यम्.. भनेका छन्। उनले नयाँ नयाँ शब्दहरूको गुम्फनद्वारा कविता रचना गर्नु नै काव्य हो भनेका छन्। यसरी नै आचार्य कुन्तकले शब्दार्थ सहितौ वक्रकविव्यापार शालिनी, बन्धे व्यवस्थितौ काव्यं भनेका छन्। उनको विचारअनुसार शब्द र अर्थको सहभावयुक्त, वक्रोक्ति भएको, काव्यज्ञातालाई आनन्द दिने व्यवस्थित रचना (बन्ध) काव्य हो।

पाश्चत्य साहित्यमा कविताको परिभाषा विद्वानहरूले आ-आफ्नै रूपले दिएका छन्। पाश्चत्य विद्वान् वर्डस्वर्थले अनुभूतिको स्वस्फूर्त अभिव्यक्ति नै कविता हो भनेका छन्। यसरी नै हड्सनले कल्पना र

सम्बेगद्वार गरिने जीवनको व्याख्या नै काव्य हो भनेका छन्। अङ्ग्रेजी कवि जोन्सनले गण मिलाइएको संरचना नै कविता हो भन्ने विचार पोखेका छन्। मैथ्यु अर्नालोडले भने कवितालाई जीवनको समालोचना मानेका छन्। नेपाली साहित्यका नाट्यसम्राट बालकृष्ण समले भावनाको बौद्धिक कोमलता कविता भनेका छन्। महाकवि लक्ष्मीप्रसाद देवकोटाले कविताको परिभाषा दिँदै यसो भनेका छन् - "मीठो कविताको बोली चराको बोलीझैं लाग्दछ। कविता निष्प्रयत्न कविताको लयद्वार मिठास र मोहनीले हृदयलाई इन्द्रेणीले पक्रेर लगेझैं लाग्दछ।"

कविता साहित्यको एक सशक्त विधा हो। 'कवि' आधारपदमा 'ता' प्रत्यय लागेर कविता शब्दको निर्माण भएको छ। कविता शब्दले कविद्वारा रचित वा कविको कर्म भन्ने अर्थ वहन गर्दछ। पूर्वीय साहित्य जगतमा ऋग्वेद, महाभारत र रामायण तथा पश्चिममा इलियड र ओडेसी कविताका वृहत् आकारका कृतिहरु हुन्। कतिपय विद्वानहरूले उपर्युक्त कृतिहरूलाई कविताको महाकाव्य पनि भनेका छन्। प्राचीनकालमा साहित्य भन्ने बितिकै काव्यलाई जनाए तापनि आधुनिक साहित्यमा तथा वर्तमान परिप्रेक्ष्यमा काव्यले गधयात्मक वा पधयात्मक कृतिलाई जनाउँछ।

## 2.3 भारतेली नेपाली कविताका चरणहरू

भारतेली नेपाली कविताको चरणगत् अध्ययन गर्दा यसका विभिद चरणहरू रहेका विद्वानहरूले उल्लेख गरेका छन्। सर्वप्रथम **चरण** भन्नाले साधारणरूपमा कुनै विभाग, समूह, खण्ड वा भाग भन्ने बुझिन्छ। भारतेली नेपाली कविताको पनि सम्पूर्ण नेपाली कविताको जस्तै छुट्टै

चरण छन्। तर यस चरणलाई छुट्याउने क्रममा भारतेली नेपाली विद्वान् र साहित्यकारहरूले आ - आफ्नै तर्क र मात दिएका पाउँछौँ।

चरण - विभाजनलाई इतिहास लेखनकलाको अनिवार्य शर्त मानिन्छ। यसप्रति साहित्यका इतिहासकारहरूको ध्यान धेरै आकर्षित भएको देखिन्छ। तर प्रत्येक इतिहासकारको दृष्टिकोण आ-आफ्नै किसिमको छ र प्रत्येक : इतिहासकारलाई एउटा निश्चित मापदण्डअनुसार हेर्ने गरेको पाइन्छ। भारेतली नेपील कविताको चरण विभाजनका प्रकृति र स्वरूपको पर्यवेक्षणबाट स्पष्टतः के देखिन्छ भने नेपाली साहित्यको आद्यन्त तस्विर प्रक्षेपण गर्ने प्रयास प्रत्येक साहित्यकारबाट भएको पाइन्छ। तथापि अधिकांशले विद्वान् , साहित्यकाररूले भारतेली नेपाली कविताको चरण विभाजन गर्दा तीन चरणलाई मूख्य मानेका छन्। यसरी तीन युगे कविताको चरम विभाजनले गर्दा इतिहासको अखण्ड रूपलाई विभिन्न काल खण्डमा विभाजन गरी साहित्यका सबै विधाप्रति निर्वैयक्तिक अवधारणा राखेर पनि मान्न सकिन्छ। तर कतिपय साहित्यकार, विद्वान् आदिले भने भारतेली नेपाली कविताको चरण विभाजन गर्दा कसैले चार युगे, कसैले पाँच युगे तथा कतिले छ युगे पनि मानेका छन्। सम्पूर्ण नेपाली साहित्यको विधागत काल विभाजनमा मत – मतान्तर देखिए जस्तै भारतेली नेपाली कविता साहित्यको चरण विभाजनमा पनि अनेक मतमतान्तर देखिएका छन्।

नेपाली कविता लेखनको सुरुवात पृथ्वीनारायण शाहको नेपाल एकीकरणसँगै भएको पाइए पनि नेपाली भाषाले लेख्यरुप पाउनुभन्दा अघि प्रचलित लोकगीत, लोकगाथा, भजन, बालुन आदि नै कविताको प्रारुप थियो। लोकजीवनमा प्रचलित लोकगीत, लोकगाथा गाउने र मनोरञ्जन गर्ने प्रचलनले नेपाली कविताको विकासमा सहयोग पु-याएको हो। नेपाल

एकीकरणसँगै रघुनाथ भाट, सुवानानन्द दास आदिबाट नेपाली कविता लेखन थालिएको हो। नेपाली वाङ्मयको विकास अठारौं शताब्दीदेखि हुन थालेको हो। तत्कालीन कविहरु लोकपरम्पराबाट बढी प्रभावित भएको पाइन्छ।

भारतेली नेपाली कविता साहित्यको चरण विभाजन गर्ने क्रममा भारतेली विद्वान् तथा भाषाविद् डा धनश्याम नेपालले **नेपाली साहित्यको परिचयात्मक इतिहास** नामक पुस्तकमा सात चरणमा विभक्त गरेका छन्। ती हुन् –

क) प्रस्तावना काल वा अभिलेख काल ( आरम्भदेखि सन् 1840 सम्म)

ख) स्वप्न काल (सन् 1940 देखि सन् 1882 सम्म )

ग) शृङ्गारकाल ( सन् 1883 देखि 1917 सम्म )

घ) नीतिकाल ( सन् 1917 देखि 1933 सम्म )

ङ) रोमान्टिककाल ( सन् 1934 देखि 1960 सम्म )

च) प्रयोगकाल ( सन् 1961 देखि 1974 सम्म )

छ) उत्तर प्रयोगकाल ( सन् 175 देखि आजसम्म )

यसरी नै असीत राईले **भारतीय नेपाली साहित्यको इतिहास** नामक पुस्तकमा भारतेली नेपाली कविताको चरण विभाजन छवटा चरणमा गरेका छन्। ती हुन् –

क) प्रारम्भिक काल वा आदिकाल (सन् 1744 देखि सन् 1814 सम्म )

ख) सुगौली सन्धिकाल वा जागरणकाल (सन् 1815 देखि सन् 1886 सम्म )

Notes

ग) पत्र-पत्रिका प्रवर्तनकाल (सन् 1887 देखि सन् 1913 सम्म )

घ) महासमर काल वा आधुनिककाल (सन् 1914 देखि सन् 1946 सम्म )

ङ) स्वतन्त्र्योत्तर काल वा अत्याधुनिक काल (सन् 1947 देखि सन् 1987 सम्म )

च) जातीय चिन्हारी/उत्तराधुनिक/सङ्क्रमण काल (सन् 1788 देखि )

यसरी नै देवी पन्थीले भारतेली नेपाली कविताको चरण विभाजन गर्ने क्रममा साहित्यकार असीत राईकै चरण विभाजनलाई अनुसरण गरेका छन्। उनले चार चरणमा विभक्त गर्दै भारतेली नेपाली कविताको चरण विभाजन यसरी गरेका छन् –

क) प्रारम्भिक काल (सन् 1744 : रधुनाथ भाट, शक्तिवल्लभ अर्याल, गुमानी पन्तसम्म)

ख) सुगौली काल (सन् 1815 : ज्ञानदिल दास, मुन्सी, वीरशाली पन्तसम्म)

ग) पत्र-पत्रिका प्रकाशन काल (सन् 1887 : गोर्खा भारत जीवन, गोर्खा खबर कागत् , चन्द्रिकासम्म)

घ) आधुनिककाल (सन् 1947 : पारसमणि प्रधान, पुष्पलाल उपाध्याय, अगमसिंह गिरीसम्म)

उपर्युक्त भारतेली नेपाली विद्वान् र साहित्यकारहरूका नेपाली कविता साहित्यको चरण विभाजनलाई निर्क्योल गर्दा मुख्य रूपमा चारवटा चरणमा विभक्त गरेर भारतेली नेपाली कविताको अध्ययन गर्न सकिन्छ। ती हुन् –

क) प्रथामिक चरण ( सन् 1744 देखि सन् 1913 सम्म )

ख) माध्यमिक चरण ( सन् 1714 देखि सन् 1946 सम्म )

ग) आधुनिक चरण ( सन् 1747 देखि सन् 1999 सम्म )

घ) समसामयिक चरण ( सन् 2001 देखि आजसम्म )

## प्रथामिक चरण ( सन् 1744 देखि सन् 1913 सम्म )

सम्पूर्ण नेपाली कविताको प्राथमिक काल पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभियानसँगै थालिएको हो। पृथ्वीनारायण शाहले देखाएको वीरताको गुणगान गाउँदै कवि सुवानन्द दासले सन् 1874 तीर लेखेको **पृथ्वीनारायण** कविता नै नेपालीमा लेखिएको पहिलो कविता भनी मानिएको छ। तर अनुसन्धान र खोज भन्ने कुरो संधै भइरहन्छ। यसर्थ हालमा प्राप्त खोजअनुसार सन् 1393 मा लेखिएको बिष्णुदास आचार्यरचित **बडेराजा मलयबम्म** कवितालाई पहिले नेपाली कविता मानिएको छ।

भारतेली नेपील कवितामा पहिलो कवि रधुनाथ भाटलाई मानिन्छ। उनको **अभयैशी महाकाली** (सन् 1744) कवितालाई पहिलो रचना मानिएको छ। यस पछि भारतेली नेपाली कविताको प्राथमिक कालमा मोतीराम भट्ट, वीरशाली पन्त, राधावल्लभ अज्र्याल, गुमानी पन्त, रघुनाथ पोख्रेल, रामभद्र पाध्या, पतञ्जली गुज्रयाल आदि कविहरुको उदय भएको पाइन्छ। प्राथमिक काललाई पनि दुई भागमा वर्गीकरण गर्न सकिन्छ।

कवि रधुनाथ भाटले **अभयैशी महाकाली** (सन् 1744) कवितामा काली, महाकाली, गोरख आदि देवी-देउताको रक्षक मान्दै नेपाली वीरताको महिमा यसरी गाएका छन् –

***अभयैषी महाकाली तोम नित्य रक्षपाली हे,***

***काली, गोरख, भैरवी, महिष मर्दिनी बोइ,***

***यो चारेकी आशित नित्य शूभ तोइ।***

भारतेली नेपील कवितामा कविताको प्रथामिक चरण पनि दुइवटा धारामा बगेका छन्। ती हुन् –

(क) वीरधारा

(ख) भक्तिधारा

## वीरधारा

भारतेली नेपाली कविताको इतिहासको आरम्भमा वीरतापूर्ण भाव भएका वीर रसयुक्त कविता लेखिए। तत्कालीन परिवेशको प्रभाव नै यसको कारण थियो। भारत देशमा चारैतीर युद्ध र ती युद्धमा बाग लिने सैन्यहरुको आत्मबल बढाउन तत्कालीन भारतेली नेपाली कविहरुले वीर भावका कविता रचना गरेको मान्न सकिन्छ। जसरी सिङ्गो नेपाली कविता साहित्यमा बिष्णुदास आचार्यको **बडेराजा मलयबम्म** र सुवानन्द दासको **पृथ्वीनारायण** वीररसले परिपूर्ण भएको कविताबाट आरम्भ भएको छ, त्यसरी नै भारतेली नेपाली कविताको प्रारम्भ पनि वीरधाराबाटै भएको देखिन्छ। रधुनाथ भाटको **अभयैशी महाकाली** , यदुनाथ पोखरेलको **गोर्षा सेना वर्णन** , गुमानी पन्तको **धन्य गोरखाली राजा** , रामचन्द्र पाध्याको **लक्ष्मी धर्म सम्वाद** आदि रचनाहरु उल्लेखनीय छन्। यस धाराका कविताहरुमा युद्धको वर्णनका साथै राष्ट्रिय एकता र राष्टप्रेम

झल्किएको पाइन्छ। कवितात्मक अभिव्यक्तितर्फ उन्मुख मौलिकताको स्पर्श गर्ने कोसिस यस कालका कविताका मुख्य प्रवृतिहरु हुन्।

## भक्तिधारा

नेपाल अङ्ग्रेजको युद्धपछि सन् 1816 मा सुगौली सन्धि भयो। यस सन्धिका परिणाम स्वरूप भारतेली नेपाली कविहरूको मन र लेखन बीर भावनादेखि भक्ति भावतर्फ ढल्किएर गयो। युद्ध र सन्धिले ल्याएको नैराश्यता र पीडाको अभिव्यक्ति स्वरुप ईश्वर प्रति भक्तिभाव देखाउने भारतेली नेपाली कविहरूले कविता सिर्जना गर्न थाले। धार्मिक ग्रन्थहरु जस्तै वैद , पुराण, उपनिषद् , रामायण, महाभारत आदि कविता सिर्जनाका आधार स्रोतहरु हुन पुगे। ईश्वरको साकार र निराकार दुवै रुपको वर्णन, भाषा परिष्कारमा अभाव, लोकछन्द र शास्त्रीय छन्दमा कविता सिर्जित कविताहरु भक्तिधाराकालका कविताका विशेषताहरु हुन्।

भारतेली नेपाली कविताको भक्तिधारा पनि अझ तीनवटा उपधारामा बगेको छ। ती हुन् -

1. रामभक्तिधारा
2. कृष्णभक्तिधारा
3. निर्गुण भक्तिधारा

## रामभक्तिधारा

श्रीरामको जीवनसँग सम्बन्धित विविध पक्षलाई विषयवस्तु बनाई आफ्ना भावना व्यक्त गर्ने भारतेली नेपाली कविहरु यस धाराअन्तर्गत पर्दछन्। रामभक्ति धाराका केन्द्रीय कविका रुपमा भानुभक्त आचार्यलाई

लिइन्छ। उनले संस्कृत भाषामा लिखित **आध्यत्म रामायण**लाई सरल रसहज नेपाली भाषामा अनुवाद गरेका छन्। भानुभक्तले नेपाली भाषामा लेखेको **रामायण** नेपालीको पहिलो महाकाव्य मानिन्छ। अनुवाद र मौलिकताको दोसाँधमा रहेपनि रामायणले नेपाली कविता साहित्यमा विशिष्ट स्थान राखेको छ। यसको साथै कवि भानुभक्त आचार्यका **भक्तमाला** (वि. सं. 1910), **प्रश्नोत्तर** (वि. सं. 1910), **रामगीता** (वि. सं. 1925) आदि कृतिहरु प्रकाशित छन्। यस भक्तिधाराका अर्का सशक्त कवि रघुनाथ पोखग्रयाल हुन्। यिनले रचना गरेको **सुन्दरकाण्ड**मा रामभक्तिको उत्कृष्ट नमूना पेश गरेका छन्।

## कृष्ण भक्तिधारा

कृष्ण भक्तिधाराका कविहरुले 'कृष्ण'लाई आधार मानेर कविताको सिर्जना गरेका छन्। श्रीकृष्णको जीवनसँग सम्बन्धित विविध पक्षलाई विषयवस्तु बनाई आफ्ना भावना व्यक्त गर्ने कविहरु यस धाराअन्तर्गत पर्दछन्। यस कालमा कृष्णभक्तिलाई कवितात्मक अभिव्यक्ति दिने कविहरु बिध्यारण्य केशरी अज्र्याल, हीनव्याकरणी विधापति, रधुनाथ पोखरेल आदि हुन्। यी कविहरू नेपालबाट निस्कासित भएपछि भारतको काशीमा बसेका थिए। यही बस्दा नै बिध्यारण्य केशरी अज्र्यालको **युगगीत** र **द्रोपदी स्तुति** , हीनव्याकरणी बिध्यापतिको **गीतवाणी** (1888), **गीत गोविन्द** (सन् 1831), पतञ्जली गुज्रयाल को हरिभक्तमाला, जैमिनी भारत आदि कविता कृतिहरु प्रख्यात छन्। भारतेली कवि बिध्यारण्य केशरी अज्र्यालको **युगगीत** मा भगवान् कृष्णको महिमा गाएका छन् भने र **द्रोपदी स्तुति**मा महाभारतको प्रसङ्गलाई लिएर कृष्णकै स्तुति गरेका छन्। कवि हीनव्याकरणी बिध्यापतिको **गीत गोविन्द** (सन् 1831) मा

भगवान् कृष्णको गुणगान गर्दै मानिसलाई ईश्वर स्तुतिमा लाग्ने आह्वान गरेका छन्।

## निर्गुण भक्तिधारा

भारतेली नेपाली कविताको विकास प्रक्रियामा निर्गुण भक्तिधारा छुट्टै विशेषता रहेको छ। यो धाराको आरम्भ जोसमनी सन्तका रचनाबाट भएको हो। यो धाराका कविहरुले सामाजिक अन्धविश्वासको चर्को विरोध गरेको पाइन्छ। हिन्दू वर्णाश्रम व्यवस्थाप्रति तीक्ष्ण प्रहारमा यस धाराका कविहरुको कलम चलेको पाइन्छ। सन्त कविहरुको मुख्य उद्देश्य जातिगत विभेद, अत्याचार, दुराचारको विरोध र मानवतावादको समर्थन गरी मुक्तिको चाहना राख्नु हो। निर्गुण भक्तिधाराका कविहरुले अदृश्यमाथि विश्वास गर्दै 'ब्रह्म' वा मनलाई ईश्वरको रुप मानेका छन्। यस धाराका केन्द्रीय प्रतिभा कवि ज्ञानदिलदास हुन्। उनी नेपालको फिक्कल नामक ठाउँबाट भारतको दार्जिलिङमा आइबसेका थिए।

भारतेली नेपाली प्राथमिककालीन भक्तधाराका निर्गुण भक्तिधाराकालीन कवि ज्ञानदिल दासले निर्गुण, निराकार ब्रह्मको साकार रूपलाई आफ्नो कृतिहरूमा व्याख्या गरेर आध्यात्मिकता र ईश्वरभक्ति झल्काएका छन्। मूलत : संसारलाई झूटो मान्ने, संसारिक राग, द्वेष, भोगविलासको प्रवृत्तिबाट मुक्ति खोज्नुपर्छ, चिन्तन गर्नुपर्छ भन्ने निर्गुण भक्तिधाराको मुख्य विशेषता हो। बेद लगायत पौराणिक ग्रन्थहरूको गहन अध्ययन गरेका कवि दासले दार्जीलिङका पादरी ए टर्नबुललाई शास्त्रार्थमा पराजित गरेर बाइबल जलाएका थिए। आफ्नो जीवनकालमा नेपालमा ज्ञान प्रचार गरेको, विद्रोही कविता रचना गरेको आदि आरोपमा तत्कालिन प्रधानमन्त्री जङ्गबहादुर राणाले ज्ञानदिल दासलाई पक्राऊ गरेर 6 महिना

Notes

जेलमा राखेका थिए। पछि आरोपमुक्त भएपछि जोसमनी सन्त परम्पराको प्रचार गर्दै यिनी भारतको दार्जीलिङ, सिक्किम र भुटानसम्म पुगेका थिए।

कवि ज्ञानदिलदासको रचनाहरूमा तत्कालिन सामाजिक व्यवस्था, जातीय असमानता, लिंगीय विभेदका विरूद्ध बिद्रोह पाइन्छ। पुरुषले एउटी श्रीमती माथि जतिवटा पनि विवाह गर्न पाउने महिलाले आफ्नो श्रीमान् मरेपनि अर्को विवाह गर्न नपाउने प्रथाको यिनी कट्टर विरोधी थिए। बेद, पुराणको गहन अध्ययन नै नगरी पाखण्डी रूपले कर्मकाण्ड गराउने ब्राहमण प्रथाको उनले ठाडो विरोध गरेका छन्। कवि ज्ञानदिल दासको रचनाहरूमा **उदय लहरी** सबैभन्दा प्रसिद्ध र प्रमुख कृति मानिन्छ। यसका अतिरिक्त उनको **झ्याउरे भजन**, **टुङ्ना भजन, रागवाणी, राम भजन, निर्गुण भजन** आदि कृतिहरू पनि प्रकाशित छन्। इलामबाट जोसमनी धर्मको प्रचारको सिलसिलामा उनी दार्जिलिङको रङ्गबुलस्तिथ एक धामको स्थापना गरी लामो समयसम्म बसेक थिए। त्यही क्रममा सन् 1877 सालतिर **उदय लहरी**को रचना गरेका थिए। उदयलहरी 109 पद्यमा लेखिएको कृति हो। यो झ्याउरे लयमा लेखिएको छ। दार्जीलिङमा रहँदा लेख्न सुरू गरेको उदय लहरी यात्राको क्रममा सिक्किम पुगेर पूरा गरेका थिए। **उदय लहरी**मा सत्व, रज र तम तीनै गुणको वर्णन पाइन्छ। त्यस बेला समाजमा व्याप्त जातपात, छुवाछुत र पशु बली, हिंसा आदि बारे प्रस्तुत कृतिमा कविले खुलेर विरोध गरेका छन्। उदाहरण -

***धन जन भन्छन् देवीमाई भाक्छन्***

***पशुघात भयो भन्या धर्म कहाँ राष छन्***

***गरिपमारा पशुघात जो कोही गर्छन्***

***नर्क तलाउ भासमा सहजगै पर्छन्।।11।।***

सन्त कवि ज्ञानदिलदासले **झ्याउरे भजन**मा यसरी लेखेका छन् –

*यो रुम्जाटारको कोदाको पीठो निर्गुनको दाउन*

*धर्म र कर्म गुरुङले ग-यो छक् प-यो बाहुन।*

निर्गुण भक्तिधाराका अन्य कविहरुमा शशिधर, अगमदिलदास, अखण्डदिलदास आदि पर्दछन्। यस्तै शशीधरको **वैराग्याम्बर**, अगमदिलदासको **सोह्र निर्गुण कविता**, अखण्डदिलदासको **पाँच निर्गुण भजन** आदि यस धाराका अन्य रचनाहरु हुन्।

## माध्यमिक चरण ( सन् 1714 देखि सन् 1946 सम्म )

भारतेली नेपाली कविताको इतिहासमा माध्यमिक कालको थालनी सन् 1914 मा मोतीराम भट्टको आगमनसँगै भएको मानिन्छ। नेपाली कविताको प्राथमिक काललाई 'लेखोट काल' भनिन्छ भने माध्यमिक काललाई छापाखानाको युगको रुपमा चिनिन्छ। मोतीराम भट्टले भानुभक्त आचार्य द्वारा लिखित रामायणको 'सुन्दरकाण्ड' छपाएपछि नेपाली कविताको मुद्रण युग आरम्भ भएको हो। यस कालका प्रतिनीधि कवि **<u>मोतीराम भट्ट</u>** (वि. सं. 1933 - वि. सं. 1953) हुन्। मोतीराम भट्टले सुरुमा भारतेन्दु हरिश्चन्द्रबाट प्रभावित भएर बनारसमा मोतीमण्डलीको गठन गरी नेपाली कवितामा श्रृङ्गारिक कविता र समस्यापूर्ति लेख्ने कार्यमा आकृष्ट भएका हुन्। उनले तत्कालीन शासक वर्ग भोगविलासी भएकाले उनीहरुको मनोरञ्जन र सुखका लागि श्रृङ्गारिक कविताहरु लेखिए।

अङ्ग्रेजी शिक्षा प्राप्त कवि मोतीराम भट्टले नेपालीमा गजलको श्रीगणेश गरेर नेपाली कवितामा शृङ्गारको परम्परा बसालेका हुन्। समस्यापूर्तिको चलन चलाएर यिनले नेपाली साहित्यका निम्ति

Notes

उपयुक्त प्रेरक वातावरणको सिर्जना गरेको देखिन्छ। एउटा काँधमा गद्य साहित्य र अर्को काँधमा पद्य साहित्यलाई बोकेर हिड्ने एउटै मोतीराम प्रकाशक, पत्रकार, नाटककार, जीवनी लेखक, समालोचक, कवि र भाषासेवी पनि हुन्। प्राथमिक कालमा मूलतः पद्य साहित्यको वर्चस्व रहेको पाइन्छ भने माध्यमिक कालमा गद्य र पद्य दुवैको सन्तुलित विकास भएको देखिन्छ। नेपाल एकीकरणको आरम्भदेखि मोतीराम भट्टको उदयकालसम्म 138 षर्षको अन्तरालमा निकै गद्य कृतिहरू फेला परेका छन्, तर गद्य फाँटका साहित्य विधाहरू फस्टाएको चाहिं मोतीरामकै पालादेखि हो।

समस्या - पूर्ति, जीवनी लेखन, पत्रपत्रिका सञ्चालन गरी गीत र गजल लेखनक्रमको थालनीका साथै अरुलाई प्रोत्साहित गर्ने मोतीरामको योगदान भारतेली नेपाली कविचतामा उल्लेखनीय रहेको छ। उनको **पिकदूत**, **कमल - भ्रमर संवाद** , **भ्रमर गीत** आदि कृतिहरू प्रमुख छन्। यसकालमा अनुवादभन्दा बढी मौलिक कविताहरु रचनातर्फ कविहरु प्रेरित भएको पाइन्छ। सन् 1714 देखि सन् 1946 सम्मको माध्यमिककालीन अवधिमा मोतीराम भट्ट र उत्तरार्ध कालमा शम्भूप्रसाद ढुङ्गेल प्रमुख व्यक्तिको रुपमा चिनिन्छन्। शम्भूप्रसाद ढुङ्गेल पनि श्रृङ्गारिक कविकै रुपमा कहलिए। उनको **शंभोजनमाला** र **वेश्यावर्णन** जस्ता श्रृङ्गारिक रचना प्राप्त छन्। भारतेली नेपाली कविताको माध्यमिक चरणका अर्का प्रतिभा **लक्ष्मीदत्त पन्त** हुन्। यिनले पत्र -पत्रिकामा कविता, गजल आदि प्रकाशन गरेको पाइन्छ।

माध्यमिक चरणका अन्य कविहरु गोपीनाथ लोहनीको **संगीतचन्द्रोदय**, **गफाष्टक**, तेजबहादुर रानाको **श्लोकसंग्रह** आदि कृतिहरु उल्लेख्य छन्। यस कालका अन्य प्रतिभाहरु नरदेव

पाण्डे, तीर्थराज पाण्डे उल्लेख्य मानिन्छन्। त्यसबाहेक लक्ष्मीदत्त पन्त, पहलमानसिंह स्वाँर, केदारनाथ खतिवडा, शम्भूप्रसाद ढुङ्गेल आदिले माध्यमिक कालीन भारतेली नेपाली कवितालाई उर्वर पारेको पाइन्छ। मूलत: माध्यमिक कालीन भारतेली नेपाली कवितामा श्रृङ्गारिक धाराकै बाहुल्य रहेको पाइन्छ। यसका केन्द्रीय व्यक्ति मोतीराम भट्टले कविमण्डलीकै गठन गरेर कविताको विकासमा मद्दत पु-याएका छन्। जीवनी लेखन, समालोचना गर्ने प्रक्रिया, समस्या पूर्तिमा आधारित कविता लेखन आदि यही कालमा थालनी भएको पाइन्छ।

भारतेली नेपाली कवितामा दार्जिलिङबाट महानन्द सापकोटाको उदय भएको पाइन्छ। उनको **मनलहरी** (सन् 1923), **अपुङ्गो** (सन् 1950), **आँटे** (सन् 1951) आदि कविता - कृति प्रकाशित छन्। कवि सापकोटा पछि भारतेली नेपाली माध्यमिक कालीन कवितामा कवि पारसमणि प्रधानको उदय भएको देखिन्छ। उनको **कवि र कविता, जपमाला, बटुलबाटुल** (सन् 1957) आदि कविता सङ्ग्रह प्रकाशित छन्। यस अतिरिक्त पूर्वाञ्चलबाट गोपालसिंह नेपाली, पध्मप्रसाद ढुङ्गाना, हरिप्रसाद शर्मा बास्तोला, पश्चिमाञ्चलबाट मित्रसेन थापा, दुर्गा मल्ल, बहादुरसिंह बराल, सिक्किमबाट सन्तबीर लिम्बु, डुवर्सबाट गङ्गाप्रसाद वैदार, दिलबहादुर नेवार आदि कविहरूका प्रदापर्ण भएका पाउँछौ। भारतको रामनगरमा सन् 1911 मा जन्मिएका कवि गोपालसिंह नेपालीको **पुतली** (सन् 1924), **कल्पना** (सन् 1930), **रानी** (सन्1931) आदि कविता-कृति प्रकाशित छन्।

भारतमा सन् 1914 देखि विभिन्न पत्र - पत्रिकाहरूका प्रकाशन र सङ्ग-संस्थाहरूको स्थापना भएको पाइन्छ। ती हुन् – **गोर्खा संसार** (सन् 1928), **उदय** (सन् 1936), **गोर्खा** (सन् 1945), **गोर्खाली** (सन्

1945), **खोजी** (सन् 1946), **चन्द्रिका**, **भारती** (सन् 1946), **दियालो** आदि। सङ्ग-संस्थाहरूमा खरसाङको **गोर्खा दु:ख निवारक सम्मेलन** (सन् 1923), **गोर्खा लाइबेरी** (सन् 1938), दार्जिलिङको **नेपाली साहित्य सम्मेलन** (सन् 1924), कोहिमाको **पशुपति सङ्ग** (सन् 1929), डिब्रुगडको **लरूण सङ्ग** ( सन् 1930), तेजपुरको **नेपाली भाषा समिता** (सन् 1935) आदि। यी पत्र - पत्रिका र सङ्ग - संस्थाहरूमा तत्कालीन भारतेली नेपाली कविहरूका विभिन्न कविताहरू प्रकाशित भएका पाउँछौ, जसले गर्दा भारतेली नेपाली कविताको विकासक्रममा महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्।

## आधुनिक चरण ( सन् 1747 देखि सन् 1999 सम्म )

सन् 1947 सालमा देश स्वतन्त्रता भएपछि भारतेली नेपाली कविता लेखनमा नयाँ प्रवृत्ति र लेखन प्रारम्भ भएर गयो। माध्यमिक कालीन भारतेली नेपाली कवितामा भाषा, शैली र संरचनाका कमजोरीहरू हटाई त्यसको परिष्कार, भावको परिष्कार, मानवीय मनका चारित्रिक, नैतिक एवं जातीय चेतनाको कुराहरू यस चरणका भारतेली नेपाली कविताका मूख्य विषय बन्नपुगेका छन्।

भारतेली नेपाली कविताको आधुनिक चरणमा स्वच्छन्दतावादी लेखन सर्वप्रथम भित्रिएको देखिन्छ। वैयक्तिकता, स्वच्छन्द अभिव्यक्ति, बौद्धिकताको घेराबाट मुक्ति, काल्पनिकता, भावुकता, प्रकृतिप्रेम, सौन्दर्यप्रति विशेष आकर्षण, कृत्रिमताबाट मुक्ति भएर यस चरणमा भारतेली नेपाली कविहरूले आफ्नो कविताको धडेरी निर्माण गरेका छन्। नेपाली कवितामा यसलाई परिष्कारूको विरुद्धमा आएको आन्दोलन मानिन्छ। आधुनिक कवितामा स्वच्छन्दतावादी धाराको अगमसिंह गिरी, रामकृष्ण शर्मा,

ओकिउयामा ग्वाइन, सानुमति राई, लक्खीदेवी सुन्दास, नरेन्द्रप्रसाद कुमाई, पुष्पलाल उपाध्याय, गोविन्द शर्मा गोतम, विधापति दाहाल, तुलसीबहादुर छेत्री, पदमसिंह सुब्बा, तुलसीराम शर्मा "कश्यप', चक्रपाणि भट्टराई, भवानी घिमिरे, के.एन. शर्मा, स्वामी स्वदेशानन्दज आदि हुन्। कवि अगमसिंह गिरीको सन् 1959 मा **आत्मव्यथा**, सन् 1966 मा **जीवन - गीत**, सन् 1978 मा **जलेको प्रतिबिम्ब : रोएको प्रतिध्वनि** आदि कविता सङ्ग्रह ; सन् 1955 मा **याद**, सन् 1966 मा **आँसु**, सन् 1971 मा **युद्ध र योद्धा** आदि खण्डकाव्य प्रकाशित छन्। सन् 1940 को दशकदेखि आफ्नो साहित्यिक जीवन सुरू गरेका कवि तुलसीबहादुर छेत्रीलाई नेपाली साहित्यमा तुलसी 'अपतन' भनी चिनिन्छ। उनको पहिलो कविता सन् 1942 मा **उदय** पत्रिकामा प्रकाशित भएको थियो। उनको हालसम्म चारवटा कविता सङ्ग्रह **बापु – बन्दना** ( सन् 1943 ), **सङ्कल्प** ( सन् 1954 ), **के होला ?** ( सन् 1959 ) र **नहेर आज मलाई** ( सन् 1976 ) ; दुईवटा खण्डकाव्य **कर्ण - कुन्ती** ( सन् 1988 ), **बुद्धि – बङ्गारो** ( सन् 1993 ); तीनवटा एकाङ्की नाटक **कमल** ( सन् 1953 ), **जमाना बदलियो** (सन् 1954), **विजय** ( सन् 1955 ) आदि कृतिहरू प्रकाशित छन्।

भारतेली नेपाली कविताको आधुनिक चरणमा स्वच्छन्दताकादी प्रवृत्तिलाई अस्वीकार गरी नयाँ प्रयोगमूलक लेखनी प्रारम्भ भएका पाउँछौं। यो वस्तुपरक ढङ्गले अघि सारिएको साहित्यिक प्रयोगको नयाँ प्रयोगवादी अवधारणा हो। भारतेली नेपाली कवितामा **प्रयोगवादी धारा**का नामले परिचित दार्जिलिङबाट थालिएको तेस्रो आयाम वा आयामेली आन्दोलन हो।नेपाली साहित्यका आयमेली त्रीमुर्ति बैरागी काइँला, ईश्वर बल्लभ र इन्द्रबहादुर राई यस अआन्दोलनका हस्ती हुन्। यिनमध्ये बैरागी काइँला

र ईश्वरवल्लभ मात्र भारतेली नेपाली कविताको प्रयोगवादी धारासँग सम्बन्धित छन्। यस धाराका अन्य प्रमुख कविहरूमा पारिजात , गुमानसिंह चामसिङ, खडगसिंह राई काँडा, नरेशचन्द्र खाती, श्याम लिवाङ आदि पर्दछन्। कवि गुमानसिंह चामलिङको **अन्तद्वन्द्व** (सन् 1964), **सुर्य उदाउनुभन्दा पहिल्यै** (सन् 1968) र **कारागरभित्र प्रतीक्षा र अन्य कविता** (सन् 1978) आदि कविता सङ्ग्रह आयामेली लेखन प्रवृत्तिका छन्। कवि नरेशचन्द्र खातीको **हस्ताक्षर** (सन् 1984) र **परेली परेलीमा भिजेर** (सन् 1984) आदि कविता सङ्ग्रह पनि आयामेली प्रवृत्तिमै लेखिएका छन्।

भारतेली नेपाली कविता साहित्यमा तीन - तीनवटा महाकाव्य दिने कवि तुलसीराम शर्मा "कश्यप' (जन्म 11 फरवरी 1939, मृत्यु 8 फरवरी 1998) - का **मन्थन** (सन् 1993) महाकाव्य, **अनुराग** (सन् 1990) खण्डकाव्य र **इन्द्रकील** (सन् 1992) हिन्दी खण्डकाव्यका साथै केही फूटकर कविता प्रकाशित भएका छन्। उनले **आमा** (सन् 1988) महाकाव्यका लागि 1990 मा साहित्य अकादमी पुरस्कार प्राप्त गरे। मूलतः शास्त्रीय छन्दमा रस, अलङ्कारका साथै पूर्वीय काव्यिक परम्परालाई अनुसरण गर्दै मानवतावादी दृष्टिकोण राखेर कविता सिर्जना गर्ने कवि कश्यप एक प्रतिभाशाली कवि थिए। महाकाव्य लेखनको देवकोटाली प्रयासलाई कवि कश्यपले भारतीय नेपाली साहित्यमा इमान्दारिताका साथ बचाएका छन्। यिनको मन्थन महाकाव्यमा पौराणिक विषय-वस्तुमा आजको सामाजिक परिवेशमा देखा परेको विकृति र विसङ्गतिलाई उदाङ्गो पार्ने काम गरेका छन्। यिनको अनुराग खण्डकाव्यमा प्रेम, प्रकृति प्रेम, सौन्दर्यको पूजा, राष्ट्रिय प्रेम आदिको प्रवृत्ति प्रस्तुत गरिएको छ। कवि पवन चामलिङ 'किरण' (जन्म 22 सितम्बर 1950) - का **म को हूँ ?** ( सन् 1993) र **क्रान्तिको प्रवेश** (सन् 1994)

आदि कविता सङ्ग्रह प्रकाशित छन्। सरल भाषा शैलीमा प्रगतिवादी विचारधारालाई लिएर क्रान्तिको विगुल फुक्ने कवि हुन् पवन चामलिङ "किरण'। आफ्ना कविताहरूमा अन्याय र अत्याचारको विरोध गर्दै मानवतावादी दृष्टिकोण राख्ने र सधैं समानताको पक्षमा बोल्ने र क्रान्तिका निम्ति आह्वान गर्ने कविका रूपमा परिचित छन् उनी। व्यस्त राजनीतिमा रहेर पनि उनको साहित्यप्रतिको झुकाउ अत्यन्त रहेको छ। मुख्यमन्त्रीका रूपमा रहेर पनि सधैं साहित्य कर्मी र कलाकारहरूको सम्मानमा अघि बढ्ने कवि चामलिङ नेपाली साहित्यका भारतीय प्रगतिवादी कविहरूको हुद्दामा सबैभन्दा माथि पर्दछन्। कवि केदार गुरूङ (जन्म 9 जुलाई, 1948) समकालीन कालखण्डमा पनि त्यतिकै सक्रिय र प्रतिबद्ध देखिन्छन्। प्रतीक र विम्बहरूको प्रयोगद्वारा गुम्फित भाषा शैलीको प्रयोग गर्दै केही दुर्बोध्य कविता सिर्जना गर्ने कवि गुरूङ समकालीन अवस्थामा आइपुग्दा केही सरल बन्नपुगेका छन्। अघिल्ला कालखण्डका उनका कविताहरूको तुलनामा यस अवधिका कविताहरूमा विषय वस्तुगत विविधताका साथै केही सरलतातर्फ उन्मुख देखिन्छ। यस अवधिमा उनका तीनवटा कविता सङ्ग्रह **उर्लन्छन् छालहरू, समय र ज्वारभाटाहरू जस्तै** (सन् 1995), **म आफ्नै कविताहरू भारी घिसाएर हिँड़िरहेछु** (सन् 2000) र **खरीको बोट र सुनाखरीहरू** (सन् 2005) प्रकाशित छन्। यसका साथै यिनका अनेकौं कविताहरू विभिन्न पत्र - पत्रिकाहरूमा निरन्तर प्रकाशित भइरहेका छन्।

कवि राजेन्द्र भण्डारी मूलतः विम्बात्मक कविता सिर्जना गर्ने कवि हुन्। उनका कवितामा वर्तमान विश्वको छाप स्पष्टसँग देखा पर्दछ भने उत्तराधुनिक कविता लेखनका उनी एक सशक्त प्रतिभा हुन्। यिनका यस अवधिका कविताहरूमा विश्वको बद्लँदो परिवेशबाट सिर्जना भएका

समस्याहरू, व्यङ्ग्यात्मक चेतनाको प्रचुरता तथा प्रतीक र विम्बको समन्वयता पाइन्छ। पश्चिम बङ्गालको कालेबुङमा जन्मिएर सिक्किमलाई कर्मभूमि स्वीकार गरेका कवि भण्डारीको यस अवधिमा **क्षर/अक्षर** (सन् 1998) कविता सङ्ग्रह प्रकाशित छ। मूलतः प्रयोगवादी क्लिष्टताका कारण कविता र पाठकका बीचको सम्बन्ध प्रायः विच्छेद भएका अवस्थामा भारतेली नेपाली कविहरूले आफ्ना विभिन्न सरल र सुबोध कविता सिर्जना गर्न थाल्छन्। देश स्वाधिन भएपछि भारतेली नेपालीहरू जातीय स्तरदेखि नै चेतनशिल भएर सडकमा ओर्लिन थाले। भारत देशबाट ब्रिटिशहरू भए पनि शोषण र अत्यतार हटेको थिएन। यसर्थ भारतीयहरूमा विसङ्गति उत्पन्न भएर गयो। यही विसङ्गतिको परिणामस्वरूप कवितामा देश व्यवस्थाभित्रका अव्यवस्था विकृति - विसङ्गति, नेताहरूका दुष्वृतिको चित्रण, सशस्त्र सङ्घर्षको समर्थन–विरोध एवं शान्तिको कामना, गणतन्त्र प्रतिको आस्था, विश्वास–अविश्वास, खबरदारी, वर्तमान युगीन विविध क्षेत्रका यथार्थको प्रकटीकरण आदिको अभिव्यक्ति पाइन्छ। यस अतिरिक्त सामाजिक मूल्य र मान्यताको यथावत् चित्रण, समाजमा रहेका कुप्रथा, सङ्कीर्ण रुढि तथा अन्धविश्वासको विरोघ आधुनिक भारेतेली नेपाली कविताको चरणमा कविहरूले गरेका छन्। यसलाई भारतेली नेपाली कवितामा प्रगतिवादी धाराको नामले पनि चिनिन्छ।

समाजमा व्याप्त विकृतिबाट समाजलाई मुक्त पार्ने अपेक्षा राख्नु, विसङ्गति, कुरीति, अन्धविश्वासप्रति तिखो व्यङ्ग्य गर्नु, शोषणरहित समाजको चाहना राख्नु, सामन्ती मनोवृत्तिको भन्डाफोर गर्नु, धनी वर्गको दुष्प्रवृतिप्रति घृणा व्यक्त गर्नु, अन्याय, अत्याचार आदिको यथार्थ चित्रण पनि आधुनिक भारेतेली नेपाली कवितामा भएका पाउँछौं।

## समसामयिक चरण ( सन् 2001 देखि आजसम्म )

भारतेली नेपाली कविताको समसामयिक चरण सन् 2001 देखि प्रारम्भ भएको मानिन्छ। आधुनिककालीन भारतेली कविहरू अगमसिंह गिरी, नरेन्द्रप्रसाद कुमाई, ओकिउयामा ग्वाइन, तुलसीबहादुर छेत्री आदिले कवितामा भाव, विषय, छन्द आदिमा पुरानो परम्परा भत्काएर नवीनताको बीजारोपण गरे पने खासै नवीनता नेपाली कवितामा भित्रयाउनु सकेको थिएन। शास्त्रीयतावाद वा परिष्कारवाद, स्वच्छन्दतावाद आदिमै आधुनिक कालीन भारतेली नेपाली कविता रमिएका छन्। यसर्थ समसायिक कालीन भारतेली नेपाली कविहरूले लेखकीय आत्मचेतना, शैलीशिल्पगत परिवर्तन, नवीन मूल्यमान्यताको वरण, विद्रोही - क्रान्तिकारी स्वर, जातीय चेतनाका साथै युगीनता, नवीन सौन्दर्य चेतना, तार्किकता, वैज्ञानिक दृष्टिकोणको प्रस्तुति आदि प्रवृति अप्नाएर आफ्नो कविता लेखे।

भारतीय नेपाली कविताको समसामयिक चरणमा मनप्रसाद सुब्बा र उनको **त्रृतु क्यानभसका रेखाहरू** (सन् 2001), **अक्षर अर्केष्ट्रा** (सन् 2004), नोर्जाङ स्याङ्देन र उनको **राग रून्थरूमा** (सन् 2001), जीवन नामदुङ्ग र उनको **समारोहमा/समारोहहरूमा** (सन् 2008 ), नरेशचचन्द्र खाती र उनको **लीली रेखाहरूका** (सन् 2001), असीत राई र उनको **शताब्दी सम्बोधन** (सन् 2004), जस योञ्जन प्यासी र उनको **शान्ति सन्देह** (सन् 2002), राजेन्द्र भण्डारी र उनको **शब्दहरूको पुनर्वास** (सन् 2010), नव सापकोटा र उनको **मदिरा होइन मेरो पसिना** (सन् 2008), भविलाल लामिछाने र उनको **असमाप्त पाइलाहरू** (सन् 2001), **शीर्षक हीन** (सन् 2003), मोहन ठकुरी र उनको **अभिन्न अक्षर** (सन् 2007), विधापति दाहाल र उनको **काम्य** (सन् 2001), **उषाहरण** (सन् 2004), रामलाल अधिकारी र उनको **लिलाममा छन् मेरा कविता** (सन् 2001),

**मा निषाद्** (सन् 2003), उदय ठाकुर र उनको **भीरमा गुराँस** (सन् 2001), पाल्देन तितुङ र उनको **आवाजहरू** (सन् 2002), अबीर खालिङ र उनको **अबीरानुभूति** (सन् 2002), प्रवीण राई जुमेली र उनको **इम्पास्टो अक्षर** (सन् 2006) आदि कवि र कविता सङ्ग्रहहरू प्रकाशित छन्।

कालूसिंह रणपहेंलीको युग्मक (दुइ हरफे कविता) अनि अमर बानियाँ लोहोरोको काव्याणु (एक हरफे कविता) लेखनले भारतेली नेपाली कविताको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ। रणपहेंली र लोहोरोजस्ता कवि कविताको छोटो रूप पस्कनले कविहरूका कविताले अवश्य नै भारतीय नेपाली कवितालाई धनी तुल्याएको मान्न सकिन्छ।

सन् 1980 को दशकको उत्तरार्द्धदेखि कविता लेखनमा प्रवेश गरेका अनि समकालीन कविहरूमा सबैभन्दा सशक्त र उर्वर बनेर उदाएका कवि हुन् प्रवीण राई जुमेली। सन् 1967 मा जन्मिएका कवि जुमेली सन् 1990 यता नै एक प्रतिष्ठित कविता रूपमा स्थापित बन्न पुगेका थिए। यस अवधिमा उनका तीनवटा कविता सङ्ग्रह प्रकाशित भए। उनका शुरुका कविताहरू केही क्लिष्ट र दूर्बोध्य भए पनि नयाँ शताब्दीको थालनीसितै यिनले सरलतालाई स्वीकार गरेको भान हुन्छ। आफ्ना कविताहरूमा विम्ब र प्रतीकलाई सरलताका साथ खेलाउने तथा शहरी र ग्रामीण जनजीवनको मिश्रण गरी पाश्चात्य चिन्तनलाई पस्कने कविका रूपमा परिचित जुमेलीका कवितामा चित्रात्मक अभिव्यक्ति र चित्रकलाको भाषाको समेत प्रयोग भएको पाइन्छ। यिनका कविता सङ्ग्रहहरू हुन् - **घाउका आर्वतहरू** (सन् 1995), **शब्दातीत** (सन् 2000) अनि **इम्पास्टो अक्षर** (सन् 2006)। सन् 1980 कै दशकदेखि कविता लेखनमा लागिपरेका अनि सरल कविताहरूको रचना गर्नमा सिद्धहस्त प्राप्त गरिसकेका कविका रूपमा परिचित छन् उपमान बस्नेत। 3 मार्च सन् 1953 मा जन्मिएका कवि बस्नेत

समकालीन कविता लेखनमा आफूलाई सक्रियताका साथ अघि सार्दै आफ्ना कविताहरूमा सरल अभिव्यक्तिद्वारा सामाजिक परिवर्तन, राष्ट्रियता, जातिप्रेम, भाषा प्रेम, प्रकृतिप्रेम आदि विषय वस्तु समेट्दै कविता सिर्जना गर्दछन्। यस अवधिमा उनका प्रकाशित कविता कृतिहरू हुन् - **तुषारोले कठ्याङ्ग्रिएका रूग्ण, चिसा पलहरू** (सन् 1995) र **घुम्टोभित्रको घुमैलो आकाश** (सन् 2004)।

सन् 1980 को दशकको उत्तरार्द्धदेखि कविता लेखनमा प्रवेश गरेका वीरु बाङ्देलको जन्मथलो दार्जीलिङको लाटपञ्चर भए पनि कर्मथलो सिक्किम रहेको छ। आफ्ना कविताहरूमा व्यङ्ग्यात्मक अभिव्यक्ति पस्कने अनि समाजमा रहेका विसङ्गति र विकृतिलाई खुलेर चित्रण गर्ने कविका रूपमा परिचित छन् बाङ्देल। सन् 1990 को दशकको शुरुआत सँगसँगै यिनी कविता लेखनमा अझ बढी सक्रियताका साथ लागिपर्दछन्। वर्तमान वैश्विक परिवेशका अनुभूतिहरूसमेत समेटेर कविता सिर्जना गर्ने बाङ्देलका हालसम्म दुइवटा कविता सङ्ग्रह प्रकाशित छन् - **आहट मानेभञ्ज्याङको** (सन् 1995) र **कसाईको बस्तीमा** (सन् 2005)।

वर्तमान भारतेली नेपाली कवितामा निरन्तर कलम चलाईरहने कविहरूमा उदय थुलुङ, जय क्याकटस, रेमिका थापा, उज्ज्वल बम्जन, कमल रेग्मी , सुधिर छेत्री, राधिका शर्मा, भीमा राई तोलाछा, भीम दाहाल, मनोज बोगटी, बासुदेव पुलामी, योगेश पन्थ, सोमान चुक्छे, राजीव विश्वकर्म आदि हुन्।

## 2.3 भारतेली नेपाली कविताका चरणगत प्रवृत्तिहरू

भारतेली नेपाली कविताको चरणगत प्रवृतिहरूलाई अध्ययन गर्दा यसलाई चार चरणमा विभक्त गरेर अध्ययन गर्न सकिन्छ। ती चार

चरणमा देखिएका विभिद प्रवृत्तिहरूलाई यहाँ निम्नरूपमा यसरी अध्ययन गरिएको छ।

१. प्रथामिक चरण ( सन् 1744 देखि सन् 1913 सम्म )
२. माध्यमिक चरण ( सन् 1714 देखि सन् 1946 सम्म )
३. आधुनिक चरण ( सन् 1747 देखि सन् 1999 सम्म )
४. समसामयिक चरण ( सन् 2001 देखि आजसम्म )

## प्रथामिक चरण ( सन् 1744 देखि सन् 1913 सम्म )

भारतेली नेपाली कविताको प्राथमिक चरण कविताको प्रारम्भिक प्रयास मानिन्छ। यस चरणमा वीर र भक्ति रसका कविताहरुको धेरै मात्रमा रचिएका छन्। प्राथमिक कालीन भारतीय नेपाली कवितामा तत्कालीन शासकका वीरताको स्तुति, पुराण, उपनिषद् आदि धर्मशास्त्रलाई आधार बनाई कविता रच्नु नै मुख्य ध्येय रहेको देखिन्छ। संस्कृत साहित्यलाई मूल आधार मानेर नेपालीमा कविता सिर्जनामा अनुवाद र रुपान्तरण पनि भएका पाउँछौ। यसले गर्दा भारतेली नेपाली कविता मौलिकतातिर उन्मुख छन्।

वीरता र भक्तिका गाथा गाउँदै विशिष्ट काव्य शैलीको निर्माण मात्र नगरेर प्राथमिक चरणका कविहरूले आ-आफ्ना कवितामा ईश्वरका साकार र निराकार रुपको कवितात्मक वर्णन पनि गरेका छन्। लोकलय र शास्त्रीय छन्दको प्रयोग सँगसँगै हिन्दी, ब्रज, मैथिली मिश्रित टुटेफुटेको नेपाली भाषाको प्रयोग यस चरणका नेपाली कवितामा भएको देखिन्छ। संस्कृतका शास्त्रीय र अन्य भाषाका लोकप्रिय आख्यानलाई नेपालीमा अनुवाद गरी कवितात्मक रचना गरिएकाले मौलिकताको कवि प्राथमिक

कालीन भारतेली नेपाली कवितामा छ। वीरत्व, घर्म, आध्यत्म, दर्शन, आदर्श, उपदेश, भर्म र नीतिशास्त्रका साथै मनाेरञ्जन दिने नै यस चरणका कविताहरूको मुख्य उद्देश्य देखिन्छ।

## माध्यमिक चरण ( सन् 1714 देखि सन् 1946 सम्म )

भारतेली नेपालि कविताको माध्यमिक काल प्राथमिक चरणको तुलनामा निकै उर्वर देखिन्छ। यस कालका कविताको मुख्य प्रवृति श्रृंगारिक रहेको छ। प्रेमको आर्कषणलाई रति पनि भव्दछ वा रतिमा आधारित जुन भाव हुन्छ त्यसलाई श्रृंगार भविन्छ। यसरी नौ प्रकारको मलाई आनन्द दिने तत्वलाई नवरस भन्दछ ! यी नौवटा रस मध्ये एउटा रस हो श्रृंगार। यस चरणका भारतेली नेपाली कविता एक तर्फ संस्कृतको श्रृंगार रसको काव्यपरम्परावाट र अर्कातर्फ हिन्दी कविताको श्रृंगारिक परम्पराबाट पनि प्रभावित छ ! माध्यमिक कालमा समस्यापूर्तिको उल्लेखनीय परम्परा विकसित भएको देखिन्छ। यस चरणका कविताहरूमा सामाजिक-सांस्कृतिक उद्बोधनका सथै समाजसुधार र नीति - चेतनाका सशक्त आवाजहरु पनि पाइन्छ। दार्जिलिङबाट धरणीधर शर्मा कोइरालाले यही स्वरलाइ नवीनता प्रदान गरे। उनले **उद्बोधन**, **जाग जाग**, **नत्र बर्बाद भयो** आदि कविताका माध्यम निरीश्वर भौतिकवादी तथा आध्यात्मवादी चिन्तनलाई नेपाली कवितामा प्रस्तुत गरे।

भारतेली नेपाली कविताको माध्यमिक चरणमा सामूहिक रुपमा कविता लेख्ने कार्यको थालनी र संस्कृतबाट अनुवाद गर्ने कार्यको निरन्तरता आएको देखिन्छ। मुख्य रुपमा श्रृङ्गारिक भाव र गौण रुपमा नैतिक, औपदेशिक तथा भक्तिभाव रहेको यस चरणका कविताहरू प्राथमिक

चरणका भन्दा भिन्दै कित्ताका छन्। यस अतिरिक्त वर्णनात्मकताको आधिक्य, तुकबन्दी, शाब्दिक आवृति तथा अन्त्यानुप्रासमा बढी जोड, परिष्कारतर्फ सामान्य चेष्टा पनि माध्यमिक चरणका कविताहरूमा पाउँछौं। संस्कृत, हिन्दी, उर्दू , फारसी आदि मिश्रित भाषाको प्रयोग भए तापनि आंशिक रुपमा देशप्रेम र जातीय गौरव गान पनि माध्यमिक चरणका भारतेली नेपाली कवितामा पाइन्छ। मूलरूपमा कवितात्मक अभिव्यक्तिमा सामूहिक सहभागिता र युगीन परिवेशको व्यङ्ग्यात्मक प्रस्तुतिमा रुचिले गर्दा यस चरणका कविताहरू सौष्ठवमयी बनेका छन्।

## आधुनिक चरण ( सन् 1747 देखि सन् 1999 सम्म )

आधुनिक नेपाली भारतेली कविताको प्रवर्तन शास्त्रीयतावादी धारावाट भएको पाइन्छ। नेपाली कविताको आधुनिक कालमा कविताको गुणस्तरप्रतिको सचेतता पूर्वीय तथा पाच्यात्य कविता विभिन्न धारा तथा प्रवृतिवाट प्रभाव र प्रेरणा ग्रहण गरी संस्कृतिक पुनर्जागरणतर्फको यात्राको प्राम्भ भएको पाइन्छ। भारतेली नेपाली कवितामा भाव, विषय, छन्द आदिमा पुरानो परम्परा भत्काएर नवीनताको बीजारोपण गरेपछि आधुनिकता चरण प्रारम्भ भएको हो। देश, काल र परिवेशको सापेक्षतामा पश्चिमीजगतको मध्यकालीन प्रवृत्ति स्वच्छन्दतावाद भारतेली नेपाली कवितामा आधुनिक प्रवृति भएर देखापरेको पाइन्छ। यसलाई पूर्ववर्ती शास्त्रीयतावाद वा परिष्कारवादको कठोर बन्धनका विरुद्धमा आएको विद्रोहात्मक काव्य प्रवृति हो।

आधुनिक चरणमा लेखकीय आत्मचेत र नवीनतम शैलीको प्रयोग आधुनिकताको खास अभिलक्षण भएर देखापरेको छ। नेपाली कवितामा परम्परित शास्त्रीयताको विरोध गर्दै थालिएको आधुनिकतामा लेखकीय

Notes

आत्मचेतना, शैलीशिल्पगत परिवर्तन, नवीन मूल्यमान्यताको वरण, विद्रोही - क्रान्तिकारी स्वरका साथै युगीनता, नवीन सौन्दर्य चेतना, तार्किकता, वैज्ञानिक दृष्टिकोणको प्रस्तुति आदि आधुनिक चरणका भारतेली नेपाली कविताका प्रवृत्तिहरू हुन्। भारतेली नेपाली कविताको आधुनिक चरणमा विभिद प्रवृत्तिहरू भित्रिएका पाउँछौ। ती प्रवृत्तिहरूलाई मध्ये परि परिष्कारवादी वा शास्त्रीयतावादी प्रवृत्ति , स्वच्छन्दतावादी प्रवृत्ति, प्रयोगवादी लेखन मुख्य हुन्। कवितामा भाषा, शैली र संरचनाका कमजोरीहरू हटाई त्यसको परिष्कार, भावको परिष्कार, मानवीय मनका चारित्रिक, नैतिक एवं आध्यात्मिक चेतनाको परिष्कार **परिष्कारवादी धारा**का मूल प्रवृत्ति हुन्। आधुनिक नेपाली कविताले परम्परागत शास्त्रीय छन्दहरूलाई समातेर त्यसमा थप परिष्कार र निर्माणसमेत गर्दै अघि बढेका छ।

भारतेली नेपाली कविहरूले आफ्ना कवितामा स्वच्छन्द अभिव्यक्ति, बौद्धिकता, काल्पना, भावुकता, प्रकृतिप्रेम, सौन्दर्यप्रति विशेष आकर्षण हुँदै स्वच्छन्दतावादी प्रवृत्तिका कविताहरू लेखेका छन्। आधुनिक भारतेली नेपाली कविताको विकासमा यस स्वच्छन्दतावादी कविताको महत्त्वपूर्ण योगदान रहेको छ। आधुनिक नेपाली कवितामा स्वच्छन्दतावादी धाराको थालनी लक्ष्मी प्रसाद देवकोटाबाट भएको पाइए तापनि भारतेली नेपाली कवितामा कवि आगमसिंह गिरी, आकिउयामा ग्वाइन आदि प्रभृत्ति कविबाट भएको मानिन्छ। नेपाली स्वच्छन्दतावादी कवितामा प्रकृति प्रेम, मानवतावादी दृष्टिकोण, आध्यात्मिक चेतना, अतीतप्रतिको मोह, भविष्यप्रतिको आशावादी दृष्टि, वर्तमानप्रतिको बृतृष्णा र असन्तुष्टि, यान्त्रिकता र जडताका विरुद्ध स्वच्छन्दता र उन्मुक्तिको कामनाजस्ता प्रवृतिहरु पाइन्छ्। यसमा विश्वात्मबोधको भावनाका साथै समानता,

स्वतन्त्रता र भातृत्वको चर्को स्वर सुसेलिएको छ। स्वच्छन्दतावादी नेपाली कविताले सामाजिक, राजनीतिक तथा आर्थिक सन्दर्भलाई पनि समेटेको छ। यसमा राजनीनिक परिवर्तनको कामना साथै व्याङ्गय र विद्रोहको स्वरसमेत पाइन्छ। यथास्थितिवादी चिन्तनका विरुद्ध अग्रगतितर्फ उन्मुख कविहरुका काव्यचेतलाई यस चरणको नेपाली कविताले आत्मसात गरेको छ। स्वच्छन्दतावादी कविताले वैयक्तिकता वा आत्मपरकतामा जोड दिएको हुन्छ। यस भावना र भावुकताको अत्यधिक उपयोग गरिएको हुन्छ।

अभिव्यक्तिमा सहजता स्वच्छन्दतावादको उल्लेखनीय प्राप्ति हो। नैपाली स्वच्छन्दतावादी कवितामा वर्णमात्रिक छन्द, लोकलय तथा गध्यात्मक लयको प्रयोग पाइन्छ। यसरी नै भरातेली नेपाली कवितामा स्वच्छन्दताकादी प्रवृत्तिलाई अस्वीकार गरी वस्तुपरक ढङ्गले कविताको सृजना कविहरूले गरेका पाउछौ , यसलाई भारतेली नेपाली कवितामा **प्रयोगवादी धारा** भनिन्छ। यसधाराका कविताशरुमा विसङ्गत जीवन, निस्सार एवं शून्य अभिव्यक्ति, परम्परागत भाषा-व्याकरणको बेवास्ता दुर्बोध्य एवं विशृङ्खलित भावसंयोजन विम्ब र प्रतीकको अधिक प्रयोग आदि प्रवृत्तिगत विशेषता भेटिन्छ यसलाई **अलोचनात्मक यथार्थवादी धारा** पनि भनिन्छ।

प्रयोगवाद परम्परा कविता- ढाँचा विरुद्ध नवीन भावधारा र नवीन शैलीशिल्प तथा संरचनालाई अङ्गीकार गरी प्रारम्भ भएको काव्यधारा हो। यसमा अतियथार्थवादी तथा विसंगतिवादी जीवनदृष्टि र बिम्ववादी तथा प्रतीकवादी शैलीशिल्पको प्रयोग पाइन्छ। प्रयोगवादीहरुमा ईश्वरप्रति अनास्था ,सामाजिक मान्यता प्रतिको विरोध र मानवलाई जीवशास्त्रीय आधारमा हेर्ने प्रवृति पाइन्छ। यसैले प्रयोगवादीहरु जीवनको नि:सारता

विद्रूपता शून्यता र बीभत्सताको चित्रण गर्दछन्। मानिसलाई यौनवासनाग्रस्त एक प्राणीको रुपमा चित्रण गर्ने प्रयोगवादीहरु जीवन जगतका विसंगति र शून्यताको वर्णनका साथै मानवीय अस्मिताको खोजीसमेत गर्दछन्। प्रयोगवादमा सहज - अनियन्त्रित अवचेतनको स्वस्फूर्त लेखनका ताथै अमूर्त कलाको पनि छाप परेको पाइन्छ।

समाजमा व्याप्त विकृतिबाट समाजलाई मुक्त पार्ने अपेक्षा राख्नु, विसङ्गति, कुरीति, अन्धविश्वासप्रति तिखो व्यङ्ग्य गर्नु, शोषणरहित समाजको चाहना राख्नु, सामन्ती मनोवृत्तिको भन्डाफोर गर्नु, धनी वर्गको दुष्प्रवृत्तिप्रति घृणा व्यक्त गर्नु, अन्याय, अत्याचार आदिको यथार्थ चित्रण गरेदै प्रगतिवादी विचार पनि भारतीय नेपाली आधुनिककालीन कवितामा पोखेको  पाइन्छन्। साहित्य रचनाको परम्परागत मूल्य र मान्यतालाई तोडेर नयाँ पद्धतिको अवलम्बन गर्नु प्रयोगवाद हो। यसले कथ्य र शिल्प दुबैमा नयाँ खोजी गर्छ। भारतेली नेपाली साहित्यमा प्रयोगवादी कविताको लेखनले परमपरागत संरचना र रूपविन्यासलाई अस्वीकार , विषयवस्तु र शिल्पप्रयोगप्रति बढी सचेतता , अस्तित्ववादी, विसङ्गतिवादी र शून्यवादी मूल्यबाट निर्देशित कविताहरूका रचना , जीवन निरर्थकताको चित्रण , नयाँ भाषिक योजना एवं प्रतीक र विम्बको अत्यधिक प्रयोग आदि भएको देखिन्छ।

भारतेली नेपाली कवितामा आदर्शोन्मुख भएर नेपाली समाजको चित्रणका साथै नैतिक मूल्य र मान्यताप्रतिको विरोधावास पनि पाइन्छ। सामाजिक विकृति र विसङ्गतिक अतिरिक्त नयाँ सोच र विचारलाई आत्मसाथ गरेर भारतेली नेपाली कविहरूले कविताको धडेरी निर्माण गरेको हुनाले यस चरणका कविताहरू मूल्यवान र महत्वपूर्ण बन्न पुगेका छन्।

## समसामयिक चरण ( सन् 2001 देखि आजसम्म )

भारतेली नेपाली कवितामा सन् 2001 देखि आजपर्यन्तको समयावधिलाई **समसामयिक चरण** भनिन्छ। यस चरणका कविहरूले नेपाली कवितालाई वैश्विक सन्दर्भसँग जोड्ने कार्य गरेका छन्। समाजिक जीवनमूल्यको स्थापना, जीवनको यथार्थ र सत्यको प्रस्तुति, समाजिक विकृति र विसङ्गतिप्रति व्यङ्ग्य जस्ता कुराहरू यस धाराका कवितात्मक प्रवृत्ति हुन्।

समसामयिक चरणका कवितात्मक प्रवृत्तिहरू कष्टपूर्ण जीवाको चित्रण, सामाजिक, साँस्कृतिक, नैतिक मूल्यको खोजी, सामाजिम - प्रशासनिक व्यवस्थाप्रति तीव्र व्यङ्ग्य , तिक्ततापूर्ण वर्तमान जीवनको अभिव्यक्ति, अन्तर्राष्ट्रिय सन्दर्भहरूप्रति सचेतता, सरल र जटिल दुबै भाषाको प्रयोग, बक्रोत्तिपूर्ण शैलीको बाहुल्य, प्रतीक – बिम्बको भरमार प्रयोगको पाइन्छ। शैलीशिल्पमा क्लिष्टता दुरुहता तथा परम्परागत भाषिक योजना पदसंगति र भावसाहचर्यको क्रमभङ्ग भएको स्थितिमा समसामयिक कविता देखापरेको छ। यस चरणका कविहरूले "पंक्तिपंक्तिगत अर्थमा कविताको आश्य र भाव व्यक्त हुँदैन। बिम्बबिधान र प्रतीकयोजना सहाराले समष्टि प्रभावका रुपमा कविताको भावविधान रहेको हुन्छ।" भन्ने विचार राखेको पाइन्छ। समसामयिक चरणका कतिपय भारतेली नेपाली कविहरूले आफ्ना कवितामा अन्तर्राष्ट्रिय परिवेशका रुपमा विग्यान र प्रविधिको द्रुततर विकासका कारणवाट मानवीय मूल्य र मान्यतामा आएको परिवर्तनलाई विष्यवस्तु बनाएका छन्। आजको बहुमुखी र अस्तव्यस्त जीवनका जटिलतम संवेदनाहरु आजका कविहरुका अनुभूतिका

विषय बनेका छन् भन्न सकिन्छ। बिम्ब र प्रतीकहरुको सुन्दर प्रयोगले कवितालाई सम्प्रेषणीय बनाउने चेष्टा पाइन्छ।

भारतेली नेपाली कविताको समसामयिक चरम प्रयोगवादी लेखनको क्लिष्टता, दुर्बोध्यता, अंसप्रेषणीयता भन्दा भिन्न रुपमा देखापरेको काव्यधारा मानिन सकिन्छ। समसामयिक चरणमा सङ्क्रमण लेखन, विचलन, चिया कविता, कफी कविता, चियाबारी साहित्य लेखन, समावेशी आदि काव्यिक लेखन र आन्दोलन भएको पाइन्छ। यस चरणको कविता कुनै एक वाद, सिद्धान्त, प्रवृति वा जीवनदृष्टि सम्बन्धि अभिव्यक्ति नभई विविध वाद, सिद्धान्त, प्रणाली, प्रवृति तथा जीवनदृष्टिसम्बन्ध अभिव्यक्त छन्। समसमायिक कविहरुले सामाजिक, सांस्कृतिक ,राजनीति, प्रशासनिक तथा अन्य राष्ट्रिय तथा अन्तर्राष्टिय क्षेत्रमा देखापरेका विकृति र विसङ्गतिहरुलाई बिष्यबस्तु वनाई तिनको कवितात्मक अभिव्यक्ति दिएका छन् भन्नमा कुनै अतियुक्ति नहोला।

## 2.4 उपसंहार

समाज र साहित्यको सबैभन्दा धनी र उर्वर विधा कवितालाई नै मानिन्छ। मानव सभ्यताको आरम्भसँगै कविता विधाको जन्म र विकास हुदै आएको हो। आजको समयमा कविता विधालाई हेर्ने दृष्ट्रिकोणमा धेरै विकास भइसकेको पाइन्छ। पूर्वमा आचार्य भामहदेखि जगन्नाथ र पश्चिममा अरिस्टोटलदेखि आइ.ए. रिचर्डससम्मका विद्धानहरुले विभिन्न तरिकाले कवितालाई परिभाषित गर्ने जमर्को गरेका छन्। परिभाषाहरुमा अनेक मत भएपनि कवितामा कला र भाव मुख्य दुई पक्ष रहने कुरालाई सबैले स्वीकारेका छन्। कला कविताको बाह्य

संरचनासँग सम्बन्धित छ भने भाव आन्तरिक पक्षसँग। यी दुई पक्षको संयोजनबाट नै एउटा कविता तयार हुन्छ।

प्राथमिक कालीन भारतीय नेपाली कवितामा शासकका वीरताको स्तुति, -पुराण, धर्मशास्त्र आदिलाई आधार बनाई कविता रच्नु नै मुख्य ध्येय पाइन्छ भने संस्कृत साहित्यलाई मूल आधार मानेर नेपालीमा कविता सिर्जनामा अनुवाद र रुपान्तरण पनि भएका पाउँछौं। यसले गर्दा भारतेली नेपाली कविता मौलिकता कम रहेको देखिन्छ। वीरता र भक्तिका गाथा गाउँदै विशिष्ट काव्य शैलीको निर्माण मात्र नगरेर प्राथमिक चरणका कविहरूले आ-आफ्ना कवितामा ईश्वरका साकार र निराकार रुपको कवितात्मक वर्णन पनि गरेका छन्। लोकलय र शास्त्रीय छन्दलाई प्रयोग गर्दै भारतेली नेपाली कविताको माध्यमिक चरणमा सामूहिक रुपमा कविता लेख्ने कार्यको थालनी र संस्कृतबाट अनुवाद गर्ने कार्यको निरन्तरता आएको देखिन्छ।

मुख्य रुपमा श्रृङ्गारिक भाव र गौण रुपमा नैतिक, औपदेशिक तथा भक्तिभाव रहेको यस चरणका कविताहरू प्राथमिक चरणका भन्दा भिन्दै किताका छन्। यस अतिरिक्त वर्णनात्मकताको आधिक्य, तुकबन्दी, शाब्दिक आवृति तथा अन्त्यानुप्रासमा बढी जोड, परिष्कारतर्फ सामान्य चेष्टा पनि माध्यमिक चरणका कविताहरूमा पाउँछौं। आधुनिक चरणमा लेखकीय आत्मचेत र नवीनतम शैलीको प्रयोग आधुनिकताको खास अभिलक्षण भएर देखापरेको छ। नेपाली कवितामा परम्परित शास्त्रीयताको विरोध गर्दै थालिएको आधुनिकतामा लेखकीय आत्मचेतना, शैलीशिल्पगत परिवर्तन, नवीन मूल्यमान्यताको वरण, विद्रोही – क्रान्तिकारी स्वरका साथै युगीनता, नवीन सौन्दर्य चेतना, तार्किकता, वैज्ञानिक दृष्टिकोणको प्रस्तुति आदि आधुनिक चरणका

भारतेली नेपाली कविताका प्रवृत्तिहरू हुन्। भारतेली नेपाली कविताको आधुनिक चरणमा विभिद प्रवृत्तिहरू भित्रिएका पाउँछौ। ती प्रवृत्तिहरूलाई मध्ये परि परिष्कारवादी वा शास्त्रीयतावादी प्रवृत्ति , स्वच्छन्दतावादी प्रवृत्ति, प्रयोगवादी लेखन मुख्य हुन्। कवितामा भाषा, शैली र संरचनाका कमजोरीहरू हटाई त्यसको परिष्कार, भावको परिष्कार, मानवीय मनका चारित्रिक, नैतिक एवं आध्यात्मिक चेतनाको मूल प्रवृत्ति बनेका छन्।

समसामयिक चरणका कवितात्मक प्रवृत्तिहरू कष्टपूर्ण जीवाको चित्रण, सामाजिक, साँस्कृतिक, नैतिक मूल्यको खोजी, सामाजिम-प्रशासनिक व्यवस्थाप्रति तीव्र व्यङ्ग्य , तिक्ततापूर्ण वर्तमान जीवनको अभिव्यक्ति, अन्तर्राष्ट्रिय सन्दर्भहरूप्रति सचेतता, सरल र जटिल दुबै भाषाको प्रयोग, बक्रोत्तिपूर्ण शैलीको बाहुल्य, प्रतीक – बिम्बको भरमार प्रयोगको पाइन्छ। शैलीशिल्पमा क्लिष्टता दुरुहता तथा परम्परागत भाषिक योजना पदसंगति र भावसाहचर्यको क्रमभङ्ग भएको स्थितिमा समसामयिक कविता देखापरेको छ। शैली र प्रस्तुतिकरणका दृष्टिकोणमा पनि यो समय धनी छ। कवितामा स्थानीयताको छाप दिँदै काव्यिक प्रस्तुति गर्ने, पूर्वीय र पाश्चात्य जगतको चिन्तन, विचारको समनवय गर्ने, ग्रामीण र शहरी जीवनको फियुजनीकरण गर्ने, विश्व परिवेशका आधारमा प्रस्तुति गर्ने, स्थानीय विम्ब र प्रतीकको प्रयोग गर्ने अनि सरल र स्पष्ट गद्य भाषाको प्रतुति गर्ने कविहरू समसामयिक चरणका भारतेली नेपाली कवितामा उदाएका छन्।

## 2.5 सार

यस प्रखण्डमा भारतेली नेपाली कविताको चतणगत प्रवृत्तिबारे सामान्य जानकारी प्राप्त भयो। उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ।

- समाज र साहित्यको सबैभन्दा धनी र उर्वर विधा कवितालाई नै मानिन्छ। मानव समाज र सभ्यताको आरम्भसँगै कविता विधाको जन्म र विकास हुदै आएको हो। आजको समयमा कविता विधालाई हेर्ने दृष्ट्रिकोणमा धेरै विकास भइसकेको पाइन्छ।
- भारतेली नेपाली कविता वीर र भक्ति रसबाट थालनी भएको देखिन्छ। तत्कालीन शासकका वीरताको र युद्धमा जाने गोर्खाली सैनिकहरूका स्तुति गाउनु प्राथमिक कालीन भारतेली नेपाली कविताको मूल लक्ष्य रहेको छ।
- संस्कृत साहित्यलाई मूल आधार मानेर भारतेली नेपाली कविता सिर्जनामा पुराण, धर्मशास्त्र, पूर्वीय दर्शनका साथै अनुवाद र रुपान्तरण पनि भएको देखिन्छ।
- भारतेली नेपाली कवितामा प्राथमिक चरण ईश्वरका साकार र निराकार रुपको कवितात्मक वर्णन आधिक्य रूपमा भएको छ।
- वीरता र भक्तिका गाथा गाउँदै विशिष्ट काव्य शैलीको निर्माण गर्नेतिर प्रवृत भएको भारतेली नेपाली कवितामा लोकलय र शास्त्रीय छन्दको प्रयोग, हिन्दी, ब्रज, मैथिली मिश्रित टुटेफुटेको नेपाली भाषाको प्रयोग पनि पाइन्छ।
- पध्य शैली लेखनबाट प्रारम्भ भएको भारतेली नेपाली कवितामा गद्यमय शैलीको आधिक्य प्रयोग पनि वर्तमानमा देखिन्छ।
- प्रेमको र रतिको आर्कषणमा आबद्ध भएर भारतेली नेपाली कविहरूले श्रृंगारिक भावमूलक कविताहरू पनि लेखेका छन्।

श्रृङ्गारिक भावका अतिरिक्त नैतिक, औपदेशिक तथा सुधारवादी प्रवृत्तिका कविताहरू पनि भारतेली नेपाली कविहरूले रचेका छन्।

- ❖ भारतेली नेपाली कवितामा सामूहिक रुपमा कविता लेख्ने कार्यको थालनीका साथै देशप्रेम र जातीय गौरव गान पनि धन्किएको सुनिन्छ।
- ❖ युगीन परिवेशको व्यङ्ग्यात्मक प्रस्तुति, विषयवस्तु र शिल्पप्रयोगप्रति बढी सचेतता भारतेली नेपाली कविताको मुख्य प्रवृत्ति मान्न सकिन्छ।
- ❖ भारतेली नेपाली कविहरूले आफ्ना कविताहरूमा "पंक्तिपंक्तिगत अर्थमा कविताको आश्य र भाव व्यक्त हुँदैन। बिम्बबिधान र प्रतीकयोजना सहाराले समष्टि प्रभावका रुपमा कविताको भावविधान रहेको हुन्छ " भन्ने विचार राखेको पाइन्छ।
- ❖ समसामयिक चरणका कतिपय भारतेली नेपाली कविहरूले आफ्ना कवितामा अन्तर्राष्ट्रिय परिवेशका रुपमा विग्यान र प्रविधिको द्रुततर विकासका कारणवाट मानवीय मूल्य र मान्यतामा आएको परिवर्तनलाई विष्यवस्तु बनाएका छन्।
- ❖ आजको बहुमुखी र अस्तव्यस्त जीवनका जटिलतम संवेदनाहरु आजका कविहरुका अनुभूतिका विषय बनेका छन् भन्न सकिन्छ। बिम्ब र प्रतीकहरुको सुन्दर प्रयोगले कवितालाई सम्प्रेषणीय बनाउने चेष्टा पाइन्छ
- ❖ नयाँ भाषिक योजना एवम् प्रतीक र बिम्बको अत्यधिक प्रयोग गर्नु, पूर्व प्रसङ्ग र चेतना प्रवाह शैलीको प्रयोग वर्तमान भारतेली नेपाली कवितामा भइरहेका छन्।

- ❖ जीवनको सम्पूर्णताको खोजी र वस्तुतातर्फ विशेष जोड आजका भारतेली नेपाली कवितामा विषय बनेका छन्।
- ❖ भारतेली नेपाली कविताको समसामयिक चरम प्रयोगवादी लेखनको क्लिष्टता, दुर्बोध्यता, अंसप्रेषणीयता भन्दा भिन्न रुपमा देखापरेको काव्यधारा मानिन सकिन्छ। समसामयिक चरणमा सङ्क्रमण लेखन, विचलन, चिया कविता, कफी कविता, चियाबारी साहित्य लेखन, समावेशी आदि काव्यिक लेखन र आन्दोलन भएको पाइन्छ।
- ❖ समसामयिक चरणको भारतेली नेपाली कविता कुनै एक वाद, सिद्धान्त, प्रवृति वा जीवनदृष्टि सम्बन्धि अभिव्यक्ति नभई विविध वाद, सिद्धान्त, प्रणाली, प्रवृति तथा जीवन दृष्टिसम्बन्ध अभिव्यक्त छन्।

यस प्रखण्डको अध्ययनले भारतेली नेपाली कविता सम्यक विकासक्रम र ती विकासक्रमका विभिन्न चरणहरूबारे बुनियाँदी जानकारी प्राप्त भयो। मूलरूपमा भारतेली नेपाली कविताको विभिद चरण र ती चरणमा देखा परेका विभिन्न प्रवृत्ति सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो।

## 2.6 अनुशीलनी

1. कविताको उतत्त्ति केलाउँदै यसका संरचनाहरूलाई चिनाउनुहोस्।

2 . भारतेली नेपाली कविताको महत्त्व र मूल्य के कस्तो छ ? बताउनुहोस्।

3 .भारतेली नेपाली कविताको मुख्य – मुख्य मोडहरूबारे विश्लेषण गर्नुहोस्।

4. भारतेली नेपाली कविताका प्रमुख प्रवृत्तिबारे विवेचना गर्नुहोस्।

5. भारतेली नेपाली कविताको पध्य र गध्य शाली सम्बन्धि चर्चा गर्नुहोस्।

6. भारतेली नेपाली कविताका मुख्य कविहरूका जीवनी लेख्नुहोस्।

7. भारतीय नेपाली कवितामा देखापरेको स्वच्छन्दताबाद र प्रयोगबादबारे टिप्पणी लेखेनुहोस्।

8 .भारतेली नेपाली कविताको विकासमा सङ्ग-संस्थाहरूको के कस्तो भूमिका छ ?

विविचना गर्नुहोस्।

9 .भारतेली नेपाली कवितामा प्रयुक्त अन्य साहित्यका कविताको व्याख्या गर्नुहोस्।

10 .भारतेली नेपाली कविताको वैशिष्ठबारे लेख लेख्नुहोस्।

## 2.7 अतिरिक्त अध्ययन


१. श्रेष्ठ, दयाराम - **साहित्यको इतिहास : सिद्धान्त र सन्दर्भ** ।

२. योगी, नरहरिनाथ – **इतिहास प्रकाश**।

३. नेपाल, धनश्याम – **नेपाली साहित्यको परिच्यात्मक इतिहास**।

४. श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज – **नेपाली साहित्यको संक्षिप्त इतिहास**।

५. लुइटेल, खगेन्द्रप्रसाद - **कविता सिद्धान्त र नेपाली कविताको इतिहास।**

६. आले, हरेन – **नव आधुनिक नेपाली कविता।**

७. त्रिपाठी, वासुदेव – **नेपाली कविता**, भाग – 1।

८. प्रधान, हृदयचन्द्रसिंह – **नेपाली काव्य र उसका प्रतिनिधि कवि।**

९. भण्डारी, गोपालप्रसाद – **प्रागभानुभक्तीय नेपाली काव्य।**

१०. पराजुली, ठाकुर – **नेपाली साहित्यको परिक्रमा।**

यस अतिरिक्त कविताबारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाहरूको पनि अध्ययन।

## 2.8 मूल्यबृद्धिको निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

६. कवि र काव्य।

.........................................................................................

.........................................................................................

.........................................................................................

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 2.2 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

७. परिष्कारबाद र शास्त्रियताबाद।

.........................................................................................

.........................................................................................

.........................................................................................

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 2.3 को भारतेली नेपाली कविताका चरणहरू अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

८. प्रयोगवाद र प्रगतिवाद।

..........................................................................

..........................................................................

..........................................................................

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 2.4 को भारतेली नेपाली कविताका चरणगत प्रवृत्तिहरू अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

९. आधुनिककालीन र समसामयिककालीन भारतेली नेपाली कवितामा पार्थक्य।

..........................................................................

..........................................................................

..........................................................................

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 2.4 को भारतेली नेपाली कविताका चरणगत प्रवृत्तिहरू अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

१०. भारतेली नेपाली कविताका निर्गुण भाक्तिधारा र यसका प्राप्ति।

..........................................................................

..........................................................................

..........................................................................

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 2.3 र 2.4 को भारतेली नेपाली कविताका चरण र यसका चरणगत प्रवृत्तिहरूमा उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 3, सवाई तथा लहरी काव्य - कृतिहरूको विशेष अध्ययनर मूल्याङ्कन

3.0 उद्देश्य

3.1 परिचय

3.2 सवाई तथा लहरी काव्य - कृतिहरूको अध्ययन

3.3 सवाई तथा लहरी काव्य - कृतिहरूको मूल्याङ्कन

3.4 उपसंहार

3.5 सार

3.6 अनुशीलनी

3.7 अतिरिक्त अध्ययन

3.8 मूल्यबृद्धिको निम्ति उत्तर

## 3.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- सवाईको परिचय
- लहरीको परिचय
- नेपाली सवाई काव्यको परिचय
- नेपाली लहरी काव्यको परिचय
- सवाई र लहरी काव्यमाझ भिन्नता

- भारतेली नेपाली सवाई र लहरी काव्य – कृतिको मूल्य

## 3.1 परिचय

**सवाई** झ्याउने लयमा गाइने गेयात्मक साहित्यिक रचना हो। कुनै स्मरणीय ऐतिहासिक धटना, समसामयिक सन्दर्भ, सामाजिक प्रसङ्ग आदि जस्ता कुरा सवाईका विषय हुन्। यी विषयहरूलाई वर्णनात्मक रूपले लयात्मक र गेयात्मकताको निर्वाह हुने गरी अभिव्यक्ति दिने लोकरचनालाई सवाई भनिन्छ। यो मूलरूपमा गाइनेद्वारा गाउँ – गाउँमा, शहर – बस्तीमा सारङ्गीको धुनमा लय मिलाएर गाइने लोकगीत जस्तै हो। यसमा सरल – सहज, जनरूची तथा जनजिब्राले बोल्ने शब्द र शैलीको प्रयोग भएको हुन्छ।

**लहरी** शब्द लहरबाट उत्पत्ति भएको मानिन्छ। यसलाई साधारण भाषामा छाल, उमङ्ग, तरङ्ग आदि भन्न सकिन्छ। अङ्ग्रेजीमा लहरीलाई फ्यानसियर, हुमोरिष्ट, ब्लीथी, फ्यानसिफूल, विमसिकल आदि भन्ने गरिन्छ। यसर्थ लहरी भन्नाले प्रसन्नचित, हास्यप्रद र ठठौलीयुक्त गयात्मक साहित्यलाई बुझिन्छ। लहरी साहित्य पनि **समुन्द्र लहरी**, **शीत लहरी**, **स्वर लहरी**, **प्रीति लहरी**, **माया लहरी** गरी विभिन्न भागमा विभक्त भएका पाउँछौ। तर उपर्युक्त विभागहरू मध्ये लहरी लोक साहित्यको एउटा महत्वपूर्ण विधा हो। लहरी मानवकाद्वारा गाइने गीति लयात्मक विधा भएकोले यसको उद्देश्य लोकलाई मनोरञ्जन प्रदान गर्नु मात्र नरहेर समाज, जाति र देशलाई समृद्ध र विकासील बनाउँनु पनि मान्न सकिन्छ।

सवाई एवम् लहरी दुवै नेपाली गाथा – गीतबाट प्रभावित-प्रेरित कविताका उपविधा हुन्। भारतेली नेपाली कविताको प्राथमिक कालमा यस्ता सवाई र लहरीहरू प्रशस्त लेखिएका पाइन्छन्। साहित्यले भाषाका माध्यम विभिन्न विधाका रूपमा प्रकाश पाउने गर्छ। भाषाको माध्यम पाएर कुनै पनि साहित्य उन्नत र विकसित बन्दै जान्छन्। यसरी विकसित हुनमा विभिन्न साहित्यिक विधाका भूमिका रहे झै सवाई र लहरी साहित्यको पनि विशेष भुमिका रहेका छन्। भारतेली नेपाली कविताको विकासमा यस्ता काव्य-कृतिको योगदान अमुल्य रहेको देखिन्छ।

## 3.2 सवाई तथा लहरी काव्य - कृतिहरूको अध्ययन

नेपाली साहित्यको पृष्ठभूमि कालमा सवाई रचनाहरू विशेषरूपमा रचिएका छन्। मौखिक रूपमा सदैव बाँचीरहने सवाईहरू जनजिब्रामा आज पनि अडिएका छन्। ‘सुन सुन पञ्च हो, म कोही भन्छु, चरीको बिबाहको सवाई कहन्छु’ भन्ने **चरीको सवाई** आज पनि हाम्रो हृदयमा भिजिरहेका छन्। नवलसिंह घर्तीको **जर्मन लडाइँको सवाई**, भवानीशङ्कर धिमिरेको **विष्णुको सवाई**, नरबहादुर रानाको **जङ्गबहादुरको सवाई** आदि रचनाहरू नेपाली सवाई काव्यका उदाहरणहरू हुन्।

नवलसिंह घर्तीले नेपाल देशको सट्टामा जर्मन, पेरिस जस्तो नामी शहर गरीव भएको वर्णन गर्दै **जर्मन लडाइँको सवाई** नामक कृतिमा यसरी लेखेका छन् –

***एकै दिनमा बजारको दर भयो दोबर्***

*नाचरङ्ग तमाशाको काम भयो गोबर।*

*पेरिस् जस्तो दिव्य शहर् हुँदो भयो दीन*

*राम्रो राम्रो काम – काज सब भयो लीन।।*

भारतेली नेपाली कविताको प्राशमिक र माध्यमिक कालमा सवाई र लहरी काव्य लेखिएका छन्। गाउँ – घरमा रहनेहरूले रच्ने गरेको सवाई काव्य र सैनिक पेशामा भएकाहरूले रच्ने गरेको लहरी काव्य नेपाल भन्दा पनि भारतबाट विशेषरूपमा प्रकाशित भएका पाउँछौ। भारतेली नेपाली कवितामा सन् 1977 देखि सन् 1980 सम्मको समयगवधिलाई सवाई र लहरी काव्य-कृतिहरूको अवधि मानिन्छ। यस तीन बर्षको छोटो अवधिमा पनि भारतको विभिन्न ठाउँहरूबाट सवाई र लहरी काव्य लेखन भारतेली कविहरूबाट भएका पाउँछौ।

भारतीय नेपाली कवितामा सवाईको घर्म पालन गर्दै आफ्नो कृति सृजना गर्ने कविहरूमा आसमको तुल्चन आलेको नाउँ पहिलो पङ्क्तिमा आउँछ। उनी 43 - 44 गोर्खा पल्टनमा लेन्स नायक पदमा कार्यरत् थिए। आफिनो कार्यअवधिमा सैनिक जीवनमा भोगेका, देखेका पीडा, युद्धको सन्त्रास, उन्मादहरूलाई कवि आलेले आफ्नो सवाईमा चित्रण गरेका छन्। उनले सन् 1891 – सन् 1893 तिर **मणिपुरको लडाइँको सवाई** लेखेका छन्। यो कृति जम्मा 28 श्लोकमा आबद्ध छ। कवि आले पछि पूर्वाञ्चलबाट धेरै मात्रमा सवाई काव्यका रचना भएको पाइन्छ। यस्ता सवाईहरूमा कवि धनवीर भण्डारीको सन् 1814 मा **भैचालाको सवाई** प्रकाशित भएका पाउँछौ। यो उनको पहिलो भागको रूपमा प्रकाशित सवाई कृति हो। कवि धनवीरको सन् 1817 मा **अब्बर पहाडको सवाई** नामक सवाई कृति पनि प्रकाशित छन्।

सन् 1816 मा नेपाल सरकार र भारतको इष्ट इण्डिया कम्पनीबीट सुगौली-सन्धि भएपछि भारतमा सवाई काव्य – कृतिको लेखनमा द्रुतगति आएको देखिन्छ। यससमय पश्चात भारतको पूर्वाञ्चलबाट आत्माराम मगरको सन् 1905 मा **भैँचालाको सवाई** दोस्रो भागको नाममा प्रकाशित भएका छन्। उनी पछि सन् 1908 मा कृष्णप्रसाद उदासको **आछामको सवाई**, सन् 1913 मा गजवीर राणाको **नागाहिल्सको सवाई** आदि सवाई कृति भटाभट रचिएका पाउँछौं। कवि आत्माराम मगरको **भैँचालाको सवाई**मा भारतको पुर्वाञ्चल क्षेत्रमा सन् 1900 को दशकमा आएको प्रलयकारी र विनासकारी प्राकृतिक प्रकोपको वर्णन पाइन्छ। प्रकृतिको अधि मानिसले केही पनि गर्न सक्दैन, यसको चपेटबाट मुक्ति हुन सक्दैन भन्ने यथार्थको वर्णन गर्दै त्यससमय भैचालोमा परेर ज्यान गुमाउने नेपालीहरूका व्यथा प्रस्तुत सवाई कृतिमा उल्लेख कवि आत्मरामले गरेका छन्। यसरी नै कवि कृष्णप्रसाद उदासको **आछामको सवाई**मा पनि तत्कालिन आसामको कुना - कुनामा खेतीपाती र पशुपालन गरेर जीवन बिताउने नेपालीहरूको जीवन व्यथा र प्रकृतिको मारमा परेर आकाल मै मृत्यु हुने तथ्यको समुद्घाटन भएको छ। पूर्वाञ्चलमा नागाहिल्स नामक पहाड छ। यस पहाडको परिपरि धेरै नेपालीहरू बस्ने गर्छन्। उनीहरूका जीवनको दु:ख, स्नतापलाई कवि गजवीर राणाको **नागाहिल्सको सवाई**मा राम्ररी वर्णन गरेका छन्।

भारतको दार्जिलिङबाट सवाई काव्य – कृतिहरूको लेखन धेरै रूपमा भएको पाइन्छ। यसको उत्स वा प्रारम्भ बिन्दु पूर्वाञ्चल भए तापनि मौलाएको ठाउँ भने दार्जिलिङ नै मानिन्छ। दार्जिलिङबाट डाकमान राईको सन् 1899 मा **दार्जिलिङका पैरोको सवाई**, पण्डित दिलुसिंह राईको सन् 1869 मा **56 सालको पैराको सवाई**, सुरवीर गुरूङको सन् 1901 मा

**भक्तिको सवाई**, प्रतिमान सिंह लामाको सन् 1903 मा **राजा भरथरीको सवाई**, लालबहादुर आउँसामीको सन् 1905 मा **भोटको लडाईको सवाई**, सुरवीर राईको सन् 1908 मा **उपदेशहरूको सवाई**, हाजिरमान राईको सन् 1908 मा **नारी उपदेशार सवाई** आदि सवाई कृतिहरू प्रकाशित भएका छन्। दार्जिलिङ निवासी कवि डाकमान राईले रचेको **दार्जिलिङका पैरोको सवाई** मा सन् 1860 तीर आएको बिकराल पैरोको वर्णन पाइन्छ। यस प्राकृतिक प्रकोपमा परेर ज्यान गुमाउने नेपालीहरूका जीवनगाथा प्रस्तुत सवाई कृतिमा पोखिएको छ। विशेषगरेर सन् 1860 र 1899 मा ठूलो पैह्रो आएको थियो। किरात किपट इलाकाको विदिसा गाउँ निवासी हर्कवीर राईका छोरा जङ्गवीरका कान्छा भाई थिए – डाकमान राई। उनले तत्कालीन दार्जिलिङमा गएको पैह्रोमा आफै सिपाहीका रूपमा सेवारत भइ विभिन्न क्षतिग्रस्त स्थानहरूमा गएर मानिसहरूलाई उद्धार कार्मा संलग्न भएका थिए। परिणामस्वरूप डाकमान राई यस पैह्रोको वर्णन गर्दै सन् 1899 मा **दार्जलीङ्गका पैराको सवाई** (दार्जिलिङका पैरोको सवाई) सवाई कृति लेखेका छन्। उनले त्यससमय दार्जिलिङमा गएको वर्णन यसरी सुन्दर रूपमा गरेका छन् –

*वगर का ढुंगासरी देखनै नसक्ने।*

*अनगन्ती मुर्दा देख्दा कुट्टा ता नलाग्ने।।*

*हांरो पनी जीउने आसा ता थियेन।*

*बीचरा दुनीञाले तीन्दिन अन्न खायन।। 29।।*

अर्को उदाहरण –

*भन्नलागे दुनीञा मनै बुझाऊंछन्।*

*कँहाँ मेरा छोराछोरी भनि सुध्याऊँछन्।।*

*राजबाडी डालिहट्टा सिरीङ पारी चङ्थुङ्।*

*वारीपारी काक्रा चिराइ भत्की गए भाङभूङ।।41।।*

दार्जिलिङ शहरको तल्तिर राजबाडीको ढाडागाउँमा जन्मिएका पण्डित दिलुसिंह राई वि. सं. 1956 तथा सन् 1899 मा आएको बिध्वशकारी पैरोको वर्णन गर्दै सवाई लेखेका छन्। उनी जोसमनी मतका अनुयायी रत्नमान राईका छोरा थिए। यस सवाई कृतिलाई नेपाली साहित्यमा **56 सालको पैराको सवाई** भनी चिनिन्छ। यस सवाई रचनामा तत्कालीन समयमा दार्जिलिङमा पैरो गएको वर्णन प्रत्यक्ष आँखाले देखे जस्तो लाग्छ। तथापि यस कृतिमा सवाई एकाएक सुरू गरिएको पाइन्न। प्रारम्भदेखि 40 औं श्लोकसम्म दार्जिलिङको विवरण दिइने काम गरिएको छ भने 41 औं श्लोकदेखि मात्र पैह्रो विषयक वर्णन गर्दै श्लोक प्रारम्भ भएको पाइन्छ। प्रस्तित कृतिको लेखन भारतेली समालोचक डा. मोहन पी. दाहालले सन् 1899 - 1901 मा भएको र प्रकाशन भने सन् 1969 मा भएको मानेका छन्। मूलत: तत्कालीन दार्जिलिङमा त्यससमय पैह्रो जानअधिको पूर्व लक्षण तथा उल्कालाई अनौठो दृश्यको रूपमा दिलुसिंह राईले प्रस्तुत **56 सालको पैराको सवाई**मा खुवै कलात्मक ढङ्गले गरेका छन्। उदाहरण –

*देखिन्थ्यो ज्वाला प्रचण्ड अग्निको जुन जुन ठावं हेर्यो उतै।*

*गावं गावं झिलिमिल दिपक सरि थिएन खालि कतै।।162।।*

*कोई कावंमा एवटा कोई ठावंमा दुइवटा तिन चाछ कंहि कंहि।*

*दश पाँच पन्द्रवटा एसै रीत गरि देखिन्थ्यो जांहि तांहि।।163।।*

जोसमनी मतका अनुयायी तथा जोसमनी साधु रहेको कवि दिलुसिंह राईले **शुद्धार्थ** (सन् 1937), **बालशिक्षा** (सन् 1969), **किरातहरूको उत्पत्ति** (सन् 1968), **आत्मजीवनी** (सन् 1932) आदि कृति पनि लेखेका छन्।

दार्जिलिङ निवासी सुरवीर गुरूङले ईश्वरप्रतिको भक्तिभावलाई लिएर **भक्तिको सवाई** लेखेका छन्। यस कृतिमा जम्मा 61 श्लोक छन्। उनी दार्जिलिङको न्याहुर कमान निवासी थिए। कवि गुरूङले यस सवाई कृतिमा उनले तत्कालीन दार्जिलिङ्गे नेपालीहरूलाई वेद, पुराण, उपनिषद् आदि धार्मिक ग्रन्थको पाठ गराउदै उनीहरूमा अध्यात्मको ज्ञान भर्न चाहेका छन्। मूलत: तत्कालिन नेपाली समाज अशिक्षा, अज्ञान, छुवाछुत, अन्धविश्वास र कुरीतिहरूले भरिएको थियो। यस्तो समाजबाट मुक्ति दिलाउदै नेपालीहरूमा ईश्वर भक्ति छर्नहेतु प्रस्तुत सवाई कृतिको रचना गरेको मान्न सकिन्छ। उदाहरणको निम्ति निम्न श्लोकलाई लिन सकिन्छ –

*उधो जाने समुद्र उभो आउँथ्यो कैले।*

*तस्तै बुझ पापीलाई विद्या छैन अहिले।।*

*पापको चीन्ह कसो गरि जान्नु।*

*झुठो चोरी जारी गर्ने ईनैलाई मान्नु।।9।।*

अर्को उदाहरण –

*संसारको मोहमा भूलेर अहिले।*

*अर्ति बुद्धि उपदेश मीठो हुन्थ्यो कैले ?*

*जो जान्ने पुरूषले सिद्ध भक्ति गरनू।*

*न भूलनु एक दिन छ मरनु।।20।।*

अर्का दार्जिलिङ मिलिनगन्ज निवासी कवि प्रतिमान (प्रतिमान सिंह लामा ?) - ले सन् 1903 मा **राजा भरथरीको सवाई** नामक सवाई कृति रचेका छन्। यस कृतिमा तत्कालीन राजा भरथरीको क्रियाकलापबारे विस्तृतरूपमा चर्चा गर्दै उक्त सवाई कृति रचेका छन्। विशेषगरी राजा भरथरी आफ्नी रानीको दुश्चरित्रबाट विरक्त भई राजगद्दी त्यागेर वैरागी भएका थिए। यसपछि राजा योग साधना गरी परमपदको प्राप्तितर्फ उन्मुख भए। यसै तथ्यलाई प्रतिमानले आफ्नो सवाई **राजा भरथरीको सवाई**मा खुवै सुन्दररूपमा वर्णन गरेका पाउँछौं। उदाहरण –

*धिक्कार दिया आफलाई माया पनि तोडें।*

*गादी सिंहासन त्यसै दिन छोडे।।*

*यसै गरी भरथरी दिकदार् भयाछन्।*

*राज्य छाडी जोग गर्न बनमा गयाछन्।। 28।।*

यसरी नै कवि लालबहादुर आउँसामीले आफ्नो **भोटको लडाईको सवाई** नामक सवाई कृतिमा सन् 1855 मा नेपाल र भोट तथा तिब्बतबिच भएको लडाइको वर्णन गरेका छन्। यस सवाईमा जम्मा 69 श्लोकहरू छन्। यस कृतिमा आउँमासिले भोटमा गएर युद्धमा वीरत्व

कमाउने र जियान गुमाउने वीर नेपाली सैनिकहरूका दुखेसो, पीडा र राग अलापेका छन्। उदाहरण –

*भोटेको ता निहुँ मात्र जिऊ हयूँले लीने।*

*एकसरो वर्कोले कसोगरि ज्यूने।।*

*तिहुन खाने तापके छैन भात खाने ताउलो।*

*तिनमुठि चामलको के खानु जाउलो।।36।।*

तर कविद्वय सुरवीर राई र हाजिरमान राईले भने उपर्यक्त सवाई कविहरूका अतिरिक्त भिन्दै प्रवृत्तिका सवाई तत्कालीन समयमा रचेका पाउँछौ। उनीहरूले परम्परागत प्राकृतिक प्रकोप र युद्धका गाथाहरूलाई आफ्नो सवाई कृतिमा वर्णन गर्नुको सट्टा नेपाली समाज र त्यस समाजमा रहने नारी जातिलाई उपदेश, शिक्षा दिने ध्येय राखेर आफ्नो सवाई कृतिका रचना गरेका छन्। कवि सुरवीर राईले **उपदेशहरूको सवाई** र कवि हाजिरमान राईको **नारी उपदेशार सवाई**मा अन्धविश्वास, रूडी, बाल बिबाह र जातपातको संधारमा उभिएको नेपाली समाज साथै शिक्षा र पुरूष जातिको प्रताडनमा पेरका नेपाली नारीहरूलाई उचित मार्ग देखाउन चाहेका छन्। कवि वा गीतकार, गायक हाजिरमान राईको **नारी उपदेशार सवाई**मा तत्कालीन समाजका नारीहरूलाई ईश्वरको मूल्य र महत्वलाई बुझाउँदै यसरी लेखेका छन् –

*श्री श्रीगुरू गणेश बिद्धे को दाता।*

*बाणी जेदा मांगदु सरस्वती माता।।*

*दारजिलींगको मालिक महंकाल।*

*नारी उपदेसार सुन्नु सबै बसि।।*

विशेषगरेर दार्जिलिङका बाँसपानी निवासी लोककवि हाजिरमान राई कवि नभएर बढ्ता गीतकार र गायक थिए। उनले सन् 1900 मा लेखेको **मीठा – मीठा नेपाली गीत** यसका ज्वलन्त उदाहरण हुन्। यस कृतिमा कवि राईले नेपाली नरनारीको हृदयलाई छाम्दै प्रीतिका मधुर रस भरेका छन्। दाजु सर्दार, बैनी कुल्ली, टुप्पीसम्म रिन... भन्दै उनले प्रस्तुत कृतिमा हाम्रो सामाजिक र आर्थिक स्थितिलाई दर्साएका छन्। तत्कालीन समयमा विभिन्न अवस्थाका कारण नेपालीका मनमा भएको द्विविधा र अन्योलहरूलाई समेत उनले आपफ्ना गीतहरूमा अभिव्यक्त गरेका कारण राईका लयालु सवाई र गीतहरू तत्कालीन जनसाधारणका अति नजीक र प्रिय भएका छन्। त्यससमय यस किसिमका गीतलाई **हाजीरमाने गीत** भन्ने चलन थियो, जो आज पनि रहिरहेको छ।

उत्तर – पूर्वीय भारतबाट बिहाली निवासी कवि हरिनारायण उपाध्यायले नर - नारीको प्रेम, रति र भावहरूलाई उजागर गर्दै सन् 1957 मा **गीतमाला** लेखेका छन्। प्रस्तुत कृति नेपाली गीत लेखनको परम्परालाई अक्षुण्ण राख्दै साथै शृङ्गारिक भावलाई प्रधानता दिँदै लेखिएको भए तापनि यस कृतिमा सवाईका गुणहरू यथेष्ट पाइन्छन्। भारतेली नेपाली सवाई काव्य - कृतिहरूका लेखनमा डुवर्सबाट कवि दिलबहादुर सरदारको उदयले भिन्दै परिपाटी निर्माण गरेको आभास हुन्छ। उनको सन् 1937 मा **धामीको सवाई** नामक सवाई कृति प्रकाशित छ। विश्वयुद्ध कालमा देखापरेका कवि दिलबहादुरले भारतको डुवर्स क्षेत्रका लोक परम्परामा प्रचलित धामी, झाक्री, फेदाङ्वा, बुङ्थिङ आदिको जीवन र कार्यबारे उक्त सवाईमा वर्णन गरेका छन्। लोक रक्षाका निमित्व घर – घरमा गएर पुण्यको कर्म गर्नु नै धामीहरूका कार्य र कर्तव्य हो। यस

धामी प्रथाको नेपाली समाजमा आफ्नै छुट्टै चिन्हारी, अस्तित्व र महत्व रहेको छ। यो एउटा प्रथा वा चलन मात्र नभएर परम्परा र संस्कार पनि हो। नेपाली समाजमा धामीले चिन्ता बस्नु, जोकाना हेर्नु कुनै अन्धविश्वास र धार्मिक आस्था नभएर संस्कार र संस्कति साथै पुण्यको कार्य मानिन्छ। यही तथ्यलाई कवि  दिलबहादुर सरदारले आफ्नो **धामीको सवाई** नामक सवाई कृतिमा चित्रण गर्न चाहेका छन्।

भारतेली नेपाली काव्य जगतमा सवाईका अतिरिक्त लहरी काव्य – कृतिहरू पनि भरमार रूपमा रचिएका पाउँछौ। लहरी साहत्यको उत्पत्ति , इतिहास र विकासलाई अध्ययन – अवलोकन गर्दा यस बाल साहित्यको लेखन सर्वप्रथम पूर्वीय विद्वान् सूरदास, गोस्वामी तुलसीदाल आदिद्वारा भएको मानिन्छ। कवि सूरदासले आफ्नो कृति **साहित्य लहरी**मा भगवान् श्रीकृष्णको बाल सुलभ छवी र गोस्वामी तुलसीदालले **गीतावली**मा भगवान् रामको बाल चरित्र, झाँकी, बाल कीडा आदिको वर्णन गरेका छन्। श्रृङ्गार रसमा आधारित ई 1609 मा रचित **साहित्य लहरी** जम्मा 118 पदमा आवद्ध छन्। कृष्णभक्ति धाराका अग्रज कविका रूपमा परिचित कवि सूरदासले प्रस्तुत कृतिमा श्रीकृष्णको बाल लीलालाई गेयात्मक रूपमा प्रकाश पारेका छन्। भगवान् कृष्णको बाल्य रूपलाई सुन्दर, सजीव र मनोवैज्ञानिक रूपमा वर्णन गर्दै उनको चपलता, स्पर्धा, अभिलाषा, आकाङ्क्षाको चित्रण यसरी **साहित्य लहरी**मा गरेका छन् –

*मैया कवहिं बढैगी चौटी ?*
*किती बार मोहिं दूध पियत भई,*
*यह अजहूँ है छोटी।*

Notes

लहरीमा साहित्यको मूख्य विषय प्रेमलाई मानिन्छ। प्रेमपूर्ण भावसँगै हासखेल र ठटैली लहरी साहित्यको मूख्य विशेषता भएको हुनाले कवि सूरदासले **साहित्य लहरी**मा भगवान् श्रीकृष्णको प्रेमलाई स्वच्छ र सुन्दर रूपमा प्रस्तुत गरेका छन्। यस अतिरिक्त उक्त कृतिमा कृष्ण – गीपी सम्वादमा हास्य लहर पाइने हुनाले भारतीय साहित्यमा लहरी लेख्ने पहिलो विद्वान् कवि सूरदासलाई मान्न सकिन्छ। उनले **साहित्य लहरी**मा विनय र खुसीको पद रच्दै यसो भनेका छन् –

***हमारे प्रभु औगुन चित न धरौ।***

***समदरसी है मान तुम्हारौ, सोई पार करौ।***

भारतीय कवि गोस्वामी तुलसीदासले पनि आफ्नो कृति **गीतावली**मा लहरी काव्य लेखनलाई सुन्दररूपमा प्रस्तुत गरेका छन्। ब्रजभाषामा रचिएको प्रस्तुत कृतिमा भगवान् रामको बालसुलभ गुणहरूलाई गीतको रूपमा व्यक्त गरेका छन्। यस कृतिमा रामको बाल चरित्रका अपेक्षा , मार्मिक भावबिन्दु , ललित रस स्थल, करूणदशा आदिको पनि प्रकाश पाइन्छ। आचार्य रामचन्द्र शुक्लले कवि तुलसीदालले **गीतावली**को रचना कवि सुरदासकै अनुकरण गरेर लेखेको मानेका छन्। उनले प्रस्तुत कृतिमा केवल राम र श्याममा मात्र अन्तर छ भनेका छन्। तथापि **गीतावली**लाई लहरी साहित्यमा आधारित रामायण मान्न सकिन्छ। प्रस्तुत कृति रामरूपवर्णन, रामहिण्डोला, अयोध्या रमणीयता, दीपमालिका, बसन्तबिहार, अयोध्या आनन्द र रामराज्य गरी सातकाण्डमा विभाजित छन्।

भारतेली नेपाली साहित्यमा नेपाली भाषामा लहरी साहित्य लेख्ने स्रष्टाहरूमा बम्बबहादुर लिम्बुको नाम अग्र पङ्क्तिमा आउँदछ। आफ्नो

नाममा **आर्य्य** भनी लेख्न रूचाउने कवि आर्य समाजका अनुयायी र दार्जिलिङका सामाजिक, धार्मिक, शैक्षिक र समाजसुधारक थिए। उनी नेपालका पूर्व 5 नम्बर ताप्लेजुङमा जन्मिएका भए तापनि कर्मक्षेत्र दार्जिलिङ भएको हुनाले दार्जिलिङका पुरानो कवि मान्न सकिन्छ। कवि लिम्बुको सन् 1950 मा **ज्ञान – लहरी** नामक लहरी कृति प्रकाशित छ। हुन त कतिपय विद्वानहरूले प्रस्तुत कृतिलाई लहरी साहित्यको क्षेणीमा दरेका छैनन्। ज्ञान उपदेश र अनुनय – विनय भएका सातवटा कविताहरू प्रस्तुत **ज्ञान – लहरी**मा सङ्ग्रहित भएका कारण यसलाई कविता सङ्ग्रह मानेका हुन्। तर पुस्तकको **ख्यील गर्न पर्ने कुरा** (आफ्नो कुरा) -मा जनताका निम्ति अधोरै असल हितकार पुस्तिका यो, यसले जनतालाई सामाजितृक जीवन यात्रामा आनन्दीत गराउँछ भनी लेखिएको साथै सम्पूर्ण कविता गीतिलयमा लेखिएको लहरी कृति मान्न सकिन्छ। कवि लिम्बुले **ज्ञान – लहरी**मा तत्कालीन नेपाली समाजमा विशेष ज्ञान र शिक्षा छर्न चाहदै आलङ्करिक लहरी शैलीमा यसरी लेखेका  छन् –

***लुगार गहनो लाएर, ज्यादा शरीरै सिंगारी।***

***नगर ढाँचा हे दिदी बहिनी, हुइन्छ भिकारी।।***

***पहेंली पुर सुन र चाँदी, डाकुको सिकार।***

***मन भित्र, बाहिर मैलो  पहेंली बहुतै धिकार।।***

भारतेली नेपाली लहरी काव्य जगतमा बम्बबहादुर लिम्बु (आर्य्य) - को नाम पछि सन्तकवि **ज्ञानदिस दास**को नाम आउँदछ। उनी नेपाली कविताको प्राथमिक कालको उत्तराद्र्ध वा दोस्रो चरणतिर देखापरेका जोसमनी सम्प्रदायका सन्त कवि हुन्।  ज्ञानदिल दास जोसमनी धार्मिक– आध्यात्मिक जागरण र अभियानका एक सशक्त सन्तकवि थिए।  उनको जन्म

Notes

सन् 1821 मा नेपालको इलाम जिल्लाको आमचोक जोरधार (हाल फाक फोकथुम - 3) भन्ने ठाँउमा लामिछाने उपाध्याय ब्राह्मण परिवारमा भएको हो। उनको वाल्यकालको नाम श्रीकृष्ण लामिछाने हो। श्रीकृष्णको प्रारम्भिक शिक्षा दीक्षा घरमा नै गुरुकुलिन पद्धतीबाट भएको थियो। जव उनि पाँचथर नांगीनस्थित जरिङ्गे गाउँमा जोसमनी सन्त गुरु श्यामदिलदासको आश्राममा पुगेर गुरुबाट दिक्षित भए तब उनको नाम ज्ञानदिलदास भयो। उनलाइ यो नाम गुरु श्यामदिलदासले दिएका थिए। गुरु श्यामदिलदास जोसमनी सन्तसाहित्यका प्रकाण्ड विद्धान थिए।

कवि ज्ञानदिल दासको सन् 1877 मा लहरी साहित्य **उदय लहरी** प्रकाशित छन्। यस अतिरिक्त उनले **टुङ्ना भजन** र **झ्याउरे भजन** (सन् 1878 – 79) पनि रचेका छन्। जसमा 60 वटा भजन छन्। भजन सङ्ग्रहमा झ्याउरे लयमा र तामाङ सेलोको लयमा लेखिएका विशेष दुई किसिमका भजनहरू छन्। तथापि कवि दासको **उदयलहरी** लहरी काव्य लेखनलाई अनुसरण गरेर लेखिएको उत्कृष्ट कृति भएको हुनाले यस लहरी काव्यमा साहित्यिक व्यक्तित्वको प्रतिनिधित्व सफलरूपमा भएको छ। प्रस्तुत कृति जम्मा 109 श्लोकमा संरचित रहेको छ। कवि ज्ञानदिल दासले यो कृति नेपालमै लेख्न सुरु गरेको भएपनि दार्जिलिङको रङ्गबुलमा धामको स्थापना गरि बस्दा सन् 1877 सालतिर लोकछन्दमा रचना गरेको जानकारी पाइन्छ। यी जम्मै श्लोकहरू लोकलयमा संरचित रहेको पाइन्छ। उनले यस **उदयलहरी** काव्यमा भक्तिकाव्यलाई सगुण र निर्गुण दुई भागमा विभाजन गरी व्याख्या गरेका छन्। सगुण भक्ति काव्यअन्तर्गत रामभक्ति र कृष्णभक्ति अनि निर्गुण भक्ति काव्य अन्तर्गत जोसमनी सन्त परम्पराअन्तर्गतका सन्त साहित्यलाई राखिएको छ। **उदय लहरी**को मुख्य उद्देश्य ज्ञान, भक्ति र वैराग्यको प्रतिपादन गर्दै ब्रह्मानन्द प्राप्तिको उपाय बताउनु हो। यसमा कविले रजोगुण र तमोगुणमा

विजय गरी सतवगुणको उद्घाटन गर्नुपर्ने मत व्यक्त गरेका छन्। कवि दास यस **उदयलहरी** काव्यमा भन्छन् –

*सत रज तमको महाँ युद्ध भयो*

*सतको अर्जिली तम गुण गयो*

*निसाफी विचारी निसाफ हेरिदेउ*

*सत गुणी निर्धाको सरण अब लेऊ।*

ज्ञानदिलदासले **उदयलहरी**मा मुख्य गरेर कर्मकाण्ड, हिंसा, घुस, गरिबी र मानिसको पाखण्डीपनप्रति विद्रोह मचाएका छन्। उनले ब्रह्मज्ञानलाई नै ज्ञानहरूमा सर्वोत्कृष्ट मान्दथे। ज्योतिषीहरूलाई पनि उनी कर्मकाण्डी ब्राह्मण पुरोहित झैं रुढीवादी संस्कारको पृष्ठपोषक, आडम्बरी, धूर्त र फटाहा मान्दथे। पाखण्डी – फटाहाहरूमा धार्मिक – आध्यात्मिक चेतना वा साँचो ज्ञान हुँदैन भन्ने विश्वास उनको थियो। यी कविता पंक्तिहरूले प्रष्ट पार्दछ –

*ग्रह गोचरको जाप गर भन्छन्।*

*सुझ न बुझ अम्ला मात्रै गन्छन्।।*

*क्या गर्छौ ज्योतिष हो अभागो तालो।*

*देख्छौ त भन्छौ नजरमाथि जोलो।।*

ब्रामण भएर ब्रम्ह नचिन्नेहरुकालागि कविले **उदयलहरी** काव्यमा आलोचना गरेको पाइन्छ। उनका कविताले हत्या हिंसा गरेर भाकल पूरा हुन्छ भन्नेहरुलाई चोटिलो ब्याङ्ग प्रहार गरेको भेटिन्छ। धर्मका नाममा पशुवली चढाउनेप्रति उनले यसो भनेका छन् -

*धनजन भन्छन् देवीमाई भाक्छन्।*

*पशुधात भयो भन्या धर्म कहा राख्छन्।।*

*गरिवमारा पशुधात जो कोही गर्छन्।*

*नर्क तलाउ भासमा सहज गै पर्छन्।। 10।।*

कवि ज्ञानदिल दासका **उदयलहरी** भ्याउरे लयमा रमिएको पाइन्छ। उनको काव्यलेखनमा आलोचनात्मक दृष्टि र युग चेतनाका सन्दर्भमा भन्ने हो भने भानुभक्तका तुलनामा ज्ञानदिलदास निकै विद्रोही, प्रगतिशील , यथार्थवादी र आधुनिक चिन्तकका रूपमा देखा पर्छन्। भानुभक्त सनातन धर्मका अन्धानुयायी र कर्मकाण्डवादी थिए भने ज्ञानदिलदास सनातनधर्मका आलोचक, कर्मकाण्डवादका विरोधी र धर्मसुधारक थिए। ज्ञानदिलमा एउटा समाजसुधारकमा हुनुपर्ने सत्यनिष्ठा, धैर्य सङ्घर्षशीलता, लगन, उत्साह, बौद्धिकता र पाण्डित्य थियो भने कुशल कविमा हुनुपर्ने रसमयता, सरलता र ध्वन्यात्मकता पनि थियो। जोसमनी मत प्रचार – प्रसार गर्ने क्रममा यिनी दार्जिलिङ र सिक्किमका कुना – काप्चा, कमान – बस्ती, हाट – बजार क्षेत्रतिर घुम्दा – डुल्दा नेपाली समाजको विभिन्न अवस्थाबारे राम्रो अध्ययन गरेकाले आफ्ना अधिकांश काव्यरचनाहरूमा पनि त्यसै अनुरूप सामाजिक संङ्गति–विसङ्गति, ढोङ र सङ्कीर्ण मनोवृतिमाथि कोमल–कठोर शब्दहरूमा विरोधभाव जनाएइको भेटिन्छ। समाजमा धर्मका ठेकेदार र हिंसात्मक वृति अपनाएका विषयमा रातदिन डुबेका तथाकथित पाखण्डी पुरोहित बाहुन बाजेहरूलाई ढाड खुस्किन्जेल व्यङ्ग्य प्रहार गरेका छन्।

कवि ज्ञानदिल दासका **उदयलहरी**मा त्यस समयको सामाजिक – सांस्कृतिक, राजनीतिक –प्रशासनिक, आर्थिक – वैचारिक, धार्मिक – आध्यात्मिक जस्ता विविध पक्षहरूलाई अङ्कन गरिएको पाइन्छ। मूलत : कवि ज्ञानदिलदास तीक्ष्ण बुद्धि भएका हुनाले सानैदेखि वेद, पुराण तथा

रामायण – महाभारत आदि जस्ता धर्म – अध्यात्मचेतनामूलक शास्त्रहरूको गहन –अनुशिलनमा लागेका थिए। आफ्ना अग्रज तथा गुरु सन्त श्यामदिलदासबाट दीक्षित भएपछि यिनी जोसमनी बनेका हुन्। नेपालमा जन्मेर भारत आई आफ्नो इहलीला शेष गर्ने जोसमनी सन्त सम्प्रदायका सबैभन्दा प्रभावशाली र चर्चित सन्तको रूपमा हामी ज्ञानदिलदासलाई भेट्छौं। ज्ञानदिलदासका कृतिहरू सरल र ठेट नेपाली भाषामा सामाजिक – धार्मिक अन्धविश्वास, कुरिति र विसङ्गतिप्रति गम्भीर दार्शनिक एवम् आध्यात्मिक विचारहरूको अभिव्यक्ति व्यांग्यात्मक र आलोचनात्मक स्वर – शैलीमा रचिएका छन्। यिनका काव्य रचनाहरू नितान्त मौलिक, एवम् अभिव्यन्जनापूर्ण शैलीमा प्रभावकारी ढङ्गले लेखिएका छन्। यसैले उनलाई सन्त काव्यधाराको एकजना अत्यन्त प्रतिभाशाली र प्रभावशाली तथा चेतनाशील प्रतिनिधि कविको तथा प्रतिष्ठित ब्यात्तिको रुपमा चिनिन्छन्।

डा. स्वामी प्रपन्नाचार्यले चाहिँ दार्जीलिङबाट धर्म प्रचारकै उद्देश्यले भए पनि सिक्किम प्रवेश गरेका सन्त कवि ज्ञानदिलदासले गीत र भजनका अतिरिक्त **उदयलहरी**का केही अंशहरू पनि सिक्किममा रचना गरेका हुन्। कवि दास सिक्किमेली नेपाली साहित्यका पृष्ट पोषक थिए, मार्ग दर्शक थिए, प्रणेता थिए। यिनलाई सिक्किमेली नेपाली साहित्यका **आदिकवि** पनि मान्न सकिन्छ। विलक्षण प्रतिभाका धनी कवि ज्ञानदिलदास नेपाली साहित्यका अमूल्य निधिका रूपमा परिचित छन् भने उनले सिक्किमेली नेपाली कविता साहित्यको पृष्ठभूमिलाई बलियो आधार प्रदान गरेका छन्। डा. केशवप्रसाद उपाध्यायले ज्ञानदिल दासलाई **नेपाली कवीर** भनेका छन्। उनको कवित्व प्रतिभा प्रभावशाली र तेजस्वी छ। उनी जोसमनी सन्त परम्पराका महान धर्मगुरू मात्र नभएर नेपाली कविता साहित्यका अमूल्य रत्न तथा सिक्किमेली नेपाली कविता साहित्यका आदिकविका रूपमा स्थापित कवि भनेका

छन्। डा. पुष्प शर्मा लेख्छिन्– 'धर्म प्रचारको क्रममा उनले सन् 1878–79 तिर गेलिङ धाममा झ्याउरे भजन र टुङ्ना भजनको रचना गरेको मानिन्छ। झ्याउरे भजन र टुङ्ना भजन चाहिँ आजपर्यन्त पनि गेलिङधाम वरिपरिका वासिन्दा, नयाँ बजार, सोरेङ, च्याखुङतिरका मानिसहरू मुख–मुखै गाउने गर्छन्। उनले सिक्किममा रहँदा–बस्दा सामाजिक सुधार संस्कारको भावना र धर्म प्रचारकै उद्देश्यले भए पनि केही गीत भजनहरू रचना गरेका थिए भन्ने अनुमान गर्नसकिन्छ र यसबाट सिक्किमेली समाज केही मात्रामा प्रभावित प्रेरित भएको थियो भन्ने अनुमान गर्नसकिन्छ। यसैले ज्ञानदिलदासका रचना–कृतिहरूलाई पनि सिक्किमेली नेपाली कविताको बीज वा पृष्ठभूमिका रूपमा लिनुपर्ने स्थिति रहेको पाइन्छ। लोक छन्द झ्याउरेलाई कवित्व मर्यादा दिने प्रथम कविनै ज्ञानदिलदास हुन्। यी दुवैमा पद् लालित्य, भाव माधुर्य, रस घनत्व र कल्पनाको सुन्दर संयोजन हेर्न र अनुभव गर्न सकिन्छ। '

सन् 1914 मा विश्वमा प्रथम महासमर सुरु भयो। यो समय भारतमा राष्ट्रिय भावनाको आगोले जनआन्दोलनको रूप धारण गरिसकेको थियो। भारतमा नेपालीहरूले पनि अन्तर्राष्ट्रिय क्षेत्रमा प्रवेश गरेर नयाँ अनुभव - चेतना र धारणा ग्रहण गर्ने अवसर पाइसकेका थिए। आधुनिक शिक्षा पद्धति, औद्योगिक विस्तार, यान्त्रिक सभ्यताको विस्तार र राष्ट्रिय भाववोधले नेपाली कविहरूलाई लहरी साहित्य सृजना गर्ने क्रममा नयाँ प्रेरणा र दिशा प्रदान गऱ्यो। यसैले भारतीय नेपाली कविताको इतिहासमा यस काललाई महासमरकाल पनि भनिएको पाइन्छ। सन् 1816 को सुगौली - सन्धिपछि भारतीय नेपाली कविहरूका रचनामा स्वजाति, स्वभाषा र स्वअस्तित्वप्रति सोच्ने, मनन गर्ने विचार प्रतिपादन भएको पाइन्छ। वीरगाथा र भक्तिगाथा जस्ता पारम्परिक लेखनका सट्टा समाज सुधार र नैतिक मूल्यका स्वर टडकारो रूपमा अभिव्यक्त भएको

पाइन्छ। सिङ्गो नेपाली साहित्यको सन्दर्भमा भने सन् 1843 मा वसन्त शर्माले **समुद्र लहरी** लेखेपछि नेपाली लहरी साहित्य लेखनको प्रारम्भ भएको देखिन्छ।

मूलतः सवाई काव्यहरूले जस्तै नेपाली कविताको प्राथमिक कालको उत्तरार्द्धमा र माध्यमिक कालमा तथा आधुनिक कालको पहिलो चरणमा रचिएका लहरी काव्यहरूले नेपाली कविताको विकासमा थप सघाउ पुऱ्याएका छन्। भारतीय नेपाली लहरी कविहरूमध्ये रत्ननारायण प्रधानको **प्रेम लहरी** (सन् 1909), बलबहादुर मगरको **आनन्द लहरी** (सन् 1913 - 17), प्रसादसिंह राई नेचालीको **प्रीति लहरी** (सन् 1919), महानन्द सापकोटाको **मनलहरी** (सन् 1923), कृष्णप्रसाद रेग्मीको **विरह लहरी**, धर्मसिंह चामलिङ राईको **माया लहरी**, भक्तिकुमारी राणाको **भक्ति लहरी,** सुरवीर राईको **उपदेश लहरी** प्रमुख छन्। भारतीयन नेपाली सवाई - लहरीका कविहरूले आफ्ना अनुभव र आफ्ना जीवनमा घटेका घटनाहरू, परिवारजनका पीडा, विभिन्न प्राकृतिक प्रकोपका कारण भारतीय नेपालीले भोग्नु परेका दुःख, कष्ट, मानव मनका कोमल भावहरू तथा प्रेम, रति, हार्दिकता आदिको अभिव्यक्ति आफ्ना रचनामा गरेका छन्।

सन् 1923 मा नेपाली जातिमा शिक्षा र चेतनाको ज्योति फैलाउँदै कवि महानन्द सापकोटा देखा पर्छन्। उनको लहरी साहित्यमूलक कृति सन् 1923 मा **मनलहरी** नीतिमूलक काव्यको प्रकाशन भएपछि भारतीय नेपाली कवितामा नयाँ युगको सूत्रपात भएको देखिन्छ। उनको यस मनलहरी काव्यमा नेपाली जातिमा व्याप्त अशिक्षा, अज्ञानता र रूढिवादी परम्पराप्रति घोर खण्डन पाइन्छ। यस अतिरिक्त उनको **अपुङअगो** (सन् 1950), **विशाल नेपाल** (सन् 1951), **अन्नु आशा आँशु** (सन् 1951), **आँटे**

(सन् 1951), **जाँड रक्सी नखाउ** आदि काव्य - कृतिहरू उल्लेखनीय छन्।

कवि महानन्द सापकोटा पछि भारतीय नेपाली लहरी साहित्य आकाशमा जीवननाथ काफ्ले, नित्यानन्द तिमसिना, जगन्नाथ गुरागाईँष हरिनारायण उपाध्याय, दलबहादुर लामा आदि कविहरू उदय भएका पाउँछौं। भारतेली नेपाली साहित्यको लहरी कालमा विभिन्न सङ्घ - संस्थाका स्थापना र पत्र - पत्रिकाको प्रकाशनले भारतीय नेपाली लहरी काव्यको विकासमा ठूलो टेवा पुऱ्याएको मान्न सकिन्छ। खरसाङमा **गोर्खा दुःख निवारक सम्मेलन** (सन् 1923) र **गोर्खा लाइब्रेरी** (सन् 1938), **दार्जिलिङमा नेपाली साहित्य सम्मेलन** (सन् 1924), कोहिमामा **पशुपति सङ्घ** (सन् 1929), डिब्रुगढमा **तरुण सङ्घ** (सन् 1930), तेजपुरमा **नेपाली भाषा समिति** (सन् 1935) आदि भाषा - साहित्य सम्बन्धी संस्थाहरूको गठन- स्थापना भएको पाइन्छ। यस अतिरिक्त **गोर्खा संसार** (सन् 1928), **गोर्खा** (सन् 1945), **गोर्खाली** (सन् 1945), **खोजी** (सन् 1946), **भारती** (सन् 1946), **उदय** (सन् 1937) आदि पत्र - पत्रिकाको प्रकाशन पनि भारतका विभिन्न ठाउँहरूबाट भएको पाइन्छ। यिनै विभिन्न सङ्घ - संस्था र पत्र - पत्रिकाबाट विश्व युद्धकालीन भारतेली नेपाली कवितामा सवाई र लहरी कविहरूका जन्म भएको मान्न सकिन्छ।

## 3.3 सवाई तथा लहरी काव्य - कृतिहरूको मूल्याङ्कन

भारतेली नेपाली कविताको प्राथमिक कालमा प्रेम, रति तथा शृङ्गारलाई आफ्नो कविताको मूल विषय बनाएर थुप्रै कविहरूले शृङ्गारिक कविताहरू सँगसँगै सवाई र लहरी काव्य – कृतिहरू पनि लेखेका छन्। यस्ता कविहरूमा आसमको तुल्चन आले र उनको सन् 1891 – सन् 1893 तिर प्रकाशित **मणिपुरको लडाइँको सवाई** , कवि धनवीर भण्डारी र उनको सन् 1814 मा प्रकाशित **भैचालाको सवाई** , सन् 1817 मा प्रकाशित **अब्बर पहाडको सवाई** , आत्माराम मगर र उनको सन् 1905 मा प्रकाशित **भैँचालाको सवाई** (दोस्रो भाग) , कृष्णप्रसाद उदास र उनको सन् 1908 मा प्रकाशित **आछामको सवाई**, गजवीर राणा र उनको सन् 1913 मा प्रकाशित **नागाहिल्सको सवाई** , डाकमान राई र उनको सन् 1899 मा प्रकाशित **दार्जिलिङका पैरोको सवाई**, पण्डित दिलुसिंह राई र उनको सन् 1899 मा प्रकाशित **56 सालको पैराको सवाई**, सुरवीर गुरूङ र उनको सन् 1901 मा प्रकाशित **भक्तिको सवाई**, प्रतिमान सिंह लामा र उनको सन् 1903 मा प्रकाशित **राजा भरथरीको सवाई**, लालबहादुर आउँसामी र उनको सन् 1905 मा प्रकाशित **भोटको लडाईको सवाई**, सुरवीर राई र उनको सन् 1908 मा प्रकाशित **उपदेशहरूको सवाई**, हाजिरमान राई र उनको सन् 1908 मा प्रकाशित **नारी उपदेशार सवाई** आदि सवाई कृतिहरू प्रकाशित भएका छन्।

मुख्यगरेर सन् 1816 मा अङ्ग्रेज र नेपाल सरकारबीच सुगौली सन्धि भएपछि नेपालका मध्य पहाडी क्षेत्रका राई, लिम्बू, मगर, गुरूङहरू ब्रिटिश सेनामा भर्ना हुन लागेका हुन्। यी भर्ती भएका नेपाली सेनाहरूले नै पहिले बाहिरको संसार र विभिन्न जातिहरू देख्ने अनि बुझ्ने काम गरेको मानिन्छ। यसरी विदेशिएर बिरानो मुलुकमा पुगरे बस्नुपर्दा नेपाली

सैनिकहरूलाई अवश्य नै आफ्नो घर – परिवार, पत्नि – नानी, आमा – बाबा, छर – छिमेकी, गाउँ – घरको सम्झन आयो होला, सतायो होला। यसरी सम्झना, याद आए तापन ती नेपाली वा गोर्खाली सैनिकहरूले त्यो समयमा आफ्ना घर – परिवारसित कुनै सम्पर्क बनाउन असमर्थ थिए। अहिलेको जस्तो तकनीति सुबिधा तत्कालीन समयमा थिएन। यहाँसम्म की भनेको र चाहेको समयमा उनीहरू आफ्ना घरमा चिठ्ठी लेख्न त परै जावोस् , मनको वहसम्म भन्न असमर्थ हुन्थे। फलत: यसरी सम्पर्क बनाउन नसक्दा तथा मनको वह भन्न नसक्दा त्यस छटपटीमा उनीहरूले गीतहरू कथ्न थालेको अनुभव हुन्छ। यसरी आफुले कथेका गीतहरू छेउका साथी – सङ्गी, लाहुरेहरूलाई सुनाएर मन बहलाउन लागे।

नेपाली सैनिकहरू सुदुर विदेश तथा बिरानो देशमा बस्दा आफ्नो गाउँ – घर र परिवारप्रतिको माया र सम्झनाका कारण नेपाली समाजमा पीडामय, दु:खपूर्ण र कताकता उल्लासमय गीतहरूको जन्म भएर गयो। उनीहरूका यस गीतबाट परिवारप्रतिको माया पनि झल्किन्छ। यसअतिरिक्त छुट्टीको समय आफ्नो गाउँ – घर आएको बेला सैनिकहरूले ती आफुले कथेको वा साथीलाई सुनाएका गीतहरू परिवार र छर – छिमेकीलाई पन सुनाउने गर्थे। यस कुराको उल्लेख गुप्त प्रधानले आफ्नो **धुमिल पृष्ठहरू** नामक पुस्तकमा गरेका छन्। पछि यही गीतहरू नै नेपाली साहित्यमा सवाई र लहरी साहित्यको रूपमा फष्टिएर गएको मानिन्छ। यसको प्रमाण सन् 1855 मा भोट र नेपालबीचको युद्ध लड्ने गोर्खाली सैनिक लालबहादुर आउँमासिले रचेको **भोटको लडाईको सवाई**ले दिदछ।

नेपाल मेची अञ्चलस्थित ताप्लेजुङ जिल्लाअन्तर्गत पर्ने ओलाङचुङ गाउँ निवासी लालबहादुर आउँमासिले सन् 1855 मा भोट र नेपालबीचको युद्ध लडेका थिए। यसै युद्धको विवरणलाई उनले **भोटको**

**लडाईको सवाई** नामक सवाई कृतिमा राम्ररी चित्रण गरेका छन्। यसरी नै सन् 18991 – 93 मा मणिपुरका राजा र इष्ट इण्डिया कम्पनीमाझ युद्ध भएको थियो। यस युद्धमा 43/44 गोर्खा पल्टनका लेन्स नायक तुलचन आले इष्ट इण्डिया कम्पनीको पक्षमा युद्ध लडेका थिए। पछि यही युद्धको वर्णन गर्दै उनको **मनिपुर्का लडात्रिको सवाई** (मणिपुरको लडाइँको सवाई) लेखेका हुन्।

आसमको तुल्चन आलेद्वार लिखित **मणिपुरको लडाइँको सवाई**मा गोर्खा सैनिकहरूका पीडालाई यसरी वर्णन गरिएको छ –

*चार पल्टन मीली कन्सल गर्न लाग्यो*

*चौथो गोर्खालाई आगे लगायो।*

*बैरी थोयो थाबलमा तोप चलायो*

*चार पाँच भारदारलाई घाउ जो लगायो।।*

यसरी नै कवि धनवीर भण्डारीले पनि आफ्नो **अब्बर पहाडको सवाई**मा नेपाली जन र बस्तीमा भएको दुर्दशालाई वर्णन गर्दै भन्छन् –

*डाम्बुको बस्ती थीयो ताँहा देखी माथी*

*पोलिदियो अब्बरले उसै दिन राती।*

*धुँवाको मुश्लो लाग्यो आकाश तीर चल्न*

*उड्न लागे फिलुङ्गा बस्ती लाग्यो बल्न।।*

यसरी नै कवि प्रतिमान सिंह लामाले आफ्नो सवाई काव्य **राजा भरथरीको सवाई**मा स्त्री शिक्षा यसरी दिएका छन् –

*स्त्रीका जातमा सत्य रहेन रति,*

*नारी भनी बस्नेलाई कैल्ये हुन्न गति।*

भारतेली डुवर्सबाट कवि दिलबहादुर सरदारको सन् 1937 मा प्रकाशित **धामीको सवाई** नामक सवाई कृति भिन्दै किताका छन्। उनले यस कृतिमा भारतको डुवर्स क्षेत्रका लोक परम्परामा प्रचलित धामी, झाक्री, फेदाङ्वा, बुङ्थिङ आदिको जीवन र कार्यबारे उक्त सवाईमा वर्णन गरेका छन्। नेपाली समाजमा धामीले चिन्ता बस्नु, जोकाना हेर्नु कुनै अन्धविश्वास र धार्मिक आस्था नभएर संस्कार र संस्कति साथै पुण्यको कार्य भन्ने तथ्यलाई कवि  दिलबहादुर सरदारले आफ्नो **धामीको सवाई** नामक सवाई कृतिमा चित्रण गरेका छन्।

नेपाली सवाई काव्यका प्रथम नारी हस्ताक्षर बवगुनी गुरूङलाई मानिन्छ। उनी सन् 1883 मा नै सन्तकवि ज्ञानदिल दासद्वारा दीक्षित भएकी थिइन्। उनले **ब्रह्मतत्वको सवाई** लेखेका छन्। प्रस्तुत सवाईको 62 औँ श्लोकमा लेखिएको पङ्क्तिबाट पनि उनी स्त्री नै हुन् भन्ने स्पष्ट हुन्छ। उदाहरणार्थ :

*बवगुनी गुरूङको विन्ती सुनी देउ*

*नादानीको टाँकी खोलि बुद्धि सिकाइदेउ।*

*हाम्रो बिन्ती येति हो चरणकी दासी*

*बुद्धि हाम्रो आउदैन काम् गर्छौं हासी।*

भारतेली नेपाली काव्य जगतमा सवाईका अतिरिक्त लहरी काव्य – कृतिहरू पनि भरमार रूपमा रचिएका पाउँछौं। कवि सूरदासको **साहित्य लहरी** , कवि गोस्वामी तुलसीदासको **गीतावली** आदि लहरी साहित्यको

प्रेरक बनेको लहरी लहरी साहित्य कवि बम्बबहादुर लिम्बु **( आर्य्य)** - को उदयले भारतेली नेपाली लहरी काव्य लेखनमा भन्दै परिपाटी समाएको मान्न सकिन्छ। कवि लिम्बुको सन् 1950 मा प्रकाशित **ज्ञान – लहरी** नामक लहरी कृतिमा तत्कालीन नेपाली समाजमा विशेष ज्ञान र शिक्षाको ज्योति छर्न चाहेको बुझिन्छ। उनीपछि भारतेली नेपाली लहरी काव्य जगतमा कवि **ज्ञानदिस दास**को उदय भएका पाउँछौ। उनको सन् 1877 मा **उदय लहरी** नामक लहरी काव्य प्रकाशित छन्। कवि दासले यस **उदयलहरी** लहरी काव्य कर्मकाण्ड, हिंसा, घुस, गरिबी र मानिसको पाखण्डीपनप्रति विद्रोह र धोर भत्सर्ना गरेका छन्। उनले ज्योतिषीहरूलाई कर्मकाण्डी ब्राह्मण पुरोहित झैं रुढीवादी संस्कारको पृष्ठपोषक, आडम्बरी, धूर्त र फटाहा मान्दै ब्रामण भएर ब्रम्ह नचिन्नेहरुकालागि आलोचना गरेका छन्। कवि ज्ञानदिल दासले यस **उदयलहरी** काव्यमा त्यस समयको सामाजिक – सांस्कृतिक, राजनीतिक – प्रशासनिक, आर्थिक – वैचारिक, धार्मिक – आध्यात्मिक जस्ता विविध पक्षहरूलाई अङ्कन गरेका छन्।

सन् 1843 मा वसन्त शर्माले **समुद्र लहरी** लेखेपछि नेपाली साहित्यमा लहरी साहित्य लेखनको प्रारम्भ भएको मानिन्छ। सवाई काव्यहरूले जस्तै नेपाली कविताको प्राथमिक कालको उत्तरार्द्धमा र माध्यमिक कालमा तथा आधुनिक कालको पहिलो चरणमा रचिएका यस्ता लहरी काव्यहरूले नेपाली कविताको विकासमा थप सघाउ पुर्‍याएका छन्। यस्ता भारतेली नेपाली लहरी कविहरूमध्ये रत्ननारायण प्रधानको **प्रेम लहरी** (सन् 1909), बलबहादुर मगरको **आनन्दलहरी** (सन् 1913 - 17), प्रसादसिंह राई नेचालीको **प्रीतिलहरी** (सन् 1919), महानन्द सापकोटाको **मनलहरी** (सन् 1918), कृष्णप्रसाद रेग्मीको **विरह लहरी**,

धर्मसिंह चामलिङ राईको **माया लहरी**, भक्तिकुमारी राणाको **भक्तिलहरी**, सुरवीर राईको **उपदेश लहरी** प्रमुख छन्।

सन् 1816 मा ब्रिटिश सरकार र नेपाल सरकारमाझ भएको सुगौली – सन्धि पश्चात नेपालीहरूका हर्ष – अमर्ष, हाँसो – रोदन, सुख - दुःख आदि 18 औं शताव्दीको अन्ततिर र 19 औं शताब्दीको प्रारम्भतिर रचना गरिएका भारतेली नेपाली लहरी र सवाई काव्यहरूमा विशेषरूपले अभिव्यक्त पाइन्छ। उदाहरणका निम्ति तुलचन आलेको **मणिपुरको लडाइँको सवाई** (सन् 1893), धनवीर भण्डारीको **अब्बर पहाडको सवाई** (सन् 1893), सुरवीर गुरुङको **भक्तिको सवाई** (सन् 1901), प्रतिमान लामाको **राजा भरथरीको सवाई** (सन् 1903), वचगुनी गुरुङको **ब्रह्मतत्त्वको सवाई** (सन् 1903), दिलुसिंह राईको **56 सालको पैह्रोको सवाई** (सन् 1899), कृष्णबहादुर उदासको **अछामको सवाई** (सन् 1908), हाजीरमान राईको **मीठा - मीठा गीत** (सन् 1908), गजवीर राणाको **नागा हिल्सको सवाई** (सन् 1913) आदिलाई लिन सकिन्छ। यस अतिरिक्त सवाई साहित्यहरबमा सन्त कवि ज्ञानदिल दासको **उदय लहरी** (सन् 1977), रत्ननारायण प्रधानको **प्रेम लहरी** (सन् 1911), प्रसादसिंह नेचाली राईको **प्रीति लहरी** (सन् 1918 तिर), धरमसिंह चामलिङको **माया लहरी** (सन् 1919), महानन्द सापकोटाको **मन लहरी**, भक्तिकुमारी राणाको **भक्ति लहरी**, सुरवीर राईको **उपदेश लहरी** आदि उल्लेखनीय छन्। भारतेली नेपाली काव्यजगतमा प्रारम्भदेखि नै वीरधारा र भक्तिधारामा लोकलयको प्रभाव रहेको हुनाले यसै भावधारामा नेपाली सवाई र लहरी साहित्य रचिएको देखिन्छन्।

भारतीय नेपाली साहित्यमा लहरी साहित्यकारका रूपमा प्रसिद्धि पाउने महानन्द सापकोटाको जन्म सन् 1896 मा नेपालको इलाममा भएको थियो। जन्म नेपालमा भए तापनि उनको साहित्यिक कर्मक्षेत्र भने भारतको दार्जिलिङ नै हो। कवि सापकोटाले नीति – उपदेश र समादमा सुधारको भावना लिएर आफ्ना लहरी काव्य रचेका पाउँछौं। उनको झ्याउरे लयमा लेखिएका कृतिमध्ये **मन लहरी** (सन् 1923) प्रसिद्ध छ। यस कृतिमा तिजको बयान र दशैंको बयान गरी जम्मा 115 श्लोकहरू छन्। कवि सापकोटा स्वयंले मन लहरीबारे यसो भनेका छन् - "मन लहरी झ्याउरे छन्दमा लेखें। यो मेरो प्रथम प्रकाशित कृति सन् 1923 मा छापियो। यो सुधारवादी छ।"

नेपाली साहित्यमा कवि सापकोटाको प्रदार्पण हुनुभन्दा पूर्व दार्जिलिङमा धरणीधर शर्मा कोइरालाको **गुहार गुहार, जाग जाग अब जाग न जाग** जस्ता जातीय चेतनामूलक कविताले भारतेली नेपालीहरूमा जातीय जागृतिका भावना उन्मेष गराइसकेका थिए। कवि सापकोटाले पनि धरणीधरकै बाटो अनुसरण गरी जातिसुधारक लहरी र कविता रचना गरेका छन्। उनको **मन लहरी** लहरी काव्यलाई नीति र समाज सुधारका भाबना साथै जातीय अस्मिताका भावनाले ओतप्रोत भएको विशिष्ट रचना मानिन्छ। यस काव्यमा कविले नेपाली जाति र समाजमा रहेका कुसंस्कार र थोत्रा मान्यताहरूप्रति विरोध, नेपाली समाजमा भएको शोषण र अत्यचार विरूद्ध प्रतिवाद पनि गरेका छन्।

नेपाली जाति संसारका विभिन्न देश र स्थानमा छरिएर बसेका छन्। संसारको जुनै ठाउँमा रहे पनि यस जातिले दुःख गरेर जीवन

Notes

धान्नुपर्ने सत्यलाई कवि सापकोटाले **मन लहरी** काव्यमा यसरी व्यक्त गरेका छन् -

*संसार भरी गोर्खाको सरी कस्को छ बयान*

*तैपनि हामी किन हो कोन्नि बिल्लिबाठ परेका*

*दुःख नै गरी जुनि नै भरी किन हो रहेका ?*

कवि महानन्द सापकोटाले **मन लहरी** काव्यमा विशेषतः सामाजिक सुधारको भावना राख्दै रूढीवादी मूल्य, मान्यता र कुसंस्कार र कुसंस्कृतिप्रति घोर विरोध जनाएका छन्। नेपालीहरूले दशैं, तिहार, तिज आदि पर्वहरूमा ऋण काढेर भए पनि शान देखाउने पम्परावादी चलनप्रति कविले व्यङ्ग्य कसेका छन्। यस्तै अनावश्यक चलन र मान्यताका कारण नेपालीहरू ऋणमा डुबेर सन्तान र जाति नै भिखारी भएको यथार्थ कविले **मनलहरी** काव्यमा यसरी व्यक्त गरेका छन् -

*स्वाउँदो खाउ स्वाउँदो लाउ कमाइअनुसार*

*काढेर रिन नगर चैन अन्धासुर भएर।*

*खाएर साग टारियोस् छाक पानी नै पिएर*

*कटाउ दिन न जाउ कुर्न अर्काको दुवार।*

यसरी आफ्नो अवस्था नविचारी मुर्ख बन्दै ऋणमा चुर्लुम्म डुबेर मोज – मस्तीसित तीज मनाउने नेपालीहरूप्रति कवि सापकोटाले मन लहरी काव्यमा तिखो व्यङ्ग्य कसेका छन्। आफ्नो सन्तानका भोलिका दिन र भविष्यहरूको चिन्ता नगरी मोज - मस्ती गर्ने नेपालीहरूलाई व्यङ्ग्य गर्दै लेख्छन् कवि यस लहरी काव्यमा यसरी लेखछन् -

*कमायो जति उडायो उति गर्ने ता पशु हो*

*पशुले मात्र मिलेको खान्छ नराख क्यै जोहो।*

*भोलिको सोच नराख आज न खानु पटक्क*

*वर्षाको सोच गर्दछ हेर कमिलो थपक्क।*

कवि महानन्दको समयमा भारतीय नेपाली समाज परम्परागत मूल्य र मान्यता, कुसंस्कार र रूढीवादीमा रूमलिएको कारण यस्तो व्यवस्थाप्रति उनलो **मन लहरी** काव्यमा ती व्यवस्थाप्रति विरोध जनाउँदै समाज सुधारको भावना सुत्रपात गर्न चाहेको प्रतीत हुन्छ। यस अतिरिक्त जुवा, तास जस्ता कुलत र जाँड, रक्सी आदिको सेवनले गर्दा नेपाली जातिको बल, बुद्धि सबै नष्ट भएको कविले उक्ता लहरी काव्यमा अनुभव गरेका पनि छन्।

सन् 1909 मै रचिएको रत्ननारायण प्रधारकृत **प्रेम लहरी**ले तत्कालीन भारतेली युवा – युवतीमा गहिरो छाप पारेका थियो। शार्दूलविक्रीडित र झ्याउरे छन्दमा लेखिएका यस लहरीमा सरल र सरस ढङ्गमा युवा – युवतीका माया – प्रीतिका भवहरूलाई रागत्मक अभिव्यक्ति दिएका छन्। युवक र युवतीबीचको वार्तालापलाई फरक फरक परिपाटीमा अभिव्यक्ति गरिएको प्रस्तुत लहरी काव्य श्रृङ्गार भावममा आबद्ध छ। तथापि प्रेमको उच्च आद्शतालाई वर्णन गरे तापनि कविले यस लहरीमा नीतिपरक विचारहरू पनि पोखेका छन्। उदाहरण –

**मर्द** – *मन् आफनु बाँधनु करमै साधनु तीन मास चारै मास्।*

*ऐले म जान्छु छिटै म आउँछु पुरयाउँला तिम्रो आश।।29।।*

**स्त्री –** *लाउँदिन कर खुसी है गर सलामी मारा ल्यौ।*

*हुन्छ है भने सुलासा उत्तर् कि हुन्न भनिदयौ।।30।।*

दार्जिलिङको जोरबङ्गला निवासी पल्टने डी. बी. राईले पनि धेरै लहरी काव्य रचेका छन्। सैनिक जीवनका दुःख, रागलाई उनले आफ्ना लहरी काव्यमा राम्ररी चित्रण गरेका छन्। उदाहरणको निम्ति निम्न पङ्क्तिलाई लिन सकिन्छ –

*कलकत्ता ज्यानको भागर्थी गंगा माछा छ सलक्कै*

*जेठीले लाको सो रातो बर्को म चिन्छु अलग्गै।*

भारतको पूवाञ्चलमा रहेर आफ्नो जीवन निर्वाह गर्ने गोपालसिंह नेपालीले लहरी काव्यका रचनाकार मानिन्छ। उनी विषिष्ट कवि र गीतकार पनि हुन्। बिहारको पश्चिम चम्पारण जिल्लामा सन् 1911 मा जन्मिएका कवि नेपालीले भारतेली नेपालीहरूका जीवन चर्चा र हास-खेललाई आफ्नो काव्यमा उतारेका छन्। जीवनप्रतिको पीडा र मर्मलाई उनले आफिनो लहरी काव्यमा यसरी पोखेका छन् -

*अफसोस छैन मलाई जीवनमा केही गर्न नसकेकोमा*

*झोली कलैको भर्न सकिन न सन्दात कसैको हर्न सकिन*

*अफ्नोप्रति सच्चा रहने जीवनभर मैले कोशिश*

*हेर्दा – हेर्दै न म जीउन सके , हेर्दा – हेर्दै न म मर्न सके।*

चुडान्तमा भन्नुपर्दा भारतेली नेपाली सवाई र लहरी काव्यमा सन् 1816 मा भएको सुगौली - सन्धिपश्चात ब्रिटिस भारत र नेपालीको साँध सिमानामा रहेका नेपालीहरूका हर्ष - अमर्ष, सुख - दुःख, हाँसो – रोदन, भारतको दार्जिलिङ, असम, देहरादुन, काँगडा, भाग्सु, डुवर्स आदि ठाउँहरूमा चियाको खेती, कोइलाखानी, तेलकम्पनी आदि प्रारम्भ भएपछि ती ठाउँहरूमा दैनिक कार्य, बाटो खन्दा, रोड पेल्दा, ढ्वाङ्ग तान्दा कथेका गीत तथा चियाबारीमा काम गर्दा लोक लयमा अभिव्यक्त भएका मनोदशाका अभिव्यक्ति नै लहरी र सवाई रचनाका उद्गम स्रोत मान्न सकिन्छ। मुख्यतः चियाबारीमा काम गर्ने असङ्ख्य नेपाली श्रमिकहरू र दैनिक रोजगारी गर्ने मजदुर नेपालीहरूको तुरन्तै कथेर गाएको गीत, स्वास्नी मान्छे र लोग्ने मान्छेबिच जुवारी खेल्दा गाइएका गीत आदिबाटै सवाई र लहरी साहित्यको जन्म भएको मान्न सकिन्छ। यस्ता सवाई र लहरी साहित्यमा वीरत्व, शोक, पीडा आदिका भावनाका अतिरिक्त सामाजिक सुधारको भावना राख्दै रूढीवादी मूल्य, मान्यता र कुसंस्कार र कुसंस्कृतिप्रति घोर विरोध पनि गरिएको पाइन्छ।

## 3.4 उपसंहार

कविता साहित्यको एउटा पुरानो र महत्त्वपूर्ण विधा हो। गद्य र पद्य दुवै भाषामा लेखिने कवितालाई साहित्यका विभिन्न विदाहरूमध्ये जेठो विधा मान्न सकिन्छ। पूर्वीय, पाश्चात्य र नेपाली नेपाली साहित्यका विद्वान् ग समालोचकहरूले कविताबारे दिएको परिभाषालाई अध्ययन – अनुशिलन गर्दा कविता लयात्मक र बौद्धिक कथ्यको पद्यलयात्मक

संरचना हो। साहित्यका अन्य विधाहरू भन्दा कविताको विशेष पहिचान रहेको छ। यसमा अनेक प्रकारका भावहरू संरचित हुन्छन्।

कवितालाई कोमल मनका भावहरूको सरल, कलात्मक, सरस, सहज अभिव्यक्ति मानिन्छ। भारतेली नेपाली कविताका विकासक्रमलाई अध्ययन गर्दा यसको प्राथमिक कालमा आधिक्य रूपमा सवाई र लहरी साहित्य रचिएको पाइन्छ। वीर र भक्ति भावमा रमिएको पाइए तापनि भारतेली नेपाली कवितामा यस प्रवृत्तिका कवता लेखनले नेपाली कविताको पृष्ठभूमि निर्माणमा ठूलो योगदान दिएको प्रतीत हुन्छ।

भारतेली नेपाली साहित्यमा सवाई र सहरी साहित्यको आफ्नो छुटै मुल्य र महत्व छ। यसलाई महत्वपूर्ण काव्यविधा मानिन्छ। सवाई र लहरी लोक गीतका अन्य अङ्गहरू जस्तै ऐतिहासिक विषय वा धटना, वीरगाथाहरूमा रमिएका हुन्छन्। मानव जीवनका दु:ख, पीडा, बेदना आदिलाई गाथालाई कवितात्मक रूपमा लयबद्ध गरी प्रस्तुत गर्नुलाई सवाई र लोक साहित्यमा प्रचलित प्रेम, लडाई आदि रोचक घटना वर्णन गरिएको गीत प्रभृति काव्यलाई लहरी भनेने गरिन्छ। सन् 1816 मा ब्रिटिश सरकार र नेपाल सरकारमाझ भएको सुगौली – सन्धि पश्चात नेपालीहरूका हर्ष – अमर्ष, हाँसो – रोदन, सुख - दु:ख आदि 18 औं शताव्दीको अन्ततिर र 19 औं शताब्दीको प्रारम्भतिर रचना गरिएका भारतेली नेपाली लहरी र सवाई काव्यहरूमा विशेषरूपले अभिव्यक्त पाइन्छ।

सवाई एवम् लहरी दुवै नेपाली गाथा – गीतबाट प्रभावित-प्रेरित कविताका उपविधा हुन्। भारतेली नेपाली कविताको प्राथमिक कालमा यस्ता सवाई र लहरीहरू प्रशस्त लेखिएका पाइन्छन्। साहित्यले

भाषाका माध्यम विभिन्न विधाका रूपमा प्रकाश पाउने गर्छ। भाषाको माध्यम पाएर कुनै पनि साहित्य उन्नत र विकसित बन्दै जान्छन्। यसरी विकसित हुनमा विभिन्न साहित्यिक विधाका भूमिका रहे झै सवाई र लहरी साहित्यको पनि विशेष भुमिका रहेका छन्। भारतेली नेपाली कविताको विकासमा यस्ता काव्य - कृतिको योगदान अमुल्य रहेको देखिन्छ। भजन र लोकगीत कविताको उत्स भए झै सवाई र लहरी साहित्यलाई भारतेली नेपाली कविताको पृष्ठभूमि मान्न पनि सकिन्छ। मन्दिर, गुम्बा, मस्जिद, गिर्जा आदि धार्मिक स्थलमा गाइने भजनादि तथा गाउँधर, मेलापाततिर गाइने लीकगीतहरू झै सवाई र लहरी साहित्य पनि वेदना र वीरहका अतिरिक्त युध्द र वीरताको गुणगानका निम्ति पनि रचिन्छ। मूलतः भारतेली नेपाली कविता साहित्यका अतिरिक्त सम्पूर्ण विधाका पृष्ठभूमिको रूपमा सवाई र लहरी रचनालाई मानिन्छ।

साहित्यका विभिद विधाहरू मध्ये सवाई र लहरी साहित्य पनि एउटा लोकप्रिय विधा हो। यसको प्राथमिक भावक (पाठक, दर्शक र श्रोता) सबै लोक हुन्छन्। प्रथमतः सवाई र लहरी साहित्य भन्नाले लोकसाहित्यका एउटा विधाका रूपमा बुझिन्छ। कतिपय विद्वानहरूले लोकका लागि भनेर सिर्जना गरिएको लयात्मक, रागात्मक र गीति कवितालई सवाई र लहरी साहित्य भनी बताएका छन्। सवाई र लहरी साहित्य आफैमा विषय, क्षेत्र र सीमा व्यापक भएको साहित्य हो। यस साहित्यका पनि विभिद उप विधा छन्। मूलतः सवाई र लहरी साहित्य हाम्रा लोक जीवनसँग सम्बद्ध साहित्य भएको हुनाले यसको अन्य साहित्यिक विधा भन्गा छुट्टै महत्व र स्थान साहित्यमा रहेको मान्न सकिन्छ। कसै कसैले सवाई र लहरीलाई गीत र गजलकै हाराहारीमा

मानेका पनि छन्। अत: सवाई र लहरी काव्यमा ज्यादा गरेर युद्धकै वर्णन भएका पाउँछौं।

## 3.5 सार

यस प्रखण्डमा **सवाई तथा लहरी काव्य - कृतिहरूको विशेष अध्ययन र मूल्याङ्कन**बारे सामान्य जानकारी प्राप्त भयो। उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ।

- **सवाई** र **लहरी** झ्याउने लयमा गाइने लोक साहित्यको गेयात्मक साहित्यिक रचना हो। यी दुवैमा स्मरणीय ऐतिहासिक धटना, समसामयिक सन्दर्भ, सामाजिक प्रसङ्ग आदि जस्ता कुरा सवाईका विषय हुन्।
- मानव जीवनका दु:ख, पीडा, बेदना आदिलाई गाथालाई कवितात्मक रूपमा लयबद्ध गरी प्रस्तुत गर्नुलाई **सवाई** र लोक साहित्यमा प्रचलित प्रेम, लडाई आदि रोचक घटना वर्णन गरिएको गीत प्रभृति काव्यलाई **लहरी** भनिने गरिन्छ।
- **सवाई** र **लहरी** मूलरूपमा गाइनेद्वारा गाउँ – गाउँमा, शहर – बस्तीमा सारङ्गीको धुनमा लय मिलाएर गाइने लोकगीत जस्तै हो। यसमा सरल – सहज, जनरूची तथा जनजिब्राले बोल्ने शब्द र शैलीको प्रयोग भएको हुन्छ।
- **सवाई** र **लहरी**को उत्पत्ति नेपाली सैनिकहरूबाट भएको मानिन्छ। उनीहरू सुदुर विदेश तथा बिरानो देशमा बस्दा आफ्नो गाउँ – घर र परिवारप्रतिको माया र सम्झनाका कारण नेपाली समाजमा पीडामय, दु:खपूर्ण र कताकता उल्लासमय गीतहरूको जन्म भएर गयो। उनीहरूका यस गीतबाट परिवारप्रतिको माया पनि झल्किन्छ। छुट्टीको समय आफ्नो गाउँ – घर आएको बेला

सैनिकहरूले ती आफुले कथेको वा साथीलाई सुनाएका गीतहरू परिवार र छर – छिमेकीलाई पन सुनाउने गर्थे। यसैबाट सवाई र लहरीको जन्म हुनगयो।

- ❖ **लहरी** भन्नाले प्रसन्नचित, हास्यप्रद र ठठौलीयुक्त गयात्मक साहित्यलाई बुझिन्छ। यो साहित्य **समुन्द्र लहरी**, **शीत लहरी**, **स्वर लहरी**, **प्रीति लहरी**, **माया लहरी** गरी विभिन्न भागमा विभक्त भएका पाउँछौ। तर उपर्युक्त विभागहरू मध्ये लहरी लोक साहित्यको एउटा महत्वपूर्ण विधा हो।
- ❖ **सवाई र लहरी** साहित्य दुवै मानवकाद्वारा गाइने गीति लयात्मक विधा भएकोले यसको उद्देश्य लोकलाई मनोरञ्जन प्रदान गर्नु मात्र नरहेर समाज, जाति र देशलाई समृद्ध र विकासील बनाउँनु पनि हुन्छ।
- ❖ **सवाई** र **लहरी** दुवै नेपाली गाथा – गीतबाट प्रभावित - प्रेरित कविताका उपविधा हुन्। भारतेली नेपाली कविताको प्राथमिक कालमा यस्ता सवाई र लहरीहरू प्रशस्त लेखिएका पाइन्छन्। साहित्यले भाषाका माध्यम विभिन्न विधाका रूपमा प्रकाश पाउने गर्छ। भाषाको माध्यम पाएर कुनै पनि साहित्य उन्नत र विकसित बन्दै जान्छन्। यसरी विकसित हुनमा विभिन्न साहित्यिक विधाका भूमिका रहे झै सवाई र लहरी साहित्यको पनि विशेष भुमिका रहेका छन्।
- ❖ भारतेली नेपाली कविताको विकासमा **सवाई र लहरी** काव्य - कृतिको योगदान अमुल्य, महत्वपूर्ण र सौष्ठव रहेको।
- ❖ सन् 1816 मा ब्रिटिश सरकार र नेपाल सरकारमाझ भएको सुगौली – सन्धि पश्चात नेपालीहरूका हर्ष – अमर्ष, हाँसो – रोदन, सुख -

दुःख आदि 18 औं शताव्दीको अन्ततिर र 19 औं शताब्दीको प्रारम्भतिर रचना गरिएका भारतेली नेपाली लहरी र सवाई काव्यहरूमा विशेषरूपले अभिव्यक्त पाइन्छ।

- ❖ भारतेली नेपाली कवितामा सन् 1977 देखि सन् 1980 सम्मको समयगवधिलाई सवाई र लहरी काव्य - कृतिहरूको अवधि मानिन्छ। यस तीन बर्षको छोटो अवधिमा पनि भारतको विभिन्न ठाउँहरूबाट सवाई र लहरी काव्य लेखन भारतेली कविहरूबाट भएका पाउँछौं।
- ❖ कवि तुल्चन आलेको सन् 1891 – सन् 1893 तिर **मणिपुरको लडाइँको सवाई**, कवि धनवीर भण्डारीको सन् 1814 मा **भैचालाको सवाई** र सन् 1817 मा **अब्बर पहाडको सवाई** नामक सवाई कृतिको प्रकाशनलाई भारतेली नेपाली सवाई काव्यको उठान मानिन्छ।
- ❖ कवि बम्बबहादुर लिम्बुको सन् 1950 मा **ज्ञान – लहरी,** कवि ज्ञानदिल दासको सन् 1877 मा **उदय लहरी,** रत्ननारायण प्रधानको सन् 1909 मा **प्रेम लहरी,** बलबहादुर मगरको सन् 1913 – 1917 मा **आनन्द लहरी,** महानन्द सापकोटाको सन् 1923 मा **मन लहरी** आदि लहरी काव्य - कृतिको प्रकाशनलाई भारतेली नेपाली लहरी काव्यको उठान र विकास मानिन्छ।
- ❖ **सवाई** र **लहरी** साहित्य हाम्रा लोक जीवनसँग सम्बद्ध साहित्य भएको हुनाले यसको अन्य साहित्यिक विधा भन्गा छुट्टै महत्व र स्थान साहित्यमा रहेको मान्न छ। कसै कसैले सवाई र लहरीलाई गीत र गजलकै हाराहारीमा हेरेका पनि छन्।

यस प्रखण्डको अध्ययनले भारतेली नेपाली कविता सवाई र लहरी काव्य – कृतिहरूको सम्यक अध्ययन र ती अध्ययनमा देखिएका विभिन्न प्रवृत्तिबारे बुनियाँदी जानकारी प्राप्त भयो। मूलरूपमा सवाई र लहरी नेपाली काव्य – कृतिहरूको अध्ययन गर्दै भारतबाट लेखिएका वा प्रकाशित भएका नेपाली सवाई र लहरी काव्य - कृतिको विभिद प्रवृत्ति, मूल्य र विशेषता सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो।

## 3.6 अनुशीलनी

1 . सवाईको उतस्ति केलाउँदै यसका नेपाली साहित्यमा देनलाई चिनाउनुहोस्।

2 . भारतेली नेपाली सवाई र लहरी काव्य - कृतिहरूको महत्त्व र मूल्य के कस्तो छ ?बताउनुहोस्।

3 . नेपाली सवाई र लहरी काव्यको मुख्य – मुख्य विशेषताहरूबारे विश्लेषण गर्नुहोस्।

4. नेपाली सवाई र लहरी साहित्यमा रहेको साम्य र बैषम्यबारे विवेचना गर्नुहोस्।

5. दार्जिलिङ र पूर्वाञ्चलवाट प्रकाशित सवाई र लहरी काव्य – कृतिहरूको अध्ययन गर्नुहोस्।

6. हिन्दी साहित्य र नेपाली साहित्यका सवाई र लहरी काव्य – कृतिहरूमाथि तुलना गर्नुहोस्।

7. नेपाली सवाई र लहरी काव्य – कृतिहरूका पृष्ठभूमिबारे एउटा गतिलो लेख तयार पार्नुहोस्।

9. नेपाली सवाई र लहरी काव्य – कृतिहरूका विकासमा पत्र – पत्रिकाको के कस्तो भुमिका रहेको छ ? विवेचना गर्नुहोस्।

10. नेपाली सवाई र लहरी काव्य – कृतिहरूका विकासक्रमबारे व्याख्या गर्नुहोस्।

11. भारतेली नेपाली सवाई र लहरी काव्य – कृतिहरूका कविताको वैशिष्ठबारे लेख लेख्नुहोस्।

## 3.7 अतिरिक्त अध्ययन


११. उपाध्याय, भीमकान्त - **सवाई र लहरी काव्य** ।

१२. प्रधान, गुप्त – **धुमिक पृष्ठहरू**।

१३. प्रधार, कुमार – **पहिलो पहर**।

१४. सांकृत्यायन, राहुल – **दार्जिलिङ परिचय**।

१५. धमाला, जय – **सिक्किमको इतिहास**।

१६. पौड्याल, महानन्द – **पाँडे काजी**।

१७. उपाध्याय, विष्णुलाल – **आसामे नेपाली**।

१८. पोखरेल, बालकृष्ण – **पाँच सय बर्ष**।

१९. खाती, नरेशचन्द्र – **क्रम अध्ययनका**।

२०. नेपाल, धनश्याम – **विधा विविधा**।

२१. गिरी, जीबेन्द्रदेव - **लोक साहित्यको अवलोकन**।

२२. शर्मा, जनकलाल – **जोसमनी सन्त परम्परा र साहित्य**।

२३. शर्मा, जनकलाल – **हाम्रो समाज : एक अध्ययन**।

२४. ब्राहमण, रतनलाल – **जनतालाई मेरो ऐतिहासिक संक्षिप्त रिपोर्ट**।

२५. प्रधान, पारसमणि – **टिपन - टापन**।

२६. नवपानीया, हरिभक्त – **नेपाल बाहिर नेपाली साहित्यिक गतिविधि**

२७.छेत्री, तुलसी बहादुर – **नेपाली साहित्यको विकासमा दार्जिलिङ्को योगदान** (अप्रकाशित शोध – प्रबन्ध)।

२८.शेर्पा, सोनाम – **जातीय चेतनामूलक भारतेली नेपाली कविताको अध्ययन र विश्लेषण** (अप्रकाशित शोध – प्रबन्ध)।

२९.दाहाल, मोहन पी. – **नेपाली अकादमी जर्नल।**

यस अतिरिक्त सवाई र लहरीबारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाहरूको पनि अध्ययन।

## 3.8 मूल्यबृद्धिको निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

११. सवाई र लहरीमा भेद।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 3.2 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१२. सवाई र लहरी काव्यका उत्पत्ति।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 3.3 को सवाई र लहरी काव्य-कृतिहरूको अध्ययन अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

१३. भारतेली नेपाली सवाई र लहरी कविताको मुल्य र उपयोगिता।

.......................................................................................

.......................................................................................

.......................................................................................

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 3.4 को सवाई र लहरी काव्य-कृतिहरूको मूल्याङ्कनमा उत्तर खोज्न सक्नेछन् )**

१४. भारतेली नेपाली प्रमुख सवाई र लहरीकार।

.......................................................................................

.......................................................................................

.......................................................................................

**प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 3.4 को सवाई र लहरी काव्य-कृतिहरूको मूल्याङ्कनमा उत्तर खोज्न सक्नेछन् )**

१५. दार्जिलिङ र पूर्वाञ्चलका नेपाली सवाई र लहरीकारका कृतिको तुलना।

.......................................................................................

.......................................................................................

.......................................................................................

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 3.4 को सवाई र लहरी काव्य-कृतिहरूको मूल्याङ्कन अन्तर्गत उत्तर खोज्न सक्नेछन्)**

# एकाइ – 4, भारतेली नेपाली कविताको संरचनारशैली

4.0 उद्देश्य

4.1 परिचय

4.2 भारतेली नेपाली कविताको संरचना

4.3 भारतेली नेपाली कविताको शैली

4.4 उपसंहार

4.5 सार

4.6 अनुशीलनी

4.7 अतिरिक्त अध्ययन

4.8 मूल्यबृद्धिको निम्ति उत्तर

## 4.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- संरचना र शैलीको अर्थ र परिभाषा
- कविताका संरचनाको परिचय
- कविताका शैलीको परिचय
- भारतेली नेपाली कविताका संरचनाको परिचय
- भारतेली नेपाली कविताका शैलीको परिचय

# 4.1 परिचय

कविताका संरचना र शैली संरचक घटकहरू हुन्। सङ्ग र रचनाको योगबाट निर्माण भएको संरचना शब्दले कुनै वस्तु, तथ्य वा कुराको मेल, योग आदिलाई बुझाउँछ। वास्तवमा संरचना कुनै स्थूल अथवा सूक्ष्म तत्व वा वस्तुका पतनामा परिलक्षित हुने प्रतिरूप हो। अङ्ग्रेजी मा स्ट्रक्चर भनिने संरचना नेपाली साहित्यमा संरचनावाद (स्ट्रक्चरलिज्म) -को रूपमा चलेको पाइन्छ। यो मानव विज्ञानको एउटा यस्तो पद्धति है , जो सङ्केत विज्ञान तथा सहजतासित परस्पर संबद्ध भागहरूका पद्धति अनुसार तथ्यलाई विश्लेषण गर्ने प्रयास गर्दछ। स्वीडनको प्रसिद्ध भाषाविद फर्दिनान्द दि सस्यूर (Ferdinand de Saussure) - लाई यस वादको प्रवर्तक मानिन्छ। उनले चलाएको सम्प्रदायलाई भाषा वा साहित्यमा सस्यरेली सम्प्रदय नामले जानिन्छ। तर्कका संरचनावादी तरिकाका विभिन्न क्षेत्रहरू जस्तै - नृविज्ञान, समाजशास्त्र, मनोविज्ञान, साहित्यिक आलोचना तथा यहासम्म कि वास्तुकलामा पनि यो बादको लागु उनले गरेका छन्। भाषा – साहित्यका क्षेत्रमा संरचनावाद विधिको रूपमा तथा एक बौद्धिक आन्दोलनको रूपमा प्रवेश गरेको देखिन्छ। सन् 1960 को दशकमा फ्रान्समा अस्तित्ववादको जगह लिन यो बादको जन्म भएको मानिन्छ।

संरचना शब्द अङ्ग्रेजी स्ट्रक्चर ( Structure ) - को नेपाली रूपान्तर हो। ल्याटिन भाषाको इस्ट्रकटुरा ( Estructura ) र पछि इटाटेली भाषाको स्टुटुरा ( Struttura ) शब्दबाट अङ्ग्रेजीको स्ट्रक्चर शब्द बनिएको मानिन्छ। यसको शाब्दिक अर्थ बनाउनु वा निर्माण गर्नु भन्ने हुन्छ। यसर्थ ब्युत्पिगत अर्थअनुसार स्ट्रक्चर वा संरचना भन्नाले बनावट,

व्यवस्था, शैली, आकृति, ढाँचा, कार्यव्यापार, प्रक्रिया, नियम आदि बुझिन्छ। अक्सफोर्डले कुनै बस्तुको सम्बन्ध वा ढाँचाको सोपानक्रमलाई संरचना भनेको छ। साहित्यको विभिद विधाहरू कविता, कथा, उपन्यास, नाटक, निबन्घ आदिमा छन्द, अलङ्कार, वाक्य, पङ्क्ति, रूप – शैली, पध्य र श्लोकको संयोजन आदिको एकरूपता नै संरचना हो। यस अतिरिक्त कृतिमा पाइने कथानक, कथाबस्तु, घटना विन्यास, व्याकरणिक विशेषता, अर्थगत सम्बन्ध, कृतिगत अवयव वा घटकहरूको पारस्परिक सम्बन्घ, रचना तत्वहरूको अन्वितिपूर्ण बिन्यास आदिको समष्टिलाई संरचना भनिन्छ।

## 4.2 भारतेली नेपाली कविताको संरचना

कुनै कृतिको बस्तु वा कृतिको पूर्ण, परिवर्तनशील र स्वनिष्ठ रूप नै संरचना हो। कृतिमा संरचनाले त्यसको आकृति र बनोटको ढाँचालाई निर्माण गर्दछ, बस्तुलाई सङ्गठित र व्यवस्थित रूपमा एकत्रित गर्दछ। मूलत : प्रत्येक कृतिको आफ्नै संरचना हुने हुनाले कृतिको सम्पूर्णता तथा त्यसको तत्व वा एकाइहरू बीचको कुलयोगलाई संरचना भन्न सकिन्छ। **जोहन लियोन्स**ले आफ्नो कृति **स्ट्रक्चर एण्ड लिङ्ग्विष्टिक**मा रूपको सट्टामा प्रयोग हुने शब्दलाई संरचना मानेका छन्। सामान्य भाषाको व्याकरण भए जस्तै आख्यानको भाषाको पनि आफ्नै व्याकरण हुन्छ। व्याकरणिक कोटि र भाषिक तत्वहरू हुन्छन्। सम्पूर्ण मानव स्वभावसँगसँगै देश चलाउने मानक भाषा, समाज चलाउने सामाजिक भाषा र बोलीहरू हुन्छन् , स्थानअनुसार भाषिका हुन्छन्। यसर्थ आख्यानलाई भाषाको भरमा मानिसले सिर्जना गरेको एउटा स्वायत्त मुलुक

Notes

मानिन्छ। यसको व्यावहारिकता वास्तविकता, औपन्यासिकता, कलागत यथार्थता पाउँछौं।

कृतिमा घटकहरू एकार्कामा आश्रित भएर पनि आपसी सम्बन्धको सश्लिष्ट योजनामा प्रकार्य सम्पन्न गर्छन् र यही योजना कृतिको संरचना हो। संरचना शब्दको प्रयोग साहित्यमा यसै योजनाको लागि तथा यसबाट निष्पन्न सत्ताका निम्ति पनि गरिन्छ। यसर्थ कृति एउटा संरचना हो, यसको संरचना अमुक प्रकारको हुन्छ। संरचनाले साहित्यिक कृतिलाई एकीकृत ढङ्गमा पूर्णता प्रदान गर्दछ, कृतिको आकृतिलाई शोष्ठवता साथै जीवन्तता दिदछ। यतिमात्र नभएर यसले कृतिलाई पूर्णता मात्र प्रदान नगरेर सौष्ठवमयी र आह्लादकारी पनि बनाउँदछ। कृतिको गुणवत्ता बढाउँदछ। यसैले संरचना विनाको कृति र कृति बिनाको संरचना अपुरो मानिन्छ।

शैलीविज्ञानले संरचनाको तीन मूलभूत तत्त्व कृतिमा रहने मानेका छन्। ती हुन् –

1.पूर्णता – कृति कुनै पनि संरचनात्मक धटकहरूमा विभाजित हुने हुनाले यी धटकहरूलाई पूर्णता दिने कार्य संरचनाले गर्दछ। कृति नियम, विधान र व्यवस्थाअनुरूप नै आवद्ध हुनु पर्दछ। संरचनाकै कारण कुनै पनि कृतिमा रहेको कमी, असङ्गति पनि थाहा लाग्दछ।

2. प्रकार्य – कृतिमा रहेको धटकहरूले के – कस्तो भूमिका खेल्छ र कसरी कृतिमा योगदान पुर्याउँदछ भनेर हेर्नु नै प्रकार्य हो। यसर्थ संरचनाले कृतिमा घटकहरूको मूल्य, प्रयोजन र सार्थकताको विश्लेषण गर्दछ।

3. स्वायत्तता – संरचना स्वायत्त तथा स्वयंमा सत्ता भएको एकाइ हो। कुनै पनि कृति परमुखापेक्षी नभएर स्वमुखापेक्षी हुन्छ। यसर्थ कुनै पनि कृति स्वयंमा पूर्ण छ वा छैन भन्ने तथ्य संरचनाले खुट्याउँदछ।

कुनै पनि भाव तथा विचार अभिव्यक्त गर्ने माध्यम भाषा हो। यही भाषालाई अभिव्यक्त गर्ने लेखकहरूको तरीका वा ढङ्गलाई शैली भनिन्छ। संस्कृत भाषाको शील शब्दबाट उत्पत्ति भएको शैली शब्दको उत्पत्तिगत अर्थ लक्षण, स्वभाव, चरित्र आदि बुझिन्छ। संस्कृतको शील शब्दले सिउनु, उन्नु, तुन्नु र बुन्नुलाई पनि जनाउँने हुनाले शैली भनेको भाषालाई प्रस्तुत गर्ने ढङ्ग, पद्धति, विधि वा तरिका हो। मूलत : भाषाअन्तर्गत शब्दयोजना र वाक्यविन्यास पर्दछन्। शब्द र वाक्यहरू जति सहज, सरल, स्वाभाविक, सार्थक र सुगठित हुन्छन्, त्यो कृति त्यति नै प्रभावकारी बन्दछ। यहीअनुरूप लेखकले प्रयोग गर्ने भाषा लेखनलाई शैली भनिन्छ।

कविताको संरचनामा मुख्यतः कविताका प्रतिकात्मक, आख्यानात्मक र नाटकीय संरचनाका आधारमा प्रतिकात्मक कविता, आख्यानात्मक कविता र नाटकीय कविता गरी तीन किसिमले वर्गीकरण गर्न सकिन्छ। त्यस्तै कविताको संरचनात्मक विन्यासभित्र लघुसंरचक घटक वा तत्वहरू पनि पर्दछन्। कविताका संरचक तत्व वा घटकहरूमा कविताका वस्तु, सहभागी, परिवेश, उद्देश्य, दृष्टिबिन्दु र भाषाशैली विन्यास गरी छवटा मूल संरचक घटक पर्दछ।

संरचनालाई जर्मन दर्शन र मनोविज्ञानमा गेस्टाल्ट ( Gestalt ) भनिन्छ। गेस्टाल्ट भनेको साना – साना अंशहरूको योग, अर्थगत समग्रता हो। यसैको दर्शनबाट संरचनाको अवधारणा प्रभावित भएको

मानिन्छ। अमूर्त, जटिल र नवनिर्माण जनाउने संरचनालाई साहित्यिक कृतिको अपरियार्य तत्त्व मान्न सकिन्छ। साहित्यमा संरचना कहिले पनि क्रमहीन र विशृङ्खलिन हुँदैनन्। यसर्थ यसलाई वस्तुको आन्तरिक र अन्तस सम्बन्धित नियम र व्यवस्थको समुच्चय मानिन्छ।

कविताको साहित्यको लयात्मक वैशिष्टय गध र पधको सीमान्तको नजिक नजिकको मुक्त लयलाई समेत समेट्ने एक विधागत भेद हो। वैदिक संस्कृत कविता, वैदिक र संस्कृत साहित्यको सन्धिकालमा रचिएका बाल्मीकीको रामायण एवं वेदव्यासकृत महाभारत आदि महाकाव्य, वैद, पुराण, उपनिषद् आदि रचनाहरूलाई हेर्दा पूर्वीय साहित्यमा भन्दा पाश्चात्य साहित्यमा कविता कम्तीमा पनि दुई हजार वर्ष पुरानो रूपमा फेला पर्दछ। मूलतः चिन्ह, सङ्केत र लीपिबाट भाषाको जन्म भएको हो। यसै भाषाका स्वरूपको विकास हुँदै आएपछि कविताको विकास भएको मानिन्छ। यसरी लेखिन थालिएको कविता विधामा भारतेली नेपाली कविताका संरचनालाई अध्ययन – अनुशिलन गर्दा यसका विविध आयमहरू फेला पर्छन्।

भारतेली नेपाली कविता अन्य देश र साहित्यका कविता जस्तै लधुतम् रूप र लघु श्रेणीदेखि लिएर मध्यम श्रेणी खण्डकाव्य प्रवृत्तिमा पनि संरचित छन्। उदाहरणका निम्ति कालुसिंह रनपहेलीका युग्मकहरू, अगमसिंह गिरीका युद्ध र योद्धा, याद आदि खण्डकाव्य, कवि मित्रसेन थापाको भक्त प्रह्लाद (सन् 1940), वीर अभिमन्यू (सन् 1940), चन्द्रहास (सन् 1944), एकादशी व्रतकथा (सन् 1944), सत्यनारायण ब्रतह् कथाह (सन् 1944), सन्त सखुबाई (सन् 1944) आदि खण्डकाव्यहरूलाई लिन सकिन्छ। लामा कविताहरू पनि भारतेली नेपाली कवितामा रचिएका छन्। यसमा नव सापकोटाको लामो कविता चिहान नपाएका तक्माहरू

कवितालाई लिन सकिन्छ। यस अतिरिक्त महाकाव्यका वृहद् र वृहतम् रूप पनि भारतेली नेपाली कविताले लिन पुगेको छ। उदाहरणका निम्ति तुलसीराम कश्यपको कर्ण – कुन्ति, विधापति दाहालको काम्य आदि कृतिलाई लिन सकिन्छ। यसरी विधागत विकासका परिप्रेक्ष्यमा भारतेली नेपाली साहित्मा आधुनिक युगको व्यस्त सभ्यताले थिचिएर – मिचिएर यहाँका कविता बाहेक अन्य सबै विधा क्रमश: हासोन्मुख रहेको प्रतीत हुन्छ।

कविताको सबैभन्दा लघुतम रूप मुक्तक हो। चार हरफे कविता मानिने मुक्तक कविताको सानो रूप हो। पूर्वीय ध्वनिवादी आचार्य अभिनव गुप्तले पूर्वापर प्रसङ्ग र पध्यहरूको सहारा नभएर पनि जसमा रसको अभिव्यक्ति हुन्छ । त्यलैलाई मुक्तक भनिन्छ भनेका छन् ,यस अन्तर्गत कविताका ज्यादै साना संरचनाहरू समेटिन्छन्। छोटो छरितो भनाइबाट व्यङ्ग्य प्रहार गर्ने कविताको एक झिल्कालाई मुक्तक मानिन्छ। यस्तो कविताको संरचना निकै सानो हुन्छ तर आफैमा पूर्ण हुन्छ। यो सर्जकका मनमा तत्काल जन्मन्छ अनि तत्काल समाप्त भएर जान्छ। कविताका यस्ता स्वरूपमा दुई, तिन वा चार पाउसम्मका मुक्तक, हाइकु, सायरी र लोकसूक्तिहरू पर्दछन् । कविताको अर्को लघु रूप मानिने फुटकर कविता गद्य र पद्य दुवै भाषामा रचिन्छ। पद्यमा दुई श्लोकभन्दा बढी र गद्यमा दुई अनुच्छेदसम्मको रचना यसभित्र पर्दछन्। कविताको लघु एकाइमा सानो घटनालाई सीमित घेरामा राखी भावपूर्ण, मिठासपूर्ण तरिकाले प्रस्तुत गरिएको हुन्छ। यस्ता रचनामा आख्यान तत्वको प्रयोग लघुतम रूपको अपेक्षा स्थूल रूपमा गरिएको हुन्छ। यसरी आख्यानको सूक्ष्मतालाई अपेक्षित मानिएकाले यी रचनाहरूका अभिव्यक्तिमा विविधता नआई भावमा समेत एकरूपता भएको हुन्छ। कस्ता रचनाहरूमा कविताको लघु

रूप समेटिएको हुन्छ भन्ने सन्दर्भमा वासुदेव त्रिपाठीको भनाई उल्लेखनीय रहेको छ – "पत्र - पत्रिका र कवि गोष्ठीमा प्रस्तुत गरेका अधिकांश साना कविता कृतिहरू फुटकर कविता नै हुन् , जसले कविताको लघु रूपको प्रतिनिधित्व गर्दछन् "- यस कुराबाट के स्पष्ट हुन्छ भने ।भावनाको संक्षिप्त पोखाइ भएको फुटकर रचना नै कविताको लघु रूप हो

यसरी नै कविताको मझौला रूप भएको खण्डकाव्य र लामो कविता पनि हो। कविताको ज्यादै विस्तृत र ज्यादै सङ्कुचित नभएको रचनालाई मझौला रूप भनिन्छ। यस्ता रचनामा एक विषय, एक घटना, एक सन्दर्भ र जीवनको एक पक्षको उद्घाटन भएको हुन्छ। अनुभूतिको उत्तरोउत्तर वृद्धि र विकास हुँदै जाँदा कविताको आख्यान तन्तु र संरचनागत सुगठनलाई अँगाल्न पुग्दछ त्यस अवस्थामा कविता मध्यम आयाममा प्रवेश गर्दछ। यसैले कविताको मझौला आयामलाई खण्डकाव्य वा लामो कविता भनिने गरिन्छ। विषयवस्तुको आयाम विस्तार, आख्यान र संरचनाका कारणले गर्दा कविताको मझौला रूप फुटकर कविताबाट छुट्टिन थाल्दछ। कविताको मझौला रूपमा आख्यानलाई अनुभूतिसँग घोलेर प्रस्तुत गरिएको हुन्छ। आख्यानयुक्त रचना र सुगठित संरचना भएको कविताको आयाम नै कवितामा मझौला रूप हो र यो लामो कविता र खण्डकाव्यमा विभक्त भएको हुन्छ।

कविताको बृहत् रूप मानिने महाकाव्य कविता कै सबैभन्दा ठूलो आयाम हो। यसमा कविताका लामा रचना र खण्डकाव्यभन्दा माथिका सबै सिर्जनाहरू समेटिन पुग्दछन्। यस्ता रचनाको सिर्जना बृहत आख्यानीकरणबाट मात्र सम्भव हुन्छ र यसमा जीवन जगतको सर्वपक्षीय अध्ययन भएको हुन्छ। कविताले जब सिङ्गो युग, जीवन र समाजलाई बोकेर हिँड्न लाग्छ र अनुभूतिको आख्यानीकरणमा कवित्वको महाप्रवाह

बहृन थाल्दछ तब कविताको बृहत् रूप महाकाव्य प्रकट हुन्छ। कविताको यस्तो आयाममा जीवन जगतको सिङ्गो प्रस्तुति, खण्डयोजना, सन्धि, अर्थ प्रकृति र कार्यावस्था जस्ता प्राविधिक कुराको संयोजन गरिएको हुन्छ। कविताको बृहत् रूप चाही अनुभूतिको महाप्रवाह, जीवनको सिङ्गो अभिव्यक्ति, मानव सभ्यता र समाजको सिङ्गो इतिहासलाई बोकेको विराट संरचना र आख्यानलाई बोकेको कविताहरूको स्वरूप हो। कविताको विस्तारित आयामयुक्त यस्तो रूपले सिङ्गो युगलाई नै आत्मसात् गरेको हुन्छ। कविताको बृहत् रूप विकासशील अवस्थामा रहेको हुन्छ र यसको प्रवाह निरन्तर रूपमा चलिरहेको हुन्छ। जसले गर्दा कविताको बृहत् आयाम ललित महाकाव्यबाट माथि उठेर आर्ष महाकाव्यका तहसम्म पनि विस्तारित हुन पुग्छ। यसकारण कविताको बृहत् आयाममा विकसित र विकासशील, ललित र आर्ष महाकाव्य समेटिन पुग्दछन्।

दृश्य र श्रव्य मध्ये श्रव्य अन्तर्गत पर्ने ललितकलाका विभिन्न विधामा भाषाकै माध्यमले अभिव्यक्त हुने विधा साहित्य कविता हो। अभिव्यक्तिका माध्यममा देखापर्ने छन्द, अलङ्कार र शैलीमा कविताको सिङ्गो स्वरुप (मुक्तकदेखि महाकाव्यसम्मको) अलगिन्छ भने भावगत विस्तारमा आख्यानात्मक स्वरुप तन्काइको विन्दु अगावैको अवस्था चाहिँ कविता उपविधा अन्तर्गतको अवस्था हो। संरचना र आयामका दृष्टिले विश्व कवितात्मक स्वरुपतिर दृष्टि दिदा पूर्वीय काव्यपरम्परा र पाश्चात्य काव्य परम्परामा निकै भिन्नताहरु भेटिन्छन्। पूर्वीय संस्कृत काव्य परम्परामा बैद्धिक कालदेखि नै द्विपद्वी, त्रिपद्वी, चतुष्पदी जस्ता कविताका मसिना स्वरुप (जसलाई हामी लधुम र लघुरुपको संज्ञा दिन्छौ) भेट्न सकिन्छ। यही क्रम अगाडि बढ्दै आउँदा कुनै कालखण्ड विशेषमा संस्कृत परम्परामै पनि यसको स्वरुपमा एउटै रुप देखा पर्दछ। अर्थात्

लौकिक संस्कृतपरम्परा शुरु हुनासाथ कविताको चतुष्पदी स्वरुप मात्र देखा परेको पाइन्छ।

यस बिचमा पनि ध्वनिवादी आचार्य आनन्दबर्धन र अभिनव गुप्तले प्रतिवादन गरेका विचार अनुसार – मुक्तकदेखि कुलकसम्मका पाँच, खण्डकाव्य, कलात्मक - विकासशिल गरी दुई महाकाव्यसम्म तथा तारवली र रत्नावली दुई गरी जम्मा दश श्रेणी देखिन्छन्। यसमा चाहिँ मुक्तक देखि कुलकसम्म तथा तारावली र रत्नावली समेत गरी नौ श्लोकसम्मकालाई फुटकर कविता अन्तर्गत र पर्यायवन्ध देखि सर्गबन्ध सम्मका संस्कृत परम्पराका सम्पूर्ण कविता–आयामलाई मोटामोटी मुक्तक, फुटकर, खण्डकाव्य र महाकाव्य (ललित र आर्ष महाकाव्य समेत) गरी चार वर्गमा समेट्न सकिन्छ। एक हिसावले झिना - मसिना विश्लेषणलाई बिर्सने हो भने पूर्वीय काव्यजगतको भन्दा पाश्चात्य जगतको संरचना र आयाम वर्गीकरण नै अधिकारिक देखिन्छ र पूर्वीय वर्गीकरणलाई पनि लघु मझौला र वृहत्का रुपमा राख्दा ठीकै ठहर्छ। लघु अन्तर्गत मुक्तकदेखि लामा तर खण्डकाव्यको आकार ग्रहण गर्नु अघिका कवितात्मक स्वरुपलाई लिन सकिन्छ।

मझौला अन्तर्गत ललित महाकाव्यको स्वरुप ग्रहण गर्नु अघिका खण्डकाव्यसम्मका कवितात्मक सीमालाई लिन सकिन्छ। वृहतअन्तर्गत आख्यानात्मक स्व्रुप ग्रहण गरेर जीवनका जन्मदेखि मृत्युपर्यन्तका सम्पूर्ण घटनाचक्र र त्यसअन्तर्गत पर्ने जगतका घटना परिवेश लगायतका परिदृश्यलाई आत्मसात् गर्न सक्ने महाकाव्यका दुवै रुप ललित र आर्षमहाकाव्य देखापर्दछन्। खण्डकाव्यका स्वरुपमा चाहिँ पूर्ण आख्यान समाविष्ट भएको पनि हुन सक्छ र चूर्ण आख्यान मात्र पनि हुन सक्तछ। यो चूर्ण आख्यानको समाविष्टि चाहिँ लामा कवितामै भई

सक्ने भएकाले र चूर्ण आख्यानलाई नै खण्डकाव्य अन्तर्गत राख्ने मान्यता प्रतिस्थापित गर्ने हो भने लामा कविताको विभाजन अनावश्यक ठहर्छ। पश्चिमी साहित्य जगतमा भने कविताका मूलतः दुई रुप –फुटकर र वृहत् मात्र देखापरेका पाइन्छन्। यसै सन्दर्भमा नेपाली कवितालाई नियाल्दा प्रस्तुतिकरण , संरचना र आयामका दृष्टिले लघु, मध्यम र वृहत् ने सर्वस्वीकार्य देखिन्छन्।

कसै - कसैले भने यिनै तीन भेद्अन्तर्गतका "लघु" र "लघुम" र वृहतलाई गरी पाँच भेदतिर सङ्केत गरेको पनि भेटिन्छ। यस अन्तर्गत लघुQममा एकश्लोकी देखि लिएर दश, बाह्र पङ्क्ति सम्मका चोखा भाव मात्र भएका अर्थात् आख्यानात्मक चुर्णाशसमेत नभएका मुक्तक कविताहरु पर्दछन्। वृहत्तर अन्तर्गत चाहिँ विकासशिल महाकाव्यसम्म आउँछिन्। वास्तवमा विकासशिल महाकाव्यको सैद्धान्तिक मापदण्ड वर्गीकृत भए पनि महाभारत बाहेकका विशुद्ध मौलिक महाकाव्यको लेखन चाहिँ नेपाली साहित्यमा भएको भेटिन्न।

यसरी पूर्वीय – पाश्चत्य आचार्यहरूले गरेको कविताका संरचनाको आधारलाई निर्कोल गर्दा निम्न बुँदामा वर्गीकरण गरेर हेन सक्छौं।

1) लघुत्तम रुप – मुक्तक (चारदेखि दश बाह्र पङ्क्तिसम्मका कविता)

2) लघुरुप - फुटकर कविता (Short Poem)

3) मझौलारुप – खण्डकाव्य (Long Narrative Poem)

4) वृहत्त रुप – ललित महाकव्य (Epic of rt)

5) वृहत्तर रुप – विकासशील महाकव्य (Epic of Growth)

अहिलेसम्म पनि संसार कै जेठो विधाका रुपमा कविता विधालाई लिइन्छ। भाषा, भाव, लय, सङ्गीत– चेतना लगायत बाह्यान्तरिक दुवै संरचनाका दृष्टिले अत्यन्त सुसङ्गठित हुने र छोटो समयमै सिर्जना गर्न सकिने अनि छोटै समयमा मनोवञ्छित खुराक पनि भावकले चाहेअनुसार नै स्वाट्ट दिन सक्ने क्षमतावाहक विधा भएकोले पनि यो सम्पन्न एवम् दीर्घजीवि भएको हुन सक्छ। अर्को अर्थमा भन्नु पर्दा सानो र सरल आकार – आकृतिमा अपेक्षाकृत सम्पूर्णताको वोधसमेत गराउन सक्ने भएकोले पनि यसको मूल्य – मान्यता दिन - दिनै बढ्दोछ। अझ भौतिक सुखस्वादका आस्वादनतिर एकछत्र एकोन्मुख हुँदै गएको समाज र प्राप्तिका वैज्ञानिक जटिलताभित्र जेलँदै गरेको विश्वमा तपस्यामग्न तपस्वी वाहेकका मानिसलाई लामालामा आकारका – खण्डकाव्य, ललित आर्षजस्ता महाकाव्य अध्ययनको समयाभावले पनि कविताको महत्वबृद्धिमा थप योगदान पु¥याएको छ। यो जटिलता घट्ने सम्भावना जसरी छैन त्यसैगरी कविताको अवमूल्यन भई अर्कोविधा ह्वान अगाडि जाने सम्भावना पनि नभएकोले यसको वर्तमान समुज्वल छ , सुदूर भविष्य पनि समुज्वल भएकामा विद्वानहरु एकमत देखिन्छन्।

कविता विधाको आफ्नै मोटामोटी बाह्य - आन्तरिक ढाँचा वा रुप संरचना हुन्छ र यसका मुक्तकदेखि आर्ष वा विकासशील महाकाव्यसम्मका उपविधाका आफ्ना खास स्वरुप संरचना तथा कतिपय वैकल्पिक सम्भावनासमेत हुने गर्दछन्। कविता उपविधाको उप - उपविधा लघुत्तम रुप आकारका दृष्टिले सानो भएपनि अन्तर कवितात्मक तत्व सुसङ्गठनका दृष्टिले अत्यन्त कसिलो हुन्छन्। स्वाट्ट एक पलमै भन्न सकिने, चस्स हृदय छुने र आहा ! को अन्तध्र्वनि अपर्झट मुखबाट उच्चारण गराउन सक्ने क्षमतावान भएकोले यो बिध्यातुतरङ्ग सञ्चरणझैं

भावकमा सम्प्रेष्य हुन्छ , यस अन्तर्गत मुक्तक वा टुक्रा, गीत, गजल, लोकसूक्ति, उखान - टुक्का समेतलाई राख्न सकिन्छ।

भारतेली नेपाली कविता रहेको अर्को मुख्य घटक बुनोट हो। बुनोट शब्द अङ्ग्रेजी टेक्सचर ( Texture ) - को नेपाली रूपान्तर हो। टेक्स धातुमा उरे प्रत्यय जोडिएर बनिएको टेक्सचर शब्दको शाब्दिक अर्थ बस्त्रमा आन र तानको रूपमा प्रयोग हुने धागोको बिन्यास भन्ने बुझिन्छ। अङ्ग्रेजी विद्वान् केटी वेल्सले ए डिक्सनेरी अफ् स्टयालिष्टिकमा बुनोटको उत्पत्ति गति, रूप र स्थानको त्रिआयमिकबाट भएको मानेका छन्। अङ्ग्रेजी विद्वान् जे. ए. कुडडनले कृतिको आकृति र बाह्य वा तलीय गुणलाई बुनोट भनेका छन्। शैलीविज्ञानसित सम्बन्धित यस शब्दले कृतिमा संरचनाले पूर्णता दिन नसकेको कार्य यसले गर्दछ। यसैले कुनै बस्तुको द्रष्टिपटलीय अंश वा अवयवलाई बुनोट भनिन्छ। संरचनाको विपरीत बुनोट रूपगत वा द्रष्टि पक्षसित सम्बन्धित हुन्छ। यो कृति वा पाठको निजी अभिलक्षण हो। यसैको कारण भारतेली नेपाली कविता तथा पाठहरू गुणयुक्त र आहलादकारी बनेका छन्।

काव्य वा साहित्यमा छन्द, अलङ्कार, बिम्ब, प्रतीक, कथानक, कथावस्तु, चरित्र, पात्र आदिको सिर्जना नै बुनोट हो। यो कविताको भाषा, शब्दकला आदिको प्रयोगसित जडित हुन्छ। बुनोट कृतिमा संवृत र बिबृत रूपमा रहेको हुन्छ। यसलाई कुनै पनि कविता लेखनको परिवेश वर्णन गर्ने लक्षणको रूपमा मानिन्छ। साहित्यिक कृति र कविताका बुनोटभित्र भाव, विचार, आशयदेखि प्रयोग भएको भाषा, लेखन शैली, बिम्ब, प्रतीक, छन्द, अलङ्कार, लय आदिको संरचक घटकहरू पर्दछन्। यसर्थ कृतिको

आधारभूत संरचना तथा अर्थ भन्दा भिन्न बाह्य तत्त्व वा घटकलाई बुनोट भनिन्छ।

भारतेली नेपाली कवितामा बुनोटको प्रयोग नवसमालोचनादेखि भएको मानिन्छ। नवसमालोचक जोन क्रो र्यान्समले यस शब्दलाई विशेष महत्वका साथ प्रयोग गरेका थिए। उनले कविताको भावनुवाद गर्न सकिने बौद्धिक बिषयवस्तुको लागि बुनोट शब्दको प्रयोग गरेको मानिन्छ। र्यानसमले कुनै पनि कृतिको निर्माण सार्वभौम र स्थानीय दुईथरीका तत्वले हुँदछ भनेका छन्। सार्वभौम तत्वले नित्य रूपमा अनि स्थानीय तत्वले अनित्य वा सञ्चारी रूपमा कृतिको अर्थलाई प्रष्ट्याउँदछ। यी दुवैको योग भएर पाठको बुनोट प्याजको पत्र झैँ उप्किन्दै वा खुलिन्दै जान्छ भनि उनले भनेका छन्। यसर्छ बुनोट भन्नाले पाठमा प्रयुक्त शब्दहरूका आन्तरिक र बाह्य अर्थबाहेक गुणलाई पनि बुझिन्छ। बुनोट कविताको संरचना जस्तै अपरिहार्य तत्त्व हो। आख्यानमा प्राण भर्ने बुनोटले एउटा कृतिलाई अर्को कृतिबाट पृथक तुल्याउँछ। मूलरूपमा कवितागत् शैली चयन, भाषा प्रयोग, आलङ्कारिकता आदिद्वारा कृति उत्कृष्ट र निकृष्ट बन्दछ। यसैले कवितामा पाइने यी सबै घटक नै बुनोट हुन्। बुनोटको कारण कविता पूर्ण, रसात्मक र पठनीय मात्र नभएर प्रभावकारी र प्रसिद्ध पनि बन्दछ। आख्यान, पाठ आदिको मूल्य मापन, उत्कृष्टता यसले नाप्दछ।

चूडान्तमा हामीले कुनै कृति अध्ययन वा पढ्दा त्यस कृतिको शब्द प्रयोग, वाक्य गठन, बिम्बविधान, प्रतीकयोजना, घटना विन्यास, पात्र प्रयोग, सम्बाद योजना आदिद्वारा मक्ख र लठ्ठ हुँदै जान्छौं। यी तत्वहरूले हाम्रो मनका तारहरूलाई स्पर्श गर्दै जान्छ। पछि कृति अध्ययन गरी सकेपछि हामी पुस्तक बन्द गर्छौं र पूर्व पढेका ती शब्दहरू, वाक्य र अनुभूतिहरू

पनि विस्तारै हराएर जान्छन्। तर कृतिगत् प्रभावको एउटा साझा रूप हामीमाझ मानसपट र ह्रदयमा बिम्बात्मक रूपमा रहन्छ। आख्यान जस्तै कवितामा पनि यो हुनको मूख्य श्रेय संरचना र बुनोटलाई दिन सकिन्छ। यस्ता प्रवृत्तिका कविता लेख्ने भारतेली नेपाली कविहरूमा कवि मनप्रसाद सुब्बा, राजेन्द्र भण्डारी, रेमिका थापा, सुधिर छेत्री, बासुदेव पुलामी, जय क्याकटस, मनोज बोगटी, उमेश उपमा, शरण मुस्कान, छुदेन काविमु आदि प्रमुख छन्।

## 4.3 भारतेली नेपाली कविताको शैली

संस्कृत भाषाको शील शब्दबाट शैली शब्दको उत्पत्ति भएको हो। यसको उत्पत्तिगत अर्थ लक्षण, स्वभाव, चरित्र आदि बुझिन्छ। संस्कृतको शील शब्दले सिउनु, उन्नु, तुन्नु र बुन्नुलाई पनि जनाउँने हुनाले शैली भनेको भाषालाई प्रस्तुत गर्ने ढङ्ग, पद्धति, विधि वा तरिका हो। मूलत: भाषाअन्तर्गत शब्दयोजना र वाक्यविन्यास पर्दछन्। शब्द र वाक्यहरू जति सहज, सरल, स्वाभाविक, सार्थक र सुगठित हुन्छन्, त्यो कृति त्यति नै प्रभावकारी बन्दछ। यहीअनुरूप लेखकले प्रयोग गर्ने भाषा लेखनलाई शैली भनिन्छ। यसअतिरिक्त साहित्यमा विषय, कथाबस्तु, घटना, पात्र, देशकाल र वातावरण आदि सामग्रीहरू तयार भइसकेपछि साहित्याकारले तिनीहरूलाई रूप दिने जुन बाटो वा तरीका अप्नाउछन् , त्यस ढाँचालाई शैली भनिन्छ। साहित्यकारले कुनै पनि बिषवस्तु रोजीसकेपछि त्यसलाई जुन तरीकाले प्रस्तुत गर्दछ, त्यस ढङ्ग र प्राण – प्रतिष्ठाको लागि आवश्यक शरीर नै शैली हो। यसको निर्धारण साहित्यमा घटना र कथावस्तुको आधारमा हुन्छ।

Notes

कवितामा शैलीको भन्दै महत्व र मूल्य रहन्छ। यसलाई कविहरूले कविता – काव्यमा भाषाका माध्यम प्रकट गर्ने गर्छन्। कवितामा शैली गध र पध दुवै रूपमा प्रकट भएका हुन्छन्। शैलीमा कवितात्मक भाषा हुन जरुरी छ। जसमा बिम्ब, अलङ्कार तथा प्रतीक आदि व्यक्त हुन्छ। भाषाशैलीले कवितालाई प्रभावकारी बनाउँछ। शैली व्यक्ति पिच्छे फरक फरक हुन्छन्। सरल, आलङ्कारिक, नाटकीय, वर्णनात्मक आदि शैली कवितामा प्रयुक्त हुन्छन् । कविताको कलापक्षसित सम्बन्धित तत्त्व शैली हो। यसलाई शब्दतत्त्व पनि भनिएको पाइन्छ। कविले जुन भाषागत् न रवा पद ्धतिमा आफ्नो अनुभूतिलाई अभिव्यक्त गर्छ त्यसैलाई शैली अलङ्कारको प्रयोग ,शब्दचयन ,भनिन्छ। यसअन्तर्गत भाषा शब्दको उपयोगका साथै कविताको स्वरूप आदिको समावेश हुन्छ। शैलीलाई पूर्वीय विद्वान्हरूले काव्यको शरीरतत्त्वको रूपमा परिभाषित गरेका छन्। शैलीको आधारतत्त्व भाषा हो। शैली कविताको बाह्य अङ्गसित सम्बन्धित हुन्छ। कवितामा शैली र भाव दुवैको समुचित समन्वय हुन अनिवार्य हुन्छ। यसैले भाव तथा विचार शैलीको सङ्गठित रूप , नै कविता हो।

काव्यका शैली तत्त्वहरूमा भाषा, छन्द, अलङ्कार, प्रतीक, बिम्ब, लय आदि पर्दछन्। भावको अभिव्यक्तिगत सशक्त माध्यम भाषा हो। कवितामा प्रयोग गरिने भाषा अन्य साहित्यिक विधाहरूको तुलनामा भिन्नता हुन्छ। कविताको भाषा लयात्मक र कोमल पदावलीयुक्त कान्तसम्मित आग्रही हुन्छ। भाषाद्वारा नै कवितामा लाक्षणिक र व्यञ्जनात्मकका साथै प्रतीक र बिम्बहरूको यथा प्रयोग गरिएको हुन्छ। प्रतीक र बिम्बको प्रयोगद्वारा नै कवितामा कविहरूले शैलीको विशिष्टता प्रदान गर्दछन्। यसका साथै कवितामा लयको आफ्नै महत्त्व रहेको हुन्छ। साहित्यका अन्य विधाहरूबाट कवितालाई छुट्याएर अलग गराइ स्पष्ट चिनाउने आधार नै

लय विन्यास हो। कवितालाई गति प्रदान गर्ने तत्त्व नै लय हो। आज छन्दविना पनि कविता हुन्छ तर लयविना कविता हुँदैन। त्यसरी नै अलङ्कार पनि कविता शैलीको आधारभूत अङ्ग हो। अलङ्कारको संयोजनले गर्दा कविता चमत्कारयुक्तसौन्दर्यपूर्ण र आकर्षक एवम् , भावशाली हुन्छ।प्र

कविता छन्दोबद्ध र छन्दमुक्त दुई भाषिक परिपाटीमा लेखिएको पाइए पनि आज छन्दोबद्ध कविता लेख्ने प्रचलन धेरै घटेर गएको छ। सुरुमा पद्यलाई कविता भनिन्थ्यो जुन छन्दमा लेखिन्थे तर आधुनिक युगमा कविता छन्दमा लेखिन छाडे। यसैले पद्य र गद्य कविताको भाषिक विन्यासमा प्रशस्तै भिन्नता रहेको बोध गरिन्छ। कविता लयात्मक, ,सौन्दर्यात्मक बिम्बात्मक ,प्रतीकात्मकर आलाङ्कारिक हुनाले यसको भाषाशैली पनि अन्य साहित्यको विधाहरूभन्दा विशिष्ट र कोमल हुन्छ।

शैलीको आधारमा साहित्यलाई तीन भागमा विभक्त गरिने कुरा विद्वानहरूले बताएका छन्। ती हुन् – गध्य, पध्य र चम्पू। भनिन्छ – 'जहाँ कविता हुन्छ, त्यहाँ छन्द हुन्छै हुन्छ।' तर हामीले छन्दयुक्त कवितालाई पध्य र छन्दमुक्त कवितालाई गध्य कविता भन्छौं। गध्य र पध्य मिसिएको रचनालाई चम्पू भन्दछ। यसर्थ भारतेली नेपाली कवितालाई शैलीको आधारमा अध्ययन गर्दा मूलत: तीन प्रकारका शैलीहरू भारतेली नेपील कवितामा प्रयोग भएका पाउँछौ। ती हुन् –

पध्य शैली

गध्य शैली र

चम्पू शैली।

भारतेली नेपाली कवितामा पध्य शैलीको प्रयोग

संस्कृत भाषाको ' पद् ' धातुमा ' ध्य ' प्रत्यय लागेर बनिएको पध्य शब्दको शाब्दिक अर्थ चरण वा पाउ हो। यसअनुरूप कुनै चरण वा पाउ, पद आदिमा बाँधिएको शास्त्रीय वा लौकिक छन्दोबद्ध रचनालाई पध्य भनिन्छ। तर पध्यमय भाषामा लेखिएको सबै रचनालाई कविता मान्न सकिन्न। कविता गध्यमा पनि लेखिन्छ। छन्दोबद्ध रचनालाई कविता होइन, पध्यकाव्य भनिन्छ। संस्कृतमा ' छन्दोबद्ध मर्म पध्यम् ' भनिएको छ। यसअनुसार छन्दमा बाँधिएको रचनालाई मात्र पध्य मानिन्छ। पध्य मस्तिष्कसित सम्बन्धित हुन्छ। यसमा कोमलता, संवेग, कल्पना, अनुभूति र चिन्तन हुन्छ। पध्य शैलीका लेखकलाई गायक झैँ मानिन्छ। यो कोमल, ललित, गुढार्थ, प्रतीक - बिम्बयुक्त, छन्दमुखी हुन्छन्। अत : कोमल – लयात्मक पदवालीमा लेखिएको, सेक्षिप्ततायुक्त, आलाङ्कारिकभाषा तथा छन्द, अलङ्कार, रस आदि प्रयोग गरिएको रचना साथै काव्यात्मक भाषाजनीत कविताको शैलीलाई पध्य शैली भनिन्छ। यसमा सरसता र सङ्गीतात्मकता रहन्छ।

पध्य शैलीको मूख्य विशेषता नै कृतिमा सोन्दर्यपन, कलात्मकता, कल्पनाशीलत, सङ्गीतप्रधान, मनोवेगको समन्वय गर्नु आदि हो। पध्य शैलीमा मूख्यरूपमा लयात्मकता रहेको हुन्छ। यसले मानव अन्तष्करणको मूर्त र कलात्मक रूपलाई व्यञ्जित गर्दछ। यसमा सङ्गीत, छन्द, तुक, मात्रा, स्वराधात, अनुप्रास, पुनरावृत्ति, रूपक आदि रहन्छ। यस अतिरिक्त पध्य शैलीले मन र मुटु दुवैलाई एकैसाथ छुने हुनाले यो संवेदनशील र भावात्मक हुन्छ। यसमा कोमल अनुभूतिको लयात्मक लहर रहेको हुन्छ। मूलत: सरस गेयारमक अभिव्यक्तिलाई पध्य शैली भनिने भए तापनि यो

बन्धन मुक्त हुँदैनन्। यसमा छन्द, अलङ्कार, पुनरावृत्ति, लय, ताल, शुर, गति, यति आदि कुराहरू रहेका हुन्छन्।

पाश्चत्य विद्वान् हर्वट रिजले शब्दले बार – बार जन्म लिएर लेखिएको रचनालाई पध्य भनेका छन्। यसर्छ पध्य शैलीमा शब्दको नयाँ सृष्टि भइरहन्छ। यस शैलीमा विचारको तर्कसङ्गत क्रम, वर्णनमा सजीवता, कल्पनायुक्त, चित्रयोजना, सहजता, लयपूर्ण, उक्ति – सौन्दर्य, ओज र संयमपूर्ण हुदछ। पध्य शैलीमा वाक्यरचनालाई एकाई बनाएर पुनरावृत्तिद्वारा तीब्रता दिइएको हुन्छ। नेपाली साहित्यमा लेखनाथपूर्वका सम्पूर्ण नेपाली कविता पध्यमा लेखिएको पाइन्छ। पहिलो नेपाली कविता ई. 1393 मा लेखिएको विष्णुदास आचार्यको बडेराजा मलयबम्म र सुवानन्ददासको पृथ्वीनारायण कविता पनि पध्य शैलीमै लेखिएको छ। यी कविताहरूमा खाँडो जगाउने लोकलय छन्दको प्रयोग पाइन्छ। त्यसपछि कवि शक्तिबल्लभ अर्याल, उदयानन्द अर्याल, बसन्त शर्मा, इन्दिरस आदिका रचनाहरू सबै पध्य शैली मै लेखिएका छन्। यस अतिरिक्त आफ्ना रचनामा छन्दलाई महत्व दिँदै लेखनाथ पोड्यालले शिखरिणी, बालकृष्ण समले अनुष्टुप, माधव धिमिरेले मन्दाक्रान्त, लक्ष्मीप्रसाद देवकोटाले जातीय लोकछन्द आदिको प्रयोग गरेका पाउँछौं।

भारतेली नेपाली कवितामा पध्य शैलीको प्रयोग विशेष सवाई र लहरी साहित्य तथा प्राथमिक कालमा रचिएका काव्यहरूमा पाइन्चन्। दार्जिलाङका कवि वा सवाईकार डाकमान राईको दार्जिलिङमा तत्कालीन समयमा आएको भिषन पैह्रोको वर्णन गर्दै लेखिएको सन् 1899 मा **दार्जलीङ्गका पैराको सवाई** (दार्जिलिङका पैरोको सवाई) सवाई कृतिमा पध्य शैलीमा प्रयोग यसरी भएको छ –

*भन्नलागे दुनीत्रा मनै बुझाऊंछन्।*

*कँहाँ मेरा छोराछोरी भनि सुध्याऊँछन्।।*

*राजबाडी डालिहट्टा सिरीङ पारी चङ्थुङ।*

*वारीपारी काक्रा चिराइ भत्की गए भाङभूङ।।41।।*

यसरी नै सुरवीर गुरूङले ईश्वरप्रतिको भक्तिभावलाई लिएर लेखिएको **भक्तिको सवाई** मा पनि पध्य शैलीमा राम्रो प्रयोग पाइन्छ। कवि गुरूङले यस सवाई कृतिमा उनले तत्कालीन दार्जिलिङ्गे नेपालीहरूलाई वेद, पुराण, उपनिषद् आदि धार्मिक ग्रन्थको पाठ गराउदै उनीहरूमा अध्यात्मको ज्ञान भर्न चाहेका छन्। मूलत: तत्कालिन नेपाली समाज अशिक्षा, अज्ञान, छुवाछुत, अन्धविश्वास र कुरीतिहरूले भरिएको थियो। यस्तो समाजबाट मुक्ति दिलाउदै नेपालीहरूमा ईश्वर भक्ति छर्नहेतु प्रस्तुत सवाई कृतिको रचना गरेका थिए। यस कृतिमा पध्य शैली यसरी प्रयोग भएको पाइन्छ –

*संसारको मोहमा भूलेर अहिले।*

*अर्ति बुद्धि उपदेश मीठो हुन्थ्यो कैले ?*

*जो जान्ने पुरूषले सिद्ध भक्ति गरनू।*

*न भूलनु एक दिन छ मरनु।।20।।*

सवाईका अतिरिक्त लहरी साहित्यमा पनि पध्य शैलीको भरमार प्रयोग भएका छन्। भारतेली लहरी स्रष्ट्रा बम्बबहादुर लिम्बुको **ज्ञान – लहरी**मा तत्कालीन नेपाली समाजमा विशेष ज्ञान र शिक्षा छर्न चाहदै आलङ्करिक लहरी शैलीमा यसरी लेखेका  छन्। उदाहरण –

*लुगार गहनो लाएर, ज्यादा शरीरै सिंगारी।*

*नगर ढाँचा हे दिदी बहिनी, हुइन्छ भिकारी।।*

*पहेंली पुर सुन र चाँदी, डाकुको सिकार।*

*मन भित्र, बाहिर मैलो  पहेंली बहुतै धिकार।।*

यसरी नै सन्तकवि ज्ञानदिल दासको **उदयलहरी**को पङ्कतिहरूले शैलीको प्रयोग यसरी भएको पाइन्छ –

*ग्रह गोचरको जाप गर भन्छन्।*

*सुझ न बुझ अम्ला मात्रै गन्छन्।।*

*क्या गर्छौं ज्योतिष हो अभागो तालो।*

*देख्छौ त भन्छौ नजरमाथि जोलो।।*

पध्य शैली अन्तर्गत छन्दयुक्त कविता, फुटकर, मुक्तक, गीत, श्लोक, हाइकु, लहरी, सवाई, गजल, गीतिकाव्य, नव्यकाव्य, खण्डकाव्य, महाकाव्य आदि पर्दछन्। यसमा स्फुट कविताका सम्पूर्ण भेदहरू पनि पर्दछन्। पध्य शैलीको लेखकले रचनाको आकार – प्रकार, पङ्क्ति र पाउ, शब्द, अर्थ र ध्वनिको विन्यासक्रममा ध्यान दिनु पर्दछ। वस्तुत : विलियम वर्डस्वर्थले गध्य र पध्यको भाषामा कुनै अन्तर न हुन्छ , न त हुनै सक्छ भनेका छन्। तथापि यी दुवै एउटै कुरो होइन। गध्य शैली जगतसित सम्बन्धित हुन्छ भने पध्य शैली जीवनसित सम्बन्धित हुन्छ। गध्य कथ्यशून्य रहित हुँदैन भने पध्य भावशून्य रहित हुँदैन। गध्यमा विचारको प्रधानता रहन्छ भन् पध्यमा भावुकताको प्रधानता रहन्छ।

## 4.4.2 भारतेली नेपील कवितामा गद्य शैलीको प्रयोग

संस्कृत भाषाको ' गद् ' धातुमा ' ध्य ' प्रत्यय मिलेर बनिएको गध्य शब्दको ब्युत्पत्तिगत अर्थ वाक्यहरूको माला हो। सामान्यत्य मानिसले बोल्ने र लेख्ने छन्दरहित साधारण व्यवहारको भाषालाई गध्य भनिन्छ। हामीले दैन्दिनि जीवनमा प्रयोग गर्ने, साधारण बोलचालमा प्रयोग गर्ने भाषा गध्य हो। यसको क्रम स्वाभाविक हुन्छ। छन्दमुक्त, पदविन्यासमा स्वतन्त्रतता, सरल र सहज भाषा शैलीलाई गध्य भनिन्छ। अङ्ग्रेजी साहित्यमा यसलाई प्रोज ( Prose ) भनिन्छ। संस्कृत साहित्यमा गध्य भन्नाले कथा र आख्यायिका (उपन्यास) – लाई बुझिन्छ। बैदिक बाङ्मयमा छन्दोबद्ध नभएको रचनालाई गध्यरूप मानिन्छ।

कुनै पनि भाव तथा विचार अभिव्यक्त गर्ने माध्यम भाषा हो। यही भाषालाई अभिव्यक्त गर्ने लेखकहरूको तरीका वा ढङ्गलाई शैली भनिन्छ। गध्यमा गध्यकार र उसले सृजना गरेका पात्रहरूले बोल्ने विभिन्न भाषा हुन्छन्। तर पात्रहरूले बोल्ने विभिन्न भाषा भए तापनि गध्यकारको भने आफ्नै एउटै भाषा हुन्छन्। यही एउटै मूलस्रोत भाषालाई गध्यकारले पात्रका माध्यम अभिव्यक्त गर्ने ढङ्गलाई गध्य शैली भन्न सकिन्छ। अत: सामान्य भाषामा लेखिएको, सर्वसाधारणजनित, लोकभाषा तथा उखान, टुक्का र वाग्धरा प्रयोग गरिएको रचना साथै कवितात्मक भाषारहित बोलचालको शैलीलाई गध्य शैली भनिन्छ। यस शैलीको लेखनमा लेखकलाई कुनै बन्धन हुँदैन। यसमा कुनै पनि कथाको वर्णन गध्यमा गरिन्छ। जस्तै - जयशंकरको **कमायनी** कथा। गद्यमा काव्य रचना गर्नुका लागि कविलाई छंद शास्त्रका नियमहरूदेखि स्वच्छंदता प्राप्त हुन्छ।

गध्य शैलीले भावनाको तीव्र प्रभावलाई संरक्षण गरेर सह्रदयलाई प्रभावित तुल्याउँदछ। यस शैलीले रचनामा नैसर्गिक स्वतः ल्याउदछ। यसर्छ गध्य शैलीको लेखक पारङ्गत, परिपक्वता र अनुभवी हुनुपर्दछ। गध्य शैलीको लेखनकला भिन्दै प्रकारको हुनेहुनाले त्यसमा सौन्दर्य उत्पन्न गर्ने क्षमता निपुण्ता र अभ्यासमा भर पर्दछ। मान्छेको सहज र स्वाभाविक अभिव्यक्तिको रूप नै गध्य भएकोले यस शैलीको लय वाक्यरचना नभएर विचारमा भर पर्दछ। साहित्यमा लोकव्यवहार अनुरूपको भाषा, देश, काल, परिस्थितिअनुकूलको भाषा प्रयोग गर्नुपर्दछ। सामान्य पात्रले बोल्ने भाशा र विशिष्ट व्यक्तिले बोल्ने भाषा भिन्दा - भिन्दै हुन्छन्। यी सबैको प्रयोग गध्य शैलीमा भएको हुन्छ। यस शैलीलाई भाषाको बिशेषता मानिन्छ।

गध्य शैली साहित्यमा सहज, स्वाभाविक, विश्वसनीय र सम्प्रेषणीय रूपमा रहेका हुन्छन्। यसको कारण कृति प्रभावमयी, वर्णनात्मक र विवरणात्मक बन्दछ। उखान, टुक्का र बाग्धरा जस्तो वाक्यलाई खिरिलो पार्ने अवयव गध्य शैलीमै प्रयोग भएका हुन्छन्। गध्य शैलीको सम्बन्ध ह्रदयसित हुनेहुनाले यसका लेखक वक्ता जस्तै हुन्छन्। यस शैलीद्वारा साहित्य श्रुति माधुर्य, सोन्दर्य, सरसता, दृष्ययुक्त बन्दछ। गध्य शैली पाठक तथा भावकको सोझै ह्रदयसित सम्बन्धित हुने हुनाले यसले साहित्यमा विशेषतः यथार्थको उद्घाटन, मनस्थितिको विश्लेषण, सरस र गाउँले बोलीको प्रयोग, साङ्केतिकता आदि गर्दछ। यसद्वारा साहित्य आख्यानात्मकता, कौलुहल र रोचकपूर्ण, प्रभावयुक्त, मौलिकता, सुसङ्गठित र स्वत पूर्णता हुँदछ।

भारतेली नेपाली कवितामा गध्य शैलीको प्रारम्भ इतिहास, विज्ञान, सौन्दर्यशास्त्र आदिका भाषाको रूपमा भएको मानिन्छ। पछि यसको

उपयोग कलामा भएको हो। साहित्यमा प्रयोग हुने विभिद शैलीहरू मध्ये गध्य शैली भारतेली नेपाली कवितामा पनि जेठो शैलीको रूपमा प्रयोग भएको मानिन्छ। अन्य भाषाका साहित्यमा झै नेपाली साहित्यमा पनि नेपाली भाषामा लेखिएको सबैभन्दा पहिलो प्रमाणिक ग्रन्थ इश्वी 1312 तीर लेखिएको अशोकचल्लको **ताम्रपत्र** हो। त्यसपछि मेदिनी बर्माको **कनकपत्र**, मुन्सीकृत **तीन आहान**, सदाशीव शर्माको **हितोपदेश मित्रलाभ**, प्रेमनिधि पन्तको **प्रायश्चितप्रदील**, **दिव्योपदेश**, **भाष्वति,** प्रतिमानसिंह तामाको **महाकाल जासुस** आदि कृतिहरू नेपाली साहित्यमा लेखिए। यी सबै कृतिहरू गध्य शैलीमै लेखिएका छन्। यसर्थ साहित्यिक शैलीमा गध्य शैलीको उदयलाई पहिलो मान्न सकिन्छ। तर लोकले रूचाएको जेठो शैली भने पध्य नै हो।

साहित्यका विभिद विधाहरू मध्ये कथा, गल्प, किस्सा, कहानी, आख्यायिका, खण्डकथा, कथालिका, उपन्यास, नाटक, रूपक, निबन्ध, जीवनी, यात्रा साहित्य आदिमा गध्य शैलीको बडी प्रयोग भएको पाइन्छ। यी विधाहरूमा बोलचालको सामान्य भाषा धेरै रूपमा प्रयोग भएका हुन्छन्। साहित्यमा गध्य शैली प्राय : वर्णनात्मक, विश्लेषणात्मक, विवरणात्मक र हार्दिक कोमलतायुक्त हुन्छन्। तथापि साहित्यमा शैलीलाई तीन भागमा विभक्त गर्न गध्य शैलीअन्तर्गत पर्ने विधाहरूको विभाजन गर्न सकिन्छ। ती हुन् –

१. **वर्णनात्मक** - यस अन्तर्गत कथा, उपन्यास, इतिहास, जीवनी, यात्रा साहित्य आदि।
२. **विवेचनात्मक** – यस अन्तर्गत विज्ञान, सौन्दर्यशास्त्र, आलोचना, दर्शनशास्त्र, धर्मशास्त्र, नीतिशास्त्र आदि।

३. **भावनात्मक** – उपर्युक्त विषयका अतिरिक्त निबन्ध, नाटक आदि।

गध्य शैलीलाई मूलरूपमा अफ्नाएर कविता लेख्ने भारतेली नेपाली कविहरूमा अगमसिह गिरी, तुलसीबहादुर छेत्री, नरेन्द्रप्रसाद कुमाई, लक्खीदेवी सुन्दास, बिरेन्द्र, शरद् छेत्री, नरबहादुर दाहाल, जगत छेत्री, सावित्री सुन्दास, देवनम देउसा, बुद्धकुमार मोक्तान आदि हुन्। कवि अगमसिंह गिरीको कविता र काव्यहरूमा विशेषगरी स्वाच्छन्द भाव, प्रकृति चित्रण, जातीय चेतनाको भावना, बिद्रोही स्वर, क्रान्तिकारी विचार, नेपाली जातिको दयनीय स्तिथि र दुर्दशाको उजागार साथै पीडा, वेदना र नैराश्य भाव पाइन्छ। उनको सन् 1959 मा **आत्मव्यथा**, सन् 1966 मा **जीवन – गीत**, सन् 1978 मा **जलेको प्रतिबिम्ब : रोएको प्रतिध्वनि** आदि कविता सङ्ग्रह ; सन् 1955 मा **याद**, सन् 1966 मा **आँसु**, सन् 1971 मा **युद्ध र योद्धा** आदि खण्डकाव्य सबै गध्य शैलीमा रचिएका छन्। आफ्ना कविता लेखनमा सदैव गध्य शैलीलाई नै अनुसरण गरेर कविता लेख्ने कवि गिरीले प्रारम्भमा रोमान्टिक काव्यधारालाई अङ्गाले तापनि पछि गएर कवि गिरीका कविता लेखनले अर्कै मोड लिएको छ। उनी नेपाली समाज र जातिको निम्ति रोएका छन् , अवहेलित, लाञ्छित र पीडित नेपालीहरूका निम्ति बिद्रोही बनेका छन्। मूलत : कवि गिरी स्वयम् पनि बोली, पहिरन, रहन - सहन र संस्कारले खाटी नेपाली भएको हुनाले उनको कविताहरूमा नेपाली जाति भोग्नु परिरहेको दु:ख - पिरप्रति मर्माहित बनेका छन्। यस अतिरिक्त त्यसता अरूको अन्याय र अत्यचार सहेर बाँच्ने नेपालीहरूप्रति उनी आक्रोशित पनि भएका छन्।

कवि अगमसिंह गिरीको **युद्ध र योद्धा** खण्डकाव्य गध्य शैलीको प्रयोग यसरी भएको छ –

*कायर किन बन्नु मैले*

*आफूलाई कुल्चाउँदै लानु किन*

*किचिँदै पैताला – पैतालामा अरूका*

*हाम्रो अस्तित्वको युद्ध अब*

*हिँडिदेऊ बोकेर छाती – छातीमा।*

यसरी नै कवि लक्खीदेवी सुन्दासको **नयाँ घामको प्रतीक्षा** नामक कवितामा गध्य शैलीको प्रयोग यसरी भएका पाउँछौ –

*बौरेलान बलिदान भएका वीरहरू*

*सार्थक होला हाम्रा त्यागहरू*

*ठूला अक्षरमा लेखिएका हाम्रा त्यागका कथा*

*अनि होला एउटा इतिहास पूरा।*

यसरी नै कवि मनप्रसाद सुब्बाको **आवाजका बाजहरू** नामक कवितामा 21 औँ शताब्दीको सहरीया सभ्यताको विसङ्गती, धृणित तथा जटील भएका मानव संसारलाई गध्य शैलीको माछ्यम यसरी चित्रण गरेका छन् –

*अतिक्रमको होडमा बोल्छ बेफुर्सद*

*राजतिरबाट दौडिरहेका सङ्गीतका ध्वनिहरू पनि*

*अराजकताको असङ्गतिमा परेर*

*साम्प्रदायिक दङ्ग झै जुझ्दछन्।*

यसरी नै कवि हरिभक्त कटुवालको **यो जिन्दगी खै के जिन्दगी** नामक कविता सङ्ग्रहमा सङ्ग्रहित प्राय कविताहरूमा गध्य शैलीको राम्रो प्रयोग भएको पाइन्छ। उनको गध्य शैली प्रयोग गर्ने बिजोड प्रतिभा प्रस्तुत सङ्ग्रहको शीर्षक कवितामा यसरी प्रयोग भएका पाउँछौ –

***पसलमा सोकेशभित्र सजाइ राखेको***

***काँचको चूरा जस्तो यो जिन्दगी,***

***कुनै युवतीको हातमा चढदा चढदै***

***प्याट्ट फुट्न सक्छ यो जिन्दगी।***

यस अतिरिक्त बीरेन्द्र सुब्बाको **एकान्त**, ओकिउयामा ग्वाइनको **चित्रलेखा**, नरबहादुर दाहालको **उन्माद**, हरिभक्त कटुवालको **यो जिन्दगी खै के जिन्दगी**, डिल्लीराम तिमसिनाको **सम्झना**, लोकेशचन्द्र प्रधानको **वरदान,** जस योञ्जन प्यासीको **शान्ति सन्देह,** नरेशचन्द्र खातीको **परेली परेलीमा भिजेर** आदि कविता – कृतिहरू गध्य शैली मै रचिएका छन्।

भारतेली नेपाली कवितामा चम्पू शैलीको प्रयोग

चम्पू श्रव्यकाव्यको एउटा भेद हो। गध्य – पध्य दुवै थरी रचना मिश्रित काव्यलाई चम्पू भनिन्छ। यसर्थ कवितामा चम्पू शैली भन्नाले गद्य र पद्य दुवैको समावेश भइ श्लेष आदि अलङ्कार, अनुप्रास आदिले मधूर शह्द योदना भएको शालीलाई बुझिन्छ।

पूर्वीय आचार्य दण्डीले गध्य – पध्य मिश्रित गरी तेस्रो विभाग गरेर त्यसमा दृश्यकाव्यलाई गणना गर्दै चम्पू काव्यको अर्थ लाएका छन्। संस्कृत आचार्य विश्वनाथले **चम्पक** फूलले सबैतिर वासना छर्नाले यसको

नाम चम्पू रहेको मानेका छन्। **साहित्यदर्पण**मा पनि गध्य – पध्य मिसिएको श्रब्यकाव्यलाई चम्पू भनिएको छ। यस चम्पू शैलीलाई अनुसरण गरेर लेखिएको प्राचीन कृति त्रिविक्रम भट्टको **नल चम्पू**लाई मानिन्छ। दशौ शताव्दीमा रचिएको यस कृतिका अतिरिक्त भारतेली साहित्यमा कवि भोजराजको **चम्पू नारायण**, गोस्वामीको **गोपाल चम्पू**, नीलकण्ठ दीक्षितको **नीलकण्ठ चम्पू** , **चम्पू भारत** आदि कृतिहरू प्रकाशित छन्।

हिन्दी साहित्यमा मैथिलीशरण गुप्तको **यशोधरा** नामक काव्य चम्पू शैलीमा रचिएका छन्। नेपाली साहित्यमा भने कवि बालकृष्ण समको **मेरो कविताको आराधना** चम्पू शैलीमा लेखिएको कविता हो। भारतेली नेपाली कविता साहित्यमा भने त्यत्ति चम्पू शैलीलाई अनुसरण गरेर भारतेली कविहरूले कविता रचेको पाइन्न।

## 4.4 उपसंहार

कविताका संरचना र शैली संरचक घटकहरू हुन्। सङ्ग र रचनाको योगबाट निर्माण भएको संरचना शब्दले कुनै वस्तु, तथ्य वा कुराको मेल, योग आदिलाई बुझाउँछ। वास्तवमा संरचना कुनै स्थूल अथवा सूक्ष्म तत्व वा वस्तुका पतनामा परिलक्षित हुने प्रतिरूप हो।

संरचना शब्द अङ्ग्रेजी स्ट्रक्चर ( Structure ) - को नेपाली रूपान्तर हो। ल्याटिन भाषाको इस्ट्रकटुरा ( Estructura ) र पछि इटाटेली भाषाको स्टुटुरा ( Struttura ) शब्दबाट अङ्ग्रेजीको स्ट्रक्चर शब्द बनिएको मानिन्छ। यसको शाब्दिक अर्थ बनाउनु वा निर्माण गर्नु भन्ने हुन्छ। यसर्थ ब्युत्पिगत अर्थअनुसार स्ट्रक्चर वा संरचना भन्नाले बनावट, व्यवस्था, शैली, आकृति, ढाँचा, कार्यव्यापार, प्रक्रिया, नियम आदि

बुझिन्छ। साहित्यको विभिद विधाहरू कविता, कथा, उपन्यास, नाटक, निबन्ध आदिमा छन्द, अलङ्कार, वाक्य, पङ्क्ति, रूप – शैली, पध्य र श्लोकको संयोजन आदिको एकरूपता नै संरचना हो।

कुनै पनि भाव तथा विचार अभिव्यक्त गर्ने माध्यम भाषा हो। यही भाषालाई अभिव्यक्त गर्ने लेखकहरूको तरीका वा ढङ्गलाई शैली भनिन्छ। संस्कृत भाषाको शील शब्दबाट उत्पत्ति भएको शैली शब्दको उत्पत्तिगत अर्थ लक्षण, स्वभाव, चरित्र आदि बुझिन्छ। संस्कृतको शील शब्दले सिउनु, उन्नु, तुन्नु र बुन्नुलाई पनि जनाउँने हुनाले शैली भनेको भाषालाई प्रस्तुत गर्ने ढङ्ग, पद्धति, विधि वा तरिका हो। मूलत : भाषाअन्तर्गत शब्दयोजना र वाक्यविन्यास   पर्दछन्। शब्द र वाक्यहरू जति सहज, सरल, स्वाभाविक, सार्थक र सुगठित हुन्छन्, त्यो कृति त्यति नै प्रभावकारी बन्दछ। यहीअनुरूप लेखकले प्रयोग गर्ने भाषा लेखनलाई शैली भनिन्छ। कवितामा शैलीको भन्दै महत्व र मूल्य रहन्छ। यसलाई कविहरूले कविता – काव्यमा भाषाका माध्यम प्रकट गर्ने गर्छन्। कवितामा शैली गध र पध दुवै रूपमा प्रकट भएका हुन्छन्। शैलीमा कवितात्मक भाषा हुन जरुरी छ। जसमा बिम्ब, अलङ्कार तथा प्रतीक आदि व्यक्त हुन्छ। भाषाशैलीले कवितालाई प्रभावकारी बनाउँछ। शैली व्यक्ति पिच्छे फरक फरक हुन्छन्। सरल, आलङ्कारिक, नाटकीय, वर्णनात्मक आदि शैली कवितामा प्रयुक्त हुन्छन् ।

संरचना र शैली शब्दको प्रयोग साहित्यमा यसै योजनाको लागि तथा यसबाट निष्पन्न सत्ताका निम्ति गरिन्छ। ती दुवाले साहित्यिक कृतिलाई एकीकृत ढङ्गमा पूर्णता प्रदान गर्दछ, कृतिको आकृतिलाई शोष्ठवता साथै जीवन्तता दिदछ। यतिमात्र नभएर यसले कृतिलाई पूर्णता मात्र प्रदान नगरेर सौष्ठवमयी र आहलादकारी पनि बनाउँदछ।

भारतेली नेपाली कविताको संरचनामा कविताका प्रतिकात्मक, आख्यानात्मक र नाटकीय संरचनाका आधारमा प्रतिकात्मक कविता, आख्यानात्मक कविता र नाटकीय कविता गरी तीन किसिमले वर्गीकरण गर्न सकिन्छ। त्यस्तै कविताको संरचनात्मक विन्यासभित्र लघुसंरचक घटक वा तत्वहरू पनि पर्दछन्। भारतेली नेपाली कविताका संरचक तत्व वा घटकहरूमा कविताका वस्तु, सहभागी, परिवेश, उद्देश्य, दृष्टिबिन्दु र भाषाशैली विन्यास गरी छवटा मूल संरचक घटक देखिन्छ। मूलत: भारतेली नेपाली कविताको संरचनालाई अध्ययन गर्दा मुख्य गरेर मुक्तक (चारदेखि दश बा¥य पङ्क्तिसम्मका कविता), फुटकर कविता, लामो कविता, खण्डकाव्य, महाकव्य आदि रहेका पाउँछौं। भारतेली नेपाली कविहरूमा कवि नव सापकोटा, मनप्रसाद सुब्बा, राजेन्द्र भण्डारी, रेमिका थापा, सुधिर छेत्री, बासुदेव पुलामी, जय क्याकटस, मनोज बोगटी, उमेश उपमा, शरण मुस्कान आदिका कविताहरूमा यस्तो संरचना पाइन्छन्। भारतेली नेपाली कवितालाई शैलीको आधारमा अध्ययन गर्दा मूलत: तीन प्रकारका शैलीहरू पध्य,गध्य र चम्पू भारतेली नेपील कवितामा प्रयोग भएका पाउँछौ।

## 4.5 सार

यस प्रखण्डमा भारतेली नेपाली कविताको संरचना र शैलीबारे सामान्य जानकारी प्राप्त भयो। उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ।

- कविताका संरचना र शैली संरचक घटकहरू हुन्। सङ्ग र रचनाको योगबाट निर्माण भएको संरचना शब्दले कुनै वस्तु, तथ्य वा कुराको मेल, योग आदिलाई बुझाउँछ। वास्तवमा संरचना

कुनै स्थूल अथवा सूक्ष्म तत्व वा वस्तुका पतनामा परिलक्षित हुने प्रतिरूप हो।

- संरचना शब्द अङ्ग्रेजी स्ट्रक्चर ( Structure ) - को नेपाली रूपान्तर हो। ल्याटिन भाषाको इस्ट्रकटुरा ( Estructura ) र पछि इटाटेली भाषाको स्टुटुरा ( Struttura ) शब्दबाट अङ्ग्रेजीको स्ट्रक्चर शब्द बनिएको मानिन्छ। यसको शाब्दिक अर्थ बनाउनु वा निर्माण गर्नु भन्ने हुन्छ। यसर्थ ब्युत्पिगत अर्थअनुसार स्ट्रक्चर वा संरचना भन्नाले बनावट, व्यवस्था, शैली, आकृति, ढाँचा, कार्यव्यापार, प्रक्रिया, नियम आदि बुझिन्छ।
- साहित्यको विभिद विधाहरू कविता, कथा, उपन्यास, नाटक, निबन्घ आदिमा छन्द, अलङ्कार, वाक्य, पङ्क्ति, रूप – शैली, पध्य र श्लोकको संयोजन आदिको एकरूपता नै संरचना हो।
- कुनै पनि भाव तथा विचार अभिव्यक्त गर्ने माध्यम भाषा हो। यही भाषालाई अभिव्यक्त गर्ने लेखकहरूको तरीका वा ढङ्गलाई शैली भनिन्छ। संस्कृत भाषाको शील शब्दबाट उत्पत्ति भएको शैली शब्दको उत्पत्तिगत अर्थ लक्षण, स्वभाव, चरित्र आदि बुझिन्छ। संस्कृतको शील शब्दले सिउनु, उन्नु, तुन्नु र बुन्नुलाई पनि जनाउँने हुनाले शैली भनेको भाषालाई प्रस्तुत गर्ने ढङ्ग, पद्धति, विधि वा तरिका हो।
- भाषाअन्तर्गत शब्दयोजना र वाक्यविन्यास पर्दछन्। शब्द र वाक्यहरू जति सहज, सरल, स्वाभाविक, सार्थक र सुगठित हुन्छन्, त्यो कृति त्यति नै प्रभावकारी बन्दछ। यहीअनुरूप लेखकले प्रयोग गर्ने भाषा लेखनलाई शैली भनिन्छ।

- कवितामा शैलीको भन्दै महत्व र मूल्य रहन्छ। यसलाई कविहरूले कविता – काव्यमा भाषाका माध्यम प्रकट गर्ने गर्छन्। कवितामा शैली गध र पध दुवै रूपमा प्रकट भएका हुन्छन्। शैलीमा कवितात्मक भाषा हुन जरुरी छ। जसमा बिम्ब, अलङ्कार तथा प्रतीक आदि व्यक्त हुन्छ।
- भाषा शैलीले कवितालाई प्रभावकारी बनाउँछ। शैली व्यक्ति पिच्छे फरक फरक हुन्छन्। सरल, आलङ्कारिक, नाटकीय, वर्णनात्मक आदि शैली कवितामा प्रयुक्त हुन्छन् ।
- संरचना र शैली शब्दको प्रयोग साहित्यमा यसै योजनाको लागि तथा यसबाट निष्पन्न सत्ताका निम्ति गरिन्छ। ती दुवाले साहित्यिक कृतिलाई एकीकृत ढङ्गमा पूर्णता प्रदान गर्दछ, कृतिको आकृतिलाई शोष्ठवता साथै जीवन्तता दिदछ।
- संरचना र शैलीले कृतिलाई पूर्णता मात्र प्रदान नगरेर सौष्ठवमयी र आह्लादकारी पनि बनाउँदछ।
- भारतेली नेपाली कविताको संरचनामा कविताका प्रतिकात्मक, आख्यानात्मक र नाटकीय संरचनाका आधारमा प्रतिकात्मक कविता, आख्यानात्मक कविता र नाटकीय कविता गरी तीन किसिमले वर्गीकरण गर्न सकिन्छ।
- भारतेली नेपाली कविताको संरचनात्मक विन्यासभित्र लघुसंरचक घटक वा तत्वहरू पनि पर्दछन्। भारतेली नेपाली कविताका संरचक तत्व वा घटकहरूमा कविताका वस्तु, सहभागी, परिवेश, उद्देश्य, दृष्टिबिन्दु र भाषाशैली विन्यास गरी छवटा मूल संरचक घटक देखिन्छ।

- भारतेली नेपाली कविताको संरचनालाई अध्ययन गर्दा मुख्य गरेर मुक्तक (चारदेखि दश बा¥य पङ्क्तिसम्मका कविता), फुटकर कविता, लामो कविता, खण्डकाव्य, महाकव्य आदि रहेका पाउँछौ।
- भारतेली नेपाली कवितालाई शैलीको आधारमा अध्ययन गर्दा मूलत: तीन प्रकारका शैलीहरू पध्य,गध्य र चम्पू भारतेली नेपील कवितामा प्रयोग भएका पाउँछौ।

यस प्रखण्डको अध्ययनले भारतेली नेपाली कविता प्रयुक्त संरचना र शैलीबारे बुनियाँदी जानकारी प्राप्त भयो। मूलरूपमा संरचना र शैलीको आधारमा भारतेली नेपाली कवितीहरूको अध्ययन गर्दै कविताका विभिद प्रवृत्ति, मूल्य र विशेषता सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो।

## 4.6 अनुशीलनी

1 . संरचनाको आधारमा भारतेली नेपाली साहित्यको विवेचना गर्नुहोस्।

2 . संरचना र शैलीका दृष्टिले भारतेली नेपाली कविता कृतिहरूको महत्त्व र मूल्य के कस्तो छ ? बताउनुहोस्।

3 . नेपाली कविताका संरचना र शैलीको मुख्य – मुख्य विशेषताहरूबारे विश्लेषण गर्नुहोस्।

4. संरचना र शैलीमा रहेको साम्य र बैषम्यबारे विवेचना गर्नुहोस्।

5. भारतबाट प्रकाशित काव्य – कृतिहरूमा कसरी संरचना र शैलीको प्रयोग भएको छ ? अध्ययन गर्नुहोस्।

6. संरचना र शैलीको तुलनीय अध्ययन गर्नुहोस्।

7. भारतेली नेपाली कविताका संरचनामा शैलीको के कस्तो भुमिका रहेको छ ? लेख तयार पार्नुहोस्।

10. संरचना र शैली कविताको प्रमुख घटकका रूपमा व्याख्या गर्नुहोस्।

11. भारतेली नेपाली कविताको गध्य र पध्य शैलीमा रहेको पार्थक्यबारे विविचना गर्नुहोस्।

12. भारतेली नेपाली चम्पू शैलीकारहरूका कृतिहरूको सर्वेक्षण गर्नुहोस्।

13. भारतेली नेपाली कवितामा संरचना र शैलीको वैशिष्ठबारे लेख लेख्नुहोस्।

## 4.7 अतिरिक्त अध्ययन


३०. राई, असीत - **भारतीय नेपाली साहित्यको इतिहास** ।

३१. सुवेदी, अभी – **आधुनिक कविता र दार्जिलिङ्का केही पुराना कविहरू**।

३२. खाती, नरेशचन्द्र – **क्रम अध्ययनका**।

३३. नेपाल, धनश्याम – **शैलीविज्ञान**।

३४. नेपाल, धनश्याम – **आख्यानका कुरा**।

३५. नेपाल, धनश्याम – **विधा विविधा**।

३६. ठकुरी, मोहन - **नेपाली कविता यात्रा**।

३७. शर्मा, पुष्प – **नेपाली कविताको विकासमा सिक्किमको योगदान**।

३८. शर्मा, मोहनराज – **शैलीविज्ञान**।

३९. छेत्री, तुलसी बहादुर – **नेपाली साहित्यको विकासमा दार्जिलिङ्को योगदान** (अप्रकाशित शोध – प्रबन्ध)।

४०. तामाङ, पेम्पा – **आख्यानदेखि परख्यानसम्म।**

४१. दाहाल, मोहन पी. – **नेपाली अकादमी जर्नल।**

यस अतिरिक्त संरचना र शैलीबारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र पत्रिकाहृ-रूको पनि अध्ययन।

## 4.8 मूल्यबृद्धिको निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

संरचना र शैलीमा भेद।

..........................................................................................

..........................................................................................

..........................................................................................

(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 4.2 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )

नेपाली कविता र भारतेली नेपाली काव्य – कृतिमा पाइने संरचना र शैलीको साम्य।

..........................................................................................

..........................................................................................

..........................................................................................

(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 4.3 र 4.4 को भारतेली नेपाली कविताको संरचना र शैली खण्डमा उत्तर खोज्न सक्नेछन् )

संरचना र शैलीगत दृष्टिले काव्यका भाषा शैली।

**Notes**

.......................................................................................

.......................................................................................

.......................................................................................

(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 4.3 र 4.4 को भारतेली नेपाली कविताको संरचना र शैली खण्डमा उत्तर खोज्न सक्नेछन् )

संरचना र शैलीमाझ पाइने विशेषता।

.......................................................................................

.......................................................................................

.......................................................................................

(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 4.3 र 4.4 को भारतेली नेपाली कविताको संरचना र शैली खण्डमा उत्तर खोज्न सक्नेछन् )

१६. भारतेली नेपाली कविताका शैलीको प्रकारबारे अध्ययन।

.......................................................................................

.......................................................................................

.......................................................................................

(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 4.4 को भारतेली नेपाली कविताको शैली खण्डमा उत्तर खोज्न सक्नेछन् )

# एकाइ – 5, भारतेली नेपाली कविताको नैतिक मूल्य रसुधारवादी प्रवृत्ति


5.0 उद्देश्य

5.1 परिचय

5.2 नैतिक मूल्यप्रधान भारतेली नेपाली कविता

5.3 भारतेली नेपाली कविताको सुधारवादी प्रवृत्ति

5.4 उपसंहार

5.5 सार

5.6 अनुशीलनी

5.7 अतिरिक्त अध्ययन

5.8 मूल्यबृद्धिको निम्ति उत्तर


## 5.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- नैतिक मूल्यको परिचय
- सुधारवादको परिचय
- नैतिक मूल्य र सुदारवादमाझ भिन्नता
- नैतिक मूल्यप्रधान भारतेली नेपाली कविता
- सुधारवादी भावनाप्रधान भारतेली नेपाली कविता

## 5.1 परिचय

व्यक्ति - व्यक्ति बीचको समूहलाई समाज भनिन्छ। आज यस्तो शिक्षाको आवश्यक्ता छ, जसले पुरा समाज, जाति र देशमा नैतिकता उत्पन्न भएर जावोस्। संस्कृत भाषामा **नैतिक**लाई जानु, लिएर जानु तथा रक्षा गर्नु भनी बुझिन्छ। **मूल्य** भनेको केही कुराको अस्तित्व हो। व्यक्ति, परिवार, समुदाय आदिका निम्ति लक्ष्य प्राप्तिको साधनालाई नै मूल्य भनी बुझिन्छ। यसलाई समाजमा व्यक्तिले विस्तारै – विस्तारै ग्रहण गर्दै जान्छन्। मानव चरित्र र आचरणलाई मूल्यको धटक तत्व मानिन्छ। यस मूल्यको विधटन र मूल्य हिनता भए मानव जीवन अर्थहीन र निरस बन्दछ।

मूल्य पनि विभिन्न प्रकारका हुन्छन्। नैतिक मूल्य, धार्मिक मूल्य, कलात्मक मूल्य, राजनैतिक मूल्य, आर्थिक मूल्य, संवैधानिक मूल्य आदि। यी सबै मूल्य मानिसका जीवनमा भिन्न – भिन्न मात्रा र आवृत्तिमा विकसित हुँदै जान्छन्। यी सबै मूल्य भन्दा मानव जीवनमा नैतिक मूल्यको विकास हुनु अतिआवश्यक हुन्छ। नैतिक मूल्यलाई सामाजिक मूल्य पनि भनिन्छ। यस मूल्य अन्तर्गत उचीत – अनुचितको भावना, आज्ञा पालन, सत्य – असत्यको ज्ञान, ईमानदारीता, आज्ञाकारीता, दया, सत्यवादीता, भक्ति, प्रेम, निष्पक्षता, आत्म नियन्त्रण, विश्वास, उत्ररदायित्व आदि पर्दछन्। समग्रमा व्यक्तिका यही नैतिक मूल्यलाई व्यक्तिको चरित्र पनि भनिने गरिन्छ। अत : नैतिक मूल्यलाई समाज निर्माणको तत्व पनि मान्न सकिन्छ। यसद्वारा मानिसका सद्गुणको प्रर्दशन हुँदछ। मानवमा राम्रा – नराम्रा, सही – गलत, ठीक – बैठीक आदिको ज्ञान यही नैतिक मूल्यद्वारा नै हुन् गर्छने। यही नैतिक शिक्षाद्वार हाम्रो सन्ततीहरू पनि सुन्दर र सतमार्गमा अधि बडेर जावुन भन्ने हाम्रो

सोच छ। नैतिक मूल्य नभएको कारण आज कतिपय जाति र देश अविकसित पनि भएका छन्।

हाम्रा समाजमा रहेको सामाजिक, धार्मिक आदि पुरानो विचारघारा र सोच, रूढि, अन्धविश्वास, व्यवस्था, नियम – नीति, कुरीति र विसङ्गतिप्रति भत्कर्ना गर्दै मानवमा त्यसप्रित सचेतना र जागरबकता ल्याउनु नै सुधारवादको उद्देश्य हो। दार्शनिक एवम् आध्यात्मिक विचारहरूप्रति मानवको गलत सोच र मान्यताको खण्डन पनि यस वादले गर्दछ। भारतेली नेपाली कवितमा यस्ता सुधारवादी भावना राखेर विभिन्न कविहरूले सरल, सहज, व्याङ्गात्मक र आलोचनात्मक शैलीमा कविताको सृजना गरेका पाउँछौ। मुलत : ब्रह्माणवाद , धार्मिक आडम्बर र रूढ़ीवादप्रति सक्दो विरोध गर्दै मानवमा सुधारको भावना तथा चेतना जगाउँनु नै सुधारवादी साहित्य लेखनको ध्येय रहेको मान्न  सकिन्छ।

## 5.2 नैतिक मूल्यप्रधान भारतेली नेपाली कविता

भारतेली नेपाली कवितामा नैतिक मूल्य, नीतिमूलक भाव र उपदेशमूलक चेतना यत्र – तत्र छरिएका पाउँछौं। नेपाली कविताको प्राथमिक कालदेखि नै यस प्रवृत्तिको भावना भारतेली नेपाली कवितामा सगबगाएको पाइन्छ। भारतेली नेपाली कविहरूले आ- आफ्नो कविता - काव्यमा उचीत – अनुचितको भावना, आज्ञा पालन, सत्य – असत्यको ज्ञान, ईमानदारीता, आज्ञाकारीता, दया, सत्यवादीता, भक्ति, प्रेम, निष्पक्षता, आत्म नियन्त्रण, विश्वास, उत्रदायित्व पोख्दै कविताकको घडेरी निर्माण गरेका छन्। व्यक्तिको नैतिक मूल्य नै व्यक्तिको चरित्र पनि भएकोले यस मूल मन्त्रलाई भारतेली नेपाली कविहरूले आफ्ना कविताहरूमा मुखरित गर्नु चाहेको प्रतीत हुन्छ।

Notes

नैतिक मूल्यलाई समाज निर्माणको तत्व पनि हुन्। यसद्वारा मानवमा राम्रा – नराम्रा, सही – गलत, ठीक – बैठीक आदिको ज्ञान यही नैतिक मूल्यद्वारा नै हुन् गर्छने। यही नैतिक शिक्षाद्वार हाम्रो सन्ततीहरू पनि सुन्दर र सतमार्गमा अधि बडेर जावुन भन्ने हाम्रो सोच छ। नैतिक मूल्य नभएको कारण आज कतिपय जाति र देश अविकसित पनि भएका छन्। यही भावना राखेर भारतेली नेपाली कविहरूले आफ्ना कविताहरूमा नैतिक मूल्यलाई प्रशय दिएको प्रतीत हुन्छ।

सन् 1900 देखि सन् 1950 पूर्व भारतीय नेपाली समाज्को ठूलो अंश शिक्षा र साहित्यदेखि विमुख रहेको थियो। शिक्षा ,नीति ,साहित्य , निरपेक्ष तत्कालीन समाज जाँड ,विज्ञान ,ज्ञान ,कला - रक्सीजुवा , - तास र स्त्री आसक्ति रहेको थियो। त्यो समय भारतीय नेपाली कविहरूले कविताका माध्यम यस्ता कुलतबाट नेपाली जातिलाई जोगिनुपर्ने दिशा बोध गराउँदै नीति - उपदेशमूलक कविताहरूको रचना गरेका छन्। त्यस्ता भारतीय नेपाली कविहरूमा सन्तकवि ज्ञानदिल दास, र्दुर्गा मल्ल , मित्रसेन थापा आदि प्रमुख हुन् ,कोइराला धरणीधर शर्मा।

भारतेली नेपाली कविताको प्राथमिक कालमा सन्जकवि ज्ञानदिल दासका कविताहरू नैतिक मूल्यप्रधान छन्। विशेषत: उनले अनुसरण गरेको जोसमनी सम्प्रदाय योगको सिद्धि बताउने सम्प्रदाय मात्र नभएर मानवमा नैतिक सुबिचार र नीतिका ज्ञान बाड्ने सम्प्रदाय पनि थियो। कवि दासको **उदयलहरी** काव्य नेपाली जातिको उन्नति र प्रगतिका निम्ति नीति – उपदेश र समाज सुधारको भावना राक्दै लेखिएको उत्कृष्ट कृति मानिन्छ। यस कृतिमा उनले नेपाली समाजमा व्याप्त कुसंस्कार , कर्मकाण्ड आदिको ,जातिप्रथा ,रूढ ,कुरीति विरोध गरेका छन्। यसरी

कविताको माध्यमबाट कवि ज्ञानदिल दासले तत्कालीन भारतेली नेपाली जाति र समाजमा नैतिक दृष्टान्त जगाउने कार्य गरेका थिए।

जोसमनी सम्प्रदाय योगको सिद्धि बताउने सम्प्रदाय मात्र नभएर समाज सुधारक सम्प्रदाय पनि हो। यस कुराको प्रमाण सन्त शशिधर र सन्त ज्ञानदिल दासले आफ्नो जीवनकालमा समाज सुधारका निम्ति गरेका कार्यहरूबाट स्पष्ट हुन्छ। मूलतः निर्गुणवादको प्रचार र जातिवादको निन्दाले गर्दा जोसमनी सम्प्रदायभित्र सबै जात र सबै धर्मावलम्बीहरूले समान आश्रय पाएका थिए। यसले एकातिर देशभित्र सबै जातिमा एकात्मकताको बाटो प्रस्तुत गरेको थियो भने अर्कातिर इसाई मतमा ओइरिन लागेको समाजलाई रोकेको थियो। त्यस समयमा ज्ञानदिल दासको धार्मिक आड समाजमा दह्रो थियो। यस कुराको प्रमाण दार्जिलिङमा उनले शास्त्रार्थ ज्ञानमा ख्रीष्टान धर्मका पादरी ए. टर्नबुललाई परित गरी उनको **बाइबल** डढाएको घटनाबाट स्पष्ट हुन्छ।

**उदयलहरी** काव्य नेपाली जातिको उन्नति र प्रगतिका निम्ति समाज सुधारको भावना राख्दै लेखिएको कवि ज्ञानदिल दासको उत्कृष्ट कृति मानिन्छ । यस कृतिमा उनले नेपाली समाजमा व्याप्त कुसंस्कार, रूढी, कुरीति, कर्मकाण्ड र जातिप्रथाको विरोध गरेका छन्। यसरी कविताको माध्यमबाट कवि ज्ञानदिल दासले समाज सुधारको कार्य गर्दै जातीय चेतना जगाउने कार्य गरेका थिए।

कवि ज्ञानदिल दासको रचनाहरूमा सौन्दर्य चेत र विद्रोह दुवैको मिश्रण पाइन्छ। जोसमनी सन्त पर्मपराका अन्य सन्त कवि शशिधर, अगमदिल दास र अखणडदिल दास आदिका कृतिहरूका तुलनामा कवि दालको भाषा – शैली रसिलो र सजिलो पनि बनेको छ। ज्ञानदिलदासका

Notes

कृतिहरू सरल र ठेट नेपाली भाषामा सामाजिक धार्मिक अन्धविश्वास, रूढि, पुरानो विचारघारा र सोच , कुरीति र विसङ्गतिप्रति गम्भीर दार्शनिक एवम् आध्यात्मिक विचारहरूको अभिव्यक्ति व्याङ्गात्मक र आलोचनात्मक स्वर - यिनका काव्य रचनाहरू ।शैलीमा रचिएका छन्

नितान्त मौलिक, सुबोध एवम् अभिव्यञ्जनापूर्ण शैलीमा प्रभावकारी ढङ्गा लेखिएका छन्। मुख्य गरेर कवि दासले आफ्ना कृतिहरूमा ब्रह्माणवाद, धार्मिक आडम्बर र रूढ़ीवादप्रति सक्दो विरोध जनाएका पाउँछौँ।

ज्ञानदिलदासको निधन पश्चिम सिक्किमको गेलिङमा सन् 1883 मा भएको थियो। त्यहाँ उनको स्मृतिमा **ज्ञानदिलदास साहित्य पुरस्कार**को स्थापना भएको छ। अत : भारतीय नेपाली काव्य लेखनको सन्दर्भमा सन्तकवि ज्ञानदिल दास नै प्रथम र एकजना सफल नैतिक मूल्य र समाज सुधारक कविका रूपमा देखा पर्छन्। कवि दासद्वारा लिखित **टुङ्ना भजन** कृतिमा नैतिक मूल्यको राम्रो प्रस्फुटन भएको पाइन्छ। यो एक अध्यात्म चेतनामूलक साहित्यिक कृति हो। प्रस्तुत भजन कवि दासको सन् 1878 मा प्रकाशित **भजन सङ्ग्रह** नामक कृतिमा सङग्रहित छ। **भजन सङ्ग्रह**मा सङग्रहित जम्मा 60 वटा भजनहरू मध्ये **टुङ्ना भजन** पनि एउटा हो। मुख्य गरेर यस **भजन सङ्ग्रह**मा झ्याउरे लय र तामाङ सेलो लयमा लेखिएका विशेष दुई किसिमका भजनहरू छन्। त्यसमध्ये प्रस्तुत **टुङ्ना भजन**लाई चाहिँ तामङ सेलो लयमा लेखिएको भजन मान्न सकिन्छ।

प्रस्तुत **टुङ्ना भजन** तामङ सेलो लयको अठाह्र हरफ र तीन पदमा संरचित छ। कविले यस भजनमा नेपाली धर्म, संस्कार र संस्कृतिका विविध पक्षबाट सामग्री टिपेर ब्राह्मणवादको विरोध गर्दै

समाज र जाति नैतिकताको भावना पोख्न चाहेका छन्। यो भजनमा सांसारिक वस्तुको नाशवान प्रवृत्ति र त्यसको क्षणभङ्गुरताबारे नेपालीहरूलाई कविले अवगत गराएका पनि छन्। मूलरूपमा आध्यात्मिक प्रवृत्तिको विकास गरी परलौकिक बन्न प्रेरणा दिने सन्त परम्पराको यो एउटा सफल दृष्टान्त हो। गीतात्मक लयमा रचिएको प्रस्तुत भजन रहस्यवादी बनेको छ। यसमा गाउँले बोलीको आत्मीयता पाइन्छ भने भाव गम्भीर र गहिरो छ। उदाहरण –

***वंशी बज्यो तितिरी ,***

***अनहदको घनघन,***

***कमल् फुल्यो रनबन ,***

***भँभराको भनभन,***

***रामजी ! अति ठिक्क पार्यो नी ! ! (2)***

सन्त सम्प्रदाय तथा जोसमनीहरू नादपन्थी हुन्छन्। उनीहरू नादको उच्चारण वा अभ्यासले कमलको वासको आनन्दप्राप्त गरेको ठान्छन्। तर कमलको वासनै ब्रह्मज्ञानमा परेपछि जोगीहरू मरणासन्न अवस्तामा पुग्ने गर्छन्। यो सबै ब्राह्मणबादले गर्दा भएको उनले **टुङ्ना भजन**मा ठानेका छन्। साघारण जनता, जोगी, फकिर र सन्यासीहरूलाई उनीहरूका नजरमा ठिक्क पारेर ब्राह्मणहरूले समाज र नेपाली जातिलाई नै गुमराह बनाएको कवि दासले मानेका छन्। त्रिशुललाई गंगा तारेको जोगीहरूलाई खरानी मात्र घस्न लाएको भनी बिरोध कवि दासले उक्त भजनमा गरेका छन्। उदाहरणार्थ –

***मार्यो च्याङबा मार्यो,***

***खरानीमा पार्यो,***

*त्रिशुल् गङ्गा तार्यो,*

*चन्द्र सूर्जे नार्यो,*

*कमल फुलमा सार्यो,*

*ब्रह्मज्ञानमा पार्यो,*

*रामजी ! अति ठिक्क पार्यो नी !! (1)*

प्रस्तुत भजनमा कवि दासले जोगीको अर्थ योग ज्ञाताको रूपमा प्रष्टाउँदै जसले योगबारे अनभिज्ञ हुन्छन् , उनीहरूपका जन्म र जीवन निरर्थक बन्दछ भन्ने नैतिक विचार पनि फ्याकेका छन्। ठट्योली शैलीमा लेखिएको प्रस्तुत **टुङ्ना भजन**मा धार्मिक र आध्यात्मिक मुल्य नै ज्यादा पाइन्छन्। कविले यस भजनलाई रसिलो, आकर्षक र साङ्गीतिक बनाउन अन्तर अनुप्रास र अन्त्यानुप्रासको लोभलाग्दो तरिकाले समायोजन गरेका छन्। थेगोको रूपमा 'रामजी '- लाई पुनरावृत्ति गरी भावलाई क्रमिक रूपमा विकास गर्दै लगेका छन् भने चलनचल्तीका तत्सम तथा नेपाली ठेट र झर्रा शब्दहरू खरानी, फनफव, तितिरी आदिको प्रयोग गरेर भजनलाई कर्णप्रिय बनाएका छन्।

भारतको उत्तर - पश्चिमाञ्चलमा पर्ने देहरादून निवासी दुर्गा मल्ल भारतीय नेपाली साहित्यका एकजना सशक्त नैतिक मूल्यप्रधान, समाज सुधारक र जातीय कवि हुन्। उनलाई सहिद मेजर दुर्गा मल्लको नाउँले पनि चिनिन्छ। उत्तर - पश्चिमाञ्चलको प्राथमिककालीन भार्तीय नेपाली कविहरू मित्रसेन थापाबहादुरसिंह बराल आदिका समकालीन कवि रहेका , कवि दुर्गा मल्लले आफ्ना नीति - उपदेशमूलक कविताहरूका माध्यमद्वारा नेपाली जातिलाई जगाउन चाहेका छन्। उनका **बताऊ सुतेका जातिलाई बाटो**, **के भयो सन्तानलाई** आदि कविता कवि बहादुरसिंह बरालद्वारा लिखित तथा सङ्कलित **बरालको आँसु** कृतिमा सङ्ग्रहित छन्।

कवि दुर्गा मल्ललाई सानैदेखि नेपाली जातिप्रति प्रेम अभिमान र यस जातिको उन्नतिको धेरै ख्याल थियो। उनी बहादुरसिंह बराल र मित्रसेन थापाबाट धेरै प्रभावित भएकाले उनीहरूकै प्रभावका कारण बताऊ सुतेका जातिलाई बाटो र के भयो सन्तानलाई कविता लेखेका थिए। कवि मल्लले यी दुई कवितामा भगवानलाई आफ्नो विन्तीभाव पोखाउँदै नेपाली जातिमा नैतिक चेतना छर्न चाहेका छन्। कवि मल्लले स्वजाति र स्वअस्तित्व भुलेर नेपाली जाति घोर निद्रामा परेको र बुद्धि - विवेक पनि सबै हराएर लाटो भएको अनुभव गरेका छन्। उदाहरणका निम्ति **बताऊ सुतेका जातिलाई बाटो** कविताको प्रस्तुत पद्य द्रष्टव्य छः

***बताऊ आएर हे भगवान् ! सुतेका जातिलाई बाटो***

***के भयो हामीलाई आजकिन भयो बुद्धि लाटो ,।***

***यसै जातिको बल - पौरुष,हेरी भन्दथे गोर्खा ,***

***थिए उज्ज्वल ती हीरा झैँकिन यी भैसके माटो ,।***

यसरी पुर्खाको मान - सम्मान र जाति बदनाम भइसकेको देखेर यसबाट नेपाली जातिलाई जोगाउन कवि मल्लले नीति - उपदेशमूलक अर्ती बताऊ सुतेका जातिलाई बाटो कवितामा प्रस्तुत गरेका छन्। कवि मल्ल आफ्ना कवितामा भारतीय नेपाली जातिको दयनीय अवस्था देखेर साह्रै दुःखी बनेका छन्। उनले **के यो सन्तानलाई** कवितामा नेपाली जाति आफ्नो कीर्ति र पौरुष भुलेर पतनका गोरेटोमा लागेको देख्दा आफूलाई पीडाबोध गरेका छन् -

***सन्तानलाई आज के भयो हाम्रोयसै विचारमा ,***

***परिरहेछौं***

*कीर्ति र पौरुषको साटो हामीसाहा नचाहिँदो बे ,*

*भरिरहेछौँ।*

*कसलाई भन्ने भनी नसक्नु असाध्यदुःख ,*

*सहिनसक्नु*

*त्यसै सुर्ता फिक्रीमा बसीशोकको आँसु छरिरहेछु ,*

दुर्गा मल्लले सैनिक जीवनदेखि नै नेपाली जातिको उत्थान र यसको जगेराको निम्ति धैरै कार्यहरू प्रारम्भ गरेका थिए। उनी 18 वर्ष पुग्दा 26 जनवरी सन् 1931 को दिन धर्मशाला छाउनीको सेकेण्ड फस्ट गोर्खा राइफल्समा भर्ती भएका थिए। आफू पल्टनमा कमान्डर मेजर भई सके तापनि उनलाई आफ्नो जाति नीति भ्रष्ट र पथभ्रष्ठ भएकोमा ठूलो चिन्ता थियो। तिनताक भारतीय नेपाली सबै क्षेत्रमा पछाडिएर न मर्नु न बाँच्नुको अवस्थामा पुगेको थियो। आफ्नो जातिको यस्तो अवस्था देखेर के भयो सन्तानलाई कवितामा कवि दुर्गा मल्ल भन्छन् -

*जहान जम्मै भएका रोगीक्षय रोग जस्तो लागेको ,*

*खोकी*

*न यिनी मर्ने न यिनी बाँच्नेम पनि फोहोर भै ,*

*सडिरहेछु।*

*कोढको बेथाले खान थालेछबुद्धि र पौरुष जम्मै ,*

*गालेछु*

*संसामरा सबै उँभो जाँदैछन्म झनै नर्कमा ,*

*भरिरहेछु।*

यसरी कवि दुर्गा मल्लले **बताऊ सुतेका जातिलाई बाटो** र **के भयो सन्तानलाई** आदि उपदेशमूलक कविताका माध्यम भारतीय नेपाली जातिमा नैतिक चेतना जगाउन चाहेका छन्। उनका यी दुई कविताबाट कवि मल्ल नेपाली भाषा सजग र ,जाति र समाजप्रति कति सचेत , स्वाभिमानी थिए भन्ने कुरो प्रमाण हुन्छ। उनले आफ्नै पल्टनका कवि , लेखक र नीति सुधारक सुबेदार मेजर बहादुरसिंह बराल तथा गोर्खा जगतका प्रसिद्ध गायकनाटककार मास्टर मित्रसेन थापाका ,सङ्गीतकार , गजल वा भजन ,गीत ,बहुमुखी प्रतिभाबाट प्रभावित भएर कविता का थिएआदिको सृजना गरे।

भारतीय नेपाली कविता संसारमा नीति - उपदेशमूलक कविता लेख्नेहरूमा कवि धरणीधर शर्मा कोइरालालाई पनि उल्लेखनीय कवि मानिन्छ। उनी नेपालवासी कवि भए ताप्नि कवि कोइरालाले आफ्ना कविताहरू समग्र नेपाली जातिको सन्दर्भमा लेखेका पाइन्छ। उनको साहित्यमा दार्जिलिङे नेपाली जातिको वासना पाइन्छ। उनका **नैवेद्य** (सन् 1915), **स्पन्दन** (सन् 1920), **नेपाल मञ्जरी** (सन् 1947) जस्ता कविता सङ्ग्रह प्रकाशित छन्। यी तीनैवटा कविता कृतिहरूमध्ये **नैवेद्य** कविता सङ्ग्रहलाई उत्कृष्ट नीति उपदेशमूलक कृति मान्न सकिन्छ। यसमा कविले नेपाल तथा भारतको कश्मीरमा बसेर लेखेका कतिपय कविताहरू अनि विभिन्न साहित्यिक गोष्ठीमा पठित र पत्रिकाहरूमा सन् 1918 भित्रमा प्रकाशित भएका जम्ना 17 वटा कविताहरू सङ्कलित छन्

कवि धरणीधर शर्माले नेपाली जातिमा शिक्षा र साहित्यको प्रचार - प्रसार र यसको मूल्यबारे अवगत गराएर आफ्ना उपदेशमूलक कविताहरूका माध्यमद्वारा चेतना जगाउन चाहेका छन्। सुतिरहेको नेपाली

जातिलाई ब्युँझाउनु, अशिक्षित र अन्धकारमय नेपाली समाजमा शिक्षा छर्नु, अन्य जाति सरह नेपाली जातिलाई पनि अघि बढाउँनु नै इनको काव्य साधनाको मूलोद्धेश्य रहेको छ। यसको उद्देश्यमा उनले **अर्जी, जाग जाग, गुहार गुहार, पुकार** जस्ता कविताहरू लेखेका छन्। कवि धरणीधरले **साहित्य सुधा** कवितामा काव्य वा साहित्यको आस्वादनद्वारा मानिसमा नैतिक मूल्यको विकास गर्ने आह्वान गरेका छन्। यस कवितामा झाँक्री, वैद्य र त्योतिषभन्दा पनि काव्य सुधाको औषधिले कुनै पनि जातिको नैतिकतामा सुधार हुने कवि धरणीधरको विचार रहेको छ। यसैले कवि आफ्नो नीति - उपदेशमूलक विचार पोख्दै साहित्य सुधा कवितामा भन्छन् -

***अनि निर्मल ज्योति विकास गरी***

***भरि मात भँडार प्रकाश गरी***

***मनका शुभ भाव अनेक थरी***

***छरि जाति सुधार गरौं नडरी।***

कवि धरणीधर शर्मा कोइरालाको समयमा भारतीय नेपाली समाजमा राष्ट्रिय चेतना र उन्नतशील जातीय चेतनाको उन्मेष भर्खरै हुँदै गएको थियो। नेपाली समाजमा चारैतिर अशिक्षा, अज्ञानता, दासत्व, शोषण, रुढी, विकृति, कुरीति आदिले ढाकेको कारण भारतीय नेपालीको जीवन एक जीर्ण शरीर जस्तै थियो। यस्तो अवस्थामा कवि धरणीधरले उपदेशप्रधान कविताको माध्यमद्वारा नेपाली जातिमा सचेतना छर्ने प्रयास गरेका छन्। उनले 1 जनवरी 1919 को दिन खरसाङको गोर्खा लाइब्रेरी उद्घाटन समारोहमा **जाग जाग अब जागन जाग** कविता पाठ गरेर जातीय

उद्बोधनको पहिलो स्वर सुनाएका थिए। प्रस्तुत कविता कवि धरणीधर कोइरालाको नैवेद्य सङ्ग्रहमा उद्बोधन नामक शीर्षकमा सङ्ग्रहित भएको छ

ब्रिटिस भारतमा भारतीय नेपालीहरू आधुनिक शिक्षा-दीक्षा, ज्ञान-विज्ञानका विभिन्न नव दृष्टिकोण तथा उद्योग प्रविधिका नयाँ सहुलियत पाउनबाट वञ्चित रहेका थिए। यसका साथै परम्परागत पछौटे सामन्ती भारतीय समाज निद्रित तथा जडप्रायः अवस्थामा रहेको कारण नेपाली जातिमा नैतिक चेतना प्रस्फुटन हुन सकेको थिएन। कवि कोइरालाले उद्बोधन कवितामा नेपाली जातिलाई घोर निद्राबाट जाग्दै आफ्नो र समाजको उन्नतिमा लाग्ने आह्वान गरेका छन् -

*जाग जाग अब जागन जाग*

*लाग उन्नतिविषे अब लाग।*

कवि धरणीधर कोइराला नेपालबाट दार्जिलिङ आएपछि शिक्षा र साहित्यको प्रचार -प्रसार कार्यमा लागेका थिए। उनले यहाँ आएपछि नेपाली जाति र समाजलाई पथभ्रष्ट, नीतिभ्रष्ट, धर्मभ्रष्ट हुनबाट जोगाउने प्रयास गरेका थिए। यस कार्यमा कवि धरणीधरले सहजै बुझिने प्रकारका अर्ती, उपदेशमूलक र ईश्वरभक्तिपरक कविता रची दार्जिलिङ शहरमा प्रत्येक आइतवार लाग्ने हाट बजारमा उभिएर हाट भर्न आउनवे मानिसहरूलाई कविता सुनाउने गर्थे। उनको यस प्रकारको कविता वाचन र साहित्य प्रचारले तत्कालीन दार्जिलिङको नेपालीहरूमा जातीय चेतना उन्मेष गराउनमा ठूलो सहयोग मिलेको थियो। नेपाली समाज र जातिलाई उन्नतशील र चेतनाशील बनाउनका निम्ति उनले शिक्षा, साहित्य, सामाजिक सुधारजस्ता कुरामा बल दिएर आफ्नो कविता रचेका छन्।

कवि धरणीधरले आफ्ना कविताका माध्यमद्वारा भारतमा सामाजिक दायित्व, शिक्षा र साहित्यप्रति रुचि, कर्तव्यज्ञान, स्वसंस्कृतिको मूल्य, राष्ट्रिय गौरव, स्वभाषाप्रति श्रद्धा तथा स्वसाहित्य र नैतिक मूल्यको अभिव्यक्ति गरेका छन्। उनका 'गुहार गुहार', 'जातीय गीत' जस्ता कविताले त्यस समयका बेथितीप्रति विद्रोह र राष्ट्रिय जागृतिको स्फूरण गराएका थिए। कवि धरणीधरले 'गुहार गुहार' कवितामा मूल रूपमा विद्याको अध्ययन र प्राप्तिद्वारा नेपालीमा जातीय जागरण र सुधार हुने उपदेशमूलक अर्ती दिएका छन्। उनले सन् 1915 सालतिरै विद्याको महिमा र मूल्य बुझाउँदै यसको उपयोगिताबारे समस्त नेपाली जातिमा उपदेशको लहर फैलाउने काम गरेका थिए।

कवि धरणीधरले कविताकै माध्यमबाट तत्कालीन दार्जिलिङ्गै नेपाली समाजमा जातीय जागरणार्थ एकताको वोध, कर्तव्यवोध र शिक्षाको वोध गराउन चाहेका छन्। उनको नैवेद्य कविता सङ्ग्रहभित्र शिक्षाको अनिवार्यता, एकता र उत्थानको शङ्खनाद, स्वअनुशासन र कर्मयोगी बन्ने उपदेश, धर्म र संस्कृतिको संरक्षण, भाषा - साहित्य कलाप्रति समाज र जातिलाई उद्बोधन गराउने भावका सरल र सरस कविताहरू सङ्कलित छन्। यसैले कवि धरणीधरले आफ्ना कवितामा नेपालीहरूमा नैतिक मूल्यको वीजारोपण गर्दै एकताको डोरीमा गाँसिएको हुनुपर्ने उपदेश दिएका छन्। उदाहरणका निम्ति **होस गरौँ** कविताको अंश उद्धृत गर्न सकिन्छ -

*नेपाली हो उठौँ लौ*

*जन बल न छरौँ*

*एकताको खिरिलो।*

भाषा - साहित्य, शिक्षा - ज्ञान, उपदेश, समाज सुधार जस्ता विषयमा सरल कविता रचना गरी नेपालीहरूमा नैतिक र जातीय चेतना उन्मेष गराउने कवि धरणीधर दार्जिलिङका नेपाली समाजका अग्रणी व्यक्तित्व हुन्। उनका कविताले दार्जिलिङका कवितामा आधुनिकताको सूत्रपात गरी समग्र नेपाली समाजमा जातीय जागरणका लहर स्फूरण गराएको हुनाले लक्खीदेवी सुन्दासले कवि धरणीधरलाई दार्जिलिङका जातीय जागरणका प्रवक्ता र अगुना कवि मानेकी छन्।

भारतीय नेपाली कवितामा कवि धरणीधर शर्मा कोइरालाले झैँ मित्रसेन थापाले पनि उपदेशप्रधान कविता रचेर नैतिक चेतना फैलाएका छन्। उनलाई उत्तर -पश्चिमाञ्चलका एक सशक्त जातीय कवि मानिन्छ। मित्रसेन थापालाई नेपाली संसारमा विशेष गायक, सङ्गीतकार र नाटककारको रूपमा चिनिए तापनि उनले कविता, गजल, भजन, काव्य, खण्डकाव्य आदि पनि लेखेका छन्। सन् 1920 को दशकदेखि साहित्यमा कलम चलाउने मित्रसेन थापाले आफू बाल्यकालदेखि नै मालश्री र भानुभक्तको रामायणका कतिपय श्लोकहरू बुबा मानबीरसेन थापाबाट मुखाग्र गरिसकेका थिए। सानैदेखि भगवानप्रति आस्था र धर्मप्रति विश्वास राख्ने प्रवृत्ति भएकाले उनले धार्मिक उपदेशमूलक खण्डकाव्य, काव्य र कविताहरू लेखेका छन्। कवि मित्रसेनको समयमा (सन् 1895 देखि सन् 1946 सम्म) भारमता अङ्ग्रेजहरूको शाषण थियो। त्यो समय अङ्ग्रेजहरूले भारतकै धनी र स्वार्थी तत्त्वहरूका आँडमा निर्धन र अशिक्षित एवम् कमजोर जनतामाथि घोर अन्याय, अत्याचार गर्ने गर्थे। शिक्षाको नितान्त अभाव, धार्मिक ज्ञानको कमी र निर्धनताको कारण भारतीय नेपालीहरू अन्य शक्तिबाट शोषित र पीडित भएको अनुभव कवि मित्रसेन थापालाई भएको थियो। उनले आफ्नो जीवनको अन्तिम भाग

(सन् 1933 देखि सन् 1946 सम्म) साहित्य सृजनाका साथसाथै धर्म-प्रचार र देश सेवाका कार्यहरूमा बिताएका थिए।

मित्रसेन थापाले नेपालीहरूमा आध्यात्मिक चेतना र सामाजिक जनचेतना फैलाउने उद्देश्य लिएर थुप्रै नीति - उपदेशमूलक कविता, सातवटा खण्डकाव्य, नाटक र 'लाहुरेको रेलीमाई फेसनै राम्रो' जस्ता प्रसिद्ध गीतहरू लेखेका छन्। उनको सन् 1933 मा प्रकाशित **गोरखालीसित**, **जय गोरख**, **संसार दर्शनको मेला**, **नखानुहोस् जाँड रक्सी**, **तिम्रो मर्जी** आदि कवितालाई नीति - उपदेशमूलक कविता मान्न सकिन्छ। यी कविताहरू सन् 1934 मा प्रकाशित कवि बहादुरसिंह बरालको **बरालको आँसु** कविता सङ्ग्रहमा सङ्ग्रहित छन्। कवि मित्रसेन थापाले आफ्ना कवितामा नेपालीहरूलाई ईश्वरको भक्ति र आराधना गरी आफू र आफ्नो जातिलाई उन्नतिको मार्गमा लगाउने आह्वान गरेका छन्। आफ्नो मनमा रहेका कलुषित भावना, पाप र द्वेषहरूलाई मेटाई सदैव ईश्वर भक्तिमा लीन रही उन्नतिमा लाग्ने उपदेश दिएका छन्। उदाहरणका निम्ति **गोरखालीसित** कवितालाई लिन सकिन्छ।

कवि मित्रसेन थापाले गोरखनाथलाई हामी नेपाली जातिको पूज्य गुरु मान्दै उनैको कृपा, दया र छत्रछायाँमा हाम्रो उन्नति र प्रगति भएको मान्छन्। 'जय गोरख' कवितामा हामीलाई पूज्य गुरु गोरखनाथको भक्ति - आराधना गर्ने आह्वान गर्दै उनै गुरु मार्फत नेपाली जातिले बल, बुद्धि, धन, विद्या प्राप्त गर्ने आस्था कविले साँचेका छन्। उदाहरण -

***पूज्य गुरु गोरख जातिका***

***हामी हौं सन्तान***

*शक्ति भरी गोर्खामा गुरुले*

*बनाएका बलवान्।*

मित्रसेन थापाले सन् 1933 देखि सन् 1935 सम्म भारतका विभिन्न स्थानहरूमा छरिएर बसेका नेपाली समुदायसँग जनसम्पर्क गाँस्ने उद्देश्य लिएर शिलङ, देहरादून, कुइटा, एबोटाबाद, बकलोह, बनारस, कोलकता, दार्जिलिङ, गोरखपुर, नौतुना आदि ठाउँहरूमा भ्रमण गरेका थिए। यस भ्रमणका समयमा उनले दार्जिलिङका साहित्यकार सूर्यविक्रम ज्ञवाली, धरणीधर शर्मा, पारसमणि प्रधान आदिबाट ठूलो उत्साह र प्रेरणा प्राप्त गरे। तिनीहरूकै जीवन साधना र नेपाली जाति भाषाप्रतिको योगदानबाट प्रभावित भएर कवि मित्रसेन थापाले पनि कविता, गजल, भजन र झ्याउरे गीतहरू लेखेका बुझिन्छ। उनले लेखेका कतिपय रचनाहरू पछि भाग्सुको मित्रसेन साहित्य एवम् सङ्गीत सभाबाट प्रकाशित **मित्रको डायरी र केही कविता - झ्याउरे** (सन् 1983) कृतिमा सङ्ग्रहित छन्।

मित्रसेन थापाले लगभग दुई वर्षसम्म भारतका गोर्खाली बहुल क्षेत्रहरूमा भ्रमण गर्दा त्यहाँका जनजीवन र उनीहरूको राजनैतिक, सामाजिक, आर्थिक, धार्मिक, शैक्षिक आदि अवस्थाको राम्ररी ज्ञान हासिल गरेका थिए। यसरी भ्रमण गर्दा विशेष रूपमा उनले नेपालीका दुःख, दयनीय स्थिति, शिक्षाको कमी साथै शोषित र पीडित जीवनलाई देखेका थिए। हाम्रो यस्तो दयनीय स्थितिलाई देखेर कविको मन 'हे हरि मेरो बिन्ती' कवितामा यसरी छट पटिएको छ -

*सेवाको पथ सजिलो ठानी,*

*सब दिशा फिर्दैछु।*

कवि मित्रसेनले आफ्ना कवितामा आफ्नो आदर, मान-सम्मान राखेर बाँच्ने आह्वान गर्दै हामी सबैले एका - अर्काप्रति ईर्ष्या, द्वेष, अभिमान आदि बिर्सिने नीति - उपदेश उनले आफ्ना कवितामा दिएका छन्। उदाहरणका निम्ति कवि मित्रसेनको 'युक्ति हजार गरौँ चाहे' कविताको यस पङ्क्तिलाई लिन सकिन्छ -

*हिँड्नु जगमा सोँची - सम्झी, सबैको राखी आदर मान*

*निहुरेर रहनु मीठो बोल्नु, छोडी बैर ईर्ष्या अभिमान।*

मित्रसेन थापाले ससाना कविता, गजल, भजन र गीतहरू लेखेर - सुनाएर मात्र सन्तोष मानेनन्। सन् 1935 देखि नेपाली जातिमा नैतिक भावना फैलाउने उद्देश्य लिएर उनले गीताको सन्देश र महाभारतका रोचक प्रसङ्गहरूलाई सरल नेपाली भाषामा खण्डकाव्यको रूपमा लेखेका छन्। यसका अतिरिक्त कवि मित्रसेनका **भक्त प्रह्लाद** (सन् 1940), **वीर अभिमन्यू** (सन् 1940), **चन्द्रहास** (सन् 1944), **एकादशी व्रतकथा** (सन् 1944), **सत्यनारायण कथा** (सन् 1944), **सन्त सखुबाई** (सन् 1944) आदि खण्डकाव्यहरू पनि प्रकाशित छन्।

सन् 1935 मा प्रकाशित **गीता** खण्डकाव्यमा मित्रसेनले धार्मिक र नीति –उपदेशमूलक भाव पोख्दै सर्वधर्म, सर्वजात, विश्वशान्ति र वसुधैव कुटुम्बकमको मन्त्र उच्चारण गरेका छन्। लोभ - ईर्ष्या र अभिमानको

कारण मानव एकाअर्कामा जुझ्न लागेको देखेर कवि मित्रसेन 'गीता' खण्डकाव्यमा यसरी दुखेसो पोख्छन् -

***लोभले अन्धो गरायो सबैलाई, लोभले अन्धो गरायो***

***धर्मको चिनो हरायो जगतबाट, धर्मको चिनो हरायो***

***बग्दैछ कतै रगतको खोला, फाल्दैछन् खेर यो मानिस चोला।***

यसरी कवि मित्रसेन थापाका कविता - कृतिहरूलाई अध्ययन गर्दा सम्पूर्ण मानव जातिले सर्वधर्म समभाव, सर्वजाति समभाव, सहअस्तित्वको भावना, वसुधैव कुटुम्बकम आदिलाई हृदयमा अङ्कन गरेर हामी नेपालीहरूमा नैतिकता, उपदेश छर्न चाहेका छन्। सदैव एक भएर भाषा, समाज र राष्ट्रको उन्नति र प्रगतिमा बढ्नुपर्ने पनि कविले व्यक्त गरेको पाइन्छ। आफ्ना कविता, गीत, रचनाहरूद्वारा नैतिक, आध्यात्मिक र उपदेशमूलक विचार अभिव्यक्त गरी कवि मित्रसेन थापाका कविताहरू अवश्य नै उच्च कोटिका छन्।

नेपाली कविता साहित्यमा कवि लेखनाथ पौड्यालका कविताहरूमा पनि नैतिक मूल्य आधिक्य रूपमा पाइन्छन्। उनी भारतेली नेपाली कवि नभए तापनि उनले कवितामा पोखेका नैतिकता, नैतिक मूल्य र मान्यतालाई भारतीय नेपालीहरूका सन्दर्भमा प्रयुक्त तथा सम्पूर्ण मानवका निम्ति प्रयुक्त देखिन्छ। कवि लेखनाथ पौड्यालको जन्म सन् 1884 मा र मृत्यु सन् 1965 मा भएको थियो। उनलाई नेपाली साहित्यका छन्दोबद्ध कवि ,परिष्कारवादी धाराका थालनीकर्ता ,आधुनिक युगको जन्मदाता, आध्यात्मिक पुनर्जागरण ल्याउने तथा आध्यात्मिक

मानवतावादी कविका रुपमा नेपाली साहित्यमा चिनिन्छ। सन् 1951 सालमा पौड्याललाई **कविशिरोमणि**को उपाधि दिइएको थियो। उनको जन्मस्थल **लेखनाथ नगरपालिका**को अर्घौं अर्चलेमा पर्ने भएकोले नेपाल अधिराज्यमा नै साहित्यिक श्रष्टामा नामबाट गठित एउटै मात्र नगरपालिका हो।

कवि शिरोमणि लेखनाथ पौड्यालको कवितायात्राको प्रारम्भ वि. सं. 1961 सालमा प्रकाशित **कविता कल्पद्रुम**मा सङ्ग्रहित उनका दुई कविताबाट भएको पाइन्छ। वि. सं. 1969 मा प्रकाशित **लालित्य** भित्र सङ्ग्रहित कविताले उनको प्रतिभालाई नेपाली समाजले अझ राम्ररी बुझ्ने र जान्ने मौका प्रदान गर्‍यो। यसपछि वि. सं. 1970 मा प्रकाशित उनको **शोक प्रवाह** शीर्षकको शोक काव्य, वि. सं. 1973 मा प्रकाशित **ऋतु - विचार** खण्डकाव्य र वि. सं. 1973 मा नै प्रकाशित **बुद्धि विनोद** शीर्षकको अर्को खण्डकाव्यले नेपाली कविता साहित्यलाई नै युगान्तकारी मोड दिन पुग्यो। नेपाली समाजमा उनको ख्याति दिन प्रतिदिन बढ्दै जान थाल्यो

यसैबीच वि. सं. 1976 साल जेठ 26 गते उनका बुबा दुर्गादत्त पौड्यालको निधन हुनपुग्यो। यसले उनको सम्हालिँदै गएको मनलाई फेरि अर्को झड्का दियो। उनले आफूलाई आफैँले बुझाए। यसै साल अर्थात् वि. सं. 1976 सालमा नै उनको **सत्य - कलि संवाद** शीर्षकको अर्को कृति प्रकाशित भयो। यो कृतिले पनि नेपाली कविता साहित्यको क्षेत्रमा व्यापक चर्चा पायो। साहित्य सिर्जनामा नै उनी निमग्न हुनथाले। उनले अनेकौँ फुटकर कविताहरू रचना गरे, पुस्तकहरू लेखे। यसमध्ये 'पिजराको सुगा', 'काल महिमा', 'सत्य - सन्देश', 'जीवन - चङ्गा', 'गौँथलीको चिरिबिरि' आदि कविता अविस्मरणीय बनेका छन्। त्यस्तै उनको प्रकाशित कृतिमध्ये **गीताञ्जली** (काव्य, वि. सं. 1986), **लक्ष्मीपूजा**

(नाटक, वि. सं. 1994), **त्याग र उदयको युगल प्रकाशन** (स्तुतिकाव्य, वि. सं. 2002), **अमर ज्योतिको सत्य स्मृति** (शोक काव्य, वि. सं. 2008), **तरुण तपसी** (नव्य काव्य, वि. सं. 2010), **मेरो राम** (खण्डकाव्य, वि. सं. 2011), **अभिज्ञान शाकुन्तल** (नाटक, वि. सं. 2015), **भर्तहरि निर्वेद** ( नाटक, वि. सं. 2020) र **गङ्गा गौरी** महाकाव्य आदि अमर र अमूल्य कृति मानिन्छन्।

वि. सं. 2008 साल असार 29 गते पौड्याललाई राजा त्रिभुवनले कविशिरोमणिको पद र मासिक दुई सय रूपियाँ आजीवन भत्ता प्रदान गरेका थिए। लेखनाथ पौड्यालले 'कवि शिरोमणि' - को पद पाएपछि उनले र्सवप्रथम आफ्ना गुरु दधिराम मरासिनीलाई एउटा चिठी लेखेका थिए। यस चिठीमा -" मेरा पूज्य गुरु , तपाईंले मेरा हात समाएर मलाई कविता यात्रामा प्रवेश गराउनाले नै आज म कवि शिरोमणि भएको छु।" वि. सं. 2011 सालमा नेपाली शिक्षा परिषद्को आयोजनामा, पौड्यालकै शुभजन्मोत्सवको उपलक्ष्यमा, उनलाई रथमा राखेर उनको शोभायात्रासहित नागरिक, अभिनन्दन गरिएको थियो। यो काम गर्ने प्रमुख हस्ती थिए गोपाल पाण्डे असीम। यस कार्यमा छाता ओडाउने काम चाहिँ महाकवि लक्ष्मीप्रसाद देवकोटाले गरेका थिए। त्यसै बेला देवकोटा र समले पौडयाललाई रथारोहण गराएका थिए। त्यस दिन पौडयालका हातमा जन अभिनन्दन पत्रका साथमा पाँच हजार रूपियाँको थैली पनि राखिएको थियो। त्यस घटनाको खुशियालीमा पौड्याल रोएका थिए।

नेपाली भाषासाहित्यमा पौड्यालका मन पर्ने स्रष्टा लक्ष्मीप्रसाद देवकोटा र माधव घिमिरे थिए। लेखनाथलाई सबैभन्दा पहिला कविसम्राट्को उपाधी लेख्ने पनि देवकोटा नै थिए। वास्तवमा पौड्याल आधुनिक नेपाली भाषासाहित्यका कविहरूका पनि कवि थिए। कवि

शिरोमणि लेखनाथले त्यसबेलाको गोरखा भाषा प्रकाशिनी समिति र नेपाल साहित्य परिषद् (आहिलेको प्रज्ञा प्रतिष्ठान) - को सदस्यको रूपमा पनि आफ्नो सेवा अर्पण गरेका थिए।महाकवि देवकोटाका जोडले पौडयाल नेपाल एकेडेमीको पनि सदस्य भए। एकेडेमीमा पौडयाललाई नपढेको भनेर पढ्दै नपढेका राजा महेन्द्रले ल्याउन खोजेका थिएनन भन्ने भनाई छ; तर देवकोटाले राजालाई सन्देश पठाए "ती ऋषिकल्प प्राज्ञ नभएको ठाउँमा मैले खुट्टा टेक्न मिल्दैन। त्यसपछि पौडयाल पनि सदस्यमा मनोनीत भए। त्यस्तो संबन्ध रहेकोले , देवकोटाको अन्तिम स्थितिमा उनले "बरु कालले मलाई लगेर तिमि लाई छोडेको भए नेपाली साहित्य लाई धेरै सेवा पुग्ने थियो" भनेका थिए।

वि. सं. 2020 सालपछि उनको देब्रे आँखालाई मोती विन्दूले ढपक्कै छोपेको थियो ; त्यसैले उनी एउटा आँखामात्र देख्थे। वि. सं. 2022 सालमा उनी तीर्थ गर्न बनारस लागे। तर भारतको रक्सौलमा पुगेपछि उनी थला परे। त्यसपछि उनलाई रातोरात नारायणगढको नारायणीनदीमा ल्याइपुऱ्याइयो। अन्ततः वि. सं. 2022 सालको शिवरात्री अर्थात् फागुन 7 गते, 82 वर्षको उमेरमा चितवनको भरतपुरस्थित देवघाटमा कविशिरोमणि लेखनाथ पौड्याल दिवङ्गत भए। उनलाई मरणोपरान्त वि. सं. 2026 मा **प्रज्ञा प्रतिष्ठानले त्रिभुवन पुरस्कार**द्वारा सम्मान गरेको छ। उनको स्मृतिमा सरकारले हुलाक टिकट पनि प्रकाशित गरेको छ।

कवि लेखनाथ पौड्यालको उपर्युक्त कृतिहरू भन्दा **नैतिक दृष्टान्त** नामक कवितामा नैतिक मूल्यको राम्रो प्रस्फुटन भएको पाइन्छ। उनी यस कवितामा ठूला – बडाले गरेको कार्य जीवन उपयोगी, संसारमा कसैको पनि एक समानले उन्नति नभएको, छोटा वा सानाहरू छोटै बड्यो भने

बर्काको खहरे झै हुने प्रवृत्ति रहेको सत्यतालाई दर्शाएका छन्। कवि लेखनाथ प्रस्तुत कवितामा मानवलाई नैतिक मूल्य बुझाउँधै यसो भन्छन् –

*बडाले जे गर्यो काम हुन्छ त्यो सर्व - संमत।*
*छैन शङ्करको नङ्गा, मगन्ते भेष नन्दित।।*
*गर्दैन ठूला व्यक्ति मर्यादा – स्थिति - उलङ्धन।*
*बसेको छ महासिन्धु सीमाबद्ध बनीकन।।*

यसरी भारतेली नेपाली कविहरूले आ – आफ्ना कविताहरूमा मानव चरित्र र आचरण, उचीत – अनुचितको भावना, आज्ञा पालन, सत्य – असत्यको ज्ञान, ईमानदारीता, आज्ञाकारीता, दया, सत्यवादीता, भक्ति, प्रेम, निष्पक्षता, आत्म नियन्त्रण, विश्वास, उत्तरदायित्व आदि नैतिक मूल्यगत् अभिव्यक्ति गर्दै भारतेली नेपालीहरूमा सद्गुणको विकास गर्न चाहेका छन्। अत: यी तत्वहरूका कारण मानवमा राम्रा – नराम्रा, सही – गलत, ठीक – बैठीक आदिको नैतिक मूल्यगत् ज्ञान पनि विकाशिल भएर जादछ भन्ने भारतेली नेपाली कविहरूका ध्येय रहेको प्रतीत हुन्छ।

## 5.3 भारतेली नेपाली कविताको सुधारवादी प्रवृत्ति

सन् 1900 को समयसम्म भारतीय नेपाली समाज कुसंस्कार, अन्धविश्वास र रूढीग्रस्त थियो। त्यस समय नेपालीहरू विभिन्न कुसंस्कार, अन्धविश्वास आदिमा जकडिएका थिए। समाजमा जातपातको भेदभाव, पुरानो विचार र मान्यता, परम्परावादी सोच साथै शिक्षाको ज्योतिदेखि भारतीय नेपाली समाज विमुख नै थियो। यसरी सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक आदि क्षेत्रमा नेपालीहरू पछौटे भएको कारण

तत्कालीन भारतीय नेपाली समाज अन्धविश्वास र कुसंस्कारको जञ्जालमा परेको थियो भन्न सकिन्छ। यही कारण आदिले गर्दा भारतीय नेपालीहरू पछौटे भई पतनको गोरेटोमा लागेको देखेर समाज सुधारको भावना राख्दै भारतेली नेपाली कविहरूले सुधारमूलक कविताहरू रचना गर्न थालेका मान्न सकिन्छ।

समाज सुधारको भावना राख्दै अशिक्षित नेपाली समाजमा चेतनाको उद्बोधन गर्ने भारतीय नेपाली कविहरूमा बहादुरसिंह बराल, हरिप्रसाद शर्मा बास्तोला, ज्ञानदिल दास, धरणीधर शार्मा कोइराला प्रमुख हुन्। तीमध्ये बहादुरसिंह बराललाई भारतका उत्तर – पश्चिमाञ्चल अन्तर्गत पर्ने भाग्सु - धर्मशालाका सशक्त कवि मानिन्छ। उनको कविता, गीत, भजन सङ्ग्रह **बरालको आँसु** (सन् 1932, प्रथम संस्करण) प्रकाशित छ। तर पहिलो संस्करण अप्राप्य रहेकाले दोस्रो संस्करण (सन् 1993) का आधारमा विवेचना गरिएको छ।

सन् 1993 मा प्रकाशित **बरालको आँसु**मा कवि बहादुरसिंह बरालका पूर्व प्रकाशित रचनाका अतिरिक्त पाण्डुलिपिका रूपमा प्राप्त भएका उनका अप्राप्य अप्रकाशित रचनाहरू पनि समावेश गर्दा कवि बरालका रचनाहरूको सङ्ग्रह गरी एक साथ बियासी (82) वटा पुगेको छ। यसबाहेक मित्रसेन थापा, दुर्गा मल्ल, गङ्गावती, मैतराम, पृथ्वीध्वज, मनवीर, पवित्रा देवी, शमशेर सिंह, जगत कारन्जित र दिलीप सिंह आदिका चौबीसवटा रचनाहरू समेत समावेश गरेर यस सङ्कलनमा कविता, गजल, गीत र भजनहरूको सङ्ख्या मोठ दुई सय छ (206) वटा पुगेको छ। कालीभक्त पन्त, सूर्यविक्रम ज्ञवाली, बालचन्द्र शर्मा र धर्मराज थापाका भूमिकारूपी सङ्क्षिप्त मन्तव्य र प्रकाशकीयबाहेक दुई सय पृष्ठमा

विस्तारित **बरालको आँसु** शीर्षक कृति **तीन झुल्को** (पहिलो, दोस्रो र तेस्रो झुल्को) - मा विभाजित छ। प्रस्तुत कृतिमा बहादुरसिंह बरालद्वारा रचित 182 वटा कविताहरूको अध्ययन - अनुशीलन गर्दा उनमा समाज सुधारमूलक, जातीयप्रेम र सांस्कृतिक जागरण बढी मात्रामा मुखरित भएको पाइन्छ।

**बरालको आँसु** कृतिको जातीय गौरव शीर्षक कवितामा कवि बरालले नेपाली जातिमा सुधारवादी दृष्टि फ्याँकेका छन्। यस अतिरिक्त अनेपाली जातिहरू प्रगतिको मार्गमा अघि बढ्दा नेपाली जाति भने घोर निद्रामै रहेको खुलासा कविले 'सम्झन वीर वंश हो' कवितामा गरेका छन्। यसर्थ कवि बरालले भारतीय नेपालीहरूमा कहिले सुधारको भावना आउला भन्दै दुखेसो 'जाति प्रेम' कवितामा यसरी पोखेका छन् -

***भक्त छु म आफ्नो जातिको, बिन्ती मेरो फालाफाल नगर***

***जातिको प्रेम छ छातीमा, कहिले जागृति आउला यो जातिमा***

***सबै सुखले सुत्दछन् रातिमा, म रुन्छु सधैँ बसेर धर धर।***

बहादुरसिंह बरालले आफ्ना विभिन्न कविता, भजन, गजल र गीतका माध्यमबाट भारतीय नेपाली समाजमा समाज सुधारको लहर फैलाउन चाहेको बुझिन्छ। अन्य समाज प्रगतिको शिखर चढ्दा नेपाली समाज चाहिँ सधैँ निद्रामै परेको देखेर कवि साह्रै व्यथित पनि बनेका

छन्। उदाहरणका निम्ति **अन्त्य के हो ?** कविताको यस पङ्क्तिलाई लिन सकिन्छ -

***अझैसम्म सुतिरह्यौ उठी जोर्दैनौ किन सामान ?***

***मान्छेको चोला कठिनले पायो, त्यै पनि निद्राले खायो***

***बिउँझन्छौ कैले अज्ञान ?***

विशेष गरेर कवि बरालले पथभ्रष्ट र नीतिभ्रष्ट भएको नेपाली समाजमा सुधारको भावना राख्दै समाजको उत्थान र संरक्षणमा लाग्ने आग्रह गरेका छन्। उनले कतिपय कविता र भजनमा चाहिँ ईश्वरसँग जातीय सुधारको वरदान माग्दै नेपाली जातिमा मानव प्रेमको भावना जागृत गराउन चाहेको बुझिन्छ।

सन् 1900 शताब्दीमा भारतीय नेपाली कविता संसारमा पदार्पण गर्ने हरिप्रसाद शर्मा बास्तोलालाई पूर्वाञ्चलका कवि मानिन्छ। उनले आफ्नो जीवनकालमा अन्यन्य रचनाहरू लेखेको जानकारी पाइए तापनि हालसम्म कवि बास्तोलाको एउटै मात्र कविता कृति **ज्ञान सागर** (सन् 1939) उपलब्ध छ। यसै कृतिको आधारमा कवि बास्तोलाका कविताको अध्ययन अनुशीलन गर्दा उनमा मूलतः समाज सुधारको भावना नै तीव्र मात्रामा मुखरित भएको पाइन्छ। कवि बास्तोलाले 'ज्ञान सागर' कृतिमा नेपाली जाति र नेपाली समाजलाई कुसंस्कार र मद मदिरादेखि टाढा रहने आघ्रह गरेका छन्। यसका साथै ईश्वर आराधानाद्वारा आफ्नो जीवन सफल बनाउने समाज सुधारवादी भावना पनि प्रस्तुत गरेका छन्। उदाहरणार्थ -

*माया मोह मयी इ दुई मदिरा पीयेर उन्मत्त छन्*

*एसैले भुलि प्राणिहरू जति छं प्रेम्माथि झन मस्त छन्*

*मर्छौं निश्चय राम् भजौं भनि लिन एकाद मात्रै यहाँ*

*होलान् सज्जन हो विचार गरिल्यौं आनन्द भै मनमाहां।*

कवि हरिप्रसाद शर्मा बास्तोलालाई सामाजिक कार्य र सेवामा सदैव साथ दिने र सहयोग पुऱ्याउनेहरूमा डिल्लीराम अधिकारी, धनञ्जय सिमखाडा, हरिदत्त अधिकारी, रविलाल देवकोला, नन्दलाल कोइराला आदि थिए। यिनीहरूकै प्रेरणाले त्यस समयको चेतनाविहीन नेपाली समाजमा आफ्ना कविताका माध्यमबाट उनी शिक्षाको ज्योति छर्न चाहन्थे। वस्तुतः कवि बास्तोलाले ज्ञान सागरमा शिक्षा नै मानव जातिको अनमोल सम्पत्ति हो भन्दै सुसुप्त र चेतनाविहीन नेपाली समाजलाई सचेत गराउन चाहेका छन्। उदाहरण -

*यश लोकमा सुख दिई परलोक् उतार्ने*

*वीध्यै छ गौरव याहा सव मोह फार्ने*

*विद्या र द्रव्य दुई धन छ जगत् भरीमा*

*आर्जन अवश्य गर्नु परने त याहां।*

भारतेली नेपाली कविताको प्राथमिक कालमा सन्जकवि ज्ञानदिल दासका कविताहरू नैतिक सँगसँगै समाज सुधारवादी प्रवृत्तिका छन्। उनको

**उदयलहरी** काव्य नेपाली जातिको उन्नति र प्रगतिका निम्ति नीति – उपदेश र समाज सुधारको भावना राक्दै लेखिएको उत्कृष्ट कृति मानिन्छ। यस कृतिमा उनले नेपाली समाजमा व्याप्त कुसंस्कार ,रूढ ,कुरीति , कर्मकाण्ड आदिको ,जातिप्रथा विरोध गरेका छन्। यसरी कविताको माध्यमबाट कवि ज्ञानदिल दासले तत्कालीन भारतेली नेपाली जाति र समाजमा नैतिक दृष्टान्त जगाउने कार्य गरेका थिए।

कवि ज्ञानदिल दासको रचनाहरूमा सौन्दर्य चेत र विद्रोह दुवैको मिश्रण, सामाजिक धार्मिक अन्धविश्वास, रूढि, पुरानो विचारघारा र सोच , कुरीति र विसङ्गतिप्रति गम्भीर दार्शनिक एवम् आध्यात्मिक विचारहरूको अभिव्यक्ति पाइन्छन्। यसबाहेक मुख्य गरेर कवि दासले आफ्ना कृतिहरूमा ब्रह्माणवाद, धार्मिक आडम्बर र रूढ़ीवादप्रति सक्दो विरोध जनाएका पाउँछौँ।

जोसमनी सम्प्रदाय योगको सिद्धि बताउने सम्प्रदाय मात्र नभएर समाज सुधारक सम्प्रदाय पनि हो। यस कुराको प्रमाण सन्त शशिधर र सन्त ज्ञानदिल दासले आफ्नो जीवनकालमा समाज सुधारका निम्ति गरेका कार्यहरूबाट स्पष्ट हुन्छ। मूलतः निर्गुणवादको प्रचार र जातिवादको निन्दाले गर्दा जोसमनी सम्प्रदायभित्र सबै जात र सबै धर्मावलम्बीहरूले समान आश्रय पाएका थिए। यसले एकातिर देशभित्र सबै जातिमा एकात्मकताको बाटो प्रस्तुत गरेको थियो भने अर्कातिर इसाई मतमा ओइरिन लागेको समाजलाई रोकेको थियो। त्यस समयमा ज्ञानदिल दासको धार्मिक आड समाजमा दह्रो थियो। यस कुराको प्रमाण दार्जिलिङमा उनले शास्त्रार्थ ज्ञानमा टर्नबुललाई पराजित गरी बाइबल डढाएको घटनाबाट स्पष्ट हुन्छ।

**उदयलहरी** काव्य नेपाली जातिको उन्नति र प्रगतिका निम्ति समाज सुधारको भावना राक्दै लेखिएको कवि ज्ञानदिल दासको उत्कृष्ट कृति मानिन्छ। यस कृतिमा उनले नेपाली समाजमा व्याप्त कुसंस्कार , कर्मकाण्ड आदिको ,जातिप्रथा ,रूढ ,कुरीति विरोध गरेका छन्। यसरी कविताको माध्यमबाट कवि ज्ञानदिल दासले समाज सुधारको कार्य गर्दै जातीय चेतना जगाउने कार्य गरेका थिए। कवि ज्ञानदिल दासका **उदयलहरी** काव्यमा विशेषतः समाज सुधारको भावना व्यक्त पाइन्छ। उनको समयमा नेपाली समाजमा प्रचलित ब्राह्मणवाद, कर्मकाण्ड, जातिभेद, छुवाछुत जस्ता कुसंस्कारको कवि दासले 'उदयलहरी' काव्यमा घोर विरोध जनाएका छन्। उनले यस काव्यमा कर्मकाण्ड, जातिप्रथा र समाजका कुसंस्कारलाई जरैदेखि उखेलेर फाल्दै एउटा नयाँ समाजको निर्माण गर्ने सुधारवादी भावा पनि पोखेका छन्। नेपाली जातिमा उन्नत समाजको स्थापनाका निम्ति ब्रह्मज्ञान र दया धर्मबारे अवगत हुनु आवश्यक छ भन्दै कवि 'उदयलहरी' काव्यमा यसो भन्छन् -

***सबै कहूँ भन्या कहनु हुँदैन***

***बिना ब्रह्मज्ञानले पाप धुँदैन***

***साधुको सेवाले चाँदै तरौला***

***दया धर्म छाडिदिया नर्कमा परौला।***

कवि ज्ञानदिल दासले **उदयलहरी**मा तत्कालीन समाजमा विद्यमान आफै खाऊँ, आफै लाऊँ, आफै नाऊँ कमाऊँ भन्ने स्वार्थी प्रवृत्तिप्रति घोर निन्दा गरेका छन्। यसैले त्यस समयका मानिसहरू सत्वगुण छाडी तमोगुणमा लागेका तथ्यलाई उनले 'उदयलहरी' काव्यमा खुलासा गरेका

Notes

छन्। पश्चिम सिक्किमको गेलिङमा सन् 1883 मा निधन हुने कवि सन्तकवि ज्ञानदिल दास नै भारतीय नेपाली काव्य लेखनको सन्दर्भमा प्रथम र एकजना सफल समाज सुधारक कविका रूपमा देखा पर्छन्।

**उदय लहरी** काव्यको मुख्य उद्देश्य ज्ञान, भक्ति र वैराग्यको प्रतिपादन गर्दै सुधारको भावना उत्पन्न गराउनु हो। यसमा कविले रजोगुण र तमो गुणमा विजय गरी सतव गुणको उद्घाटन गर्नुपर्ने मत व्यक्त गर्दै भन्छन् –

*सत रज तमको महाँ युद्ध भयो*

*सतको अर्जिलो तम गुण गयो*

*निसाफी विचारी निसाफ हेरिदेऊ*

*सत गुणी निर्धाको सरण अब लेऊ।*

ज्ञानदिलदासले उक्त कृतिमा समाजको सुधार चाहदै कर्मकाण्ड, हिंसा, घुस, गरिबी र मानिसको पाखण्डीपनप्रति विद्रोह पनि मचाएका छन्। उनले ज्योतिषीहरूलाई कर्मकाण्डी ब्राह्मण पुरोहित झैं रुढीवादी संस्कारको पृष्ठपोषक, आडम्बरी, धूर्त र फटाहा मान्दै पाखण्डी - फटाहाहरूमा धार्मिक - आध्यात्मिक चेतना वा साँचो ज्ञान हुँदैन भन्ने विश्वास गरेका छन्। उदाहरणका निम्ति **उदयलहरी**का यी कविता पंक्तिहरूले प्रष्ट पार्दछ –

*ग्रह गोचरको जाप गर भन्छन्।*

*सुझ न बुफ अम्ला मात्रै गन्छन्।।*

*क्या गर्छै ज्योतिषी हो अभागे तालो।*

*देख्छो त भन्छौ नजरमाथि जालो।।*

मूलत: कवि ज्ञानदिल दालले आफ्ना कृतिहरूमा समाजकै सुधार र उन्नित चाहेका छन्। उनले आफ्ना कविता र भजनहरूमा रसायन विज्ञानको कुरा उठाइएको छ। जसमा एउटा बस्तुले अर्को वस्तुको निषेध गरेर गुणात्मक विकास सहित नयाँ वस्तुको उत्पादन गरेको बुझाईएको छ। गाईले घाँस खान्छ, घाँसको निषेध गर्दछ तर घाँस दुधमा परिणत हुन्छ , धातुले पत्थरको निषेध गर्दछ तर पत्थर धातुमा परिणत हुन्छ। गुरुले चेलालाई गुरुमा परिणत गर्दछ, आगोले दियोको वर्तन जलाउँछ, तर वर्तन ज्योतिमा परिणत हुन्छ भनिएको छ।

पूर्वाञ्चलमा सुधारवादी नेपाली कवि टीकाप्रसाद शर्माका **लौहित्य** कविता सङ्ग्रहमा उन्नाइस (19) वटा कविताहरू सङ्कलित छन्। उनले आफ्नो जीवनकालमा धेरै कविताहरू लेखेका भए तापनि उनका प्रारम्भिक चरणका कतिपय कविताहरू सन् 1959 को आगलागीमा नष्ट भएको थियो। कवि शर्माले विशेषतः असमको कुना - कुनामा छरिएर बसेका नेपालीहरूको हृदयमा नैतिक र आध्यात्मिक चेतना तथा सुधार ल्याउने किसिमका रचना गरेका छन्। उनी जन्मिएको ठाउँ बिहालीबाट सन् 1920 - 21 तिर महात्मा गान्धी्को असहयोग आन्दोलनमा धेरै नेपालीहरू संलग्न भएका थिए। गान्धीको विचार र सङ्ग्रामद्वारा प्रभावित भएर असम बिहालीका जनतामा रुढीवाद, कुसंस्कार, अज्ञानता आदिप्रति सचेत हुने ज्ञान उत्पन्न भएको थियो। कवि टीकाप्रसादको बाल्यकाल पनि त्यही परिवेश र वातावरणमा बितेको हुनाले पछि तिनै कुरालाई उनले आफ्ना कविताहरूमा अभिव्यक्त गरेका छन्।

**लौहित्य** कविता सङ्ग्रहमा सङ्ग्रहित कविताहरू मूल रूपमा सुधारवादी भावनाले ओतप्रोत छन्। यस सङ्ग्रहमा सङ्ग्रहित पहिलो कविता **शंकर गुरु फेरि आउ** कवितामा असममा बस्ने नेपाली जातिको

Notes

हित र समाज उन्नतिका निम्ति सुधारवादी भावना मुखरित भएको पाइन्छ। कवि शर्माले नेपाली समाजलाई एक भई बसे समाज बलिको हुने चेतना जगाउँदै शंकर गुरु फेरि आउ कवितामा यसो भनेका छन् -

*बरगीत - कीर्तन समस्त चढे भन्याङ*

*बर्बाद सङ्गठनबाट भयो झस्याङ्ग*

*हामी सबै मिलनसार भए निदान*

*होला समाज बलियो अझ शोचँदैन।*

भारतको असम-पूर्वाञ्चलमा नेपालीहरू सयौँ वर्ष अघिदेखि बसोवासो गरिरहेका छन्। तथापि कतिपय विभेदकारी शक्तिहरूले उनीहरूमाथि दुर्व्यवहार र शोषण गर्ने गरेको कुरा कवि टीकाप्रसाद शर्माले ‘पूर्वोदय’ कवितामा उल्लेख गरेका छन्। यस कवितामा कविले नेपाली र उनीहरू बस्ने समाजलाई जति नै आपत-विपद, समस्या आइपरे पनि तथा त्यसलाई सहन गर्दै समाजको उन्नति र विजय पथमा अग्रसर हुने आह्वान गरेका छन्।

सन् 2007 मा असमको नेपाली साहित्य परिषदबाट प्रकाशित भएको कवि टीकाप्रसाद ‘लुइँटेल’ - को कर्ममय जीवन दर्शन पुस्तकमा ‘आत्मचेतना’ कविता समावेशी भएको छ। यसरी सन् 1930 को दशकदेखि नै असम - पूर्वाञ्चलबाट कविता विधामा कलम चलाएर सम्पूर्ण नेपाली समाजमा शिक्षाको ज्योति, साहित्यको प्रचार, सामाजिक चेत, आध्यात्मिक चेतना आदि फैलाउने कवि टीकाप्रसाद शर्मालाई भारतीय नेपाली साहित्यका उल्लेखनीय स्रष्टा मान्न सकिन्छ। भारतेली नेपाली साहित्यमा कवि महानन्द सापकोटाको प्रदार्पण हुनुभन्दा पूर्व

दार्जिलिङमा धरणीधर शर्मा कोइरालाको ‘गुहार गुहार’, ‘जातीय गीत’, ‘जाग जाग अब जागन जाग’ जस्ता सुधारवादी कविताहरूले नेपाली समाजमा जागृतिको भावना उन्मेष गराइसकेको थियो। कवि सापकोटाले पनि धरणीधरकै बाटो अनुसरण गरी जाति सुधारक कविता रचना गरेका छन्। कवि सापकोटाको **मनलहरी** काव्य एक सय पन्ध्र (115) श्लोकमा बाँधिएको छ। यस कृतिलाई समाज सुधारका भावनाले ओतप्रोत भएको विशिष्ट रचना मानिन्छ। यस काव्यमा कविले नेपाली जाति, भाषा, संस्कृति र सभ्यताको विकास र वैशिष्ट्यप्रति सचेतना जस्ता सुधारवादी दृष्टि राखेका छन्।

नेपाली जाति ससारका विभिन्न देश र स्थानमा छरिएर बसेका छन्। संसारको जुनै ठाउँमा रहे पनि यस जातिले दुःख गरेर जीवन धान्नुपर्ने सत्यलाई कवि सापकोटाले मनलहरी काव्यमा यसरी व्यक्त गरेका छन् -

***संसार भरी गोर्खाको सरी कस्को छ बयान***

***तै पनि हामी किन हो कोनि बिल्लिबाठ परेका***

***दुःख नै गरी जुनि नै भरी किन हो रहेका ?***

कवि महानन्द सापकोटाले मनलहरी काव्यमा विशेषतः सामाजिक सुधारको भावना राख्दै रुढीवादी मूल्य, मान्यता र कुसंस्कारप्रति घोर विरोध जनाएका छन्। यसै काव्यअन्तर्गत **तिजको बयान** कवितामा तीज, दशैँ, तिहार जस्ता पर्वहरूमा ऋण काढेर भए पनि शान देखाउने नेपालीहरूको परम्परावादी चलनप्रति कविले व्यङ्ग्य गरेका छन्। यस्तै अनावश्यक चलन र मान्यता कारण नेपालीहरू ऋणमा डुबेर सन्तान र

जाति नै भिखारी भएको यथार्थ कविले मनलहरी काव्यमा व्यक्त गरेका छन्। उनी नेपालीहरूलाई व्यङ्ग्य गर्दै यसरी भन्छन् -

*कमायो जति उडायो उति गर्ने ता पशु हो*

*पशुले मात्र मिलेको खान्छ नराखि क्यै जोहो*

*भोलिको सोच न राखि आज न खानु पटक्क*

*वर्षाको सोच गर्दछ हेर कमिलो थपक्क।*

कवि महानन्दको समयमा भारतीय नेपाली समाज परम्परागत मूल्य र मान्यतामा अडिएको, कुसंस्कार, र रूढीवादमा रुमलिएको कारण उनले मनलहरी काव्यमा यस्ता व्यवस्थाप्रति विरोध जनाउँदै सुधारवादी भावनाको सूत्रपात गर्न चाहेको बुझिन्छ। यसका अतिरिक्त मद - मदिरा, जाँड - रक्सी, जुवा - तास जस्ता कुलतका कारण नेपाली जातिको बल, बुद्धि सबै नष्ट भएको कुरा मनलहरी काव्यमा कविले व्यक्त गरेका छन्। सापकोटाको **विशाल नेपाल** (सन् 1950) लघुकाव्यमा सङ्ग्रहित **नेपाली र नेपाल**, **द्विधा** आदि कविताहरू सुधारमूलक प्रवृत्तिका छन्। विशेषतः जातीय सुधार र गौरव गानका सन्दर्भमा कवि सापकोटाका कविताहरूमा अभिव्यक्त भएका विचार नितान्त निजी छन्।

सिक्किमका प्राथमिक कालीन कवि सन्तवीर लिम्बूका कविताहरू ज्यादा समाज सुधार र जाग्रतिमूलक बनेका छन्। उनको नेपाली युवक - युवतीप्रति कवितामा शुरवीरका सन्तान र यस सन्तान बस्ने नेपाली समाज पाश्चात्य संस्कृतिको होडमा लागेर आज विकृति र विनाशको मुखमा परेको यथार्थलाई राम्ररी वर्णन गरेका छन्। उदाहरण -

*जुत्तासमेत पनि एडिवाला लगायौ*

*जातीय वस्त्रहरू ता सब लात मार्‍यौ*

*पारिदियौ कुल प्रथा जातिको विनाश*

*पक्का बन्यौ युरोपियन लेडी खास।*

कवि लिम्बूले काशीबाट प्रकाशित हुने उदय पत्रिकामा 'भताभुङ्गे थापा'-का छद्मनाममा आफ्ना कविताहरू छपाएका थिए। 'भताभुङ्गे थापा' - को नाउँमा प्रकाशित उनका कविताहरूमा 'नेपाली सज्जनप्रति', 'पुकारा', 'राम! राम!! राम!!!', 'धनाढ्यप्रति' आदि प्रमुख छन्। सन्तवीर लिम्बूले **नेपाली सज्जनप्रति** कवितामा नेपाली जातिका सज्जन र ठूला भनाउँदा व्यक्तिहरूको स्वार्थीपन र व्यवहारका कारण नेपाली समाज र भाषा उन्नतिको मार्गमा लाग्न नसकेको बताएका छन्। उदाहरण -

***साह्रै चूड्याँ भै धनी क्यै नगर्ने,***

***अस्हायै भै दीनको क्यै नचल्ने।***

***चौपट्टै स्वार्थी हुँदा भै निराशा,***

***बस्छे साह्रै हीन भै मातृभाषा।***

यस अतिरिक्त  भारतका विभिन्न ठाउँहरूबाट प्रकाशित हुने गोर्खा सेवक (शिलङ), उदय (काशी), नेबुला (कालेबुङ), गोर्खा (दार्जिलिङ), परिवर्तन (असम), प्रभात (दरङ्ग), ब्रह्मपुत्र (तेजपुर), चन्द्रोदय (बिहाली) आदि पत्र - पत्रिकाहरूमा प्रकाशित कविताहरूमा पनि जाति र समाज सुधारको भावना आधिक्य रूपमा पाइन्छ।

## 5.4 उपसंहार

संस्कृत भाषामा **नैतिक**लाई जानु, लिएर जानु तथा रक्षा गर्नु भनी बुझिन्छ। **मूल्य** भनेको केही कुराको अस्तित्व हो। व्यक्ति, परिवार, समुदाय आदिका निम्ति लक्ष्य प्राप्तिको साधनालाई नै मूल्य भनी बुझिन्छ। यसलाई समाजमा व्यक्तिले विस्तारै – विस्तारै ग्रहण गर्दै जान्छन्। मानव चरित्र र आचरणलाई मूल्यको धटक तत्व मानिन्छ। यस मूल्यको विधटन र मूल्य हिनता भए मानव जीवन अर्थहीन र निरस बन्दछ।

मूल्य पनि विभिन्न प्रकारका हुन्छन्। नैतिक मूल्य, धार्मिक मूल्य, कलात्मक मूल्य, राजनैतिक मूल्य, आर्थिक मूल्य, संवैधानिक मूल्य आदि। यी सबै मूल्य मानिसका जीवनमा भिन्न – भिन्न मात्रा र आवृत्तिमा विकसित हुँदै जान्छन्। यी सबै मूल्य भन्दा मानव जीवनमा नैतिक मूल्यको विकास हुनु अतिआवश्यक हुन्छ। नैतिक मूल्यलाई सामाजिक मूल्य पनि भनिन्छ। यस मूल्य अन्तर्गत उचीत – अनुचितको भावना, आज्ञा पालन, सत्य – असत्यको ज्ञान, ईमानदारीता, आज्ञाकारीता, दया, सत्यवादीता, भक्ति, प्रेम, निष्पक्षता, आत्म नियन्त्रण, विश्वास, उत्रदायित्व आदि पर्दछन्। समग्रमा व्यक्तिका यही नैतिक मूल्यलाई व्यक्तिको चरित्र पनि भनिने गरिन्छ। अत : नैतिक मूल्यलाई समाज निर्माणको तत्व पनि मान्न सकिन्छ।

समाजमा रहेको सामाजिक, धार्मिक आदि पुरानो विचारघारा र सोच, रूढि, अन्धविश्वास, व्यवस्था, नियम – नीति, कुरीति र विसङ्गतिप्रति भत्कर्ना गर्दै मानवमा त्यसप्रित सचेतना र जागरबकता ल्याउनु नै सुधारवादको उद्देश्य हो। दार्शनिक एवम् आध्यात्मिक विचारहरूप्रति मानवको गलत सोच र मान्यताको खण्डन पनि यस वादले गर्दछ। भारतेली नेपाली कवितमा यस्ता सुधारवादी भावना राखेर विभिन्न

कविहरूले सरल, सहज, व्याङ्गात्मक र आलोचनात्मक शैलीमा कविताको सृजना गरेका पाउँछौ। मुलत : ब्रह्माणवाद , धार्मिक आडम्बर र रूढ़ीवादप्रति सक्दो विरोध गर्दै मानवमा सुधारको भावना तथा चेतना जगाउँनु नै सुधारवादी साहित्य लेखनको ध्येय रहेको मान्न सकिन्छ।

भारतेली नेपाली समाज प्रारम्भमा कुसंस्कार, अन्धविश्वास र रूढिग्रस्त थियो। त्यससमय नेपालीहरू र उनीहरू बस्ने समाज विभिन्न कुसंस्कार, पुरातन सोच र मान्यता, विचार आदिले जकडिएको थियो। सामाजिक, आर्थिक, शैक्षिक र राजनैतिक आदि क्षेत्रमा भारतीय नेपाली समाज र जाति दुवै पछौटे भएको कारण उनीहरूमा नैतिक मूल्यको विकास र सामाजिक सुधारको भावना जाग्नु नितान्त आवश्यक रहेको बुझिन्छ। पछि यही नैतिक मूल्य र सुधारवादी भावनालाई आफ्ना कविताको मूल विषय बनाएर भारतेली नेपाली कविहरूले थुप्रै कविताहरूका सृजना गर्न पुगे। यस्ता कविहरूमा ज्ञानदिल दास, धरणीधर शार्मा कोइराला, महानन्द सापकोटा, हाजिरमान राई आदिको नाम पहिलो पङ्क्तिमा लिन सकिन्छ। यी कविहरूका नैतिक मूल्य र सुधारवादीमूलक कविताहरूका कारण भारतेली नेपाली समाज र जाति वर्तमानमा विश्वको समक्ष एक विकसित, वीर र इमानदारी जातिका रूपमा परिचित हुन सकेको अनुभव हुन्छ।

## 5.5 सार

यस प्रखण्डमा **भारतेली नेपाली कवितामा नेतिक मूल्य र सुधारवादी प्रवृत्ति**बारे सामान्य जानकारी प्राप्त भयो। उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ।

- संस्कृत भाषामा **नैतिक**लाई जानु, लिएर जानु तथा रक्षा गर्नु भनी बुझिन्छ। **मूल्य** भनेको केही कुराको अस्तित्व हो।

Notes

- सामाजिक मूल्य जस्तै मानिने नैतिक मूल्य अन्तर्गत उचीत – अनुचितको भावना, आज्ञा पालन, सत्य – असत्यको ज्ञान, ईमानदारीता, आज्ञाकारीता, दया, सत्यवादीता, भक्ति, प्रेम, निष्पक्षता, आत्म नियन्त्रण, विश्वास, उत्तरदायित्व आदि पर्दछन्।
- व्यक्तिका नैतिक मूल्यलाई व्यक्तिको चरित्र पनि भनिन्छ। यो नैतिक मूल्य समाज निर्माणको तत्व भएकोले यसद्वारा मानिसका सद्गुणको प्रर्दशन हुँदछ। मानवमा राम्रा – नराम्रा, सही – गलत, ठीक – बैठीक आदिको ज्ञान यही नैतिक मूल्यद्वारा नै हुन् गर्छने।
- समाजमा रहेको सामाजिक, धार्मिक आदि पुरानो विचारघारा र सोच, रूढि, अन्धविश्वास, व्यवस्था, नियम – नीति, कुरीति र विसङ्गतिप्रति भत्कर्ना गर्दै मानवमा त्यसप्रित सचेतना र जागरबकता ल्याउनु नै सुधारवादको उद्देश्य हो।
- दार्शनिक एवम् आध्यात्मिक विचारहरूप्रति मानवको गलत सोच र मान्यताको खण्डन पनि सुधारवादले गर्दछ। भारतेली नेपाली कवितमा यस्ता सुधारवादी भावना राखेर विभिन्न कविहरूले सरल, सहज, व्याङ्गात्मक र आलोचनात्मक शैलीमा कविताको सृजना गरेका पाउँछौ।
- मुलत : ब्रह्माणवाद , धार्मिक आडम्बर र रूढ़ीवादप्रति सक्दो विरोध गर्दै मानवमा सुधारको भावना तथा चेतना जगाउँनु नै सुधारवादी साहित्य लेखनको ध्येय रहेको मान्न सकिन्छ।
- भारतेली नेपाली समाज प्रारम्भमा कुसंस्कार, अन्धविश्वास र रूढिग्रस्त रहेको कारण नेपालीहरू र उनीहरू बस्ने समाजमा नैतिकता, नैतिक विचार र मूल्य साथै समाज र जाति सुधारको

भावना राखेर भारतेली नेपाली कविहरूले कविताहरू रचना गरेको बुझिन्छ।

- ❖ सुरूमा सामाजिक, आर्थिक, शैक्षिक र राजनैतिक आदि क्षेत्रमा भारतीय नेपाली समाज र जाति दुवै पछौटे भएको कारण उनीहरूमा नैतिक मूल्यको विकास र सामाजिक सुधारको भावना जाग्नु नितान्त आवश्यक थियो।
- ❖ नैतिक मूल्य र सुधारवादी भावनालाई आफ्ना कविताको मूल विषय बनाएर कविता लेख्ने भारतेली नेपाली कविहरूमा ज्ञानदिल दास, धरणीधर शार्मा कोइराला, महानन्द सापकोटा, हाजिरमान राई आदिलाई प्रमुख मानिन्छ।
- ❖ भारतका नेपाली कविहरूका नैतिक मूल्य र सुधारवादीमूलक कविताहरूका कारण भारतेली नेपाली समाज र जाति वर्तमानमा विश्वको समक्ष एक विकसित, वीर र इमानदारी जातिका रूपमा परिचित हुन सकेको अनुभव हुन्छ।

यस प्रखण्डको अध्ययनले भारतेली नेपाली कवितामा रहेको वा पाइने नैतिक मूल्य र सुदारवादी प्रवृत्तिबारे बुनियाँदी जानकारी प्राप्त भयो। मूलरूपमा नैतिक मूल्य र सुधारको भावना रहेको भारतेली नेपाली कविताहरूको अध्ययन गर्दै भारतबाट लेखिएका वा प्रकाशित भएका यस प्रवृत्तिका नेपाली कविताका विभिद प्रवृत्तिम ,हत्व र विशेषता सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो।

## 5.6 अनुशीलनी

Notes

1 . नैतिक मूल्यको परिभाषा केलाउँदै नेपाली साहित्यमा यस प्रवृत्ति लेखनको सर्वेक्षण गर्नुहोस्।

2 . भारतेली नेपाली नैतिक मूल्यगत् साहित्यको महत्त्व र मूल्य के कस्तो छ ? बताउनुहोस्।

3. भारतेली नेपाली सुधारवादी भावना भएका साहित्यको महत्त्व र मूल्यलाई चिनाउँनुहोस्।

4. नेपाली नैतिक दृष्टान्त र सुधारमूलक साहित्यको मुख्य – मुख्य विशेषताहरूबारे विश्लेषण गर्नुहोस्।

5. नेपाली नैतिक मूल्यगत् र सुधारका भावना रहेका कविताको साम्य र बैषम्यबारे विवेचना गर्नुहोस्।

6. दार्जिलिङ र पूर्वाञ्चलवाट प्रकाशित नैतिक मूल्य र सुधारवादी काव्य – कृतिहरूको अध्ययन गर्नुहोस्।

7. हिन्दी साहित्य र नेपाली साहित्यका नैतिक मूल्यप्रधान कविताहरूमाथि तुलना गर्नुहोस्।

8. हिन्दी साहित्य र नेपाली साहित्यका सुधारवादी प्रधान कविताहरूका तुलना गर्नुहोस्।

9. नेपाली नैतिक मूल्य र सुधारका भावनाप्रधान कविताका पृष्ठभूमिबारे एउटा गतिलो लेख तयार पार्नुहोस्।

10. भारतेली नेपाली नैतिक मूल्यप्रधान र सुधारवादीमूलक कविताहरूका विकासमा पत्र – पत्रिकाको के कस्तो भुमिका रहेको छ ? विवेचना गर्नुहोस्।

11. नेपाली नैतिक मूल्य र सुधारवादी कविताहरूका विकासक्रमबारे व्याख्या गर्नुहोस्।

12. भारतेली नेपाली नैतिक मूल्य र सुधारवादी कविताको वैशिष्ठबारे लेख लेख्नुहोस्।

## 5.7 अतिरिक्त अध्ययन

४२.सुन्दास, लक्खीदेवी (सम्पा.) - **सम्मेलन कविता सङ्ग्रह** ।

४३.प्रधान, गुप्त – **धुमिक पृष्ठहरू**।

४४.राई, इन्द्रबहादुर – **अर्थहरूको पछिल्तिर**।

४५. उपाध्याय, भीमकान्त – **आँखीझ्यालबाट हेर्दा**।

४६.खाती, नरेशचन्द्र – **क्रम अध्ययनका**।

४७. नेपाल, धनश्याम – **विधा विविधा**।

४८.नामदुङ, जीवन - **अगमसिंह गिरीका कविता – कृतिहरूका अध्ययन र आधार**।

४९.ठकुरी, मोहन – **नेपाली कविता यात्रा**।

५०.राई, असीत – **भारतीय नेपाली साहित्यको इतिहास**।

५१.प्रधान, कुमार – **पहिलो पहर**।

५२.उपाध्याय, केशवप्रसाद – **प्राथमिककालीन कवि र काव्य प्रवृत्ति**।

५३.छेत्री, तुलसी बहादुर – **नेपाली साहित्यको विकासमा दार्जिलिङको योगदान**

(अप्रकाशित शोध – प्रबन्ध)।

५४. शेर्पा, सोनाम – **जातीय चेतनामूलक भारतेली नेपाली कविताको अध्ययन र विश्लेषण**

(अप्रकाशित शोध – प्रबन्ध)।

५५. दाहाल, मोहन पी. – **नेपाली अकादमी जर्नल।**

५६.प्रधान, मननारायण – **केही साहित्यिक अध्ययन र मूल्याङ्कन।**

यस अतिरिक्त नैतिक मूल्य र सुधारवादी प्रवृत्तिबारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रकाहरूको पनि अध्ययन।

## 5.8 मूल्यबृद्धिको निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

१७.नैतिक मूल्य र सुधारवादी भावनामा भिन्नता।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 5.2 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१८. भारतेली नेपाली कवितामा नैतिक मूल्यताको विशेषता।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 5.3 को नैतिक मूल्यप्रधान भारतेली नेपाली कविता खण्डमा उत्तर खोज्न सक्नेछन् )**

१९. सुधारवादी भावनामूलक भारतेली नेपाली कविताहरूका अध्ययन।

..........................................................................................

..........................................................................................

...............................................................................

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 5.4 को भारतेली नेपाली कविताको सुधारवादी प्रवृत्तिमा उत्तर खोज्न सक्नेछन् )**

२०. भारतेली नेपाली साहित्यको विकासमा नैतिक मूल्यगत् र सुधारवादी भावनाप्रधान कविताको योगदान।

...............................................................................

...............................................................................

...............................................................................

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 5.3 र 5.4 खण्डमा उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 6, स्वच्छन्दतावाद र भारतेली नेपाली कविता

6.0 उद्देश्य

6.1 परिचय

6.2 स्वच्छन्दवादको अर्थ र परिभाषा

6.3 भारतेली नेपाली कवितामा स्वच्छन्दतावाद

6.4 उपसंहार

6.5 सार

6.6 अनुशीलनी

6.7 अतिरिक्त अध्ययन

6.8 मूल्यबृद्धिको निम्ति उत्तर

## 6.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- स्वच्छन्दतावादको अर्थ र परिभाषा
- स्वच्छन्दतावादको परिचय
- नेपाली कवितामा स्वच्छन्दतावाद
- भारतेली नेपाली कवितामा स्वच्छन्दतावाद
- स्वच्छन्दतावादको संघटक तत्त्वहरू

- स्वच्छन्दतावादी भारतेली नेपाली कविताका मूल्य र मान्यता

## 6.1 परिचय

स्वच्छन्दतावाद परिष्कारवादको विरूद्धमा खडा भएको साहित्यिक मान्यता हो। यस वादलाई नवपरिष्कारवादको विपरित साहित्य मान्यताका रूपमा स्वीकारिएको छ। मुख्य गरेर प्राचीन ग्रीस र रोमका क्लासिकल साहित्यको अनुसरण गरेर नवपरिष्कारवादी साहित्यकारहरू संयम, नियम र परम्पराको परिधिमा रहेका थिए। पछि यही परिधिभित्र रही साहित्य सृजना गर्दा बाह्य सजधजमै बढी रम्न पुगी त्यससमयको साहित्य कृत्रिम, सतही र आडम्बरपूर्ण बन्न पुग्यो। फलत: त्यसैको विरोध र बिद्रोहका रूपमा साहित्यमा स्वच्छन्दतावादको अभ्युदय भएको मानिन्छ।

स्वच्छदतावादमा जर्मन आत्मवादि तथा भाववादी दर्शनको गहिरा प्रभाव परेको देखिन्छ। यस दर्शनका प्रवर्तक हिगेल र सिलर मानिन्छन्। हिगेलका अनुसार साहित्य सिर्जनाको प्रक्रिया जडबाट चेतनतिरको यात्रा हो र चेतन वा बुद्धि अमूर्त, सार्वभौम, विशुद्ध र परम चैतन्यमय हुन्छ। हेगेलले स्वछन्दतालाई भौतिकवादमाथि आत्मवादको विजय मानेका छन्। स्वच्छन्दतावादमा फ्रान्सेली क्रान्ति (सन् 1789) - को विशेष गहिरो प्रभाव परेको छ। ज्याँ ज्याक रुसोका विचारधाराले एकातिर क्रान्तिका लागि सहयोगी वातावरण तयार पार्न सक्रिय भूमिका निर्वाह गरेको पाइन्छ भने अर्कातिर स्वच्छन्दतावादी सर्जकहरूलाई बौद्धिक, सैद्धान्तिक र भावनात्मक रूपमा प्रभाव पारेको देखिन्छ। यही

प्रभावस्वरूप अमेरिका र बेलायतमा यसको विकास तीव्र रूपमा भएर गयो। बेलायतमा स्वच्छन्दतावादी कविहरूको दुई पुस्ताले यस विचार धाराको संवर्द्धन गरेको देखिन्छ। पहिलो पुस्ताका **विलियम ब्लेक**, **कविहरू विलियम वर्डस्वर्थ**, सामुएल टी. कलरिज, समालोचक चार्ल्स ल्याम्ब, उपन्यासकार **जेन अस्टिन**, **वाल्टर स्कट** आदि र दोस्रो पुस्ताका लर्ड वाइन, जर्ज गर्डन, पर्सी बर्सी **सेली**, **जोहन किट्स** तथा गद्य लेखक विलियम ह्याज्लिट आदिको महत्त्वपूर्ण भूमिका रहेको छ।

साहित्यमा उन्नाइसौँ शताब्दीको प्रारम्भदेखि सुरू भएको स्वच्छन्दतावादले तर्क, बुद्धि र विवेकको साटो भावना र आत्मरागको अभिव्यक्तिमा केन्द्रित हुन्छ। यस वादले एकातिर भावुकताद्वारा विवेकको अपहरण गर्दछ भने अर्कोतिर विवेक र आत्मनियन्त्रणका महत्तम गुणहरूको उपेक्षा गर्ने आशङ्क पनि राख्दछ। भावुकताको सहायताले अज्ञात, अदृश्य, अविदित र स्वप्निल तत्त्वहरूको प्रस्तुतितर्फ स्वच्छन्दतावाद एकोहोरो बन्दछ। यस वादले एकातिर यथार्थ वा सत्यको प्रतिकूल बन्दछ भने अर्कोतिर दुर्बोध्य , अस्पष्ट र अनिश्चित पनि हुने सम्भावना रहन्छ। ग्रामीण विषय, व्यक्तिको चित्र, अतीतको मोह, काल्पनिक जगत् आदिको सम्यक रूपमा चित्रण गर्नेहुनाले मानवको हृदयसित स्वच्छन्दतावादको असीम सम्बन्ध रहन्छ।

## 6.2 स्वच्छन्दवादको अर्थ र परिभाषा

**स्वच्छन्दतावाद** ( Romanticism) - लाई नेपालीमा **रोमान्टिक धारा**, **रोमान्टिकवाद**, **रोमान्टिक मान्यता**, हिन्दी साहित्यमा **छाँयावाद** आदि भनिन्छ। यो वाद अठारौं शताब्दीतिर साहित्यमा विकसित भएको कलात्मक, साहित्यिक, र बौद्धिक आन्दोलन मानिन्छ।

Romance शब्दको प्रयोग प्राचीन समयदेखि नै विभिन्न अर्थमा गर्दै आएको पाइन्छ। प्रारम्भमा रोमेली भाषाहरूमा लेखिएका कृतिहरूलाई रोमान्स भानिन्थियो। यस्ता कृतिहरू हल्का, घटिया, असत्य र काल्पनिक हुन्थे। त्यसपछि प्रचीन फ्रान्सेली भाषामा रोमान्ज (romanz) शब्दको प्रयोग पल्पित, असम्भव, वीरतापूर्ण, प्रेमविषयक उपन्यास वा कलाका लागि गर्न थालिएको देखिन्छ। सत्रौ शताब्दीको बेलायतमा पनि यसको प्रयोग कल्पनाप्रधान, हीन तथा असत्यकै सन्दर्भमा भएको पाइन्छ। अठारौ शताब्दीमा प्रथम पटक यसको अर्थ भावुकता, चारुत्व, रमणीयता, रोचकता तथा कल्पनाले युक्त रचनाहरूका लागि गरिएको देखिन्छ। स्वच्छन्दतावादका अनेक परिभाषा पाइन्छन्। तिनमध्ये केही परिभाषा यसप्रकार छन् :

- लेगुई र कजामिया - **परम्परावादी कलाका विरुद्ध नवान्मेषकारी सौन्दर्य शास्त्रीय सिद्धान्त नै स्वच्छन्दतावाद हो।**
- वाल्टरपेटर - **अद्भूत र सुन्दरताको भव्य मिश्रण स्वच्छन्दतावाद हो।**
- एवरक्रम्बे - **स्वच्छन्दतावाद भनेको बाह्य अनुभवबाट आन्तरिक अनुभूतितर्फको प्रयाण हो।**
- भिक्टर ह्युगो – **साहित्यिक उदारवादिता नै स्वच्छन्दतावाद हो।**
- जे. टी. सिप्ले – **नियम – संयम वा परम्परामुक्त स्वच्छन्द र स्वत: स्फुर्त काव्य शैली नै स्वच्छन्दतावाद हो।**
- नेपाली बृहत् शब्दकोश – **शास्त्रीय बन्धनमा जेलिएका साहित्यिक सिद्धान्तलाई त्यागी जीवन र जगतका स्वतन्त्र चिन्तन, प्रकृति आदिका**

**रोमान्टिक भाव व्यक्त गरेर साहित्य सृजन गर्ने एक प्रवृत्ति वा सिद्धान्त नै रोमान्टिकवाद हो।**

स्वच्छन्दतावाद मुख्य रूपमा साहित्यमा सन् 1798 बाट सुरु भई सन् 1830 तिर समाप्त हुन पुगेको देखिन्छ। लगभग तिन दशकको यसको समयावधि रहेको छ। स्वच्छन्दतावादको **पहिलो चरण**लाई पूर्व स्वच्छन्दतावादी युग पनि भनिन्छ। अठारौ शताब्दीको मध्यतिर अङ्ग्रेजी कवितामा पूर्व स्वच्छन्दतावादी प्रवृत्ति देखिएको हो। यस अवधिका कविहरू वर्न्स, पर्सी, वार्टन आदिका कवितामा पूर्व स्वच्छन्दतावादी प्रवृत्ति देखिएका छन्। यस वादको **दोस्रो चरण** अन्तर्गत साहित्यमा स्वच्छन्दतावादको खास प्रवर्तन सन् 1798 मा प्रकाशित अङ्ग्रेजी कविता कृति **लिरिकल ब्यालेड्स** (Lyrical Ballads) - बाट सुरु भएको मानिन्छ। यस कृतिको भूमिकालाई स्वच्छन्दतावादको घोषणा – पत्रका रूपमा मानिन्छ। यस धाराको प्रतिनिधित्व बेलायतमा विलियम ब्लेक, विलियम वर्डस्वर्थ, सामुएर टी. कलरिज आदि कविहरूले गरेको देखिन्छ भने अमेरिकामा राल्फ वाल्डो, इमरसन, एडगर एलेन पो आदिले गरेका हुन्। त्यस्तै रुसमा अलेक्जेन्डर पुस्किन समेतले यस वादका प्रतिनिधित्व गरेका छन्। यसरी हेर्दा पश्चिमी साहित्यमा स्वच्छन्दतावादको अधिक प्रभाव कवितामा परेको मान्न सकिन्छ।

स्वच्छन्दतावादका प्रमुख मान्यतालाई मोटामोटी रूपमा निम्नअनुसार अध्ययन गर्न सकिन्छ। ती हुन् –

१. **वैयक्तिकता** – यसमा स्वको अभिव्यञ्जना, व्यक्तिवादी काव्य चिन्तन, रचनामा निजी विषयवस्तुको अभिव्यक्ति आदि रहन्छ।

२. **काल्पनिकता** - यथार्थ जगत्बाट पलायन, काल्पनिक जगतको विचरण, सौन्दर्य प्रेम, प्रकृति प्रेम, प्रकृतिमा ईश्वरीय सत्ताको अवलोकन आदि रहेको हुन्छ।

३. **विद्रोहात्मकता** - अभिजात्य विषय, व्यक्ति परम्परा, शास्त्रीयता आदिको विरोध गरिएको हुन्छ।

४. **भावुकता** - कृतिमा अन्य कुरो भन्दा भावनाको प्रधानता रहेको हुन्छ।

५. **मानवतावाद –** संसारका सम्पूर्ण मानिस नै भाई – भाई, भ्रातत्व, मैत्री भावना, मानव सेवा, गरीव – दीनको सहायता आदि रहेको हुन्छ।

६. **अद्भूतता** – भौतिक जीवनको यान्त्रिकता, कठोरता, विकृति भन्दा रहस्यवादिता, अद्भुतता वा आध्यात्मिकता आदिको चित्रण तर्फ ज्यादा बडेको हुन्छ।

७. **कृत्रिमताबाट मुक्ति** – यो वाद कुनै पनि आडम्बर, मिथ्याभिमान तथा कृत्रिमतादेखि बाह्य रहेर स्वच्छन्द तथा स्वत: स्फुर्त काव्य लेखनमा रमिएको हुन्छ।

८. **साङ्गीतिकता** – गीतिमयता, लयात्मकता, गेयात्मकता वा सङ्गीतात्मकता यसमा अधिक रहेको हुन्छ।

## 6.3 भारतेली नेपाली कवितामा स्वच्छन्दतावाद

स्वच्छन्दतावाद विश्वसाहित्यमा स्वच्छन्द एवं उदारवादी काव्यिक आन्दोलनका रूपमा प्रचलित साहित्यिक मान्यता हो। वैयक्तिकता, आत्मनिष्ठता, काल्पनिकता, भावुकता, विद्रोहात्मकता, सौन्दर्यात्मकता, आद्भुतिकता, सङ्गीतात्मकता, मध्ययुगतर्पmको उन्मुखता, प्रवृmतिप्रेम, कृत्रिमताबाट मुक्ति,

मानवतावादी दृष्टिकोण आदि स्वच्छन्दतावादका खास परिचायक अभिलक्षण हुन्। संसारका विभिन्न भाषामा लेखिएका स्वच्छन्दतावादी साहित्यमा प्रायः मूलभूत प्रवृत्तिगत समानता पाइए पनि सामाजिक, सांस्कृतिक, प्राकृतिक चित्रण तथा स्वच्छन्द अभिव्यक्तिका कारण कतिपय भिन्नता पनि पाइन्छ। स्वच्छन्दतावादी प्रवृत्ति आख्यानका क्षेत्रमा केही मात्रामा देखापरे तापनि यसको मुख्य प्रयोगक्षेत्र कविता नै रहेको छ। प्रबल वैयक्तिकता, तीव्र कल्पनाशीलता, भावनात्मकता, अद्भुतता, हार्दिकता, कोमलता, भावगत मुक्तता, अनियन्त्रितता र स्वच्छन्दता, सहजता, स्वप्निलता, व्यक्तिवादिता, स्वाभाविकता, अतिशय भावुकता, प्रवृmति चित्रणमा विविधता, प्राकृतिक सौन्दर्यप्रतिको आकर्षणजस्ता प्रवृत्तिको अनुसरण स्वच्छन्दतावादी रचनाहरूले गर्दछन्।

सौन्दर्यप्रतिको आकर्षण एवं कल्पना र भावनाको विशेष प्रयोग पाइने स्वच्छन्दतावादी काव्यमा सामान्यका सट्टा विशिष्ट तथा स्वाभाविकताका सट्टा विलक्षण ढङ्गले प्रवृmतिका विविध रूपको चित्रण गरिन्छ। स्वच्छन्दतावादी कविहरू प्रवृतिलाई जड रूपमा नभई सहचारी वा सजीव रूपमा मानवीकरणका साथ आफ्नो काव्यमा प्रयोग गर्छन्। स्वच्छन्दतावादी काव्यलाई अद्भुतपूर्ण रूपमा चेतनाको पुनर्जागरणका रूपमा लिइन्छ। भावजगत्मा स्वच्छन्द विचरण गर्न रमाउने स्वच्छन्दतावादी कविहरूको भाव पूरै मुक्त, अनियन्त्रित तथा स्वच्छन्द हुन्छ। विद्रोहको भावना तथा स्वतन्त्रताको कामना गर्ने स्वच्छन्दतावादी कविहरू यथार्थ जीवनबाट टाढा कल्पना लोकमा विचरण गरी सौन्दर्यको अपेक्षा गर्दछन्। स्वच्छन्दतावादी कविहरू परम्परित शास्त्रीय नियमको अस्वीकार र त्यसप्रति विद्रोह गर्दै वैयक्तिक इच्छा, आकाङ्क्षा, कुण्ठा, निराशा, विषाद, वेदना, पीडा, व्यथा आदिको स्वतःस्पूर्त अभिव्यक्ति गर्दछन्।

व्यक्तिवादी, विद्रोही र रहस्यवादी चेतना तथा स्वतन्त्रताको कामनाका साथ कविता सिर्जना गर्ने स्वच्छन्दतावादी कविहरू वैयक्तिक विद्रोहात्मक चेतना र स्वतन्त्रतामा विशेष जोड दिंदै यथार्थ जीवनभन्दा टाढाको कल्पना लोकमा स्वच्छन्द विचरण गरी सौन्दर्यको अपेक्षा राख्छन्। यिनीहरूका कवितामा भावगत उन्मुक्तता, अनियन्त्रितता र स्वच्छन्दता पाइन्छ। व्यक्तिवादी, रहस्यवादी एवं भावोन्माद देखिने स्वच्छन्दतावादी कविहरू परम्परित नियमको अस्वीकार र विद्रोह गर्दै जड शास्त्रीयताका सट्टामा नवीनताको आग्रह राखी रागात्मक पाराले प्रवृmति र मानवको तादात्म्य स्थापित गराउनेतर्फ प्रवृत्त हुन्छन्।

युरोपेली मुलुक जर्मनीबाट थालिएर बेलायत, अमेरिका, फ्रान्सलगायत विभिन्न मुलुकहरू चाहार्दै विकसित र विस्तारित भएको स्वच्छन्दतावादी साहित्यिक मान्यता हिन्दी, बङ्गाली साहित्य हुँदै नेपाली साहित्यमा आइपुगेको हो। नेपाली कवितामा देवकोटाको आगमन अर्थात् वि. सं. 1991 देखि वि. सं. 2017 सालको राजनैतिक सत्ता परिवर्तनपूर्वसम्मको अवधिलाई नेपाली कविताको स्वच्छन्दतावादी धारा मानिन्छ। नेपाली कवितामा यस धाराको प्रवर्तन लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, गोपालप्रसाद रिमाल, युद्धप्रसाद मिश्र आदिबाट भएको देखिए पनि यस धाराका केन्द्रीय प्रतिभा महाकवि लक्ष्मीप्रसाद देवकोटा हुन्। शास्त्रीयतावादी धाराका विरुद्धमा आएको यस धाराका कविहरूले कवितालाई शास्त्रीय परिपाटीबद्ध नियमबाट मुक्त पारी स्वतन्त्रता प्रदान गरेर अनगिन्ती कविता वृmतिको सिर्जना गरेका छन्।

पश्चिमीजगत्बाट थालिएर अङ्ग्रेजी, हिन्दी, बङ्गाली हुँदै नेपाली साहित्यमा भित्रिएको स्वच्छन्दतावादी धारा नेपालीमा एक्कासि प्रवेश गरेको होइन, यसका लागि स्पष्टतः खास पृष्ठभूमि रहेको छ। दरबार हाई

स्कूल रानीपोखरीमा सारिनु र सर्वसाधारणका लागि पनि खुला गरिनु (1945), त्रिचन्द्र कलेजको स्थापना हुनु र त्यह (1976) पढाइने पटना विश्वविद्यालयद्वारा निर्दिष्ट पाठ्यक्रममा अङ्ग्रेजी स्वच्छन्दतावादी कविहरूका कविता समाविष्ट गरिनुजस्ता कारणहरू तत्कालीन नेपाली कविहरूलाई स्वच्छन्दतावादतर्फ आकर्षित तुल्याउने प्रेरक तŒव मानिन्छन्। तत्कालीन नेपाली युवाहरू उच्च शिक्षा आर्जनार्थ भारतका विभिन्न ठाउमा जानु र त्यहा अध्ययनका क्रममा हिन्दी, बङ्गाली छायावाद र रहस्यवाद तथा अङ्ग्रेजी स्वच्छन्दतावादसँग परिचित हुनु अनि त्यसको प्रभावबाट नेपालीमा कविता लेख्न थाल्नु पनि स्वच्छन्दतावाद थालिने कारक हुन्।

स्वच्छन्दतावादले साहित्य – कृतिका वस्तु र शैली दुवै पक्षमा प्रचलित परम्परा, रूढि वा मूल्य – मान्यताको घोर विरोध – भत्सर्ना गर्दछ। यसर्थ नेपाली साहित्यमा वि. सं. 1991 सालको शारदा पत्रिकाका माध्यमबाट प्रस्फुटित स्वच्छन्दतावादी धाराले नेपाली जनमानसमा भित्रभित्रै सल्किएको राणाविरोधी अभियान, नेपाल प्रजा परिषद्को स्थापना, वि. सं. 1997 सालको सहिद काण्ड, 2004 सालको राजनैतिक घटना, देवकोटाको बनारस प्रवास तथा युगवाणी पत्रिकाको सम्पादन र अनेक राजनैतिक क्रान्तिकारी कविता प्रकाशन जस्ता घटना र गतिविधिबाट अझ विस्तारका साथ अग्रगति लिन्छ। वि. सं. 2007 सालको राजनैतिक परिवर्तनले यस धारालाई अझ बढी प्रभावित तुल्याउँछ र तत्कालीन कविहरूको सक्रियतामा यस धाराले अझ विकसित र विस्तारित हुने अवसर पाएको बुझिन्छ। यसरी वि. सं. 1991 सालमा प्रारम्भ भएको स्वच्छन्दतावादी धारा वि. सं. 2003 - 2004 सालसम्म शुद्ध स्वच्छन्दतावादी धाराका रूपमा र त्यसपछि प्रगतिवादी धाराका रूपमा विकसित हु“दै जान्छ र वि. सं. 2016 सालसम्म नेपाली कविताको मूल

प्रवाहका रूपमा रहन्छ। त्यसपछि गौण धाराका रूपमा रहेको यस धारालाई विशिष्टता प्रदान गर्नमा देवकोटाका अतिरिक्त अन्य थुप्रै कविहरूको महत्वपूर्ण भूमिका रहेको छ। वि. सं. 1991 सालमा देवकोटासँगै थालिएको स्वच्छन्दतावाद वि. सं. 2016 सालमा देवकोटाको मृत्युस"गै अवसान भयो भन्ने गरेको पाइए पनि त्यो पूरै समाप्त नभएर प्रमुखता गौणतामा परिवर्तन भएको हो र अद्यावधिसमेत कतिपय कविहरू स्वच्छन्दतावादी कविता लेखिरहेका छन्।

यसै क्रममा स्वच्छन्दतावादको मूल समयावधिभित्रै प्रगतिवादी कविता लेखिन थाल्दछन्। स्वच्छन्दतावाद र प्रगतिवाद परस्पर विरोधी भएकाले ती दुवै एकै ठाउँमा आएको नभई स्वच्छन्दतावादी वा अन्य कविहरूका कतिपय कवितामा छुट्टै तथा स्वच्छन्द ढङ्गले प्रगतिको कामना गरिएको पाइन्छ। यसै सन्दर्भबाट नेपालीमा प्रगतिवादलाई स्वच्छन्दतावादस"गै जोडेर स्वच्छन्दतावादी–प्रगतिवादी भन्ने गरेको पनि पाइन्छ, तर यी दुई एकीकृत रूपमा आउने वाद होइनन्। स्वच्छन्दतावादी विद्रोहात्मकताभित्र प्रगतिशीलता खोज्न सकिन्छ, तर त्यो नै प्रगतिवाद चाहिँ होइन। यसै समयावधिमा विभिन्न कविहरूका प्रगतिवादी दृष्टिकोणले ओतप्रोत थुप्रै कविताहरू प्रकाशित भएका देखिन्छन्। विभिन्न कविहरूले स्वच्छन्दतावादी तथा कतिपयले प्रगतिवादी प्रवृत्तिका प्रशस्त कविता सिर्जना गरी नेपाली कवितालाई निकै समृद्ध तुल्याएको देखिन्छ। नेपालीमा प्रगीतात्मक संरचनाका फुटकर कविता तथा आख्यानात्मक संरचनाका खण्डकाव्य र महाकाव्यको अत्यधिक सिर्जना यसै अवधिमा भएको हो। नेपाली कविताको इतिहासमा स्वच्छन्दतावादी धारा निकै समृद्ध र सशक्त भएकाले यस धाराले नेपाली कविताको विकासमा विशिष्ट भूमिका खेलेको हुँदा यसलाई नेपाली कविताको स्वर्ण युगकाल पनि

Notes

भनिने गरिन्छ। परिष्कारवादी कठोर शास्त्रीय नियम पालनका विपरीत स्वच्छन्द र स्वतन्त्र प्रवृत्तिको अनुसरण, राष्ट्रिय एवं आञ्चलिक प्रवृmतिका बहुविध रूपको बाह्ययान्तरिक चित्रण, क्रान्तिकारी र विद्रोही चेतना, युगीन विसङ्गति र विकृतिप्रति आक्रोश र व्यङ्ग्य, राजनैतिक जागरण, स्वच्छन्दतावादी – प्रगतिवादी - मानवतावादी चेतना, प्रेमसम्बन्धी नवीन दृष्टिकोण, नारीवादी चिन्तन, राष्ट्रियता, देशप्रेम, प्रकृति प्रेम, समानता, स्वतन्त्रता, भ्रातृता, निरङ्वmुशताबाट मुक्ति र सामाजिक उन्नतिको चाहना, निम्नवर्गप्रति सद्भाव र सहानुभूति प्रकट, भावानुकूल अनेकानेक बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग, सहज, सरस, स्वतःस्फूर्त भाषाशैलीय विन्यास, लयात्मक, आनुप्रासिक र सङ्गीतात्मक कविता सिर्जना आदि नेपाली कविताको स्वच्छन्दतावादी धाराका प्रमुख प्रवृत्ति र विशेषता हुन्।

भारतेली नेपाली कविता साहित्यमा स्वच्छन्दतावादी धाराको प्रवेश सन् 1947 सालमा देश स्वाधिन भएपछि विशेषरूपमा भएको मानिन्छ। विशाल नेपाली साहित्यमा भने सन् 1934 अर्थात वि. सं. 1991 देखि भएको हो , जुन भारतको दार्जिलिङबाट सन् 1934 मा प्रकाशित उपन्यासकार रूपनारायण सिंह लिखित **भ्रमर** उपन्यासलाई मानिएको छ। रूपनारायण सिंहको यस उपन्यासको प्रकाशन पछि स्वच्छन्दतावाद एउटा मुख्य धाराका रूपमा भारत र नेपालमा देखा परेको हो। यस प्रवृत्तिलाई अङ्गाली उपन्यास तथा कथा लेख्ने अन्य लेखकहरूमा अच्छा राई रसिक, शिवकुमार राई, कृष्णसिंह मोक्तान, रवीन्द्र मोक्तान, प्रकाश कोविद, सुवास आदि प्रमुख रूपमा रहेका छन्।

यसरी भारतबाटै प्रारम्भ भएको यो स्वच्छन्दतावादी लेखनले नेपाली कवितामा भने अलिक पछि प्रवेश गरेको बुझिन्छ। नेपाली कविता साहित्यमा महाकवि लक्ष्मीप्रसाद देवकोटाबाट स्वच्छन्दतावादी धाराको

प्रवर्तन भए तापनि भारतेली नेपाली कवितामा भने कवि अगमसिंह गिरीलाई नै यस वादको प्रवर्तकका रूपमा मान्नु युक्तिसङ्गत हुन्छ। उनी पछि सिद्धिचरण श्रेष्ठ, युद्धप्रसाद मिश्र, नरबहादुर दाहाल, विरेन्द्र सुब्बा, केदारमान व्यथित, हरिभक्त कटुवाल,  गिर्मे शेर्पा आदिका कविताहरूमा स्वच्छन्दतावाद मौलाएर गएको देखिन्छ।

भारतेली नेपाली कविताको आधुनिक चरणमा स्वच्छन्दतावादी लेखन सर्वप्रथम भित्रिएको देखिन्छ। वैयक्तिकता, स्वच्छन्द अभिव्यक्ति, बौद्धिकताको घेराबाट मुक्ति, काल्पनिकता, भावुकता, प्रकृतिप्रेम, सौन्दर्यप्रति विशेष आकर्षण, कृत्रिमताबाट मुक्ति भएर यस चरणमा भारतेली नेपाली कविहरूले आफ्नो कविताको धडेरी निर्माण गरेका छन्। नेपाली कवितामा यसलाई परिष्कारूको विरुद्धमा आएको आन्दोलन मानिन्छ। आधुनिक कवितामा स्वच्छन्दतावादी धाराको अगमसिंह गिरी, रामकृष्ण शर्मा, ओकिउयामा ग्वाइन, सानुमति राई, लक्खीदेवी सुन्दास, नरेन्द्रप्रसाद कुमाई, पुष्पलाल उपाध्याय, गोविन्द शर्मा गौतम, विधापति दाहाल, तुलसीबहादुर छेत्री, पदमसिंह सुब्बा, तुलसीराम शर्मा "कश्यप', चक्रपाणि भट्टराई,  भवानी घिमिरे,  के.एन. शर्मा आदि हुन्। कवि अगमसिंह गिरीको सन् 1959 मा **आत्मव्यथा**, सन् 1966 मा **जीवन - गीत**, सन् 1978 मा **जलेको प्रतिबिम्ब : रोएको प्रतिध्वनि** आदि कविता सङ्ग्रह ; सन् 1955 मा **याद**, सन् 1966 मा **आँसु**, सन् 1971 मा **युद्ध र योद्धा** आदि खण्डकाव्य प्रकाशित छन्। सन् 1940 को दशकदेखि आफ्नो साहित्यिक जीवन सुरू गरेका कवि तुलसीबहादुर छेत्रीलाई नेपाली साहित्यमा तुलसी 'अपतन' भनी चिनिन्छ। उनको पहिलो कविता सन् 1942 मा **उदय** पत्रिकामा प्रकाशित भएको थियो। उनको हालसम्म चारवटा कविता सङ्ग्रह **बापु – बन्दना** (सन् 1943), **सङ्कल्प** (सन् 1954), **के होला ?**

(सन् 1959) र **नहेर आज मलाई** (सन् 1976) ; दुईवटा खण्डकाव्य **कर्ण - कुन्ती** (सन् 1988), **बुद्धि – बङ्गारो** (सन् 1993); तीनवटा एकाङ्की नाटक **कमल** (सन् 1953), **जमाना बदलियो** (सन् 1954), **विजय** (सन् 1955) आदि कृतिहरू प्रकाशित छन्।

भारतेली नेपाली कविहरूले आफ्ना कवितामा स्वच्छन्द अभिव्यक्ति, बौद्धिकता ,काल्पना, भावुकता, प्रकृतिप्रेम, सौन्दर्यप्रति विशेष आकर्षण हुँदै स्वच्छन्दतावादी प्रवृत्तिका कविताहरू लेखेका छन्। आधुनिक भारतेली नेपाली कविताको विकासमा यस स्वच्छन्दतावादी कविताको महत्त्वपूर्ण योगदान रहेको छ। भारतेली नेपाली स्वच्छन्दतावादी कवितामा प्रकृति प्रेम, मानवतावादी दृष्टिकोण, आध्यात्मिक चेतना,अतीतप्रतिको मोह, भविष्यप्रतिको आशावादी दृष्टि, वर्तमानप्रतिको बृतृष्णा र असन्तुष्टि, यान्त्रिकता र जडताका विरुद्ध स्वच्छन्दता र उन्मुक्तिको कामनाजस्ता प्रवृतिहरु पाइन्छ्। यसमा विश्वात्मबोधको भावनाका साथै समानता, स्वतन्त्रता र भातृत्वको चर्को स्वर सुसेलिएको छ। स्वच्छन्दतावादी नेपाली कविताले सामाजिक, राजनीतिक तथा आर्थिक सन्दर्भलाई पनि समेटेको छ। यसमा राजनीतिक परिवर्तनको कामना साथै व्याङ्गय र विद्रोहको स्वरसमेत पाइन्छ। यथास्थितिवादी चिन्तनका विरुद्ध अग्रगतितर्फ उन्मुख कविहरुका काव्यचेतलाई यस चरणको नेपाली कविताले आत्मसात गरेको छ। स्वच्छन्दतावादी कविताले वैयक्तिकता वा आत्मपरकतामा जोड दिएको हुन्छ भने यसमा भावना र भावुकता अत्याधिक रूपमा रहेका हुन्छन्। यस्तै प्रवृत्तिमा रमिएर भारतेली नेपाली कविहरूले स्वच्छन्दतावादी कवितामा वर्णमात्रिक छन्द, लोकलय तथा गध्यात्मक लयको प्रयोग धेरै रूपमा गरेको पाइन्छ।

भारतेली नेपाली कविता साहित्यमा स्वच्छन्दतावादी कविता लेखनको प्रारम्भ आधुनिक कालदेखि विशेष रूपमा भएको हो। कथा, उपन्यास आदि गध्याख्यानदेखि लिएर पध्य – कविता विधामा समेत स्वच्छन्दतावादी लेखन आधुनिक कालदेखि नै भएको मानिन्छ। सम्पूर्ण नेपाली साहित्यमा महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा यस वादको प्रादुर्भव भएको हो। उनको कविता सङ्ग्रहहरूमा **पहाडी पुकार** (वि. सं. 2005), **पुतली** (वि. सं. 2009), **भिखारी** (वि. सं. 2010), **सुनको बिहान** (वि. सं. 2010), **छहरा** (वि. सं. 2012), **जन्मोत्सव र मुटुको थोपा** (वि. सं. 2015), **मृत्युशैयाबाट** (वि. सं. 2016), **चिल्ला पातहरू** (वि. सं. 2021), **गाईने गीतहरू** (वि. सं. 2024), **मनोरञ्जन** ( वि. सं. 2024), **भावना – गाङ्गेय** (वि. सं. 2024), **आकाश बोल्छ** (वि. सं. 2025), **छाँगासँग कुरा** (मृत्युपश्चात प्रकाशित, वि. सं. 2026), **लक्ष्मी कविता सङ्ग्रह** ( मृत्युपश्चात प्रकाशित, वि. सं. 2033), **लक्ष्मी गीत सङ्ग्रह** ( मृत्युपश्चात प्रकाशित, वि. सं. 2040) आदि र खण्डकाव्यहरूमा **मुनामदन** ( प्रकाशन वर्ष, वि. सं. 1991), **राजकुमार प्रभाकर** (वि. सं. 1997, **कुञ्जिनी** ( वि. सं. 2002 ), **वसन्ती (**गीति काव्य, वि. सं. 2009), **मैना** ( वि. सं. 2009), **सुन्दरी जर्पिना** ( वि. सं. 2009), **रावण जटायु युद्ध** ( वि. सं. 2011), **म्हेन्दु** (वि. सं. 2015), **लुनी** (वि. सं. 2023), **सीताहरण** (वि. सं. 2024), **मायाविनि सर्सी** (वि. सं. 2024), **नवरस (**कोश काव्य, वि. सं. 2025) साथै **सुलोचना**, **शाकुन्तल** जस्ता महाकाव्यहरू पनि रचेका छन्।

उन्नाइसौं शताब्दीको सुरूवीतद्खि औपचारिक रबपमा प्रारम्भ भएको स्वच्छन्दततवादलाई नेपाली कविता साहित्यमा रोमान्टिक धारा, रोमान्टिक युग तथा स्वच्छन्दततवाद काल भनी चिनिने गरिन्छ। सन्

1654 तथा सत्रौं शताब्दीको मध्यतिर इङ्ग्याल्याण्डबाट रामाञ्चकारी, काल्पनिक वा अवास्तविक रचनाका निम्ति स्वच्छन्दततवादको सुरू साहित्यमा भएको हो। सुरूमा नकारात्मक वा निन्दात्मक अर्तमा यस वादको प्रयोग भए तापनि सन् 1675 देखि फ्रान्समा स्वच्छन्दततवाद शब्दको प्रयोग उदास तथा नैराश्यले भरिएको रचनाका अर्थमा हुन थालेको बुझिन्छ। पछि सन् 1800 मा अङ्ग्रजी कवि विलियम वर्डस्वर्थ र सामुएल टी. कलरिजले **लिरिकल ब्यालेड्स** नामक गीतिकाव्य प्रकाशन गरेपछि स्वच्छन्दततवाद शब्दको अर्थ मुक्त तथा स्वच्छन्द अभिव्यक्ति प्रणालीका रूपमा हुन गएको मान्न सकिन्छ।

कल्पनाको प्रधानता वा प्रचुरता, वैभक्तिकता, प्रकृत्ति – प्रेम, विद्रोही भावना, सौन्दर्यता आदि प्रमुक तत्त्वका रूपमा रहेको स्वच्छन्दततवादी कविताले मानव मन र जीवनलाई च्वास्स छुने गर्दछ। यस्ता कविता लेखनमा सम्पूर्ण नेपाली कविता साहित्यमा झै भारतेली नेपाली कविताहरूमा कविहरू धेरै अग्रसर छन्। आफ्ना कवितामा स्वच्छन्दततवादी प्रवृत्तिलाई अंगाली **कविता लेख्ने भारतेली नेपाली कविहरूमा पारसमणि प्रधान, रामकृष्ण शर्मा, अगमसिंह गिरी,** लक्खीदेवि सुन्दास, ओकिउयामा ग्वाइन ,सानुमति राई ,तुलसीबहादुर छेत्री, हरिभक्त कटुवाल, शिवकुमार राई, नरबहादुर दाहाल, पवन कुमार चामलिङ, नरेन्द्रप्रसाद कुमाई, विरेन्द्र सुब्बा, डानियल खालिङ, गिर्मे शेर्पा, भविलाल लामछाने, जीवन थिङ, अविनाश श्रेष्ठ, पदमसिंह सुब्बा ,**तुलसीराम शर्मा कश्यप, चक्रपाणि भट्टराई, भवानी घिमिरे, के. एन. शर्मा,** मनप्रसाद सुब्बा, राजेन्द्र भण्डारी, शोभाकान्ति थेगिम लेप्चा, नोरज्याङ स्याङदेन, मोहव ठकुरी, जस योञ्जन प्यासी, पदम छेत्री, शरद् छेत्री आदि प्रमुख छन्।

स्वच्छन्दतावादको मूलभूत बिशेषताहरू मध्ये कल्पनाको प्रधानतालाई प्रमुख मानिन्छ। यसलाई आफ्ना कविताहरूको प्रेरक तत्त्वका रूपमा स्वीकार्दै भारतेली नेपाली कविहरूले आफ्ना कविताहरूमा कठोर र यान्त्रिक यथार्थ जीवन जगतको चित्रण गर्नुका सट्टा मरोरम काल्पनिक जगतलाई वर्णन गरेका पाउँछौं। कल्पनाकै प्रधानताका कारण भारतेली नेपाली कविहरूले प्रकृतिमा ईश्वरीय सत्ताको अनुभव समेत गरेका छन्। अन्य जगत भन्दा काल्पनिक जगत नै यथार्थ, असीम र शाश्वत हो भन्ने तर्क स्वच्छन्दतावादीमूलक प्रवृत्तिमा लेखिएको कविताहरूका अध्ययनले दिँदछ। यही कल्पनाको प्रधानतालाई जोड दिँदै नेपाली कविता साहित्यमा स्वच्छन्दतावादी कविता लेख्ने प्रमुख कवि भने महाकवि लक्ष्मीप्रसाद देवकोटा नै हुन्। उनको **सुलोचना** खण्डकाव्य, गाईन तिनले धसिया गीत, दार्जिलिङको बाधचुलीमा, निर्झर आदि कविता यसै प्रवृत्तिमा रमिएका छन्। कवि **सुलोचना** खण्डकाव्यमा यसरी लेख्छन् –

*सच्चा कुरा यही जान कल्पना विशाव हो सब।*

*जस्तो भो कल्पना उस्तै हुन्छन् मानिस विश्वमा।।*

महाकवि लक्ष्मीप्रसाद देवकोटाले कल्पनालाई आफ्नो स्वच्छन्दतावादी कविताको मूल तत्त्व बनाएर कविता लेखे जस्तै भारतेली नेपाली कविहरूले पनि स्वच्छन्दतावादी प्रवृत्तिमा रमिएर कल्पनामूलक धेरै कविताहरू लेखेका छन्। कवि अगमसिंह गिरीको सन् 1959 मा प्रकाशित **आत्मव्यथा** , सन् 1966 मा प्रकाशित **जीवन - गीत** आदि कविता सङ्ग्रह ; सन् 1955 मा प्रकाशित **याद** र सन् 1966 मा प्रकाशित **आँसु** आदि खण्डकाव्यमा कल्पनाको भरमार प्रयोग भएको पाइन्छ। उनी **याद** खण्डकाव्यमा जावन – क्षणको सपनाहरूलाई क्वपनाका कारण निर्मम याद आएको ठान्छन्। कल्पनालाई नै जीवनको साथी, प्राण मान्दै

यो विना कविको जीवन निषप्राण भएको पनि कवि गिरीले उक्त खण्डकाव्यमा मानेका छन्। यसैले प्रस्तुत **याद** खण्डकाव्यमा कवि भन्छन् –

*मनोरम शैशव – स्मृतिमा*

*ह्रदय व्यग्र उदास*

*जीवन – क्षणको स्वप्न जगाउँदै*

*आयो निर्मम याद।*

कवि अगमसिंह गिरीले सन् 1959 मा प्रकाशित **आत्मव्यथा** कविता सङ्ग्रहमा सङ्ग्रहित **मोहब्बत – गल्ली** कवितामा दार्जिलिङको चोकबजारमा रहेको मोहब्बत गल्लीको मनोरम नेपाली संसार र प्रकृतिको वर्णन गरेका छन्। कल्पना, सम्झनाका कारण उनको जीवनमा पश्चताप आएको पनि कविले सम्झिएका छन्। सुदुर पहाडबाट दार्जिलिङका मोहब्बत गल्लीमा कुल्ली काम गरी भारी बोकेर जीवन धान्ने च्याङ्बा तामङ कुल्लीको जीवनमा आधारित छ प्रस्तुत कविता। तथापि त्यस तामङ कुल्लीलाई आफ्नो बाल्यकाल र पैत्तिक जीवनको धेरै सम्झना र विताएका ती मनोरम दिनहरूको यादले व्याकुल बनाएका तथ्यको उद्घाटन **मोहब्बत – गल्ली** कवितामा भएको छ। यसैले प्रस्तुत कवितामा कवि यसो भन्छन् –

*प्रतिपल बिज्ने मुटुका तिख्खर भावहरूमा अल्झी*

*' बिच्चै आएँ ' भन्दछ उसले पहाडको भव सम्झी*

*लाग्दो होला सपना जस्तो माघ - मासको मेला*

*सम्झी अधिको जोबन – दिनको छिल्लिरहेको बेला।*

*भाग्य लुटाई भन्दछ आएँ सम्झी अधिको भूल*

*गन्दछ प्यारो दूर रहेर आफ्नै वनको फूल*

*ह्रदय लुछी अझ बढ्दछ उसको जीवनको परिताप*

*देख्दा आफ्नै शिरमा गहिरो नाम्लोको त्यो छाप।*

भारतेली नेपाली कवि नरेन्द्रप्रसाद कुमाईले पनि कल्पनाको प्रधानतालाई आफ्नो कविताको मूल विषय बनाएर धैरै स्वच्छन्दतावादीमूलक कविताहरू रचेका छन्। उनको कविताहरूमा आफुले बिताएका जीवन र दिनहरूलाई सम्झेर कविको मन तड्पी – तड्पी रोएको छ। माउ विनाको दुखिया बाछा मरे झैं कवि कुमाईले कल्पनातित जीवन र स्मृतिपूर्ण जोबनले आफ्नो जीवन नै विरह – व्यथामा छोपिएको ठानेका छन्। यसैले कवि **सेनानीको मृत्यु शोकमा** कवितामा भन्छन् –

***दुर्गम पथको लामो यात्रा, विचरा थाके धेर ढिलाए,***

***नवोदित सूर्य साँझ नपर्दै, व्योम बीचैमा आज बिलाए।***

***क्वाँ क्वाँ गर्दै डाको छाडी, रोई फेरि काली रजनी,***

***विरह – व्यथाको राँको बाली, खोज्छ वियोगी चकोर सजनी।।***

स्वच्छन्दतावादी कविता लेखनमा व्यक्तिवाद, वैयक्तिकता तथा आत्मनिष्ठताको भावनालाई अर्को मुख्य मान्यता, प्रवृत्ति वा विशेषता मानिन्छ। यस्ता कुरालाई टिपेर भारली नेपाली कविहरूले धैरै सङ्ख्यामा स्वच्छन्दतावादी प्रवृत्तिका कविताहरूका सृजना गरेका छन्। मूलत: आत्मनिष्ठताको भावनाका कारण स्वच्छन्दतावादी कविहरू आफ्नो रूचि,

Notes

आफ्नो अनुभूति एवम् आफ्नो दृष्टिकोणलाई नै बढी महत्व दिन्छन्। उनीहरूका दृष्टिमा स्वत: स्फूर्त आत्मानुभूतिको सहज – स्वभाविक बाह्य प्रकटीकरण नै स्वच्छन्दतावादी कवितामा भएका हुन्छन्। यसर्थ स्वच्छन्दतावादी कवितामा विवेख र बुद्धिभन्दा कविको वैयक्तिक भावुकता, हार्दिकता एवम् आत्मरागको अभिव्यक्तिले ज्यागा प्रधानता पाएको हुन्छ। भारेतली नेपाली कवितामा प्रयुक्त स्वच्छन्दतावादको यही प्रवृत्तिका कारणले यो वाद वस्तुगतताको साटो आत्मपरकतातर्फ, चेतन र विवेकको नियन्त्रणका साटो हार्दिकतातर्फ अन सचेत शिल्पको परिष्कार – परिमार्जनका साटो स्वच्छन्द, मुक्त र सहज अभिव्यक्तितर्फ धेरै आकृष्ट भएका छन्।

पूर्वाञ्चलका कवि हरिभक्त कटुवालले आफ्नो स्वच्छन्दतावादी प्रवृत्तिमूलक कविताहरूमा वैयक्तिक्तालाई मूल प्रधानता दिएका छन्। उनी नेपाली साहित्यजगतका एक मूर्धन्य कवि तथा गीतकार हुन्। वि .सं. 18 साल असार 1992 गते भारतको आसाममा जन्मिएका कवि कटुवाल तीसको दशकका चर्चित कवि तथा गीतकार हुन्। उनको बुबाको नाम वीरबहादुर कटुवाल र आमाको नाम विष्णुमाया कटुवाल हो। विसम्म .ए. अध्ययन गरेका उनकोवास्तविक नाम हुमबहादुर कटुवाल हो। वि .स. 2037, भदौ 25 गते भारतको डिब्रुगढ, असममा निधन भएको उनको **बदनाम मेरा यी आँखाहरु**, **यो जिन्दगी खै के जिन्दगी ?** कवितासङ्ग्रह प्रकाशित छन्। कटुवाल जन्मेको डेढ बर्ष हुँदा बह्मपुत्र नदीमा आएको बाढीले उनको घर डुवायो। त्यसपछि कटुवालको परिवार घरबिहीन बन्यो र गेरगेरीबाट बोगिविल बसाइँ सऱ्यो। त्यति मात्र होइन, त्यो घरमा सँधैभरि आर्थिक हाहाकारको बादल मड़ारिरह्यो। विवश थिए बीरबहादुर कटुवाल आफ्नो श्रीमती र छोरा हरिभक्त कटुवाललाई बिरालोले बच्चा सारेजस्तो

कहिले यता, कहिले उता सारिहिँडे। तर  यो सायदै दैवको परीक्षा थियो, तिनीहरू जतासुकै गए पनि आर्थिक अभावको बादल तिनीहरू माथिनै मड़ारिरह्यो। त्यतिखेरदेखिको त्यो अवस्था पछिसम्मै रहिरह्यो। आर्थिक अभावको खाड़ल झन् ठूलो, झन् ठूलो हुँदै गइरह्यो, घटेन - सानो भएन। यद्यपि, बीरबहादुर कटुवालले छोरालाई अक्षर चिन्हाउनुपर्छ भन्ने कुरा बिर्सेनन्। यस्तो स्थितिमा पनि तिनले छोरालाई स्थानीय स्कूलमै भए पनि पढ्न पठाए। कटुवालले स्थानीय स्कूलमै क, ख पढे। असमियाभाषामै स्कूले शिक्षा ग्रहण गरे। जसोतसो कक्षा 10 को बोर्ड परीक्षा उत्तीर्ण गरे। त्यसपछि पनि उनले उच्चतर माध्यमिक पढ्न चाहेका थिए, तर पार लगाउन सकेनन्। किनभने उनले उच्चतर माध्यमिक पढ्दापढ्दै डिगबोईको नेपाली स्कूलमा पढ़ाउन थाले। त्यो उनको वाध्यता नै थियो। स्कूल नपढ़ाएर पनि घरको भारमा काँध थाप्नुपर्ने स्थिति थियो र भनौंनै भने त यो उनको निम्ति एउटा अवसर थियो। तिनले अवसर आत्मसात गरे। त्यो स्कूलमा उनी चित्र अनि खेलकूदको गुरू थिए। त्यसैबेला उनले आफ्ना विद्यार्थीलाई नृत्य र सङ्गीत पनि पढ़ाए। बड़ो गर्वको कुरा, उनले त्यहाँ सोरठी नृत्यको पनि प्रचलन गराए। उनैका कारणले त्यो ठाँउमा सोरठी नृत्यले पनि लोकप्रियता हासिल गरेको थियो। डिगबोईको विष्णुमन्दिर समितिमा उनले पढाएका विद्यार्थीहरूले पछि नृत्य र गायनमा ख्याति कमाएका थिए। यसको एउटा अलग्गै अध्याय छ।

कटुवालमा वाङ्मयको बहुआयमिक प्रतिभा थियो। त्यसताकको कालखण्डमा उनले त्यहाँ साहित्य लेखन अनि मूर्त र अमूर्त चित्रकलामा ख्याति आर्जन गरे। उनैले डिगबोईमा नेपाली भाषामा आधारित नाटक र एकाङ्की नाटक खेल्ने र खेलाउने प्रथाका जग पनि खनेका थिए। उनको कलम सबै विधामा बराबर चलेको छ, यसले तिनलाई बहुआयामिक

साहित्यकार बनाइदिएको छ भन्दा अत्युक्ति नहोला। कटुवालले असमकै सनकसिंह ठकुरी र माया ठकुरीकी छोरी जयकुमारीसँग बिहे गरे। यी दम्पतिबाट तीन छोरी र एक छोरा जन्मे। त्यसपछि स्वास्नी, छोराछोरी हुर्काउन, पाल्न यिनी क्रियाशील भए। कटुवालको एउटा नराम्रो बानी थियो, त्यसैले तिनी जता गए पनि अन्ततः हारेरै फर्कन्थे। त्यसैले हो तिनको स्कूलको जागिर पनि गयो। एकचोटि तिनी हेल्थ इन्सपेक्टर भए, तर त्यो जागिर पनि गयो। कटुवालले आफ्नै बुताले साँस्कृतिक कार्यक्रम र साहित्यिक गोष्ठीहरूको आयोजना गरिरहन्थे। उनको हरेक सास फेराईमा वाड्मय हुन्थ्यो। त्यसैले उनको भोकतीर्खै वाड्मयमा नै समर्पित थिए। त्यसैबेला उनैको सम्पादनमा मूक्ति र हिमालय साहित्यिक पत्रिका प्रकाशित भए। त्यसबेला उनी नेपाली साहित्य, सङ्गीत र पत्रकारिताका क्षेत्रमा सुप्रसिद्ध भइसकेका थिए। त्यही रौनकले उनको सर्वत्र चर्चा र परिचर्चा पनि हुन थालेको थियो।

दार्जीलिङका प्रतिभाहरू नेपाल भासिएझौं हरिभक्त पनि नेपाल भित्रिए। वि. सं. 2024 मा नेपालमा राष्ट्रव्यापी साहित्य सम्मेलन भएको थियो। त्यस सम्मेलनमा असमबाट हरिभक्त कटुवालले भाग लिएका थिए। त्यतिबेला केदारमान व्यथितले उनलाई काठमाडौं आउने निम्ता दिएका थिए। वि. स,. 2040 सालमा उनी असमबाट काठमाडौं गए। काठमाडौंमा प्रवेशसँगसँगै कटुवालले काम पनि पाए। त्यसबेला उनलाई व्यथितको पहलमा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको मुखपत्र प्रज्ञाको प्रबन्ध सम्पादकमा भर्ना गरियो। त्यही समयमा उनी सिद्धिचरण श्रेष्ठ, माधव घिमिरे, विजय मल्ल, ईश्वरवल्लभ, भूपी शेरचन, उत्तम कुँवर र अम्बर गुरुडका सम्पर्कमा पनि पुगे। केदारमान व्यथितले स्थापना गरेको नेपाली साहित्य संस्थानमा पनि कटुवाललाई सचिव बनाइएको थियो। अनि त्यस

ठाँउमा साहित्यिक व्यक्तिहरूसँग कटुवाल रक्सी खाई बस्थे। त्यतिबेला उनीसँग साँगी लाग्न घरीघरी भूपी शेरचन र ईश्वरवल्लभ पनि पुग्नेगर्थे। रक्सी खाएका बेला कटुवाल निहुँमात्रै खोज्थे। त्यसैले बिजुली खाएका बेला उनका छेउ स्रष्टाहरू प्रायः जान मान्दैन थिए। रत्नशमशेर थापाका अनुसार रक्सी खाएर मातेका बेला एकपटक कटुवालले भूपी शेरचनको लुगानै च्यातिदिएका थिए।

धेरै ठेस लागेपछि कटुवालले जीवन बुझ्दै गए। उनको जीवनको विशेषता हो, उनी इमान्दार थिए। जस्तै कठोर जरीमाना भोग्नु परे पनि उनी असत्य बोल्दैन थिए। यस्तो राम्रो मान्छे पनि जिन्दगीमा सफलता नपाएर रक्सीमा डुब्नथाले। तर त्यही रक्सीले उनलाई डुबाइ दियो। भनिन्छ बीस वर्षको उमेरदेखि कटुवालले आफ्ना रचना पत्र - पत्रिकामा छपाउन थालेका हुन्। लेख्ता - लेख्तै यिनले काठमाडौं जाँदा एउटा गीतसङ्ग्रह, एउटा कविता सङ्ग्रह र एउटा खण्डकाव्य लिएर गएका थिए। काठमाडौं गएपछि उनले **यो जिन्दगी खै के जिन्दगी ?** कविता सङ्ग्रह प्रकाशनमा ल्याए। त्यसै कवितासङ्ग्रहले यिनलाई चर्चाको शिखरमा पुऱ्यायो। त्यसपछि उनले कथासङ्ग्रह **स्पष्टिकरण** प्रकाशित गरे। उनको शेषपछि भीमकान्त उपाध्यायको सङ्कलन र सम्पादनमा **बदनाम मेरा यी आँखाहरू** प्रकाशनमा आयो। त्यस कृतिमा पनि उनका कलजयी गीतिकविता सङ्ग्रहित भए। उनका धेरै कविताहरू गीत बनेका छन् , जुन कर्णप्रिय छन्।

यसरी जीवनको बिभिन्न पहल्लुसित जुझेका कवि हरिभक्त कटुवालले आफ्ना स्वच्छन्दतावादी कविताहरूमा मानव जीवनको विवेक – ज्योति छर्ने हतियार, जीवनको शक्ति, हर्के, बीरे र चामेहरूका जीवनसार मानेका छन्। मानवले यस पृथ्वीमा रत्न बटुल्न हो भने वैयक्तिक

भावुकता, हार्दिकता र आत्मरागमा रहनु पर्छ भन्ने कुरामा कवि कट्टुवालले आफ्ना स्वच्छन्दतावादी कविताहरूमा जोड दिएका छन्। यसैले उनी **आकाशका तारा के तारा** कवितामा यसो भन्छन् –

*कवि – कलाकारको मुखमा*

*ताराको गुणगान छ,*

*उनीहरूकै तथ्य खोज्नमा*

*व्यस्त विज्ञान छ।*

कवि हरिभक्त कटुवाल जस्तै कवि मनप्रसाद सुब्बाले पनि आफ्ना स्वच्छन्दतावादी कविताहरूमा विवेक – बुद्धिलाई भन्दा भावुकतालाई नै बडी प्रशय दिएका छन्। उनले आफ्ना भावनाका वेजोड प्रतिभाका कारण कविहरूमा मानव जीवन र प्रकृतिका मनोरम तथा सुन्दर वर्णन गर्ने क्षमता हुन्छन् भन्ने आशय पनि आफ्ना स्वच्छन्दतावादी कविताहरूमा पोखेका छन्। आफ्नो नजरबन्द पहाड र बिमारी सुनाखरी कवितामा कवि सुब्बा टिस्ता र रङ्गित नदीको मनोरम प्रकृतिको छटालाई वर्णन गर्छन्। हार्दिकता र भावुकताको वाइपङ्खी धोडामा चडेर उनी यस कवितामा यसो भन्छन् –

*फुट्छन् अनि फेरि बनिन्छन्*

*टिस्टाको पानीमा*

*जिन्दगीका फोकाहरू*

*फोकामाथि फोकाहरू*

*ऋतुमाथि ऋतुहरू।*

स्वच्छन्दतावादी कविता लेखनमा प्रमुख तत्त्व प्रकृति – प्रेमलाई मानिन्छ। विशेष स्वच्छन्दतावादीहरू प्रकृतिको मुक्त काखमा स्वच्छन्द रूपले कल्पनाका सहायतामा रमाउछन्। त्यसे रमाई र उल्लासमा स्वच्छन्दतावादी कवि र लेखकहरू प्रेरित – अनुप्राणित पनि हुन्छन्। मूलत: भारतेली नेपाली कविहरू पनि प्रकृतिका अभिन्न प्रेमी आफ्ना कविताहरूमा बनेका छन्। प्रकृतिलाई एक सचेत सत्ताका रूपमा स्वीकार्दै त्यसैमा विश्वआत्माको दर्शन पाएका भारतेली नेपाली कविहरूले आप्नो स्वच्छन्दतावादी प्रवृत्तिमूलक कविताहरूमा ठानेका छन्। स्वच्छन्दतावादीहरूका निम्ति प्रकृतिको महत्ता कतिसम्म हुन्छ भन्ने कुराको उद्घाटन महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित **प्रश्नोत्तर** कवितामा भएको पाइन्छ। कवि भन्छन् –

***फुल्दो गुलाबविच ज्ञान अनेक फुल्छन्,***

***उधानमा बस गई सब तत्त्व खुल्छन्।***

यसरी नै कवि शिरोमणि लेखनाथ पौड्यालले पनि आफ्ना कविताहरूमा प्रकृति प्रेमलाई मूल तत्त्व बनाएर स्वच्छन्दतावादी कविताहरू लेखेका छन्। कवि लेखनाथ पौड्यालको जन्म सन् 1884 मा र मृत्यु सन् 1965 मा भएको थियो। उनलाई नेपाली साहित्यका छन्दोबद्ध कवि, परिष्कारवादी धाराका थालनीकर्ता, आधुनिक युगको जन्मदाता, आध्यात्मिक पुनर्जागरण ल्याउने तथा आध्यात्मिक मानवतावादी कविका रुपमा नेपाली साहित्यमा चिनिन्छ। कवि शिरोमणि लेखनाथ पौड्यालको कवितायात्राको प्रारम्भ वि .सं. 1961 सालमा प्रकाशित 'कविता कल्पद्रुम' - मा सङ्ग्रहित उनका दुई कविताबाट भएको पाइन्छ। वि .सं. 1969 मा प्रकाशित **लालित्य** भित्र सङ्ग्रहित कविताले उनको प्रतिभालाई नेपाली समाजले अझ राम्ररी बुझ्ने र जान्ने मौका प्रदान गऱ्यो। यसपछि वि .सं.

1970 मा प्रकाशित उनको **शोक प्रवाह** शीर्षकको शोक काव्य, वि .सं. 1973 मा प्रकाशित **ऋतु विचार** खण्डकाव्य र वि .सं. 1973 मा नै प्रकाशित **बुद्धि विनोद** शीर्षकको अर्को खण्डकाव्यले नेपाली कविता साहित्यलाई नै युगान्तकारी मोड दिन पुग्यो।

**पिजराको सुगा, कालमहिमा, सत्य-सन्देश, जीवन-चङ्गा, गौँथलीको चिरिबिरि** आदि अविस्मरणीय कविताका रचयिता कवि लेखनाथ पौड्यालले आफ्ना अपार काव्य लेखनका शक्तिले प्रकृतिको सुन्दर रूपको मात्र वर्णन नगरेर कता – कता कालो रूपको पनि वर्णन गरेका छन्। प्रकृति र जीवनबीच शाश्वत सम्बन्ध रहेको कुरालाई उनले आफ्ना स्वच्छन्दतावादी कविताहरूमा प्रष्ट्याउन्न चाहेका छन्। कवि लेखनाथ सत्य सन्देश कवितामा प्रकृतिको वर्णन यसरी गर्छन् –

***कालो मन्दाकिनीको जल, जलनिधिका मोतिको ज्योति कालो,***

***कालो सौदामिनीको चहक सब, शरच्चन्द्रको कान्ति कालो।***

यसरी नेपाली कविता साहित्यका आधुनिक कालीन कविहरूले प्रकृति – प्रेमलाई स्वच्छन्दतावादी कविताहरूमा गरे तापनि भारेतेली नेपाली कविहरूले भने आफ्ना स्वच्छन्दतावादी कविताहरूमा प्रकृति – प्रेमलाई भिन्दै प्रकारले चित्रण गरेका पाउँछौं। भारतेली नेपाली कविहरूका दृष्टिमा प्रकृति नै आनन्द अनुभूतिको मूल स्रोत हुन्। उनीहरूले यथार्थ वा भोतिक जीवन – जगतदेखि टाढा रहेर प्रकृतिको सौन्दर्यमा लिप्त हुन आफ्ना स्वच्छन्दतावादी कविताहरूमा चाहेका छन्।

भारतेली नेपाली कवि नरेन्द्रप्रसाद कुमाईले आफ्ना स्वच्छन्दतावादी कविताहरूमा प्रकृतिको मनोरम दृश्यको वर्णन गर्दै

प्रकृतिलाई नै असीम प्रेम गर्न चाहेका छन्। उनले कोहिली चराको मादक कुहुमा अरूद भइकन मधु ॠतु आएको ठानेका छन्। धाँमको शीतल उज्यालोमा पवनको मीठो गति चलेको आभास गर्दै **सेनानीको मृत्यु शोकमा** कवितामा भन्छन् –

*किसलय दलमा, नव – सुषमामा,*

*मञ्जु मुनाको मृदु मरमरमा,*

*शशिको शीतल सिन्ग्ध सुधामा*

*सन्ध्या हवाको अति सरसरमा।*

कवि नरेन्द्रप्रसाद कुमाई झै कवि विरेन्द्र सुब्बाका स्वच्छन्दतावादी कविताहरूमा प्रकृतिको झन् मनोरम दृश्य र छवीको वर्णन प्रगाढ रूपमा भएको पाइन्छ। नेपाली साहित्यमा **युगकवि**को नामले परिचित कवि विरेन्द्रका **एकान्त, कुसुम छोरी, स्वर्णिमा, मेधमाला** आदि कविता सङ्ग्रह प्रकाशित छन्। उनले आफ्नो मेधमाला कवितामा मेधको सुन्दर वर्णन मात्र नगरेर यसले गर्दा मानव जीवन सार्थक भएको पनि ठानेका छन्। यती मात्र होइन विहान कवितामा त झन् कविले विहानलाई आफ्नी दुलही वा ह्रदयश्वरी नै ठानेका छन्। आफ्नो जीवनमा सदैव विहान दुलही बनी जगाउन आउने सम्झदै कवि यस कवितामा यसो भन्छन् –

*मेरा निम्ति दुलहाको संसार लिएर*

*दुलहीको अनुहार लिएर*

*मोती – मोतीका दलिन टेकी*

*फेरि बिहान*

*मेरी बिहान*

*मलाई जगाउन आइपुगी।*

भारेतेली नेपाली कवि नरबहादुर दाहालको **उन्माद** कविता सङ्ग्रहमा सङ्ग्रहित प्राय: कविताहरूमा प्रकृति – प्रेम यत्र – तत्र पोखिएको पाइन्छ। सन् 1952 देखि साहित्य लेखनमा लागेकाकवि दाहाल दार्जिलिङका स्वच्छन्दतावादी काव्यधाराका कवि हुन्। गोर्खा, भारती आदि पत्र – पत्रिकामा आफ्ना कविताहरू प्रकाशित गराएर नेपाली साहित्य आकाशमा उदाएका कवि दाहालका सन् 1958 मा प्रकाशित पहिलो कविता सङ्ग्रह उन्माद का अतिरिक्त सन् 1970 मा प्रकाशित **तिम्रो प्रीत : मेरो गीत**, सन् 1974 मा प्रकाशित **शुभ राज्याभिषेक** आदि कविता कृति पनि प्रकाशित छन्। यी तीनै कविता कृतिहरूलाई अध्ययन गर्दा कवि दाहालका कविता लेखनको मुख्य प्रवृत्ति स्वच्छन्दतावाद नै देखापर्दछ।

यसरी ना कवि राजेन्द्र भण्डारीले पनि आफ्ना स्वच्छन्दतावादी कविताहरूमा प्रकृति – प्रेमलाई खुबै कलात्मक रूपमा वर्णन गरेका पाउँछौं। प्रकृतिकै कारण मानवमा आत्मिक प्रेम सम्बन्ध भएको ठान्ने कवि सुब्बाले प्रकृतिका रम्य र रहस्यहरूको चित्रण सँगै त्यस चित्रमले ह्रदय संवेद्य र इन्द्रिय ग्राह्य गरेको पनि आप्ना स्वच्छन्दतावादी कविताहरूमा खुलासा गरेका छन्। उनी आफ्नो कवितामा प्रकृतिको उल्लासमयी चित्रण गर्दै यसो भन्छन् –

*उँभो लेकबाट गुँरासे बास्ना बोकी*

*लोकधूनमा लच्चिकँदै, मस्कँदै,*

*धुम्तीमा लुक्दै, फेरि फुत्त निस्कँदै*

*बुट्यानसँग, वनसँग, पहाडसँग कुक्कु हा खेल्दै*

*आएको छ टिस्टा नाउँ ओठमा खिलेर रङ्गितको।*

टिस्टा र रङ्गित नदीको यती सुन्दर प्रकृति वर्णन प्रभावकारी रूपमा गर्ने कवि राजेन्द्र भण्डारी साँच्चै एक उच्चकोटीका स्वच्छन्दतावादी भारतेली नेपाली कवि हुन्। कवि भण्डारी झै सुक्किमकी कवयत्री शोभाकान्ति थेगिम लेप्चाका स्वच्छन्दतावादी कविताहरूमा पनि प्रक-तिको साह्रै सुन्दर चित्रण पाइन्छ। उनको यस प्रवृत्तिका कविता लेखनले सिक्किमेली नेपाली कवितामा भिन्दै स्थान ओगटेको छ। सन् 1960 को दशकदेखि नै कविता लेखनमा लागेका कवयत्री थेगिमका सन् 1997 मा **मेरो देउराली** कविता सङ्ग्रह प्रकाशित छन्। 106 वटा लधु आकारका कविताहरू सग्रहित रहेको यस सङ्ग्रहमा 'तिमी हिमाल', 'कञ्चनजङ्गा', 'मेरो देउराली' आदि कविताहरूमा प्रकृति – प्रेम प्रगाढ रूपमा व्यक्त भएको पाइन्छ। उनको सङ्ग्रहको शीर्षक कविता 'मेरो देउराली' - मा प्रकृतिको भिन्दै रूपको वर्णन यसरी भएको छ –

*तोरी फूलबारीहरू बीच लजालु नाच नाच्ने,*

*धाँम लागे पनि, हुरी बतास आए पनि,*

*रिमिझिमि पानी परे पनि – मेरो देउराली।*

भारतेली नेपाली स्वच्छन्दतावादी कविताहरूमा सौन्द्रर्यमयी भावना तथा ऐन्द्रिकपरकता धेरै रूपमा पाइन्छ। यो स्वच्छन्दतावादको एउटा प्रमुख विशेषता माध्ये एउटा हो। भारतका नेपाली कविहरूले कल्पनाको प्रार्चुय तथा प्रधानताका कारण सौन्द्रर्यमयी भावना आप्ना स्वच्छन्दतावादी कविताहरूमा जता – ततै फिजाएका छन्। स्वच्छन्दतावादीहरूले सम्पूर्ण सृष्टिलाई नै सौन्द्रर्यमयी र सुन्दर –

हरियाली ठान्ने हुनाले प्रकजतिको विस्तृत – व्यापक आयममा उनीहरू सौन्द्रर्यमयताको चित्रण गर्न पछि हटेका छैनन्।

सौन्द्रर्य नै सत्य र सत्य भन्नु नै सौन्द्रर्य भन्ने मुलमन्त्र भारतेली नेपाली स्वच्छन्दतावादी कविताहरूको भएको छ। यस्ता कविता लेखनमा कवि अगमसिंह गिरी अग्र पङ्क्तिमा उभिन्छन्। कवि गिरीको **जीवन गीत, आत्म – व्यथा** आदि कविता सङ्ग्रहमा सङ्ग्रहित प्राय कविताहरू सौन्द्रर्यमयी बनेका छन्। प्रकृति र जीवनको सौन्द्रर्यतालाई वर्णन गर्दै आप्ना कविताको धडेरी निर्माण गर्ने कवि गिरीलाई कतिपय समालोचक र विद्वानहरूले **रून्चे कवि** पनि भनेका छन्। 'अभिशप्त जीवनको पीडामय अभिव्यञ्जना' प्रमुख रूपमा रहेको कवि अगमसिंह गिरीका कविताहरूमा स्वच्छन्दतावादी कविता लेखनको विशेशता मुख्य गरेर सौन्द्रर्यमयी भावना मै गुम्फन रहेको देखिन्छ। कवि आफ्ना कवितामा प्रकृतिको सौन्द्रर्यतालाई यसरी वर्णन गर्छन् –

*घाम र पानी स्यालको बिहे*
*इन्द्रेणीको प्यार*
*भित्र – बाहिर गर्दै खेल्थे*
*सप्त – रङ्गको द्वार।*

अर्को कविताका पङ्क्ति -

*सन्ध्याको त्यो दूर दिगन्त*
*सुन्दर – स्वर्ण किरणमा*
*विपुल रमिता नित्य सजेको*
*तारक – दलको नभमा।*

स्वच्छन्दतावादी कविता लेखनको अर्को तत्त्व वा घटक मानवतावाद पनि हो। नश्वर संसारको सङ्कीर्ण, कुरूप, क्रतिम र मिथ्या आडम्बर साछै वाधा – बन्धनबाट दिक्क भएर कल्पनाको सहायताले त्यसको स्वप्न लोकमा पुगेर मात्र स्वच्छन्दतावादी भारतेली नेपाली कविहरूले कविता लेखेका छैनन्। मानिस – मानिस बीचको माया, प्रेम, स्नेह, भातृत्व र बसुधैव कुटुम्बकमको मन्त्र लिएर पनि भारतेली नेपाली कविहरूले स्वच्छन्दतावादी कविताका सृजना गरेका पाउँछौ। यस्ता नेपाली कविमा सर्वप्रथम महाकवि लक्ष्मीप्रसाद देवकोटाको नाम पहिलो पङ्क्तिमा आउँदछ। महाकवी लक्ष्मीप्रसाद देवकोटाको **भिखारी** कविता सङ्ग्रह, **प्रमिथस** खण्डकाव्य आदिमा यो प्रवृत्ति आधिक्य रूपमा मुखरित भएको छ। वि. सं. 2010 मा प्रकाशित **भिखारी** कविता सङ्ग्रहमा सङ्ग्रहित **यात्री** कविता मानवतावादलाई मूख्य आधार गरेर लेखिएको प्रस्तुत कवितामा जम्मा 46 पङ्क्ति छन्।

प्रस्तुत कवितामा कविले मानिसलाई एउटा यात्री ठानेका छन्। मानव जीवनको यात्रामा हामीले विभिन्न सुख – सुविधा उपभोग गरे तापनि अन्त्यमा शुन्य हात यस संसारवाट जानु पर्छ भन्ने शुन्यवादी विचार प्रस्तुत कवितामा कविले पोखेका छन्। हामीले जुनै मन्दिरमा पुजा गरेर जस्तै सामग्री लगे पनि साथमा केही लाने होइन भनि विचार व्यक्त गरेका छन्। हामी मान्छेले लोभ र स्वर्थमा परेर आफु जस्तै समान मान्छेको काँध चडी रहेका छौ, धमण्डले मक्ख भएर हामी आफ्नै जीवनका पतनको बाटो खनीरहेका छौं। मान्छेले इश्वरको खोजीमा भौतारे पनि वास्तवमा आफ्नै शरीरमा नै इश्वरको वास रहेको छ भन्ने कविको आशय छ। हाम्रो शरीर नै इश्वरको सुन्दर मन्दिर भएकोले यसमा जगदीश्वरको वास हुन्छ भन्ने कविको भनाई **यात्री** कवितामा पाइन्छ।

यसर्थ हामी मानिसले यस संसारमा असल कर्म गरे इश्वरले हात चुम्दछ। मूलत : मानवतावादी विचारलाई आत्मसाथ गर्दै कवि देवकोटाले **यात्री** कवितामा गरीव, दीन, दु:खीहरूको सेवा गरे इश्वर बोल्दछ भनेका छन्। तर हाम्रो नाङ्गो आँखाले इश्वरलाई नदेखिने हुनाले मानिल इश्वरको खोजीमा यात्री भइ नयाँ, विरानो देशमा भौतारी रहेका छन्। यसर्थ पीडित, लाञ्छित, दु:खीहरूको चहराईरहेको घाउँमा महलम लगाए, त्यो नै जीवनको साँचो यात्राको फल हुन्छ भनि किवले भन्न चाहेका छन्। अत: दीन. दु:खीको सहयोग गरे उनीहरूको शरीरमा इश्वरको दिव्य मुहार हाँसेको हामीले पाउँने छौ भनी कवि देवकोटाले प्रस्तुत **यात्री** कवितामा भन्न चाहेका छन्। मूलरूपमा यस कवितामा मानव सेवा नै इश्वरको सेवा हो भन्ने मानवतावादी दर्शन पाइन्छ। यस कवितामा कवि दोवकोटा मानवतावादी दृष्टि फ्याक्दै यसो भन्छन् –

***सडक किनारा गाउँछ ईश्वर, चराहरूको तानामा***
***बोल्दछ ईश्वर मानिसहरूको, पीजा – दो:खको गानामा***
***दर्शन किन्तु कहीँ दिँदैन, चर्म – चक्षुले कानामा***
***कुन मन्दिरमा जान्छौ यात्री, कुन नवदेश बिरानामा।***

भारतेली नेपाली कविहरूका स्वच्छन्दतावादी कविताहरूमा मानवतावाद प्रमुख रूपमा रहेको पाइन्छ। यस संसारको सबैभन्दा ठूलो धर्म नै मानवको सेवा हो भन्ने भावना भारतेली नेपाली कविताहरूमा पनि पाउँछौ। सानो – ठूलो, धनी – गरीव, तेरो – मेरो भन्ने भावनालाई भूलेर भातृत्वको भावना दर्शाउन भारतेली नेपाली कविहरू आफ्ना स्वच्छन्दतावादी कविताहरूमा पछि हटेका छैनन्। यही मानवताको भावना

बिर्सिए हामी नेपालीहरूका जीवन दु:ख र नैराश्यताले भरिन्छ भन्ने कुराको उद्धाटन भारतेली नेपाली स्वच्छन्दतावादी कविताहरूमा विशेष रूपले भएका पाउँछौ। भारतका यस्ता नेपाली कवि र उनीहरूका कविता – कृतिहरूमा अगमसिंह गिरीको हरिभक्त कटुवालको सन् 1959 मा प्रकाशित **सम्झना** कविता सङ्ग्रह र सन् 1964 मा प्रकाशित **सुधा** खण्डकाव्य, सन् 1966 मा प्रकाशित **जीवन – गीत**, मनप्रसाद सुब्बाको सन् 2001 मा प्रकाशित **त्रृतु क्यानभसका रेखाहरू**, उदय ठाकुरको सन् 2003 मा प्रकाशित **भीरमा गुराँस** आदि कविता कृतिहरूमा स्वच्छन्दतावादी प्रवृत्तिसँगै मानवतावादी भावना धेरै रूपमा सगबगाएको पाइन्छन्।

कवि हरिभक्त कटुवालले आफ्ना कविताहरूमा विशेष भारतका नेपाली जाति र समाजलाई मानवताको पाठ पढाउन चाहेका छन्। कवि **आकाशका तारा के तारा** कवितामा भन्छन् –

***विवेक – ज्योतिले विश्व सिंगार्दै***
***अन्धो पृथ्वी – अन्धा हामी***
***हाम्रा लागि घरको दूध पानी सरी छ***
***रामे, चामे, हर्के, बीरे झटारा छन्।***

मुख्यगरेर स्वच्छन्दतावादी कवितामा स्व दु:खानुभूतिको भावना, मानवतावादी दृष्टि, आदर्शवादिताप्रति चासो, आत्मिक प्रेम सम्बन्धको समर्थन, व्यक्ति भावनाप्रति रूची, असंस्कृत एवम् मध्ययुगीन परिवेशप्रति मोह, लोकभाषा तथा लोक साहित्यप्रति विशेष आग्रह साथै आत्मा – परमात्मा, दैवी प्रेरणा, अवचेतन मनप्रति असीम आस्था जस्ता कुरीहरू रहेका हुन्छन्। यही कुराहरूलाई टपक्क टिपेर भारतेली नेपाली कविहरूले

खुबै कलात्मकताको साथ स्वच्छन्दतावादी कविताको धडेरी निर्माण गरेका छन् भन्न सकिन्छ।

## 6.4 उपसंहार

सन् 1934 देखि नेपाली साहित्यमा प्रारम्भ भएको स्वच्छन्दतावादी धारा कवितामा कवि लक्ष्मीप्रसाद देवकोटाबाट श्रीगणेश भएको हो। यस धारा वा प्रवृत्ति अन्तर्गत रही नेपाली कविहरूले थुप्रै प्रतीकात्मक, आख्यानात्मक र नाटकीय संरचनाका प्रशस्तै कविताहरू सिर्जना गरेका छन्। देवकोटाबाट थालिएर उनीसँगै अन्त्य भएको भनिने स्वच्छन्दतावादी कविता भारतेली नेपाली कविता संसारमा पनि प्रशस्तै पहलाएका छन् , मौलिएका छन्।

स्वच्छन्दतावाद तर्क, बुद्धि र विवेकको अतिरिक्त भावना र आत्मरागको अभिव्यक्तितर्फ ज्यादा केन्द्रीत हुने साहित्यिक वाद वा धारा हो। पाश्चात्य साहित्य जगतमा यस वादले जति आफ्नो एकाधिपत्य वा वर्चस्व कायम गरेको छ, त्यती नै पूर्वीय तथा नेपाली साहित्यमा पनि अधिपत्य जमाएको छ। भारतेली नेपाली साहित्यका विभिद विधाहरू कथा, उपन्यास, नाटक, निबन्ध जस्तै कवितामा पनि आधुनिक कालको सुरूवात स्वच्छन्दतावादी कविता लेखनद्वारा नै भएको पाइन्छ। यस स्वच्छन्दतावादी भारतेली नेपाली कवितामा अति भावुकता, कल्पनाको सहायताले अज्यात, अदृश्य, अविदित र स्वप्निल संसारका चित्रण, मानवतावादी भावना जस्ता तत्त्वलाई कविहरूले प्रशय दिएका छन्। भारतेली ग्रामीण सभ्यता र संस्कृतिको चित्रण, भारतका विभिन्न प्रानतहरूका भौगलिक परिवेशको वर्णन, भाषामा सरसता र शैलीमा गध्य

लयात्मकता स्वच्छन्दतावादी भारतेली नेपाली कविताका देन र प्राप्तिहरू मान्न सकिन्छ। बाह्य अनुभूतिबाट पलायन भएर आन्तरिक अनुभूतितर्फको केन्द्रीयतामा भारेतील नेपाली कविता अडिएको हुनाले यसलाऊ स्वच्छन्दतावादी लेकनको श्रेय मान्नमा कुनै गाह्रो नपर्ला।

भारतेली नेपाली कविताको स्वच्छन्दतावादी धाराअन्तर्गत रही भारेतेली नेपाली कविता सिर्जना गरेको विवरणलाई हेर्दा यस देशका नेपाली कविताको स्वच्छन्दतावादी धाराको समयावधिमा थुप्रै भारतेली नेपाली कविहरूले विभिन्न थप र ढाँचाका कविता लेखी भारतेली नेपाली कविता साहित्यको उन्नयन र विकासमा उल्लेख्य योगदान पु-याएको देखिन्छ। यस समयका सबैजसो भारतेली नेपाली कविका कवितालाई हेर्दा मानवीय प्रेमप्रणय, यौवनजन्य इच्छा, आकाङ्क्षा, समानता, स्वतन्त्रता, मातृत्व, आशानिराशा, बिछोड, मिलन, छटपटी, राष्ट्रप्रेम, प्रकृतिप्रेम आदिकै स्वच्छन्द अभिव्यक्ति पाइन्छ।

भारतेली नेपाली स्वच्छन्दतावादी कवितामा प्रकृति प्रेम, मानवतावादी दृष्टिकोण, आध्यात्मिक चेतना, अतीतप्रतिको मोह, भविष्यप्रतिको आशावादी दृष्टि, वर्तमानप्रतिको बृतृष्णा र असन्तुष्टि, यान्त्रिकता र जडताका विरुद्ध स्वच्छन्दता र उन्मुक्तिको कामना जस्ता तत्त्वहरु आधिक्य रूपमा पाइन्छन्। यस अतिरिक्त भारतेली नेपाली कविहरूले समानता, स्वतन्त्रता र भातृत्वको संधारमा रहेर सामाजिक, राजनैतिक तथा आर्थिक कुराहरूलाई पनि आफ्ना स्वच्छन्दतावादी कविताहरूमा समेटेका छन्। यसैको दोसाधमा रहेर उनीहरूले व्यङ्ग्य र विद्रोहको स्वर पनि यस प्रवृत्तिका कविताहरूमा उरालेका छन्। उदाहरणको निम्ति कवि अगमसिंह गिरी र हरिभक्त कटुवालका कविताहरूलाई लिन सकिन्छ।

सौन्दर्यप्रतिको आकर्षण एवम् कल्पना र भावनाको विशेष प्रयोग पाइने स्वच्छन्दतावादी काव्यमा सामान्यका सट्टा विशिष्ट तथा स्वाभाविकताका सट्टा विलक्षण ढङ्गले प्रकृतिका विविध रूपको चित्रण भारतेली नेपाली कविहरूले कवितामा गरेका पाउँछौं। भारतेली नेपाली स्वच्छन्दतावादी कविहरूले प्रकृतिलाई जड रूपमा नभई सहचारी वा सजीव रूपमा मानवीकरणका साथ आफ्नो काव्यमा प्रयोग गरेका छन्। यसैले भारतमा यस स्वच्छन्दतावादी काव्य लेखनलाई अद्भूतपूर्ण रूपमा नेपाली समामा जनचेतना जगाउने पुरर्जागरण कविताका प्रवृत्तिका रूपमा लिन सकिन्छ। अत: परिष्कारवादी नियमको कठोर बन्धनलाई पन्छाएर अघि बढेको स्वच्छन्दतावादी अवधिलाई भारतेली नेपाली कविता साहित्यको मात्र नभएर सम्पूर्ण नेपाली साहित्यको **स्वर्णयुग** मान्न सकिन्छ।

## 6.5 सार

यस प्रखण्डमा **भारतेली नेपाली कवितामा स्वच्छन्दतावादी प्रवृत्ति**बारे सामान्य जानकारी प्राप्त भयो। उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ।

- ❖ सन् 1934 देखि नेपाली साहित्यमा प्रारम्भ भएको स्वच्छन्दतावादी धारा कवितामा कवि लक्ष्मीप्रसाद देवकोटाबाट श्रीगणेश भएको हो। यस धारा वा प्रवृत्ति अन्तर्गत रही नेपाली कविहरूले थुप्रै प्रतीकात्मक, आख्यानात्मक र नाटकीय संरचनाका प्रशस्तै कविताहरू सिर्जना गरेका छन्।

- देवकोटाबाट थालिएर उनीसँगै अन्त्य भएको भनिने स्वच्छन्दतावादी कविता भारतेली नेपाली कविता संसारमा प्रशस्तै पहलाएका मात्र छैनन् , मौलिएका पनि छन्। वास्तवमा यो स्वच्छन्दतावाद तर्क, बुद्दि र विवेकको अतिरिक्त भावना र आत्मरागको अभिव्यक्तितर्फ ज्यादा केन्द्रीत हुने साहित्यिक वाद वा धारा हो।
- पाश्चात्य साहित्य जगतमा यस वादले जति आफ्नो एकाधिपत्य वा वर्चस्व कायम गरेको छ, त्यती नै पूर्वीय तथा नेपाली साहित्यमा पनि अधिपत्य जमाएको छ। भारतेली नेपाली साहित्यका विभिद विधाहरू कथा, उपन्यास, नाटक, निबन्ध जस्तै कवितामा पनि आधुनिक कालको सुरूवात स्वच्छन्दतावादी कविता लेखनद्वारा नै भएको पाइन्छ।
- स्वच्छन्दतावादी भारतेली नेपाली कवितामा अति भावुकता, कल्पनाको सहायताले अज्यात, अदृश्य, अविदित र स्वप्निल संसारका चित्रण, मानवतावादी भावना जस्ता तत्त्वलाई कविहरूले प्रशय दिएका छन्। भारतेली ग्रामीण सभ्यता र संस्कृतिको चित्रण, भारतका विभिन्न प्रानतहरूका भौगलिक परिवेशको वर्णन, भाषामा सरसता र शैलीमा गध्य लयात्मकता स्वच्छन्दतावादी भारतेली नेपाली कविताका देन र प्राप्तिहरू मान्न सकिन्छ।
- भारतेली नेपाली कविताको स्वच्छन्दतावादी धाराअन्तर्गत रही भारेतेली नेपाली कविता सिर्जना गरेको विवरणलाई हेर्दा यस देशका नेपाली कविताको स्वच्छन्दतावादी धाराको समयावधिमा थुप्रै भारतेली नेपाली कविहरूले विभिन्न थप र ढाँचाका कविता

लेखी भारतेली नेपाली कविता साहित्यको उन्नयन र विकासमा उल्लेख्य योगदान पु-याएको देखिन्छ।

- ❖ स्वच्छन्दतावादी कविता लेखनको समयका सबैजसो भारतेली नेपाली कविका कवितालाई हेर्दा मानवीय प्रेम प्रणय, यौवनजन्य इच्छा, आकाङ्क्षा, समानता, स्वतन्त्रता, मातृत्व , आशा - निराशा, बिछोड - मिलन, छटपटी, राष्ट्रप्रेम, प्रकृतिप्रेम आदिकै स्वच्छन्द अभिव्यक्ति पाइन्छ।
- ❖ भारतेली नेपाली स्वच्छन्दतावादी कवितामा प्रकृति प्रेम, मानवतावादी दृष्टिकोण, आध्यात्मिक चेतना, अतीतप्रतिको मोह, भविष्यप्रतिको आशावादी दृष्टि, वर्तमानप्रतिको बृतृष्णा र असन्तुष्टि, यान्त्रिकता र जडताका विरुद्ध स्वच्छन्दता र उन्मुक्तिको कामना जस्ता तत्वहरु आधिक्य रूपमा पाइन्छन्।
- ❖ भारतेली नेपाली कविहरूले समानता, स्वतन्त्रता र भातृत्वको संधारमा रहेर सामाजिक, राजनैतिक तथा आर्थिक कुराहरूलाई पनि आफ्ना स्वच्छन्दतावादी कविताहरूमा समेटेका छन्। यसैको दोसाधमा रहेर उनीहरूले व्यङ्ग्य र विद्रोहको स्वर पनि यस प्रवृत्तिका कविताहरूमा उरालेका छन्। उदाहरणको निम्ति कवि अगमसिंह गिरी र हरिभक्त कटुवालका कविताहरूलाई लिन सकिन्छ।
- ❖ सौन्दर्यप्रतिको आकर्षण एवम् कल्पना र भावनाको विशेष प्रयोग पाइने स्वच्छन्दतावादी काव्यमा सामान्यका सट्टा विशिष्ट तथा स्वाभाविकताका सट्टा विलक्षण ढङ्गले प्रकृतिका विविध रूपको चित्रण भारतेली नेपाली कविहरूले कवितामा गरेका पाउँछौं। भारतेली नेपाली स्वच्छन्दतावादी कविहरूले प्रकृतिलाई जड रूपमा

नभई सहचारी वा सजीव रूपमा मानवीकरणका साथ आफ्नो काव्यमा प्रयोग गरेका छन्।

- ❖ भारतमा यस स्वच्छन्दतावादी काव्य लेखनलाई अद्भूतपूर्ण रूपमा नेपाली समामा जनचेतना जगाउने पुरर्जागरण कविताका प्रवृत्तिका रूपमा लिन सकिन्छ।
- ❖ परिष्कारवादी नियमको कठोर बन्धनलाई पन्छाएर अघि बढेको स्वच्छन्दतावादी अवधिलाई भारतेली नेपाली कविता साहित्यको मात्र नभएर सम्पूर्ण नेपाली साहित्यको **स्वर्णयुग** मान्न सकिन्छ।

यस प्रखण्डको अध्ययनले स्वच्छन्दतावादी प्रवृत्तिमूलक भारतेली नेपाली कविताहरूबारे बुनियाँदी जानकारी प्राप्त भयो। मूलरूपमा स्वच्छन्दतावादी प्रवृत्ति रहेको भारतेली नेपाली कविताहरूको अध्ययन गर्दै भारतबाट लेखिएका वा प्रकाशित भएका यस प्रवृत्तिका नेपाली कविताका विभिद महत्ता र विशेषता सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो।

## 6.6 अनुशीलनी

1 . स्वच्छन्दतावादको परिभाषा केलाउँदै नेपाली साहित्यमा यस प्रवृत्ति लेखनको सर्वेक्षण गर्नुहोस्।

2 . भारतेली नेपाली स्वच्छन्दतावादी प्रवृत्तिमा लेखिएका साहित्यको महत्त्व र मूल्य के कस्तो छ ? बताउनुहोस्।

3. भारतेली नेपाली स्वच्छन्दतावादी कविताको विशेषतालाई चिनाउँनुहोस्।

4. नेपाली स्वच्छन्दतावादी प्रवृत्तिमा लेखिएको साहित्यिक रचनाको सर्वेक्षण गर्नुहोस्।

5. नेपाली स्वच्छन्दतावादी कविताका मुख्य मुख्य घटकहरूबारे विवेचना गर्नुहोस्।

6. भारतको दार्जिलिङ र अन्य क्षेत्रहरूवाट प्रकाशित स्वच्छन्दतावादी नेपाली काव्य – कृतिहरूको अध्ययन गर्नुहोस्।

7. हिन्दी साहित्य र नेपाली साहित्यका स्वच्छन्दतावादी प्रवृत्तिमा लेखिएका कविताहरूमाथि तुलना गर्नुहोस्।

8. अङ्ग्रेजी साहित्य र नेपाली साहित्यका स्वच्छन्दतावादी प्रवृत्तिमूलक कविताहरूका तुलना गर्नुहोस्।

9. भारतेली नेपाली स्वच्छन्दतावादी प्रवृत्तिका पृष्ठभूमिबारे एउटा गतिलो लेख तयार पार्नुहोस्।

10. भारतेली नेपाली स्वच्छन्दतावादी कविताहरूका विकासमा पत्र – पत्रिकाको के कस्तो भुमिका रहेको छ ? विवेचना गर्नुहोस्।

11. नेपाली स्वच्छन्दतावादी कविताहरूका विकासक्रमबारे व्याख्या गर्नुहोस्।

12. भारतेली नेपाली स्वच्छन्दतावादी प्रवृत्तिमा कोरिएका कविताहरूको वैशिष्ठबारे लेख लेख्नुहोस्।

## 6.7 अतिरिक्त अध्ययन

५७. सुन्दास, लक्खीदेवी (.सम्पा) - **सम्मेलन कविता सङ्ग्रह** ।

५८.शर्मा, पुष्प - **नेपाली कविताको विकासमा सिक्किमको योगदान**।

५९.राई, इनद्रबहादुर - **अर्थहरूको पछिल्तिर**।

६०. उपाध्याय, भीमकान्त - **आँखीझ्यालबाट हेर्दा।**

६१. खाती, नरेशचन्द्र - **क्रम अध्ययनका।**

६२. नेपाल, घनश्याम - **नेपाली साहित्यको परिच्यात्मक इतिहास।**

६३. नेपाल, घनश्याम - **विधा विविधा।**

६४. नामदुङ, जीवन - **अगमसिंह गिरीका कविता – कृतिहरूका अध्ययन र आधार।**

६५. ठकुरी , मोहन - **नेपाली कविता यात्रा।**

६६. राई, असीत - **भारतीय नेपाली साहित्यको इतिहास।**

६७. प्रधान, कृष्णचन्द्रसिंह - **नेपाली कविताको आधुनिक प्रवृत्ति।**

६८. उपाध्याय, केशवप्रसाद - **प्राथमिककालीन कवि र काव्य प्रवृत्ति।**

६९. सुवेदी, अभी – **आधुनिक कविता र दार्जिलिङका केही तन्नेरी कविहरू।**

७०. छेत्री, तुलसीवहादुर - **नेपाली साहित्यको विकासमा दार्जिलिङको योगदान** ( अप्रकाशित शोध प्रबन्ध )।

७१. शेर्पा, सोनाम - **जातीय चेतनामूलक भारतेली नेपाली कविताको अध्ययन र विश्लेषण (अप्रकाशित शोध प्रबन्ध )।**

७२. दाहाल, मोहन पी. - **दार्जिलिङका नेपाली उपन्यास – प्रवृत्ति र परम्परा।**

७३. दाहाल, मोहन पी. - **आधुनिक नेपाली उपन्यास।**

७४. उप्रेती, सञ्जीव -– **सिद्धान्तका कुरा।**

यस अतिरिक्त स्वच्छन्दतावादबारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रिकाहरूको पनि अध्ययन।

## 6.8 मूल्यबृद्धिको निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

२१. स्वच्छन्दतावादको सैद्धान्तिक परिचय।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 6.2 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२२.स्वच्छन्दतावादको प्रमुख संघटक तत्त्वहरू।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 6.3 को स्वच्छन्दतावादको अर्थ र परिभाषा खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२३.स्वच्छन्दतावादको उद्भव र विकास।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 6.3 को स्वच्छन्दतावादको अर्थ र परिभाषामा उत्तर खोज्न सक्नेछन् )**

२४.नेपाली स्वच्छन्दतावादी प्रमुख कविहरू।

..........................................................................................

..........................................................................................

......................................................................................

......................................................................................

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 6.4 को भारतेली नेपाली कवितामा स्वच्छन्दतावादमा उत्तर खोज्न सक्नेछन् )**

२५. भारतेली नेपाली स्वच्छन्दतावादी कविताका बुँदाहरू।

......................................................................................

......................................................................................

......................................................................................

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 6.4 को भारतेली नेपाली कवितामा स्वच्छन्दतावादमा उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 7, भारतेली नेपाली कवितामा पाइने जातीयअस्मिताकोस्वर

7.0 उद्देश्य

7.1 परिचय

7.2 जातीय अस्मिताको अर्थ र परिभाषा

7.3 भारतेली नेपाली कवितामा जातीय अस्मिताका स्वर

7.4 उपसंहार

7.5 सार

7.6 अनुशीलनी

7.7 अतिरिक्त अध्यय

7.8 मूल्यबृद्धिको निम्ति उत्तर

## 7.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- जातीय अस्मिताको अर्थ र परिभाषा
- जातीय अस्मिताको परिचय
- भारतेली नेपाली कवितामा जातीय अस्मिताका स्वर
- भारतेली नेपाली कवितामा जातीय अस्मिताका विभिद प्रवृत्ति

- जातीय अस्मिताका स्वर उराल्दै कविता लेख्ने प्रमुख भारतेली नेपाली कवि

## 7.1 परिचय

जातीय चेतनाको मूल आधार नै जातीय एकता र अस्मिता हो। भारतको सन्दर्भमा जातीय एकता सँगसँगै जातीय चेतना अझ प्रासङ्गीक ठहर्दछ। यहाँको भौगलिक वातावरणदेखि लिएर विभिन्न जात, समुदाय, उनीहरूका धर्म र संस्कृति विभिन्नताले परिपूर्ण छ। मूलतः भारत एउटा बहुभाषिक, बहुजातीय, बहुधर्मीय र बहुसंस्कृति भएको देश हुनाले यहाण बस्ने प्रत्येक जातिमा आफ्नो स्वजातीय अस्मिता र अस्तित्वको भावना उदय हुनु स्वभाविक देखिन्छ। जीवन र समाजको विकासमा जुन रूपमा क्रमिक विकास हुदछ, त्यही सामाजिक चेटना पनि परिवर्तन हुन्छ। यही सामाजिक चेतनालाई जातीय अस्मिताको रूप मान्न सकिन्छ।

मूल रूपमा जातीय अस्मिताको समबन्ध जातीय मूल्य एवम् मानदण्डसित रहेको हुन्छ। मोहभङ्ग, व्यवस्था विरोघ, आक्रोश, शोसकहरूप्रति विरोध, समाजको पछौटे वर्गहरूमा नयाँ चेतना, उच्च वर्गका मानिसहरूप्रति सङ्घर्ष आदि जातीय अस्मिताका रूपहरू हुन्। कुण्ठित, वञ्चित, शोषित र अवहेलित जातिको इतिहास बुझेर जातिवादको विगुल फुक्नु तता तिनीहरूको वेदना, विषाद, व्यथा र दुःखको रागद्व्रा विद्रोह र क्रान्तिको राँको सल्काउनप पनि जातीय अस्मिताको एउटा रूप मान्न सकिन्छ। अतः जातिमा हुने जातीय अस्मिता कुनै पनि जातिको जातीय अस्तित्व, चेतना, विकास र समृद्धिको मूलमन्त्र हो।

जातीय अस्मितालाई जातिको सुरक्षा कवच र जगेराको टेवा समेत मान्न सकिन्छ। कुनै पनि जातिको मूल्य, मान्यता र मानदण्डसित सम्बन्धित रहने यस चेतनागत् अस्मिताले जातिको सर्वाङ्गीण विकास र प्रगतिमा ठूलो सहयोग पुर्याउँदछ। जातीय अस्तित्वमा मुछिएका प्रत्यक्ष र अप्रत्यक्ष क्रान्तिकारी चेचहरू ना जातीय अस्मिता हुन्। जातिप्रतिको भलाई, हित र विकाशील सोच – विचारको अवधारणा नै परवर्तीकालमा जातीय अस्मिताका रूप धारण गर्दछ।

## 7.2 जातीय अस्मिताको अर्थ र परिभाषा

जाति शब्द संस्कृत भाषाको 'जात' शब्दबाट नेपालीमा आएको हो। 'जात' शब्दमा 'इ' प्रत्यय जोडिएर बनिएको **जाति** शब्दको अर्थ र परिभाषामा विविधता पाइन्छ। संसारमा विभिन्न प्रकारका जीव वा प्राणी र अद्भिदको उत्पत्ति भएदेखि नै उनीहरूका प्रजातिका आधारमा जाति बारे धारणा, मान्यताहरू जन्मिएर गएको मानिन्छ। मूलतः स्थाननामका आधारमा मानव सम्प्रदायलाई जाति भनिए तापनि पौराणिक, ऐतिहासिक, सामाजिक वा समाजशास्त्रीय, राजनैतिक, जीव वैज्ञानिक धारणाअनुसार जात वा जातिको अर्थ एवम् परिभाषा भिन्नै पाइन्छ।

समाज शास्त्रअनुसार **जाति** भन्नाले मानवको शारीरिक बनावट, रीति - रिवाज, गुण वा लक्षण समान भएको आधारमा समाजमा रहने व्यक्ति - व्यक्तिका वंशीय समूहको व्यवस्थालाई बुझिन्छ। मानवमिती शास्त्रअनुसार ससमान भाषा, संस्कृति र रगत भएको मानवको झुण्डलाई जाति भनिन्छ। ऐतिहासिक धारणाअनुसार प्राचीन मानव समाजका चार वर्ण (ब्राह्मण, क्षत्रीय, वैश्य र शुद्र) भित्र नै जातिको अर्थ पनि सीमित थियो।

जीववैज्ञानिक धारणाअनुसार जाति भनेको वंशानुगत संजातिद्वारा उत्पत्ति भएको मानवको समूह हो। तर राजनैतिक धारणणामा जातिको अर्थ भिन्न सन्दर्भमा प्रयोग हुन्छ। राजनैतिक क्षेत्रमा साधारण जनतालाई सत्ता तथा भोटसँग दाँजेर जातिको परिभाषा रूढीगत रूपमा अर्थाएको पाइन्छ। जात र जाति एकार्काका सम्पूरक हुन। जातिले कुनै एउटा देश तथा क्षेत्रमा बस्ने त्यस समुदायका मानिसहरूको सम्पूर्णता र भावनालाई वहन गर्दछ। मूलतः कुनै भाषा, धर्म, रीति - रिवाज, वासभूमि समान भएको आधारमा कुनै मानव समूहमा एकताको भावना वा अरूभन्दा भिन्न 'हामी' भन्ने भावना प्रवल भए त्यसलाई जाति भन्न सकिन्छ।

'जाति' शब्दमा 'इय' प्रत्यय जोडिएर बनिएको 'जातीय' शब्दले कुनै विशेष जात, आफ्नै जातको जाति सम्बन्ध तथा कुलीन र साम्प्रदायिक कुरालाई बुझाउँछ। **नेपाली बृहत शब्दकोश**ले कुनै जातिको जातीय गुण वा विशेषता, जातिप्रतिको आत्मीयता, सम्प्रदायिकतालाई 'जातीय' भनी अर्थाएको छ। 'अस्मिता' - को अर्थ प्राणीमा रहने भित्री ज्ञान वा चैतन्य हो। सत - असत छुट्याउन सकिने बुद्धि, विवेक, कुनै विषयक पूर्वज्ञान तथा जीवनशक्तिलाई **अस्मिता** भनिन्छ। अतः चेतनाका कारण मानिस सुन्न, सम्झन तथा अनेक विषयमाथि चिन्तन - मनन गर्न सक्छन्। 'जातीय' र 'अस्मिता' यी शब्दका योगले बनिएको 'जातीय अस्मिता' - ले कुनै जातिप्रतिको जागरूकता, सतर्कता, गौरव, वैभव, हर्ष आदि कुरो बुझाउँदछ।

विदेशी सत्ताबाट मुक्ति पाउनका लागि अन्य जाति सरह आफ्नो जातिलाई पनि शक्तिशाली तुल्याएर जातीय सुरक्षा र अस्मिताको जगेरा गरी सबै समस्याहरू निराकरण गर्नका निम्ति कुनै पनि जातिमा

राष्ट्रव्यापी चेतना प्रस्फुटन हुन आवश्यक हुन्छ। यही चेतनालाई जातीय अस्मिता भन्न सकिन्छ। जाति र राष्ट्र एकार्काका सम्पूरक भएकाले जातीय अस्मितालाई राष्ट्रिय चेतनाकै पर्याय मानिन्छ। जातीय अस्मिताले मानवलाई शोषणको विरुद्ध आवाज उठाउने शक्ति प्रदान गर्दछ। यसले व्यक्तिको मानसिक उत्थानमा सहायता पुर्‍याउँदछ, आत्मबल सञ्चाल गर्दछ, मानवीय गुणलाई जागृत गरेर आफ्नो समुदाय एवम् जातिलाई विकाशील मार्गतर्फ अग्रसर गराउन सहयोग पुर्‍याउँदछ। राष्ट्रको दायित्वप्रति समर्पणको भावना जाग्नु पनि जातीय अस्मिताको एउटा रूप मान्न सकिन्छ।

समाज, धर्म, राजनीति, अर्थ, संस्कृति, आधुनिकता वोध एवम् अनिवार्य मानवीय मूल्यसित जोडिएर जातीय अस्मिता निर्मित हुन्छ। यसमा जातीय भावना र चेतना अधिक मात्रामा सञ्चार हुँदछ। जाति र जातीयता वास्तवमा भिन्नाभिन्नै तत्त्वहरू हुन्। जातिलाई एउटा सुस्थिर मानव सम्प्रदाय मानिन्छ। यसलाई साझा संस्कृति, ऐतिहासिक, आर्थिक, धर्म, भाषा घटकहरूमा कुनै कुनै सङ्गति वा कहिले कुनै एउटै तत्त्व मात्रको उपस्थितिले पनि विशिष्टता दिएको हुन्छ। जातीय भावना र जातिवाद विश्वको प्रत्येक जाति र समुदायमा रहेको हुन्छ। तथापि जातीय भावना र जातीय अस्मिताको भावना भिन्नाभिन्नै तत्त्व हुन्। कुनै पनि जातिको अवस्था, जाति सम्बन्धी व्यक्तिको मनमा उत्पन्न हुने भाववा जातीय भावना हो भने त्यही जातिको चेतना, अस्तित्व र जगेराका निम्ति व्यक्तिका मस्तिष्कमा जागृत भएका विवेक चाहिँ जातीय अस्मिता हो। श्रमजीवी वर्गको अभाव, दुःख - कष्ट र तिनका पीडा - मर्का प्रस्तुत गर्नु पनि जातीय अस्मिताको एउटा रूप मान्न सकिन्छ। जातीय

चेतना अस्मिता कुनै पनि काल वा समयको सीमामा बाँधिएको हुँदैन। यसको स्वरूप परिवर्तनशील हुन्छ।

जातीय अस्मिताको मूल आधार नै जातीय एकता र चेतना हो। भारतको सन्दर्भमा जातीय एकता सँगसँगै जातीय अस्मिता अझ प्रासङ्गिक ठहर्दछ। यहाँको भौगोलिक वातावरणदेखि लिएर विभिन्न जात, समुदाय, उनीहरूका धार्मिक र सांस्कृतिक विभिन्नताले परिपूर्ण छ। मूलतः भारत एउटा बहुभाषिक, बहुजातीय, बहुधर्मीय र बहुसंस्कृति भएको देश हुनाले यहाँ बस्ने प्रत्येक जातिमा आफ्नो स्वजातीय अस्मिता र अस्मिताको जगेरा हेतु जातीय अस्मिताको भावना उदय हुनु स्वाभाविक देखिन्छ। जीवन र समाजको विकासमा जुन रूपमा क्रमिक विकास हुन्छ, त्यही रूपमा सामाजिक चेतना पनि परिवर्तन हुन्छ। यही सामाजिक चेतनालाई जातीय अस्मिताको रूप मान्न सकिन्छ।

मूल रूपमा जातीय अस्मिताको सम्बन्ध जातीय मूल्य एवम् मानदण्डसित रहेको हुन्छ। मोहभङ्ग, व्यवस्था विरोध, आक्रोश, शासकहरूप्रति विरोध, समाजका पछौटे वर्गहरूमा नयाँ चेतना, उच्च वर्गका मानिसहरूप्रति सङ्घर्ष आदि जातीय अस्मिताका रूपहरू हुन्। कुण्ठित, वञ्चित, शोषित र अवहेलित जातिको इतिहास बुझेर जातिवादको बिगुल फुक्नु तथा तिनीहरूको वेदना, विषाद, व्यथा र दुःखको रागद्वारा विद्रोह र क्रान्तिको राँको सल्काउनु पनि जातीय अस्मिताको एउटा रूप मान्न सकिन्छ। अतः जातीय अस्मिता कुनै पनि जातिको अस्तित्व, चेतना, विकास र समृद्धिको मूलमन्त्र हो। अतः जातीय अस्मितालाई जातिको सुरक्षा कवच र जगेराको टेवा मान्न सकिन्छ। कुनै पनि जातिको मूल्य, मान्यता र मानदण्डसित सम्बन्धित

रहने यस अस्मिताका भावनाले जातिको सर्वाङ्गीण विकास र प्रगतिमा सहयोग पुऱ्याउँदछ। जातीय अस्तित्वमा मुछिएका प्रत्यक्ष र अप्रत्यक्ष क्रान्तिकारी स्वरहरू नै जातीय अस्मिताका स्वर हुन्। जातिप्रतिको भलाइ र विकाशील सोच - विचारको अवधारणाले नै परवर्ती कालमा जातीय अस्मिताको रूप धारण गर्दछ।

## 7.3 भारतेली नेपाली कवितामा जातीय अस्मिताका स्वर

भारतको पश्चिम बङ्गाल राज्यअन्तर्गत रहेका जम्मा सत्ताइसवटा जिल्लाहरूमध्ये दार्जिलिङ जिल्लाका दार्जिलिङ, खरसाङ, मिरिक, सिलगढी, कालेबुङ जिल्लाको गोरूबथान, अलगढा र कालेबुङ खण्ड तथा जलपाइगढी जिल्लाका डुवर्स क्षेत्रमा धेरै सङ्ख्यामा नेपालीहरू बसोवास गर्छन्। यस अतिरिक्त असम - पूर्वाञ्चलअन्तर्गत रहेका सातवटा राज्य असम, मेघालय, नागाल्याण्ड, मणिपुर, त्रिपुरा, मिजोराम र अरुणाचल प्रदेश; उत्तर पश्चिमाञ्चलअन्तर्गत पर्ने बनारस, देहरादून, भाग्सु वा धर्मशाला, हिमालचलप्रदेश र उत्तर प्रदेश; सिक्किम राज्य तथा दिल्ली, मुम्बई आदि क्षेत्रहरूमा नेपालीहरू बसोवास गर्छन्। मूलतः नेपालीहरू भारतका विभिन्न ठाउँहरूमा बसोवास गर्न थालेका समयदेखि नै उनीहरूले आफूलाई सुरक्षित राख्न अनि आफ्ना समस्याहरू र दुःखहरूलाई बिर्साउन अर्को नेपालीसँग सम्बन्ध राखेका थिए। यहाँ 'अर्को नेपाली' भन्नाले पहिलेदेखि नै भारतमा स्थायी रूपले बसोवास गर्ने भारतीय नेपालीहरूलाई बुझिन्छ।

भारतेली नेपाली कवितामा जातीय अस्मिताको स्वर सन् 1900 देखि नै घन्किएको पाइन्छ। मुख्य गरे भारतीय नेपाली कवितामा जातीय अस्मिताको स्वरको प्रस्फुटन अठाह्रौँ शताब्दीको प्रारम्भदेखि भएको हो। यस कालमा भारतको दार्जिलिङबाट ज्ञानदिल दास, धरणीधर कोइराला, महानन्द सापकोटा, अगमसिंह गिरी; सिक्किमबाट सन्तवीर लिम्बू, तुलसीबहादुर छेत्री; पूर्वाञ्चलबाट हरिप्रसाद शर्मा बास्तोला, टीकाप्रसाद शर्मा, पुष्पलाल उपाध्याय; पश्चिमाञ्चलबाट मित्रसेन थापा, दुर्गा मल्ल, बहादुरसिंह बराल आदि कविहरूले आ - आफ्ना कवितामा जातीय जागरण र अस्मिताको शङ्खघोष गरेका छन्। उन्नाइसौँ शताब्दीको प्रारम्भदेखि हालसम्मको अवधिमा आइपुग्दा जातीय चेतनामूलक भारतीय नेपाली कविताले विभिन्न मोड र प्रवृत्तिहरू अँगाल्दै अघि बढेको छ।

सन् 1932 मा पश्चिमाञ्चलका कवि बहादुरसिंह बरालको बरालको आँसु प्रकाशित छ। सन् 1932 मा प्रकाशित **बरालको आँसु**मा कवि बहादुरसिंह बरालका पूर्व प्रकाशित रचनाका अतिरिक्त पाण्डुलिपिका रूपमा प्राप्त भएका उनका अप्राप्य अप्रकाशित रचनाहरू पनि समावेश गर्दा कवि बरालका रचनाहरूको सङ्ग्रह गरी एक सय बियासी (182) वटा पुगेको छ। बहादुरसिंह बरालले नेपाली जाति, भाषा, संस्कृतिप्रति गहिरो माया गरी अन्य जातिको तुलनामा नेपाली जाति बदनाम नहोस् भन्ने भाव 'गोर्खाली हेर है' कवितामा राखेका छन्। भारतमा अन्य जातिको तुलनामा नेपाली जाति प्रत्येक क्षेत्रमा पछौटे भएको देखेर उनी धेरै हतोत्साही बनेका पनि छन्। अनेपाली जातिहरू प्रगतिको मार्गमा अघइ बढ्दा नेपाली जाति चाहिँ घोर निद्रामै रहेको खुलासा कवि बरालले 'सम्झन वीर वंश हो' कवितामा गरेका छन्। जातीय गौरव र जातीय श्रीलाई सधैँ आफ्नो छातीमा राख्न

चाहने कवि बरालले भारतीय नेपाली जातिमा कहिले जातीय जागृति आउला भन्दै दुखेको **जाति प्रेम** कवितामा यसरी पोखेका छन् -

***भक्त छु म आफ्नो जातिको, बिन्ती मेरो फालाफाल नगर***

***जातिको प्रेम छ छातीमा, कहिले जागृति आउला यो जातिमा***

***सबै सुभले सुत्दछन् रातिमा, म रुन्छु सधैँ बसेर धरधर।***

यसरी नै नेपालमा जन्मिए तापनि दार्जिलिङलाई आफ्नो कर्मक्षेत्र बनाउने दार्जिलिङका पुराना कवि ज्ञानदिल दासले पनि आफ्ना काव्य कृतिहरूमा जातीय अस्मिताका स्वर उरालेका छन्। उनको समयमा नेपाली समाजमा प्रचलित ब्राह्मणवाद, कर्मकाण्ड, जातिभेद, छुवाछुत जस्ता कुसंस्कारको कवि दासले **उदयलहरी** काव्यमा घोर विरोध जनाएका छन्। उनले यस काव्यमा कर्मकाण्ड, जातिप्रथा र समाजका कुसंस्कारलाई जरैदेखि उखेलेर फाल्दै एउटा नयाँ समाजको निर्माण गर्ने भावना पनि पोखेका छन्। नेपाली जातिमा उन्नत समाजको स्थापनाका निम्ति ब्रह्मज्ञान र दया धर्मबारे अवगत हुनु आवश्यक छ भन्दै कवि **उदयलहरी** काव्यमा यसो भन्छन् -

***सबै कहुँ भन्या कहनु हुँदैन***

***बिना ब्रह्मज्ञानले पाप धुँदैन***

***साधुको सेवाले चाँदै तरौला***

***दया धर्म छाडिदिया नर्कमा परौला।***

कवि ज्ञानदिल दासले उक्त कृतिमा समाजको सुधार चाहृदै भारतेली नेपाली समाजमा व्याप्त रुढीवादी संस्कारको  भण्डाफोर गर्दा धार्मिक - आध्यात्मिक चेतना वा साँचो ज्ञान जगाउन चाहेका छन्। उदाहरणका निम्ति **उदयलहरी**का यी कविता पंक्तिहरूले प्रष्ट पार्दछ –

*ग्रह गोचरको जाप गर भन्छन्।*

*सुझ न बुफ अम्ला मात्रै गन्छन्।।*

*क्या गर्छौ ज्योतिषी हो अभागे तालो।*

*देख्छो त भन्छौ नजरमाथि जालो।।*

देहरादून निवासी कवि दुर्गा मल्लले सैनिक जीवनदेखि नै नेपाली जातिको उत्थान, यसको जगेरा र समाज सुधारका निम्ति धेरै कार्यहरू प्रारम्भ गरेका थिए। उनी 18 वर्ष पुग्दा 26 जनवरी सन् 1931 को दिन धर्मशाला छाउनीको सेकेण्ड फस्ट गोर्खा राइफल्समा भर्ती भएका  थिए। आफू पल्टनमा कमान्डर मेजर भई सके तापनि उनलाई आफ्नो जातीय गौरवको ठूलो चिन्ता थियो। तिनताक भारतीय नेपाली सबै क्षेत्रमा पछाडिएर न मर्नु न बाँच्नुको अवस्थामा पुगेको थियो। आफ्नो जातिको यस्तो अवस्था देखेर **के भयो सन्तानलाई** कवितामा कवि दुर्गा मल्ल भन्छन् -

*जहान जम्मै भएका रोगी, क्षयरोग जस्तो लागेको खोकी*

*न यिनी मर्ने न यिनी बाँच्ने, म पनि फोहोर भै सडिरहेछु।*

*कोढको बेथाले खान थालेछ, बुद्धि र पौरुष जम्मै गालेछु*

*संसारमा सबै उँभो जाँदैछन्, म झनै नर्कमा भरिरहेछु।*

Notes

यसरी कवि दुर्गा मल्लले **बताऊ सुतेका जातिलाई बाटो** र **के भयो सन्तानलाई** आदि उपदेशमूलक कविताका माध्यम भारतीय नेपाली जातिमा स्वजातिप्रतिको चेतना जगाउन चाहेका छन्। उनका यी दुई कविताबाट कवि मल्ल नेपाली भाषा, जाति र समाजप्रति कति सचेत, सजग र स्वाभिमानी थिए भन्ने कुरो प्रमाण हुन्छ। उनले आफ्नै पल्टनका कवि, लेखक र समाज सुधारक सुबेदार मेजर बहादुरसिंह बराल तथा गोर्खा जगतका प्रसिद्ध गायक, सङ्गीतकार, नाटककार मास्टर मित्रसेन थापाका बहुमुखी प्रतिभाबाट प्रभावित भएर कविता, गीत, गजल वा भजन आदिको सृजना गरेका थिए।

भारतीय नेपाली कविता संसारमा जातीय अस्मिताको स्वर निकाल्दै कविता लेख्नेहरूमा कवि धरणीधर शर्मा कोइराला पनि उल्लेखनीय कवि मानिन्छन्। उनी नेपालवासी कवि भए तापनि कवि कोइरालाले आफ्ना कविताहरू समग्र नेपाली जातिको सन्दर्भमा साथै दार्जिलिङका सरकारी विद्यालयमा कार्यरत रहँदा लेखेको पाइन्छ। उनको साहित्यमा दार्जिलिङ्गे नेपाली जातिको वासना पाइन्छ। उनको **नैवेद्य** (सन् 1920), **स्पन्दन** (सन् 1947), **नेपाल मन्जरी** (सन् 1951) जस्ता कविता सङ्ग्रह प्रकाशित छन्। कवि धरणीधरले आफ्नो कवितामा मस्त निद्रामा रहेका नेपालीहरूमा चेतना जगाउँदै **उद्बोधन** कवितामा यसो भन्छन् –

*जाग जाग अब जाग*

*घोर निद अब परित्याग*

*जति सुत्नु थियो सुत्यो*

*जातिको उन्नतिमा अब त लाग।*

कवि धरणीधरले **साहित्य सुधा** कवितामा काव्य वा साहित्यको आस्वादनद्वारा मानिसमा नैतिक मूल्य सँगसँगै जातिको विकास गर्ने आह्वान गरेका छन्। यस कवितामा झाँक्री वैद्य र , ज्योतिषभन्दा पनि काव्य - सुधाको औषधीले कुनै पनि जातिको सुधार हुने कवि धरणीधरको विचार रहेको छ। यसैले कवि **साहित्य सुधा** कवितामा भन्छन् -

***अनि निर्मल ज्योति विकास गरी***

***भरि मात भँडार प्रकाश गरी***

***मनका शुभ भाव अनेक थरी***

***छरि जाति सुधार गरौँ नडरी।***

कवि धरणीधर शर्मा कोइरालाको समयमा भारतीय नेपाली समाज तथा दर्जिलिङमा राष्ट्रिय चेतना र उन्नतशील जातीय चेतनाको उन्मेष भर्खरै हुँदै गएको थियो। नेपाली समाजमा चारैतिर अशिक्षा, अज्ञानता, दासत्व, शोषण, रुढी, विकृति, कुरीति आदिले ढाकेको कारण भारतीय नेपालीको जीवन एक जीर्ण शरीर जस्तै थियो। यसर्थ उनले आफ्ना कविताहरू जातीय अस्मिता र चेतना छर्दै नेपालीहरूमा चेटना जगाउन चाहेको प्रतीत हुन्छ।

यसरी नै पूर्वाञ्चलका कवि टीकाप्रसाद शर्मा सन् 1930 को दशकदेखि भारतको असम - पूर्वाञ्चलबाट साहित्यमा कलम चलाउने एकजना सशक्त जातीय कवि हुन्। उनको पहिलो कविता माधव वन्दना शिलाङबाट मणिसिंह गुरुङको सम्पादनमा प्रकाशित हुने **गोर्खा सेवक** पत्रिकामा सन् 1937 तिर प्रकाशित भएको थियो। सन् 1937 देखि कविता लेखनमा लागेका टीकाप्रसाद शर्माले धेरै जातीय अस्मिताका स्वर

भएका कविताहरू लेखेका छन्। उनका यस प्रवृत्तिका कविताहरूमा 'ब्रह्मकुण्ड यात्री तृषित जनताप्रति', 'शंकर गुरु फेरि आउ', 'आश्रय शिविर', 'शिशुवार्ता', 'स्व. जगन्नाथको सम्झनामा', 'दाहिने हात' आदि प्रमुख छन्। उल्लिखित कविताहरू त्यो समय भारतको विभिन्न ठाउँङरूबाट प्रकाशित हुने गोर्खा सेवक (शिलङ), उदय (काशी), नेबुला (कालेबुङ), गोर्खा (दार्जिलिङ), परिवर्तन (असम), प्रभात (दरङ्ग), ब्रह्मपुत्र (तेजपुर), चन्द्रोदय (बिहाली) आदि पत्र - पत्रिकाहरूमा प्रकाशित भएका थिए।

भारतेली नेपाली कविता साहित्यमा जातीय कविको नामले बिभुषित कवि अघमसिंह गिरीका प्राय: कविताहरूमा जातीय अस्मिताको स्वर टडकारो रूपमा मुखतिर भएको पाइन्छ। कवि गिरीको सन् 1959 मा **आत्मव्यथा** ,सन् 1966 मा **जीवन - गीत** ,सन् 1978 मा **जलेको प्रतिबिम्ब : रोएको प्रतिध्वनि** आदि कविता सङ्ग्रह ; सन् 1955 मा **याद** , सन् 1966 मा **आँसु** ,सन् 1971 मा **युद्ध र योद्धा** आदि खण्डकाव्य प्रकाशित छन्।

गिरीको कविता सङ्ग्रह **आत्म – व्यथा** (सन् 1959) प्रकाशित भएपछि नै उनको कविता लेखनमा जातीय अस्मिताका स्वर भएका कविता लेखनले गतिशीलका र तीव्रता लिएको देखिन्छ। यस सङ्ग्रहको 'क्रन्दन', 'नचिनिने भएछौ!', 'मोहब्बत गल्ली', 'सम्झना', 'व्याकुल पक्षी', 'समाचार यही भन्दिनू', 'गान्धीजीको अट्ठासीवाँ जन्म दिवसमा' आदि कविताहरूमा जातीय जागरण र अस्मिताका स्वर भरेका छन्। यी कविताहरूमा गिरीले निर्धा र गरिब भारतीय नेपालीहरूको दूरावस्थाको चित्रण गरेका छन्। **निचिनिने भएछौं !** कवितामा कवि भन्छन् -

***अतीत गौरवले धपक्क बलेको***

*अघिको चहकिलो अनुहारमा*

*विषाक्त रेखाहरू कोरिएछन्।*

सुरूमा कवि गिरीको कविता लेखनले रोमान्टिक काव्यधारालाई अङ्गाले तापनि पछि गएर यसले अर्कै मोड लिएको छ। कवि स्वयम् पनि बोली, पहिरन, रहन - सहन र संस्कारले खाटी नेपाली भएको हुनाले उनको कविताहरूमा नेपाली जाति भोग्नु परिरहेको दुःख – पिरको कथा, जातीय चेतनाको भावना, बिद्रोही स्वर, क्रान्तिकारी विचार, नेपाली जातिको दयनीय स्तिथि र दुर्दशाको उजागार साथै पीडा, वेदना र नैराश्य भाव पाइन्छ। गध्य शैलीलाई मूलरूपमा अफ्नाएर कविता लेख्ने कवि अगमसिंह गिरीको कविता र काव्यहरूमा विशेषगरी स्वाच्छन्द भाव, प्रकृत्ति चित्रण, अवहेलित, लाञ्छित र पीडित नेपाली समाज र जातिको निम्ति रोएका छन् , बिद्रोही बनेका छन्। यस अतिरिक्त त्यसता अरूको अन्याय र अत्यचार सहेर बाँच्ने नेपालीहरूप्रति उनी आक्रोशित पनि भएका छन्।

कवि गिरीको **मोहब्बत – गल्ली** कविता केवल एउटा भारी बोकेर जीवन धान्ने 'च्याङ्बा' नामक तामङ कुल्लीको जीवनमा आधारित भए तापनि यसलाई जातीय अस्मिताको भावमा लेखिएको कवि गिरीको उत्कृष्ट कविता मान्न सकिन्छ। यहाँ तामङ कुल्ली भन्नाले हामी भारेतेली वा दार्जिलिङ्गे नेपालीहरू हौ। हामी आफ्नै किपट वा भूमिमा नोकर र अरूका दासी मात्र भएका छौ। यसैले कवि गिरी **मोहब्बत – गल्ली** कवितामा यसो भन्छन् –

*मुखमा हाँसो छैन जुटेको मनको मौन पुकार*

*द्रवित आत्मा नेपालीको गर्छ यहाँ चित्कार*

***यही छ जर्जर नेपालीको पशुवत जीवन हेर***

***शोषितहरूको करूण कथा छ मोहब्बत – गल्ली नेर।***

यसरी सामान्तवाद र पुञ्जीवाद तथा मालिक, कमानका साहेब, ठेकादार, म्यानेजर, बाबु सम्प्रदाय र ठूला भनाउँदोहरूको चपेटमा परेर हामी भारतेली नेपालीहरूको जीवन पशुतुल्य बनिसकेको छ। सोझा, सिधा, निमुखा र बहादुर सम्झेर हामीलाई अरूले निर्बल र लङ्गडा बनाउँदैछन्। हामी बस्ने गाउँ – घर, कमान – बस्तीमा जता-ततै शोषण, अत्यचार र अन्याय भइरहेको छ। हत्य, लुट र बलात्कार दिन – दिनै बडदैछ। तर सुन्ने कसले ?, भन्ने कसलाई ? केवल ह्रदयभरी व्यथाको घाउ बोकेर अस्तित्वहीन र चिन्हारीहीन जीवन बिताउँन हामी भारतीय नेपाली आफ्नै देश भारतमा विवश छौं। यसैले प्रस्तुत **मोहब्बत – गल्ली** कवितामा कवि गिरी भन्छन् -

***भतभत पोल्ने चित्त बिथोलने आत्म – ग्लानिको घाउ***

***दोहन शोषण जलन छ गहिरो केवल हेर्दै जाऊ***

***कसरी उसले आज बताऔस् दरदी ह्रदय फारी***

***भन्न सजिलो छैन व्यथाको घाउ छ दिलमा भारी।***

सन् 1940 को दशकदेखि नै असमे नेपालीहरू पनि जातीय सङ्ग्राममा लागेका थिए। त्यस समयमा छविलाल बाबु, विष्णुलाल बाबु, दलबीर सिंह लोहार, भक्तबहादुर प्रधान, बलभद्र छेत्री आदि धेरै जातीय सङ्ग्रामी नेपालीहरू जेलमा थुनिए। सन् 1947 सालमा देश स्वाधीन भएर पनि अशिक्षाको कारण स्वाधीन देशका नागरिकको रूपमा असमका नेपालीहरू धेरै सहुलियत पाउनबाट वञ्चित हुनपुगे। यस तथ्यलाई कवि

पुष्पलाल उपाध्यायले आफ्ना कविताहरूमा राम्ररी चित्रण गरेका छन्। उनले स्वाधीन देशमा अरू जाति सरह गर्वका साथ जिउनका लागि शिक्षाको उज्यालो पाउनु तथा नेपालीहरू शिक्षित हुनु जरुरी छ भन्ने कुरो राम्ररी बुझेका थिए। उनले तत्कालीन अशिक्षित नेपाली जातिको यथार्थता **पछौटे गन्थन** कवितामा यसरी उद्घाटन गरेका छन् -

*निरक्षरी छन् जनता सबै जन।*

*तथापि शिक्षातिर छैन धावन।।*

*समाज सेवातिर कोइ सज्जन*

*सरे अगाडि उसको छ लाञ्छन।।*

कवि उपाध्यायका कतिपय कविताहरू कवि धरणीधर शर्मा कोइरालाका जस्तै जातीय अस्मिताका स्वर उलारेका छन्। कवि धरणीधर कोइरालाको 'उद्बोधन', 'गुहार गुहार', 'नत्र बर्बाद भयो' प्रभृत्ति कविता झैँ असमका कवि पुष्पलाल उपाध्यायका 'पुकार', 'दान', 'युग सन्देश' आदि कविताहरू उपदेशमूलक, सुधारमूलक भएर जातीय अस्मिताप्रधान प्रवृत्तिका छन्। **पुष्पाञ्जली** कविता सङ्ग्रहका कविताहरूमा उनी ठाउँ-ठाउँमा शिक्षागुरु जस्ता देखिएका छन् भने केही कवितामा समाज सुधारकका रूपमा पनि अवतीर्ण भएका छन्।

सन् 1947 मा स्वाधीनता प्राप्ति र सन् 1950 मा संविधान ग्रहण गरेपछि पनि भारत देशमा पुस्तौँदेखि बसिआएका भारतीय नेपालीहरू भने अवहेनला, उत्पीडित र लाञ्छित भइरहेका थिए। विरोधी शक्ति, राजनैतिक षडयन्त्र, जातिवाद आदिको भुमरीमा परेर भारतीय नेपालीहरूलाई विदेशी र प्रवासीको लाञ्छना लगाइएको थियो। सन् 1951 पछि भने नेपाली

जातिमा स्वजातिप्रतिको मूल्य, जातीय अस्मिता र जातीय चेत फैलाउने उद्देश्य लिएर साथै भारतमा अन्य जाति सरह नेपाली जातिलाई विकसित, उन्नतशील र चेतनाशील बनाउने हेतुले नेपाली कविहरूले जातीय अस्मितामूलक कविताहरू लेखेका छन्।

भारतीय नेपालीहरूको जीवन उनीहरूले चाहे जस्तो सार्थक हुन नसकेको देख्दा भारतको पश्चिमाञ्चल देहरादूनको गडी क्यान्ट निवासी कवि अधिकारी आफ्ना कवितामा साह्रै मर्माहत भएका छन्। पुर्खाले कमाएको वीरता आज दिनदिनै विलीन हुँदै जान लागेको बेला आपस्तमा नेपालीहरूमा स्थानीयताका भेदभावहरू देखिन लागेको घटनामा उनको कवि हृदय दुखित भएको छ। यसैले कवि **यो बिलौना होइन** कवितामा भारतीय नेपाली जातिलाई प्रशअन गर्दै भन्छन् -

*खोइ थाम्न सकेका भत्किन लागेका*

*हाम्रा अवस्था हाम्रा दह्रा तिघ्राहरू*

*म सोध्न चाहन्छु तम्रो शरीरभित्र साँचो ढुकढुकी छ भने*

*आज हामीबिच सीमा रेखाको कोराइ किन ?*

*तिमी वारि र म पारिको अनौठो हेराइ किन ?*

यसरी भेदभावपूर्ण तथा 'तेरो र मेरो' भन्ने भावना भुलेर आफ्नो जातिको वीरतालाई सदैव मनन गर्दै उन्नतिमा लाग्ने कवि अधिकारीको प्रश्न गम्भीर छ। विशेषतः भारतमा नेपालीहरू जातीय उत्पीडन र शोषणदेखि मुक्त हुनका निम्ति प्रथमतः एकताबद्ध र चेतनशील हुन आवश्यक छ। सबै भारतीय नेपालीहरूले 'हामी' भन्ने भानना हृदयमा

जाग्रत गराए यस जातिको उन्नति र विकास भएर जानेछ भन्ने भावना कवि अधिकारीले **हो मलाई त्यही हात चाहिन्छ** कवितामा पोखेका छन्।

सिक्किमका कवि केदार गुरुङका प्राय कविताहरूमा जातीय अस्मिताको स्वर घन्किएको पाइन्छ। उनको **तरङ्गमाथि लहर लागेर आएको अर्को प्रहर** (सन् 1972) कविता सङ्ग्रहमा जम्मा छब्बीस (26) वटा कविताहरू सङ्कलित छन्। तिनमा कविले स्वजातीय अनुभूति गराउँदै जातिको अस्तित्वका निम्ति चेतनशील बन्ने आग्रह गरेका छन्। प्रस्तुत सङ्ग्रहको पहिलो कविता 'वीभत्सता छरिएका आकारहरू' - मा क्रान्तिकारी स्वर व्यक्त गर्दै उनी भन्छन् -

***मैले पनि आज स्वयं प्रतिक्रियावादी भएरै***

***समस्त मान्छेको प्रबुद्ध अनुहार देख्न खोजे***

***समस्त भीडलाई समूह र***

***समूहलाई व्यक्ति - व्यक्तिमा छुट्टाछुट्टै राखेर***

***बुद्धिवादको औँलाले गन्न खोजे।***

'आफू बाँच्नु र बचाइ दिनु' भन्ने अस्तित्ववादीम मूल मन्त्र कवि केदार गुरुङका कवितामा पाइन्छ। उनले आफ्ना जातीय अस्तित्वप्रधान क्रान्तिकारी कविताहरूमा नेपाली जातिलाई स्वजातीय सुरक्षा र जाति विकासका निम्ति सदैव अघि बढ्ने आह्वान पनि गरेका छन्। भारतीय नेपाली कविता संसारमा जातीय अस्मिताका स्वर भएका कविता लेख्ने अर्का जातीय कवि कृष्णप्रसाद भट्टराई हुन्। असम पूर्वाञ्चलका कवि भट्टराईको पहिलो कविता सङ्ग्रह **एउटा अर्को व्यथा** (सन् 1992) र दोस्रो कविता सङ्ग्रह **किन फेरि अर्को कुरुक्षेत्र ?** (सन् 1996) प्रकाशित छन्।

उनको पहिलो कविता सङ्ग्रह भन्दा पनि दोस्रो कविता सङ्ग्रहमा जातीय चेतनामूलक प्रवृत्ति टडकारो रूपमा मुखरित भएको पाइन्छ। कविले मानव समाजमा ज्वालामुखीको विस्फोट र गोला - बारुदको हानाहानले गर्दा मानवको जिजीविषा खोसिएको, मानवता नासिएको तथा जीवनले जीवनलाई मारेर यहाँ अर्को कुरुक्षेत्र मौलाएको देखेका छन्। यस्तो परिस्थितिमा बाँच्न एउटा विशेष प्रकारको परिवेश र अनुकूल स्थिति निर्माण गर्नुपर्छ भन्दै कविले 'किन फेरि अर्को कुरुक्षेत्र !' कविता सङ्ग्रहमा क्रान्तिकारी मनोभाव व्यक्त गरेका छन्। यस सङ्ग्रहका अधिकांश कविताहरूमा कवि भट्टराईले शोषण,  अन्याय र अत्याचारका विरोध गरेका छन्।

कवि भट्टराईले **किन फेरि अर्को कुरुक्षेत्र ?** कविता सङ्ग्रहका जम्मा चालीस (40) वटा कविताहरूमा भारतीय नेपाली समाजका त्रुटिहरू औंल्याई समाजमा देखा परेका कुरीति, भ्रष्टाचार जस्ता समस्या समाधानको अपेक्षा राखेका छन्। गैर -अन्यायी, अत्याचारी र भ्रष्टाचारीले नेपालीहरूमाथि गरेको शोषण देखेर कवि ज्वालामुखी झैँ भएका चन्। उनले 'यस्तो किन हुँदैछ यहाँ ?' कवितामा यही भावना यसरी व्यक्त गरेका छन् -

***अकपट हाम्रा नागरिकहरूको***

***जिजीविषा खोसिँदै गयो।***

कवि कृष्णप्रसाद भट्टराई जस्तै जातीय अस्मिताका स्वर भएका कविता लेख्ने अर्का भारतेली कवि जीवन थिङ हुन्। सिक्किमेली कविको सन् 1983 मा **साङ्लीभित्र बाँधिएका घोडाका टापहरू** नामक कविता सङ्ग्रह प्रकाशित छ। उनको प्रस्तुत कविता सङ्ग्रह सम्पूर्ण रनचाहरू (कथा, कविता, खण्डकाव्य, मुक्तक आदि) - को सङ्कलन हो। यस

कृतिमा उनका बाह्र (12) वटा कथा, एउटा लेख, ४० वटा कविता, एउटा खण्डकाव्य **नार्सिसस**, केही मुक्तक र गीतहरू सङ्कलित छन्। प्रस्तुत कृतिमा सङ्ग्रहित कविताहरूलाई अध्ययन अवलोकन गर्दा अधिकांश कविताहरू नेपाली जातिको उन्मुक्ति, अस्तित्वको सुरक्षा र अस्मिताको जगेरा हेतु क्रान्तिकारी भावधाराका छन्। कवि थिङले 'मेरो हुस्से लागेको पहाड' कवितामा सम्पूर्ण भारतीय नेपालीहरूलाई एक सूत्रमा सङ्गठित भएर जातीय उन्मुक्तिको विश्वासिलो बिहानी जन्माउने आह्वान गरेका छन्। कवि भन्छन् -

***लक्ष्यहीन बाटो हराएका***

***पैतालाहरू***

***जीवनास्था खोजिरहेका***

***आँखाहरूलाई मृगतृष्णा जस्तो होइन***

***मरुद्यान जस्तो***

***एउटा विश्वासिलो बिहान जन्माऔँ।***

आफ्ना कवितामा जातीय उन्मुक्तिका निम्ति जातीय अस्मिताका स्वर निकाल्दै एउटा सुनौलो बिहानको अपेक्षा गर्दै कवि थिङले भारतीय नेपालीहरूमा स्वजातीय चेतना जगाउने कार्य गरेका छन्। यातनापूर्ण, विसङ्गतिपूर्ण र शोषित जीवनको प्रतिविम्बदेखि भारतीय नेपालीहरू दिनदिनै डराउन थालेका हुनाले उनले जातीय अस्मिताका स्वर आफ्ना कविताहरूमा उरालेका आभास हुन्छ।

**Notes**

भारतीय नेपाली कविता साहित्यमा जातीय अस्मिताका स्वर बुलन्द गर्ने अर्को कवि नरेन्द्रप्रसाद कुमाई हुन्। फुटकर कविताहरूका माध्यमबाट प्रसिद्धि प्राप्त गर्ने कवि कुमाईका फुटकर कविताहरू सन् 1946 देखि सन् 1948 सम्म प्रकाशित गोर्खा पत्रिकाका विभिन्न किरणहरूमा छापिएका छन्। 'शङ्खनाद', 'सेनानीसँग', 'दापको खुकुरीसित', 'सेनानीको मृत्यु शोकमा', 'आँधी एक चलाऊ' जस्ता जातीय अस्तित्वप्रधान विदोहात्मक र क्रान्तिकारी कविताहरूका माध्यमद्वारा कवि कुमाई भारतीय नेपालीहरूको हृदयमा स्वजातीय  अस्मिताको बोध गराउन सफल बनेका छन्।

कवि कुमाईले शङ्खनाद कवितामा युवावर्गलाई स्वजायी अस्तित्वको रक्षा हेतु कर्तव्यवोध गराउँदै समाज र जातिको विभिन्न क्षेत्रमा अग्रसर हुने आह्वान गरेका छन्। नाडीमा तातो रगत र हृदयमा जोश छँदै जातीय अस्तित्वको रक्षाका निम्ति युवावर्गलाई युद्ध हाँक्ने आह्वान उक्त कवितामा कविले गरेका छन्। कवि भन्छन् -

***छ नाडीमा रगत भने, सुरक्तमा छ जोश भने***

***रती जती पनी कतै छ, केही लौ बुता भने***

***ल फूक शङ्क आउ लौ, त हाँक लौ आधी रथ***

***बज्यो बिगुल लौ अहो ! समाजको सुक्षेत्रमा।***

कवि कुमाईका विचारमा सन् 1947 सामला भारत स्वतन्त्र भए तापनि पुस्तौँदेखि बसिआएका नेपालीहरू स्वतन्त्र भएका छैनन्। देश स्वाधीन भएर पनि अत्याचार, शोषण र षडयन्त्रको आगोमा नेपालीहरू जलिरहेका कविले अनुभव गरेका छन्। यसर्थ कवि कुमाईले 'सेनानीसँग' कवितामा सम्पूर्ण भारतीय नेपाली जातिलाई जातीय हक र अधिकारका

निम्ति नडराई क्रान्ति गर्ने आह्वान गरेका छन्। भारतीय नेपालीहरूको सुरक्षाका निम्ति कवि कुमाईको कवि हृदयमा विद्रोहको आगो सल्किएको अनुभव हुन्छ।

कवि कुमाईका जस्तै आफ्ना कविताहरूमा भारतेली नेपालीहरूका निम्ति जातीय अस्मिताको स्वर निकाल्ने अर्को कवि हरिभक्त कटुवाल हुन्। पूर्वाञ्चल निवासी कवि कटुवालका **भित्री मान्छे बोल्न खोज्छ** (सन् 1962), **यो जिन्दगी खै के जिन्दगी !** (सन् 1972), **बदनाम मेरा यी आँखाहरू** (सन् 1987) जस्ता कविता सङ्ग्रह र **सुधा** (सन् 1964) खण्डकाव्य प्रकाशित छन्। उपर्युक्त कृतिहरूमध्ये 'भित्री मान्छे बोल्न खोज्छ' र 'यो जिन्दगी खै के जिन्दगी !' कविता सङ्ग्रहमा सङ्ग्रहित केही कविताहरूमा जातीय अस्तित्व रक्षा हेतु जातीय अस्मिताको स्वर मुखरित हुन सकेको पाइन्छ।

कवि कटुवालको 'भित्री मान्छे बोल्न खोज्छ' कविता सङ्ग्रहमा बीस (20) वटा कविताहरूमध्ये 'म मानिस हूँ', 'हेर्न खोज्छौ ?', 'क्रन्दन', 'ढुंगो बोलेछ भने', 'यो यस्तै छ', 'कविप्रति', 'भित्री मान्छे बोल्न खोज्छ' आदि कवितालाई जातीय अस्मिताको स्वर भएको अस्तित्वप्रधान क्रान्तिकारी चेतनामूलक कविता मान्न सकिन्छ। विश्वका विभिन्न स्थानहरूमा छरिएर उपेक्षित, लाञ्छित, शोषित एवम् अवहेलित भएर जिन्दगी धान्न विवश भएका नेपालीहरूप्रति उनको कवि हृदय उदविग्न छ। कवि कटुवालका कविताहरूमा साङ्केतित वैचारिक क्रान्तिको विस्फोटले भारतीय नेपालीहरूमा स्वजातीय चेनताको बोध उद्घाटन भएको छ भन्न सकिन्छ।

कवि कटुवालले कतै आँधी र भुइँचालो बनेर आफ्नो कवितामा शोषणहीन न्यायपूर्ण समाजको निर्माण गर्न चाहँदै आफै मदपानमा मस्त

बनेर आफैलाई मृत्युको खाल्डोमा दफन गर्न खोजेका पनि छन्। **ढुङ्गा बोलेछ भने** कवितामा एक दिन दासत्व र अत्याचारको साङ्लो चुडाएर ढुङ्गा सरह कठोर भएको नेपाली जाति बोल्छ भन्ने विद्रोही भावना व्यक्त गरेका छन्। उदाहरण -

***यो ढुङ्गो बोल्नेछ – इतिहासका पोका खोल्नेछ***

***नयाँ इतिहासको सृष्टि हुनेछ***

***विश्व दङ्ग पर्नेछ।***

भारतेली नेपाली कविता साहित्यमा कवि गोपाल गाउँलेलाई एक सशक्त जातीय कवि मानिन्छ। सिक्किमेली नेपाली साहित्यमा प्रतिभाशाली स्रष्टा मानिने गोपाल गाउँले एक अस्तित्ववादी कवि हुन्। उनको अझै **एउटा छोरो जन्माउन बाँकी छ** (सन् 1983) र **केही अभिव्यक्ति स्वाभिमानका** (सन् 1986) कविता सङ्ग्रह प्रकाशित छन्। यी दुई कविता सङ्ग्रहमा सङ्ग्रहित कविताहरूमा भारतीय नेपालीहरूका अस्तित्व र अस्मिताका रक्षा हेतु यतास्थिति विरुद्ध विद्रोहको र जातीय अस्मिताको स्वर मुखरित भएको पाइन्छ। कवि गाउँलेको कुनै कुनै कवितामा मानव उत्पीडन, सामाजिक अन्याय, अत्याचार, शोषण र दमन विरुद्ध आक्रोश प्रभावशाली ढङ्गमा व्यक्त भएको पाइन्छ भने कुनैमा सामान्य ढङ्गमा।

कवि गोपाल गाउँले भन्दा पनि भारतेली नेपाली कवितामा क्रान्ति र विद्रोह गर्दै टडकारो रूपमा जातीय अस्मिताको स्वर भर्ने कवि विकास गोतामे हुन्। कवि गोतामेले **अनास्था पहाडका गीतहरू** (सन् 1980) - बाट थालेका प्रगतिवादी कविता लेकन दोस्रो कविता सङ्ग्रह **लड वीरबहादुर ! तिमी लड !** (सन् 1988) र तेस्रो कविता सङ्ग्रह **रगतका रेखाहरू**

(सन् 1989) - सम्म आइपुग्दा अझ टडकारो बनेको छ। अनास्था पहाडका गीतहरू कविता सङ्ग्रहमा जम्मा तीस (30) वटा कविताहरू सङ्कलित छन्। तीमध्ये 'क्रान्तिको लहर', 'साथी हामी दुई साथी', 'अपेक्षित मृत्यु र यौटा रोगी अन्तर्द्वन्द्व', 'मेरो इतिहासको तेलचित्र', 'पर्खाल तोडिन्छ', 'क्षितिजको रङ्ग नयाँ बिहानको घाम', 'कि त हामी लड्नै नजान्ने बोका र गोरुहरू', 'अनास्था पहाड़का गीतहरू', 'धावा चल्छ', 'सशस्त्र क्रान्तिको उद्घोषणा' आदि रचनाहरूमा जातीय अस्तित्वप्रधान प्रगतिवादी जातीय अस्मिताको स्वर आधिक्य रूपमा प्रष्फुटन भएको पाइन्छ।

कवि गोतामेले 'क्रान्तिको लहर' कवितामा आफ्नो क्रान्तिको ज्वालाले देशका स्वार्थीहरू नाशिएका र उनीहरूका अर्थी उठेको हेर्न चाहने इच्छा व्यक्त गरेका छन्। कवि भन्छन् -

*जुर्मुराई उठेको मेरो क्रान्तिले नाशून् यहाँका स्वार्थीहरू*

*खाकै बनून् पहाडहरू झैं जली यहाँ स्वार्थीहरू।*

भारतेली नेपाली कवितामा प्रगतिशील कवि तथा नेपाली कवितामा नयाँ प्रयोग, नयाँ शैली र नयाँ आयाम थप्ने कविका रूमपा दार्जिलिङका भीम 'सन्तोष' उल्लेखनीय छन्। सन् 1980 को दशकदेखि कविता लेखनमा कवि 'सन्तोष' वास्तवमा एकजना प्रगतिवादी कवि हुन्। उनको हालसम्म प्रकाशित एउटै कविता सङ्ग्रह **भीम सन्तोषका कविताहरू** (सन् 1991) - मा भारतीय नेपालीहरूको अस्तित्वका निम्ति क्रान्तिकारी जातीय अस्मिताको स्वर मुखरित भएको पाइन्छ। प्रस्तुत सङ्ग्रहका जम्मा चौवन्न (54) वटा कविताहरू सङ्ग्रहित छन्। दार्जिलिङ क्षेत्रमा नेपाली साहित्य फराकिलो हुनुका सट्टा साँघुरिँदै गएको समयमा कवि 'सन्तोष' - को उक्त कविता सङ्ग्रहको प्रकाशनले नौलो आयाम थपेको

थियो। उनका कविताको मूल स्वर नै जातीय अस्मिताको स्वर रहेकाले तिनमा देशप्रेम, जातिप्रेम, आक्रोश र विद्रोहका भावनाहरू सल्बलाएका छन्। उनले भारतलाई आफ्नी आमा र प्यारो ठाउँ माने तापनि यहाँका रैथाने नेपालीहरूप्रति भारत सरकार र अन्य कतिपय शकुनी शक्तिले सानी आमाको झैँ व्यवहार गरेको देख्दा कवि भीम 'सन्तोष'को कवि हृदय मर्माहत बनेको छ।

आफ्नो मातृभूमि भारतमा बसेर पनि नेपालीहरूले अन्य जात-जातिले झैँ जीवन बिताउन नपाएकामा कवि आक्रोशित बनेका छन्। यसैले उनी **हामी नयाँ बस्ती बसाउँ** कवितामा भारतीय नेपालीहरूलाई अस्तित्वको सुरक्षा र उन्मुक्तिका निम्ति नौलो संसार बसाउने आह्वान गरेका छन्। यसैले कवि भन्छन् -

***आऊ, साथी हामी यो पटेर जङ्गल फाडौँ***

***र एउटा मान्छे बस्ने बस्ती बसाऊँ।***

***जहाँ प्रत्येक मान्छेले एक गाँस अन्न,***

***ओतका निम्ति फूसका छाप्रा***

***र मीठो निद्रा पाउनेछ।***

कवि भीम 'सन्तोष' झैँ आफ्ना कवितामा प्रगतिवादी स्वर घन्काउँदै जातीय चेतनाको गान गाउने सशक्त जातीय कवयित्री शान्ति छेत्री पनि हुन्। पूर्व सिक्किम निवासी कवयित्री छेत्री प्रगतिवादी नारी हस्ताक्षर हुन्। उनको एकमात्र कविता सङ्ग्रह **ज्वालामुखी र छालहरू** (सन् 1992) प्रकाशित छ। प्रस्तुत कविता सङ्ग्रहलाई कवयित्री शान्ति छेत्रीको जातीय अस्मिताको स्वरले ओतप्रोत भएको काव्यकृति मानिन्छ। यसमा

सङ्ग्रहित पच्चीस (25) वटा कविताहरूमध्ये 'कामना एउटा ज्वालामुखीको', 'प्रतीक्षा', 'चिसो क्षणका प्रलय कामना', 'नयाँ प्रयास युग वोधका', 'मैदान झन् मस्त छ', 'युद्ध र हामी', 'हामी तन्किमात्र रहेछौँ', 'बोल्छिन् आमा आज' कविताहरूमा प्रगतिवादी जातीय अस्मिताको तिक्खर स्वर अभिव्यक्त भएको पाइन्छ।

कवयित्री छेत्रीले नेपाली जातिको जातीय हक र हित तथा प्रगति र विकासका निम्ति आफ्ना कवितामा ज्वालामुखी झैँ पड्कने प्रण गरेकी छन्। अन्याय, अत्याचार र शोषणको खाल्डोमा जीवन बिताउनुपर्दा वर्षौंदेखि भारतीय नेपालीहरूको सुसुप्त मनमा रहेको प्रतिशोधको भावना उनी ज्वालामुखी झैँ फुटेको हेर्न चाहन्छिन्। प्रस्तुत सङ्ग्रहको **कामना एउटा ज्वालामुखीको** कवितामा कवयित्री छेत्री यसरी गर्जेकी छन् -

***वर्षौंदेखि सुसुप्त एउटा कामना***

***फुटोस् ज्वालामुखी कतै, पारोस् भष्म भन्ने अदृश्य***

***ती क्रुर हातहरूलाई***

***त्यो वेदना हेर, खेर गएनछ कतै, तर***

***ज्वालामुखीहरू साँच्चै फुटे धरतीमा म झैँ उकुसमुकुसिएर।***

यसरी आफ्ना कवितामा क्रान्तिकारी भाव्ना व्यक्त गर्दै भारतीय नेपालीहरूको हृदयमा स्वजातिको चेत भरिदिए तापनि कवयित्री छेत्री भारतीय नेपालीहरू अझैसम्म निमुखा र कातर रहेको ठान्छिन्। अतः उनले भारतमा नेपालीहरूको सर्वाङ्गीण विकास र जातीय सचेतना ल्याउनका निम्ति एउटा नयाँ युगको आगमनको चाहना राखेकी छन्।

भारतीय नेपालीको हाहाकारपूर्ण, अन्योलमय र बाढग्रस्त जीवनमा भोलिको सुनौलो सपना र विपना बुन्दै नयाँ दिन देख्न चाहन्छिन्। **नयाँ प्रयास युगवोधको** कवितामा यस इच्छालाई उनले यसरी जाहेर गरेकी छन् -

*हाहाकार, चित्कार, कम्पन र अन्योल माझ पनि*

*पैह्रो झरेको पहाडै पहाड उक्लिएर*

*सपना विपना तुन्दै र बुन्दै भूकम्पपछिका मनहरूको*

*नयाँ शुरु गर्न तम्सिरहेको छु ढुक्कसँग।*

भारतीय नेपाली कवितामा सुखमय भावी जीवनको कामना गर्दै जातीय अस्मिताको गान गाउने एकजना जातीय कवि कमल 'वगाले' हुन्। उनको पुरा नाम कमलसिंह 'वगाले' छेत्री हो। सन् 1960 को दशकदेखि कविता लेखनमा लागेका कवि 'वगाले' पूर्वाञ्चलका प्रसिद्ध युवा कवि हुन्। उनको एक मात्र कविता सङ्ग्रह **मेरो युदध : भोलिका लागि** (सन् 1995) प्रकाशित छ। प्रस्तुत सङ्ग्रहमा जम्मा ब्यालीस (42) वटा कविताहरूमा कवि 'वगाले' - ले भारतीय नेपालीहरूका भावी जीवनको संरक्षण र उन्नतिका निम्ति जातीय अस्मिताको स्वर गुञ्जाएका छन्। उनले आफ्नो कविताहरूमा जातिलाई समयमा नै जागरूक र चेतनशील बन्ने आग्रह गरेका छन्। भविष्यका दिनहरूमा स्वजाति खोज्दै तडपिनु नपरोस् भन्ने अभिलाषा पोख्दै कवि 'वगाले' **मलामी खोज्न पर्ला** कवितामा भन्छन् -

*जाति, समाज, संस्कृति*

*आज हीन अवस्थामा पुगेको छ*

*यस्तै हो भने*

*निकट भविष्यमा मसाल लिएर हातमा*

*दिउँसै शहरको गल्ली - गल्ली*

*गाउँ - गाउँ कहाँ छन् ! भन्दै*

*स्वजाति खोज्नु पर्ला।*

भारतीय नेपाली कविता साहित्यमा जातीय अस्मिताको स्वर निकाल्दै कविता लेखअने अर्का जातीय कवि जस योञ्जन 'प्यासी' हुन्। उनी जीवनका आवश्यकता, युगका आग्रह र अभावका बीचस्थित आजको मानिसका कर्तव्यलाई पाठकको ध्यान आकर्षित गर्ने कवि हुन्। कवि 'प्यासी' को पहिलो कविता सङ्ग्रह **एउटा देशको खोजमा** (सन् 1985) -मा जम्मा बत्तीस (32) वटा कविताहरू सङ्ग्रहित छन्। उनका विचारमा बारतीय नेपालीहरू आफैबाट आफै निर्वासित, निष्कासित र शोषित भएर बाँचिरहेका छन्। यसैले कवि **एउटा देशको खोजमा** शीर्षक कवितामा आजसम्म कसैले खोज्न नसकेको एउटा नयाँ देश र नयाँ बिहानीको खोजीमा यसरी भौँतारिएका छन् -

*आफैबाट निर्वासित भए पनि मलाई विश्वास छ*

*एउटा नयाँ देश पाउनुको*

*मलाई सधैँ एउटा आभास छ*

*नयाँ बिहानी हेर्नुको।*

कवि 'प्यासी' - ले भारतमा नेपाली जातिको सर्वाङ्गीण विकास, उन्नति र निर्माणका निम्ति एउटा नयाँ जमातको अपेक्षा साँचेका छन्। यस नयाँ जमातले भारतीय नेपालीहरूमाथि भएको शोषण र अन्यायको पर्खाल भत्काएर सङ्कुचित र दूषित वातावरणको विनाश गर्न सक्छ भन्ने विचार र 'नयाँ जमात बनौँ' कवितामा व्यक्त गरेका छन्।

भारतीय नेपाली कविता साहित्यमा असम-पूर्वाञ्चलबाट सुखमय भावी जीवनका कामना हेतु जातीय चेतनामूलक कविता लेख्ने अर्को कवि नव सापकोटा हुन्। आफ्नै परिवेश र समाजलाई पृष्ठभूमि बनाएर कविता सिर्जना गर्ने कवि सापकोटाका कवितामा विशेष भोलि हुने र बनिने भावी नयाँ नेपाली संसारको आभाससँगै जातीय अस्मिताको स्वर मुखरित भएको पाइन्छ। उनको **युकलिप्टसः आउने पिँढीलाई आशीर्वाद** (सन् 1980) कविता सङ्ग्रह जातीय अस्मिताको स्वर उद्घोष गरिएको उल्लेखनीय कविता कृति हो। यस सङ्ग्रहमा सन् 1973 देखि सन् 1979 सम्म लेखिएका जम्मा तिरचालीस (43) वटा कविताहरू समावेश छन्। कवि सापकोटा प्रस्तुत सङ्ग्रहको 'सुसुप्त आत्माले भक्कानो फोरे' शीर्षक कवितामा भारतीय नेपालीमा जातीय अस्मिताको स्वर भर्न चाहेका छन्। कवि भन्छन् -

*सुसुप्त आत्माले सशक्त आर्तनाद गरे पूर्ण क्रान्तिको*

*भित्री मुटुमा वर्षौंदेखि अँट्ठ्याइराखेको*

*भक्कानो फोरे -*

*पुरानो रुग्न व्यवस्थाको विरोधमा*

*बुढो अत्याचार र भ्रष्टाचारको घोर विरक्षमा।*

भारतीय नेपालीको जातीय अस्मिताको स्वरलाई काव्याभिव्यक्ति गर्ने अर्का जातीय कवि प्रेम शेर्पा 'विरोकी' पनि हुन्। दार्जिलिङका कवि विरोकीका सन् 1932 मा **पहाडी फूल** कविता सङ्ग्रह प्रकाशित छन्। प्रस्तुत कविता सङ्ग्रमा सङ्ग्रहित कविताहरूमा कविको व्यक्तिगत जीवन सम्बन्धित भावनाहरू र दार्जिलिङ्गे परिवेश र वातावरण आश्रित भावनाहरू अभिव्यक्त छन्। उनको दोस्रो कविता कृति **अस्तित्व** (सन् 1966) कविता सङ्ग्रहमा चाहिँ जातीय भावनाले ओतप्रोत भएका पैँतालीस (45) वटा साना ठूला कविताहरू सङ्ग्रहित छन्। यी कविताहरूमा कविले व्यक्तिगत तथा भारतीय नेपालीहरूको जीवनका व्यथा, पीडा र दुःख चित्रण गरेको पाइन्छ। कवि 'विरोकी' - ले सर्वहारा भारतीय नेपालीहरूको आँखाबाट झरेको आँसुलाई बहुमूल्य वस्तु ठानेका छन्। 'अभिन्नता' शीर्षक कवितामा आँसुको मूल्य दर्शाउँदै कवि भन्छन् -

**परेलाहरूबाट खसेका आँसु पनि त**

**जीवनभर शीतल दिने शीत हुन्,**

**कतिपय अभागी प्रतिभाशाली सर्वहाराहरूका।**

भारतीय नेपाली कवितामा जातीय अस्मिताको भावनालाई व्यक्त गर्दै स्वजातिमा जातीय चेतना जगाउने अर्का कवि युद्धवीर राणा हुन्। सन् 1960 को दशकदेखि कविता लेख्न थाल्ने असम-पूर्वाञ्चलका कवि राणाका कविताहरू 'युग रेखा', 'उषा', 'हाम्रो ध्वनि', 'ज्वाला', 'रत्नश्री' आदि पत्र - पत्रिकामा प्रकाशित छन्। उनको लामो गद्य कविता **चिहान नपाएका तक्माहरू** (सन् 1981) प्रकाशित भएपछि कवि राणा नेपाली कविता साहित्यमा प्रसिद्ध बन्न पुगे। उनका कवितामा मूल रूपमा भारतीय

नेपालीहरू तथा असमेली नेपालीको दुःखपूर्ण जीवनको मार्मिक चित्रण पाइन्छ।

सन् 1979 - 80 मा भारतको पूर्वाञ्चलमा 'विदेशी वहिष्कार' आन्दोलन चर्किएको थियो। त्यस आन्दोलनको भुँवरीमा परेर पुस्तौँदेखि बसिआएका असमभरिका नेपालीहरू भेडा-बाख्रा सरह लखेटिएका, लुटिएका र मारिएका थिए। त्यस्ता घटना युद्धवीर राणाले आफ्नै आँखाले देखेका र आफैले भोगेका हुनाले यसै आन्दोलनको तापले उनको 'चिहान नपाएका तक्माहरू' कविता कृति जन्मिएको हो। यसमा आफ्नो धन - जन र प्राण समेत बाजी राखेर बाँचिरहेका असमेली नेपालीहरूको मार्मिक व्यथा, पीडा र आक्रोशको मर्मस्पर्शी अभिव्यक्ति पाइन्छ। यही भावना र तिक्ततालाई टडकारो रूपमा अभिव्यक्त कवि छविलाल उपाध्यायले गरेका छन्। उनलाई भारतीय नेपाली कवितामा जातीय चिन्हारी र अस्मितालाई मूल विषय बनाएर कविता लेख्ने भारतका सशक्त जातीय कवि मानिन्छ।

पूर्वाञ्चलका कवि छविलाल उपाध्यायका कवितामा भारतमा युगौँदेखि बसिआएका भारतीय नेपालीको जातीय चिन्हारी, पहिचान तथा अस्मिता उजागर भएको पाइन्छ। कवि उपाध्यायको **पवन - दूत** (सन् 1990), **अस्तित्ववोध** (सन् 1999) आदि खण्डकाव्य, इतिहासमूलक काव्य **कामरूपा** (सन् 1995), **छवि कविता सङ्ग्रह** (सन् 2000) र **कवि र कविता** (सन् 2008) कविता सङ्ग्रह प्रकाशित छन्। उपर्युक्त कृतिहरूमध्ये अस्तित्ववोध खण्डकाव्य र छवि कविता सङ्ग्रहमा धेरै रूपमा जातीय अस्मिताको स्वर मुखरित भएका पाउँछौँ। यस अतिरिक्त कवि उपाध्यायको पवन-दूत खण्डकाव्य दूतमूलक काव्य र कामरूपा ऐतिहासिक विषयवस्तुमा आधारित काव्य, कवि र कविता सङ्ग्रह पनि

सन् 2008 मा प्रकाशित भएको छ। कवि छविलाल उपाध्यायको **अस्तित्ववोध** (सन् 1991) खण्डकाव्य दजुई सय बत्तीस (232) श्लोकमा सङ्ग्ररचित छन्। यस खण्डकाव्यले मुख्यतः असमभित्र बस्ने नेपालीहरूलाई उनीहरूकै छवि देखाई नेपाली जनमानसमा जातीय अस्मिता र अस्तित्वको बोध गराएका छन्। 'अस्तित्ववोध' खण्डकाव्ययमा कवि छविलाल उपाध्यायले नायकको रूपमा अरुण र नायिकाको रूपमा चित्रलेखालाई उभ्याउँदै नेपाली संसारमा जातीय अस्मिताका भाव सञ्चार गराउन चाहेका छन्।

दार्जिलिङका बिजनबारी निवासी मनप्रसाद सुब्बाका कविताहरूमा धेरै रूपमा जातीय अस्मिताको स्वर मुखरित भएका पाउँछौं। कवि मनप्रसाद सुब्बाको पहिलो कविता सङ्ग्रह **बिब्ल्याँटो युगभित्र कार्टुन मान्छेहरू** (सन् 1979) मा कविले सन् 1977 सालसम्म लेखेका जम्मा सत्ताइस (27) वटा कविताहरू सङ्कलित छन्। विभिन्न प्रतीक र विम्बको प्रयोग गर्दै यी कविताहरूमा उनले भारतीय नेपालीहरूका हृदयलाई छाम्न चाहेका छन्, छुन चाहेका छन्। उनले भारतीय नेपालीहरूलाई प्रतिकात्मक रूपमा 'कार्टुन मान्छेहरू' मान्दै चेतनाशून्य, लक्ष्यविहीन र गन्तव्यविहीन ठानेका छन्। आजको यस बिब्ल्याँटो युगमा भारतीय नेपालीहरू कार्टुन सरह बाँचिरहेका कविले अनुभव गरेका छन्। यसैले प्रस्तुत कविता सङ्ग्रहको 'बिब्ल्याँटो मान्छेहरू' कवितामा जातीय एकताका प्राप्तिका निम्ति एउटा प्रतीक्षा मात्र भएको यथार्थलाई कवि सुब्बाले यसरी जाहेर गरेका छन् -

*यो पातहीन उदास रूख*

*आफैलाई पनि छहारी भएन*

*ओहो ! प्रतीक्षा मात्र छ अन्तहीन प्रतीक्षा*

***केही भएन है केही भएन।***

मूलतः आफ्ना कविताका माध्यमबाट भारतीय नेपालीहरूमा स्वजातीय चेतना, अस्तित्व बोध र छुट्‌ट वासभूमिको महत्त्व बुझाउँदै जातीय अस्मिताका स्वर कवि मनप्रसाद सुब्बाका कविताहरूमा मुखरित भएका छन् भन्न सकिन्छ। उनले आजसम्म भारतीय नेपालीहरूका छुट्‌टै वासभूमिको सपना खरानीको डल्ला मात्र भएको व्यङ्ग्य गर्दै कतिपय कविताहरू पनि सृजना गरेका छन्। उनले **आदिम बस्ती** (सन् 1995) कविता सङ्ग्रहमा सङ्ग्रहित कविताहरूमा भारतीय नेपालीहरूको जातीय अस्तित्व र चिन्हारीको खोजी गरेका छन्। सन् 1987 देखि सन् 1992 सम्म लेखेका कविताहरू सङ्कलित रहेको **आदिम बस्ती** कविता सङ्ग्रहमा विशेषतः सन् 1980 को दशकमा दार्जिलिङ पहाडमा गोर्खाल्याण्ड आन्दोलनको आगो दन्किएर गएकाले यस आन्दोलनको प्रभाव प्रत्यक्ष अप्रत्यक्ष रूपमा परेको पाइन्छ। आदिम (आदिमता) र बस्ती (वस्तित्व) दुई शब्दको योगले बनिएको उक्त कविता कृतिलाई आदिम मानव सरह परापूर्वकालदेखि स्थायी वासिन्दाको रूपमा भारतमा बसिआएका भारतीय नेपालीहरूको वर्तमान स्थितिलाई द्योतन गर्ने कृति मान्न सकिन्छ।

## 7.4 उपसंहार

जात शब्दमा 'इ' प्रत्यय जोडिएर बनिएको **जाति** शब्दको अर्थ र परिभाषामा विविधता पाइन्छ। संसारमा विभिन्न प्रकारका जीव वा प्राणी र अद्भिदको उत्पत्ति भएदेखि नै उनीहरूका प्रजातिका आधारमा जाति बारे धारणा, मान्यताहरू जन्मिएर गएको मानिन्छ। ‘जातीय’ र ‘अस्मिता’ यी

शब्दका योगले बनिएको 'जातीय अस्मिता' - ले कुनै जातिप्रतिको जागरूकता, सतर्कता, गौरव, वैभव, हर्ष आदि कुरो बुझाउँदछ।

विशेषगरी जातीय अस्मिताको परखमा कुनै पनि जातिका अवधारणालाई रिक्र्योल गर्न सकिन्छ। कुनै पनि देशका जातिको मूल स्वरलाई अभिव्यक्त गर्ने साहित्य नै त्यस देशको साँचो साहित्य पनि हो , जातीय अस्मिताप्रधान साहित्यमा निहित हुन्छन्। कुनै पनि राष्ट्रको आफ्नै जातीय संस्कृति हुन्छन् , सांस्कृतिक चेतना हुन्छन्। यही चेतनामा त्यस देशमा विधामन जातिका जातीय अस्मिताको सूत्र पनि लुकेको हुन्छ। जातीय अस्मिताको मूल आधार नै जातीय एकता र चेतना हो। भारतको सन्दर्भमा जातीय एकता सँगसँगै जातीय अस्मिता अझ प्रासङ्गिक ठहर्दछ। यहाँको भौगोलिक वातावरणदेखि लिएर विभिन्न जात, समुदाय, उनीहरूका धार्मिक र सांस्कृतिक विभिन्नताले परिपूर्ण छ। मूलतः भारत एउठा बहुभाषिक, बहुजातीय, बहुधर्मीय र बहुसंस्कृति भएको देश हुनाले यहाँ बस्ने प्रत्येक जातिमा आफ्नो स्वजातीय अस्मिता र अस्मिताको जगेरा हेतु जातीय अस्मिताको भावना उदय हुनु स्वाभाविक देखिन्छ। जीवन र समाजको विकासमा जुन रूपमा क्रमिक विकास हुन्छ, त्यही रूपमा सामाजिक चेतना पनि परिवर्तन हुन्छ। यही सामाजिक चेतनालाई जातीय अस्मिताको रूप मान्न सकिन्छ।

कुनै पनि जातिको संस्कार, संस्कृति, भाषा, पहिचान, अस्तित्व, चेतना र आकाङ्क्षाको सालाखाला अमूर्त रूपलाई जातीय अस्मिता मान्न सकिन्छ। जातीय मूल्य र मान्यता युगवोधसित सम्बन्धित रहने हुनाले जातीय अस्मिताले जातिको सर्वाङ्गीण विकासमा ठूलो सहयोग पुऱ्याउँदछ। वास्तवमा जातीय अस्मिता भन्नु नै साधारण जनतामा जागृत आउनु र निम्न स्तरदेखि नै जनचेतना पलाउनु हो। कुनै पनि

व्यक्ति वा जातिमा जातीय अस्मिताको भावना स्फूरण हुने विविध तत्त्वहरू हुन सक्छन्। यी तत्त्वहरूमध्ये धर्म, समाज, अर्थ, राजनीति, संस्कृति, इतिहास, आधुनिकता बोध आदि प्रमुख हुन्। यस अतिरिक्त मोहभङ्ग, कुण्ठा, सन्त्रास, परिवर्तित मानव मूल्य, जिजीविषा, साम्प्रदायिक विद्वेष, युद्धको विभीषिका, जीवनको जटिलता, मानवीय मूल्यले पनि जातीय अस्मिताको भावना स्फूरणमा भूमिका ग्रहण गर्दछन्।

भारतका विभिन्न ठाउँहरूमा नेपालीहरू बसोवासो गर्छन्। यी ठाउँ वा क्षेत्रहरूमा पुस्तौंदेखि बसिआएका भारतीय मूलका नेपालीहरू स्वजातीय एकता र जातीय पहिचानका निम्ति सचेत छन्। भारतको दार्जिलिङ भेक, डुवर्स, असम-पूर्वाञ्चल लगायत बङ्गलादेश, भोटाङ र बर्माका सीमासित जोडिएका भारतीय भूभागमा युगौंदेखि नेपालीहरू बसोवासो गर्दैछन्। वर्तमान भारतमा नेपालीहरूको मूल समस्या नै जातीय पहिचान (आइडेन्टिटी) रहेको छ। भारतीय नेपालीहरूको दीर्घकालीन आकाङ्क्षा एवम् जातीय पहिचानको मूर्त स्वरूप गणतान्त्रिक भारतमा छुट्टै वैधानिक वासभूमि अर्थात् अलग राज्य निर्माण हुनसक्ने कुरो स्पष्ट हुन्छ।

भारतीय स्वतन्त्रता सङ्ग्राममा भारतका नेपालीहरूको अपूर्व योगदान रहेको छ। गान्धावादी सत्याग्रह तथा सुवास चन्द्रद्वारा नेतृत्व गरिएको आजाद हिन्द फौज दुवैमा नेपाली योद्धाहरूले पुऱ्याएका योगदानका निम्ति राष्ट्र नतमस्तक रहेको कुरा सर्वविदितै छ। सन् 1947 सामला भारत देश ब्रिटिसको हातबाट स्वाधीन भएपछि भारतीय नेपालीहरू देश विकासका निम्ति तथा आफ्नो जाति र भाषा, साहित्यको विकासतर्फ सचेत बनेका थिए। यसै कालदेखि भारतीय नेपाली कविता साहित्यमा आएको विकास

र नवीन प्रवृत्तिगत मोडहरूले नेपाली साहित्यको अनुहार उज्यालिएको छ। तर सन् 1900 देखि सन् 1950 सम्मको अवधिमा आफ्नो जातीय हक र अधिकारका निम्ति तीव्र आवाज उठाएर कविता लेख्ने भारतीय नेपाली कविहरूको सङ्ख्या थोरै देखिन्छ। सन् 1951 देखि भने भारतेली नेपाली कविहरूले आधिक्यरूपमा जातीय अस्मिता, हक, अधिकार, भावना, चेतना आदि जगाउँदै आफ्नो कविताका घडेरी निर्माण गरेका छन् भन्न सकिन्छ।

## 7.5 सार

यस प्रखण्डमा **भारतेली नेपाली कवितामा जातीय अस्मिताका स्वर**बारे सामान्य जानकारी प्राप्त भयो। उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ।

- जात शब्दमा 'इ' प्रत्यय जोडिएर बनिएको **जाति** शब्दको अर्थ र परिभाषामा विविधता पाइन्छ। संसारमा विभिन्न प्रकारका जीव वा प्राणी र अद्भिदको उत्पत्ति भएदेखि नै उनीहरूका प्रजातिका आधारमा जाति बारे धारणा, मान्यताहरू जन्मिएर गएको मानिन्छ।
- 'जातीय' र 'अस्मिता' यी शब्दका योगले बनिएको 'जातीय अस्मिता' - ले कुनै जातिप्रतिको जागरूकता, सतर्कता, गौरव, वैभव, हर्ष आदि कुरो बुझाउँदछ।
- जातीय अस्मिताको मूल आधार नै जातीय एकता र चेतना हो। भारतको सन्दर्भमा जातीय एकता सँगसँगै जातीय अस्मिता अझ प्रासङ्गिक ठहर्दछ। यहाँको भौगोलिक वातावरणदेखि लिएर

विभिन्न जात, समुदाय, उनीहरूका धार्मिक र सांस्कृतिक विभिन्नताले परिपूर्ण छ।

- ❖ भारत एउठा बहुभाषिक, बहुजातीय, बहुधर्मीय र बहुसंस्कृति भएको देश हुनाले यहाँ बस्ने प्रत्येक जातिमा आफ्नो स्वजातीय अस्मिता र अस्मिताको जगेरा हेतु जातीय अस्मिताको भावना उदय हुनु स्वाभाविक देखिन्छ।
- ❖ जीवन र समाजको विकासमा जुन रूपमा क्रमिक विकास हुन्छ, त्यही रूपमा सामाजिक चेतना पनि परिवर्तन हुन्छ। यही सामाजिक चेतनालाई जातीय अस्मिताको रूप मान्न सकिन्छ।
- ❖ जातीय अस्मिताको समबन्ध जातीय मूल्य एवम् मानदण्डसित रहेको हुन्छ। मोहभङ्ग, व्यवस्था विरोघ, आक्रोश, शोसकहरूप्रति विरोध, समाजको पछौटे वर्गहरूमा नयाँ चेतना, उच्च वर्गका मानिसहरूप्रति सङ्घर्ष आदि जातीय अस्मिताका रूपहरू हुन्।
- ❖ कुण्ठित, वञ्चित, शोषित र अवहेलित जातिको इतिहास बुझेर जातिवादको विगुल फुक्नु तता तिनीहरूको वेदना, विषाद, व्यथा र दुःखको रागद्व्रा विद्रोह र क्रान्तिको राँको सल्काउनप पनि जातीय अस्मिताको एउटा रूप मान्न सकिन्छ।
- ❖ जातिमा हुने जातीय अस्मिता कुनै पनि जातिको जातीय अस्तित्व, चेतना, विकास र समृद्धिको मूलमन्त्र हो। जातीय अस्मितालाई जातिको सुरक्षा कवच र जगेराको टेवा समेत मान्न सकिन्छ।
- ❖ कुनै पनि जातिको मूल्य, मान्यता र मानदण्डसित सम्बन्धित रहने यस चेतनागत् अस्मिताले जातिको सर्वाङ्गीण विकास र प्रगतिमा ठूलो सहयोग पुर्याउँदछ। जातीय अस्तित्वमा मुछिएका प्रत्यक्ष र अप्रत्यक्ष क्रान्तिकारी चेचहरू ना जातीय अस्मिता हुन्।

जातिप्रतिको भलाई, हित र विकाशील सोच – विचारको अवधारणा नै परवर्तीकालमा जातीय अस्मिताका रूप धारण गर्दछ।

- ❖ जातीय अस्मिताको स्वरलाई आफ्ना कविताको मूल विषय बनाएर कविता लेख्ने भारतेली नेपाली कविहरूमा बहादुरसिंह बराल, सन्तवीर लिम्बु, मित्रसेन थापा, दुर्गा मल्ल, धरणीधर शर्मा कोइराला, अगमसिंह गिरी, विकास गोतामे आदिलाई प्रमुख मानिन्छ।

- ❖ सन् 1947 सामला भारत देश ब्रिटिसको हातबाट स्वाधीन भएपछि भारतीय नेपालीहरू देश विकासका निम्ति तथा आफ्नो जाति र भाषा, साहित्यको विकासतर्फ सचेत बनेका थिए। यसै कालदेखि भारतीय नेपाली कविता साहित्यमा आएको विकास र नवीन प्रवृत्तिगत मोडहरूले नेपाली साहित्यको अनुहार उज्यालिएको छ।
- ❖ सन् 1900 देखि सन् 1950 सम्मको अवधिमा आफ्नो जातीय हक र अधिकारका निम्ति तीव्र आवाज उठाएर कविता लेख्ने भारतीय नेपाली कविहरूको सङ्ख्या थोरै देखिन्छ। तर सन् 1951 देखि भने भारतेली नेपाली कविहरूले आधिक्यरूपमा जातीय अस्मिता, हक, अधिकार, भावना, चेतना आदि जगाउँदै आफ्नो कविताका घडेरी निर्माण गरेका छन् भन्न सकिन्छ।

यस प्रखण्डको अध्ययनले भारतेली नेपाली कवितामा जातीय अस्मिताका स्वरबारे बुनियाँदी जानकारी प्राप्त भयो। मूलरूपमा जातीय अस्मिता र चेतनाका भावना रहेको भारतेली नेपाली कविताहरूको अध्ययन गर्दै भारतबाट लेखिएका वा प्रकाशित भएका यस प्रवृत्तिका

नेपाली कविताका विभिद प्रवृत्तिम ,हत्व र विशेषता सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो।

## 7.6 अनुशीलनी

1 . जातीय अस्मिताको परिभाषा केलाउँदै नेपाली साहित्यमा यस प्रवृत्ति लेखनको सर्वेक्षण गर्नुहोस्।

2 . भारतेली नेपाली कवितामा जातीय अस्मिताका स्वर भएको साहित्यको महत्त्व र मूल्य के कस्तो छ ? बताउनुहोस्।

3. भारतेली नेपाली जातीय अस्मितामूलक साहित्यको महत्त्व र मूल्यलाई चिनाउँनुहोस्।

4. नेपाली जातीय अस्मिता र चेतनामूलक साहित्यको मुख्य – मुख्य विशेषताहरूबारे विश्लेषण गर्नुहोस्।

5. नेपाली जातीय अस्मिता र राष्ट्रीय चेतना रहेका कविताको साम्य र बैषम्यबारे विवेचना गर्नुहोस्।

6. दार्जिलिङ र पूर्वाञ्चलवाट प्रकाशित जातीय अस्मिताप्रधान काव्य – कृतिहरूको अध्ययन गर्नुहोस्।

7. हिन्दी साहित्य र नेपाली साहित्यका जातीय अस्मिताप्रधान कविताहरूमाथि तुलना गर्नुहोस्।

8. हिन्दी साहित्य र नेपाली साहित्यका राष्ट्रीय भावनाप्रधान कविताहरूका तुलना गर्नुहोस्।

9. नेपाली जातीय अस्मितामूलक कविताका पृष्ठभूमिबारे एउटा गतिलो लेख तयार पार्नुहोस्।

10. भारतेली नेपाली नैतिक जातीय अस्मितामूलक कविताहरूका विकासमा पत्र – पत्रिकाको के कस्तो भुमिका रहेको छ ? विवेचना गर्नुहोस्।

11. नेपाली जातीय अस्मिता तथा चेतनामूलक कविताहरूका विकासक्रमबारे व्याख्या गर्नुहोस्।

12. भारतेली नेपाली जातीय अस्मिता, अस्तित्व र चेतनामूलक कविताको वैशिष्ठबारे लेख लेख्नुहोस्।

## 7.7 अतिरिक्त अध्ययन


७५. सुन्दास, लक्खीदेवी (सम्पा) - **सम्मेलन कविता सङ्ग्रह** ।

७६.प्रधान, कुमार – **पहिलो पहर**।

७७. प्रधान, कुमार – **अगमसिंह गिरीको कवितामा जातीय भावना**।

७८.बार्थ, फेडरिक – **एथनिक ग्रुप एण्ड बाउन्डरिज**।

७९.धुर्ये, गोविन्द सदासिव – **जातिवाद और हिन्दी कविता**।

८०.शर्मा, जनकलाल – **हाम्रो समाज : एक अध्ययन**।

८१. राणा, युद्धवीर – **नेपाली संस्कृति : हाम्रो अस्तित्व**।

८२.नेपाल, घनश्याम - **नेपाली साहित्यको परिच्यात्मक इतिहास**।

८३.दाहाल, पेशल – **नेपालको इतिहास र संस्कृति**।

८४.नामदुङ, जीवन - **अगमसिंह गिरीका कविताको अध्ययन र आधार।**

८५.ठकुरी , मोहन - **नेपाली कविता यात्रा।**

८६. राई, असीत - **भारतीय नेपाली साहित्यको इतिहास।**

८७.प्रधान, कृष्णचन्द्रसिंह - **नेपाली कविताको आधुनिक प्रवृत्ति।**

८८. उपाध्याय, केशवप्रसाद - **प्राथमिककालीन कवि र काव्य प्रवृत्ति।**

८९. के. सी, टङ्क – **हाम्रो संस्कृति र जातीय अस्मिता**

९०. नवपानीया, हरिभक्त – **नेपाल बाहिर नेपाली साहित्यको गतिविधि।**

९१. छेत्री, तुलसीवहादुर - **नेपाली साहित्यको विकासमा दार्जिलिङको योगदान**

(अप्रकाशित शोध प्रबन्ध )।

९२. शेर्पा, सोनाम - **जातीय चेतनामूलक भारतेली नेपाली कविताको अध्ययन र विश्लेषण**

(अप्रकाशित शोध प्रबन्ध )।

९३. आले, हरेन – **नव आधुनिक नेपाली कविता।**

९४.ठाकुर, मोहन - **स्वतन्त्रतोत्तर नेपाली कविता।**

९५.उप्रेती, सञ्जीव -– **सिद्धान्तका कुरा।**

९६. चापागाई, निनु – **समाज र संस्कृति।**

९७.जैसी, श्यामराज – **भारतीय नेपालीहरूको प्रारम्भिक राजनैतिक गतिविधि।**

यस अतिरिक्त जातीय अस्मिता र चेतनामूलक कविताबारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र – पत्रकाहरूको पनि अध्ययन।

## 7.8 मूल्यबृद्धिको निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् –**

२६. जात र जातिमा भेद।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 7.2 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

२७. जातिवाद र जातीय भावनमा विभेद।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 7.3 को जातीय अस्मिताको अर्थ र परिभाषामा उत्तर खोज्न सक्नेछन् )**

२८. जातीय अस्मिताका प्रमुक घटकहरू।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 7.3 को जातीय अस्मिताको अर्थ र परिभाषामा उत्तर खोज्न सक्नेछन् )**

२९. भारतेली नेपाली जातीय अस्मितामूलक कविता – कृतिको महत्व।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 7.4 को भारतेली नेपाली कवितामा जातीय अस्मिताको स्वरमा उत्तर खोज्न सक्नेछन् )**

३०. भारतेली नेपाली साहित्यको विकासमा जातीय अस्तित्वमूलक कविताको योगदान।

..........................................................................................

..........................................................................................

..........................................................................................

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 7.4 को भारतेली नेपाली कवितामा जातीय अस्मिताको स्वरमा उत्तर खोज्न सक्नेछन् )**